# हाम्रो बर्दगोरिया

आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम २०७९

## कक्षा १-८





बर्दगोरिया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

मुडा, कैलाली

# हाम्रो बर्दगोरिया

## आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

**कक्षा १ - ८**

**२०७९**

**बर्दगोरिया गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**मुडा, कैलाली**

प्रकाशक : बर्दगोरिया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
मुडा, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

©सर्वाधिकार : बर्दगोरिया गाउँपालिका
(यस पाठ्यक्रम सम्बन्धी सम्पूर्ण अधिकार बर्दगोरिया गाउँपालिकामा निहित छ। बर्दगोरि
गाउँपालिकाको लिखित स्वीकृति बिना यसको पूरै वा आंशिक भाग हुवहु प्रकाशन ग
परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलि
निकाल्न पाइने छैन)।

प्रकाशन : वि.सं. २०७९, असार

प्रकाशित प्रति : १५० प्रति

मुद्रण : घोडाघोडी छापाखाना सुखड, कैलाली

**प्रमुख संरक्षक**

श्री कर्ण बहादुर कुँवर

बर्दगोरिया गाउँपालिका अध्यक्ष

**संरक्षक**

श्री गणेशराज गिरी

बर्दगोरिया गाउँपालिका उपाध्यक्ष

**सल्लाहकार**

श्री अर्जुन सिंह कार्की

प्रमुख प्रशासकीय अधिकृत

**संयोजक**

श्री नन्दा कुमारी भट्ट

शाखा अधिकृत

**सह-संयोजक**

श्री निरिख नन्दन लाल कर्ण

अधिकृत

**तयारी, लेखन**

डा. राम बहादुर चौधरी

**सहयोगी**

श्री रामचन्द्र कुश्मी

श्री सुशिला कुँवर

श्री गणेश प्रसाद दहाल

**भाषा सम्पादन**

महेश्वर प्रसाद बिनाडी

# विषय सूची


| | | |
|---|---|---|
| हाम्रो बर्दगोरिया | | १ |
| १ | स्थानीय पाठ्यक्रमको पृष्ठभूमि | १ |
| २. | स्थानीय पाठ्यक्रमको आवश्यकता | २ |
| ३. | शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट | ३ |
| ४. | विषय क्षेत्र | ४ |
| ४.१ | विषय क्षेत्रको सङ्क्षिप्तीकरण | ४ |
| ५. | तहगत सक्षमता | ५ |
| ६. | कक्षागत सिकाइ उपलब्धि | ६ |
| ७. | **विषयवस्तुको विस्तृतीकरण** | १७ |
| ७.१ | कक्षा १: विषयवस्तुको विस्तृतीकरण | १७ |
| ७.२ | कक्षा २: विषयवस्तुको विस्तृतीकरण | २७ |
| ७.३ | कक्षा ३: विषयवस्तुको विस्तृतीकरण | ३७ |
| ७.४ | कक्षा ४: विषयवस्तुको विस्तृतीकरण | ४९ |
| ७.५ | कक्षा ५: विषयवस्तुको विस्तृतीकरण | ६२ |
| ७.६ | कक्षा ६: विषयवस्तुको विस्तृतीकरण | ७७ |
| ७.७ | कक्षा ७: विषयवस्तुको विस्तृतीकरण | ९२ |
| ७.८ | कक्षा ८: विषयवस्तुको विस्तृतीकरण | ११० |
| ८. | स्थानीय पाठ्यक्रमको पाठ्य घण्टी र अङ्क विभाजन तालिका | १३२ |
| ९. | सिकाइ सहजीकरण प्रक्रिया | १३३ |
| ९.१ | सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू | १३४ |
| १०. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | १३५ |
| १०.१. | मूल्याङ्कन विधि र प्रक्रिया | १३५ |
| १०.२ | मूल्याङ्कनका तरिका र साधन | १३६ |
| १०.३ | मूल्याङ्कन प्रक्रियाहरु | १३६ |
| १०.४ | विशिष्टीकरण | १३७ |
| १०.४.१ | विशिष्टीकरण तालिका | १३८ |

**अनुसूची** (१) आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोग सम्बन्धी मार्गदर्शन १४३

# विषय सूची

| | | |
|---|---|---|
| हाम्रो बर्दगोरिया | | १ |
| १ | स्थानीय पाठ्यक्रमको पृष्ठभूमि | १ |
| २. | स्थानीय पाठ्यक्रमको आवश्यकता | २ |
| ३. | शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट | ३ |
| ४. | विषय क्षेत्र | ४ |
| ४.१ | विषय क्षेत्रको सङ्क्षिप्तीकरण | ४ |
| ५. | तहगत सक्षमता | ५ |
| ६. | कक्षागत सिकाइ उपलब्धि | ६ |
| ७. | **विषयवस्तुको विस्तृतीकरण** | १७ |
| ७.१ | कक्षा १: विषयवस्तुको विस्तृतीकरण | १७ |
| ७.२ | कक्षा २: विषयवस्तुको विस्तृतीकरण | २७ |
| ७.३ | कक्षा ३: विषयवस्तुको विस्तृतीकरण | ३७ |
| ७.४ | कक्षा ४: विषयवस्तुको विस्तृतीकरण | ४९ |
| ७.५ | कक्षा ५: विषयवस्तुको विस्तृतीकरण | ६२ |
| ७.६ | कक्षा ६: विषयवस्तुको विस्तृतीकरण | ७७ |
| ७.७ | कक्षा ७: विषयवस्तुको विस्तृतीकरण | ९२ |
| ७.८ | कक्षा ८: विषयवस्तुको विस्तृतीकरण | ११० |
| ८. | स्थानीय पाठ्यक्रमको पाठ्य घण्टी र अङ्क विभाजन तालिका | १३२ |
| ९. | सिकाइ सहजीकरण प्रक्रिया | १३३ |
| ९.१ | सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू | १३४ |
| १०. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | १३५ |
| १०.१. | मूल्याङ्कन विधि र प्रक्रिया | १३५ |
| १०.२ | मूल्याङ्कनका तरिका र साधन | १३६ |
| १०.३ | मूल्याङ्कन प्रक्रियाहरु | १३६ |
| १०.४ | विशिष्टीकरण | १३७ |
| १०.४.१ | विशिष्टीकरण तालिका | १३८ |
| **अनुसूची** (१) | आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्नका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोग सम्बन्धी मार्गदर्शन | १४३ |

# हाम्रो बर्दगोरिया

## १. स्थानीय पाठ्यक्रमको पृष्ठभूमि

नेपालको संविधान २०७२ को अनुसूची - ८ आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरेको छ। संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तब्य हो। नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था प्रभावकारी रुपले कार्यान्वय भएन। उपरोक्त व्यवस्थाकै आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा अन्य विषय राख्न पाउने व्यवस्था गरियो। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहमा पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरिएको छ। उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्वन्धमा कक्षा १ देखि ३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रुपमा १६० कार्यघण्टा र कक्षा ४ देखि ८ को लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरेको छ। नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ। स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेस गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो " भनि परिभाषित गरेको छ। त्यसैले, स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो।

यो स्थानीय पाठ्यक्रमले बर्दगोरिया गाउँपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्नेछ। आधारभूत तहको कक्षा १ देखि ८ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवं संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्नेछन्। स्थानीय क्षेत्रमा प्रचलित पेसा, व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन्। यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नेछ। यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्ने अपेक्षा गरिएको छ। यस गाउँपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, गाउँपालिकाका सदस्यहरू, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा यस बर्दगोरिया गाउँपालिका : (गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सीमाना, जनसङ्ख्या, जातजाति, सङ्घसंस्थाहरू), प्राकृतिक स्रोत र सम्पदा : वन जङ्गल, सामुदायिक वन, जडिबुटी, नदी, ताल, कुवार पानीका स्रोत आदि, संस्कार र संस्कृति : जातजाति, मठ, मन्दिर, मड्वा (देवस्थान), सत्संग भवन, चर्च, मशिजद, जात्रा,पर्व, मेला, धार्मिक, साँस्कृतिक सम्पदा, संस्कार, मूल्य मान्यता, भाषा र भेषभूषा, गीत, संगीत बाजागाजा र सामाजिक कुरीति जस्तैः बालविवाह, मादकपदार्थ सेवन, छाउपडी प्रथा, आत्महत्या, ऐतिहासिक र पर्यटकीय स्थल : बर्दगोरिया धाम, ऐतिहासिक पाटीपौवा, सालिक, पिरुवा (सिमशार) र पुरैनाताल र झर्झरिया बाँध, यसैगरि पेसा व्यवसाय र प्रविधि :स्थानीय पेसा (कृषि विशेष) उद्यमशीलता र प्रविधि, स्वास्थ्य सेवा तथा उपचार, योग, प्राणायाम, ध्यान, आसन, सरसफाइ, भोजन, ब्यायाम, साथै स्थानीय

खेलहरू, विपद् तथा प्राकृतिक प्रकोप, वातावरण र हरित विद्यालय : प्रकोप (आगजनी, भूकम्प, भूक्षय, बाढीपहिरो, चट्याङ, हावाहुरी) वन वातावरण, व्यक्तित्व तथा सामाजिक सङ्घसंस्था, बर्दगोरियाको विकास निर्माण र समाज सेवामा विशेष योगदान पुर्‍याउने महत्वपूर्ण व्यक्तित्व र संस्थाहरू आदि जस्ता मुख्य मुख्य विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७९ देखि कक्षा १-८ सम्म लागू गरिने छ ।

बालबालिकाहरू आफ्नो वरिपरिको सामाजिक, भौतिक, साँस्कृतिक लगायतका अवस्थासँग परिचित भएमा सिकाइलाई दैनिक जीवनसापेक्ष बनाउन र समाजसँग जोड्न सकेमा उनीहरूलाई वातावरणसँग अन्तरक्रिया गरी समायोजित हुन सहज हुन्छ । विगतका अनुभवबाट सिक्न, वर्तमान अवसरको खोजीमा संलग्न हुन र भविष्यप्रति सचेत रहन एवं आफू र आफू रहेको वातावरणको सरसफाइ, संरक्षण र संवर्द्धनमा सरिक भई शारीरिक सबलताका लागि स्वच्छ र तन्दुरुस्त रहने जीवनशैली अवलम्वन गरी, सिर्जना र कलाको माध्यमबाट सकारात्मक र असल एवं समाजोपयोगी नागरिकका रूपमा तयार रहन सहयोग पुगोस् भनी हाम्रो स्थानीय विषयक्षेत्रको पाठ्यक्रम विकास गरिएको छ । आधारभूत तह (कक्षा १-८) को हाम्रो स्थानीय विषयक्षेत्रको पाठ्यक्रममा बालबालिकालाई सामाजिक र भौतिक वातावरणप्रति रुचि जगाउने, आफू वरपर रहेको वातावरणको पहिचान गर्ने, वैज्ञानिक सोच गर्ने, सरसफाइ र संरक्षण एवं स्वास्थ्यप्रति सचेत हुने, कला र सङ्गीतप्रति रुचि जगाई सिर्जनात्मक प्रतिभाको विकासमा सहयोग गर्ने विषयवस्तुको समावेश गरी उत्पादनशील र सक्रिय नागरिकको जग बसाउने उद्देश्य लिइएको छ । यस पाठ्यक्रमले सहभागितात्मक तथा क्रियाकलापमुखी शिक्षण सिकाइलाई जोड दिँदै विद्यार्थीहरूलाई सिर्जनशील तथा खोजोन्मुख बनाई दैनिक समस्या समाधानका सीप विकासमा सहयोग गर्ने लक्ष्य लिएको छ ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा, २०७५ स्वीकृत भइ परीक्षणको क्रममा रहेको छ । एकीकृत पाठ्यक्रम देश भरिमा २०७७ सालदेखि लागु गरिएको छ । उक्त पाठ्यक्रमको ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १ देखि ३ सम्ममा पाँच ओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नु पर्ने प्रावधान छ । स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्छ । स्थानीय पाठ्यक्रम वा मातृभाषा मध्ये एक विषय छनोट गरी स्थानीय स्तरबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ । बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ, समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्यमान्यता, धर्म, संस्कृति, परम्परा, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमान्दार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रममा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सीपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरि आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवं साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रिय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संवैधानिक र नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तब्य भएको हुनाले बर्दगोरिया गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहाय बमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछ :

(क) स्थानीय स्तरका पेसा, व्यवसाय एवं रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरि नेपाली कला, सौन्दर्य, आदर्श तथा विशिष्टताको संरक्षण, सम्बर्द्धन गर्ने ।

(ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषा आदिको संरक्षण र सम्बर्द्धन गर्ने ।

(ग) स्थानीय कलाकौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।

(घ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्ने ।

(ङ) स्थानीय तहको ज्ञान, सीप र प्रविधिलाई उजागर गर्ने ।

(च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउन ।

(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्ने ।

## ३. शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट

बर्दगोरिया गाउँपालिकामा बहुसाँस्कृतिक र बहुभाषिक समुदायको बसोबास रहेकाले यहाँ विभिन्न जातजाति र साँस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बस्दछन् । यस गाउँपालिकामा प्राय: जसो मिश्रित प्रकारको समुदायको बसोबास भएकाले विद्यालयहरूमा समेत विभिन्न भाषिक तथा साँस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू छन् । यहाँका विद्यालयहरूमा भाषिक दृष्टिले मिश्रित कक्षा भएकाले धेरैजसो विद्यालयमा द्विभाषिक तथा बहुभाषिक अवस्था रहेको छ ।

विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरूले प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ सहज र प्रभावकारी हुनेछ । दोस्रो भाषामा शिक्षण सिकाइ सहजीकरण गर्दा भाषा नबुझ्नाले बालबालिकाहरूका लागि विद्यालय तथा कक्षाकोठामा रमाइलो वातावरण सृजना गर्न नसकिने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने पनि हुन सक्दछ । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षणका क्रममा दिइने ज्ञान, सीप उनीहरूले सहज रूपमा प्राप्त गर्न नसक्नुका साथै उनीहरूमा नैराश्यता सिर्जना भई कक्षा छोड्ने, विद्यालय आउन नमान्ने जस्ता समस्या सिर्जना हुन गई अन्ततः नियमित रूपमा विद्यालयमा पठाउन नसक्ने समस्या सिर्जना हुन जान्छ । बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षण गर्न सकिएमा शिक्षण प्रक्रिया रुचिकर र प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जानुका साथै अन्य भाषाको सिकाइमा पनि मातृभाषाको सिकाइले सकारात्मक प्रभाव पार्छ । यसरी प्रारम्भिक तहका विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा सिकाइ सहज हुनुका साथै पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित (दोस्रो वा तेस्रो) भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न उपयुक्त मानिदैन । बालबालिकाले घरपरिवार तथा समुदायमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बढीभन्दा बढी अन्तर्क्रिया हुन गई सिकाइ सजिलो र छिटो हुनुका साथै अन्य भाषाको सिकाइमा पनि पहिलो भाषाको सीप सङ्क्रमण सहज हुने अनुसन्धानले देखाएका तथ्यहरूलाई दृष्टिगत गरी मातृभाषा वा घर, परिवार तथा समुदायमा बोलिने भाषाबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने र द्विभाषी वा बहुभाषी बालबालिका भएका कक्षामा सिकाइ सहजीकरणका लागि द्विभाषा वा बहुभाषाको प्रयोग हुन सक्ने वातावरण तयार गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुनेछ। यसै कुरालाई मध्यनजर गरी यस गाउँपालिकामा स्थानीय परिवेशमा आधारित रही बिद्यालयको भाषिक वातावरण अनुकूल हुने गरी नेपाली र थारू मातृभाषामा यो स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिएको छ ।

समग्रमा प्रारम्भिक (आधारभूत) तहमा पढाइ र सिकाइको विकासका लागि माध्यम भाषाको निर्धारण निम्नानुसारका प्रचलित सिद्धान्तहरूका आधारमा गर्नुपर्दछ :-

१. पहिलो भाषा/मातृभाषामा सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सजिलो र छिटो हुन्छ । बालबालिकालाई उनीहरूको मातृभाषामा सिकाउनु सबैभन्दा उपयुक्त हुन्छ । मातृभाषा बालबालिकाले राम्ररी बुझ्छन् र उपयुक्त गतिमा बोल्न सक्छन् । बालबालिकाले भाषा राम्ररी नबुझेसम्म अर्थपूर्ण सिकाइ सम्भव हुँदैन ।

२. भाषिक सीपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ । बुझाइमा आधारभूत ज्ञान नभएसम्म अपरिचित भाषालाई शिक्षणको माध्यम बनाउनु उपयुक्त मानिदैन । बालबालिकालाई अपरिचित भाषामा सिक्न जोड गरियो भने उसले एकातिर नयाँ भाषा सिक्नुपर्ने र सँग-सँगै अपरिचित भाषाका माध्यमबाट सिक्ने प्रयास गर्नुपर्ने दोहोरो मार खेप्नुपर्ने हुन्छ । अतः बालबालिकालाई पूर्ण रूपले अपरिचित भाषामा सिक्न दबाब दिइयो भने बुझाइमा कठिनाइ भई सिकाइबाट अलग हुन जाने अवस्था पनि आउँछ । यसो गर्नु भनेको बालबालिकालाई सिकाइको अवसरबाट वञ्चित गर्नुसरह हुन्छ ।

३. पहिलो भाषामा सिकेका सीप अन्य भाषामा स्थानान्तरण गर्न सजिलो हुन्छ । एउटा भाषामा सिकेका साक्षरताका सीपलाई उपयुक्त समयमा अर्को भाषामा सहजै स्थानान्तरण गर्न सकिन्छ ।

४. भयरहित तथा बालमैत्री वातावरणमा सिकाउन सकियो भने बालबालिकाले पहिलो तथा दोस्रो कक्षामै दुई वा दुई भन्दा बढी भाषा बोल्न र बुझ्न सक्छन् । आवश्यक भएमा आधारभूत तहको शिक्षाको पहिलो पाँच वर्षभित्र बिस्तारै पहिलोबाट दोस्रो भाषा क्रमागत रूपले समाहित गराउनु प्रभावकारी हुन्छ भने आवश्यकतानुसार माथिल्ला कक्षाहरूमा तेस्रो भाषामा समाहित गराउन सकिन्छ ।

५. कम्तीमा बालबालिकालाई ५ वर्षदेखि ८ वर्षको उमेरसम्म मातृभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त मानिन्छ । प्राथमिक शिक्षाका पछिल्ला तहमा क्रमशः मातृभाषाबाट स्थानीय वा नेपाली भाषालाई माध्यम भाषा वनाउन सकिने हुन्छ । अङ्ग्रेजी भाषालाई सामान्यतया आधारभूत तहमा माध्यम भाषाका रूपमा प्रयोग गर्नु विषयवस्तु सिकाइ र भाषा सिकाइ दुवै दृष्टिले उपयुक्त नहुने भएकाले मातृभाषा, स्थानीय वा नेपाली भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्न सकिनेछ । यस तहमा आवश्यकतानुसार पहिलो भाषाबाट दोस्रो र माथिल्ला कक्षाहरूमा दोस्रो भाषाबाट तेस्रोमा समाहित गराउन सकिनेछ । यसो गर्नाले विषयवस्तु सिकाइका साथै दोस्रो भाषाको सिकाइ पनि सहज हुनेछ ।

## विषय क्षेत्र

येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव । यस पाठ्यक्रमले बर्दगोरिया गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले यस गाउँपालिकाभित्रका अध्ययन गर्नु प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य तथा उपचार र सरसफाईका साथै वरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरू र स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा यनरत बालबालिकाहरूलाई केन्द्रविन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रमले मुख्य रुपमा निम्न विषय लाई समेटेको छ :

हाम्रो भाषा, इतिहास, संस्कृति र साँस्कृतिक सम्पदाहरू आदि ।

हाम्रो भूगोल, प्राकृतिक सम्पदा, यातायात र यातायातको साधनहरू, हावापानी आदि ।

संस्कार र संस्कृति : जातजाति, मठ, मन्दिर, मडवा (देवथान), सत्संग भवन, चर्च, मस्जिद, जात्रा, पर्व, मेला, धार्मिक, साँस्कृतिक सम्पदा, संस्कार, मूल्य मान्यता, भाषा र भेषभूषा, गीत, सङ्गीत बाजागाजा र सामाजिक कुरीति जस्तैः छाउपडी प्रथा आदि ।

स्थानीय जडिबुटी, स्वास्थ्य तथा उपचार साथै सरसफाइ : योग, प्राणायाम, ध्यान, आसन, भोजन, व्यायाम, स्थानीय खेलहरू आदि ।

(ङ) स्थानीय खेलहरू आदि ।

(च) पेसा, व्यवसाय र प्रविधि, आर्थिक क्रियाकलापहरू, स्थानीय वजार, स्थानीय आयआर्जनका क्रियाकलापहरू, स्थानीय पेसा (कृषि विशेष) उद्यमशीलता र प्रविधि आदि ।

(छ) स्थानीय पर्यटन र धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलमा बर्दगोरिया धाम, ऐतिहासिक पाटीपौवा, पिरुवा (सिमसार) र पुरैनाताल र भर्भरिया बाँध (सिमसार) आदि ।

(ज) प्राकृतिक स्रोत र सम्पदा : वन जङ्गल, सामुदायिक वन, जडिबुटी, नदी, ताल, कुवा र अन्य पानीका स्रोतहरू आदि ।

(झ) विपद् व्यवस्थापन आदि तथा स्थानीय प्रविधि तथा ऊर्जाहरू आदि ।

### ४.१ विषय क्षेत्रको सङ्क्षिप्तीकरण

१. हाम्रो भाषा, संस्कृति, इतिहास र साँस्कृतिक एवं पुरातात्विक सम्पदा ।
२. हाम्रो भूगोल र प्राकृतिक सम्पदा ।
३. हाम्रो सीप तथा कला ।
४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार ।
५. स्थानीय खेल ।
६. पेशा, व्यवसाय, र आर्थिक क्रियाकलाप ।
७. स्थानीय पर्यटन ।
८. विपद् व्यवस्थापन ।
९. स्थानीय प्रविधि र ऊर्जा ।

## ५. तहगत सक्षमता

१ परिवार, समुदाय र बर्दगोरिया गाउँपालिकाको इतिहास पहिचान र सम्मान ।
२. स्थानीय मातृभाषाहरूको पहिचान र आफ्नो मातृभाषाको प्रयोग ।
३. सामाजिक, साँस्कृतिक र धार्मिक गतिविधिहरूको पहिचान तथा सम्मान एवं सहभागिता ।
४. स्थानीय रहनसहन र संस्कृतिको पहिचान, सम्मान र सहभागिता ।
५. स्थानीय सङ्घ संस्थाको पहिचान, महत्व बोध र उपयोग ।
६. आफ्नो समुदाय र गाउँपालिकाको भौगोलिक स्वरुपको जानकारी र नक्साङ्कन ।
७. आफ्नो वरपरको मौसमको पहिचान र सचेतना ।
८. आफ्नो वरिपरिका प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण र उपयोग ।
९. पारिवारिक, स्थानीय र पेसागत कलाको पहिचान, संरक्षण, वर्गीकरण, निर्माण, अभ्यास र प्रयोग ।
१०. माटो र पातबाट बन्ने सामग्री तथा जाति विशेषका खाद्य परिकार तयारी ।
११. परम्परागत घरेलु उपचार विधिको जानकारी र उपयोग ।
१२. स्थानीय परम्परागत खेलकुदमा आधारित शारीरिक क्रियाकलापहरूमा सहभागिता र अभ्यास ।
१३. सूचना र सञ्चारका साधनहरूको चिनारी र उपयोग ।
१४. परिवार, छरछिमेक एवं स्थानीय क्षेत्रको आर्थिक क्रियाकलापको उपयोग ।
१५. कामको सम्मान, मितव्ययिता र सामाजिक मेलमिलाप ।
१६. कृषि, पर्यटन, साना तथा घरेलु उद्योग व्यवसायको पहिचान र महत्वबोध ।
१७. पारिवारिक र सामाजिक आदर्श र शिष्टाचारका नियमहरूको पालना ।

## ६. कक्षागत सिकाइ उपलब्धि

### कक्षा १ देखि ३ सम्मको कक्षागत उपलब्धि

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| १. आफ्नो मातृभाषामा बोल्न । | १. आफ्नो मातृभाषामा बोल्न र लेख्न । | १. आफ्नो मातृभाषामा बोल्न र सामान्य वाक्य बनाउन । |
| २. संस्कृति तथा पारिवारिक संस्कार र रहनसहन बताउन । | २. संस्कृति तथा पारिवारिक संस्कार र रहनसहन बताउन र लेख्न । | २. संस्कृति तथा पारिवारिक संस्कार र रहनसहन बताउन र सामान्य वाक्यमा लेख्न । |
| ३. स्थानीय चाडपर्वहरूको नाम भन्न । | ३. स्थानीय चाडपर्वहरूको नाम बताउन र शब्दमा लेख्न । | ३. स्थानीय चाडपर्वहरूको नाम बताउन र सामान्य वाक्यमा लेख्न । |
| ४. आफ्नो समुदायमा रहेको साँस्कृतिक सम्पदाहरुको नाम भन्न । | ४. आफ्नो समुदायमा रहेको साँस्कृतिक सम्पदाहरुको नाम बताउन र शब्दमा लेख्न । | ४. आफ्नो समुदायमा रहेको साँस्कृतिक सम्पदाहरुको नाम बताउन र सामान्य वाक्यमा लेख्न । |
| ५. आफ्नो परिवारको सामान्य परिचय बताउन,जस्तै:परिवारका सदस्यहरूको नाता र नाम भन्न । | ५. आफ्नो परिवारको परिचय भन्न र लेख्न जस्तै: परिवारका सदस्यहरूको नाता र नाम बताउन र लेख्न । | ५. बर्दगोरिया गाउँपालिकाको सामान्य परिचय बताउन । |
| ६. आफ्नो गाउँटोलका सामाजिक सङ्घ संस्थाहरूको नाम भन्न । | ६. सामाजिक सङ्घ संस्थाहरूको नाम बताउन र लेख्न । | ६. बर्दगोरिया गाउँपालिकाको शैक्षिक इतिहास सामान्य परिचय बताउन । |
| ७. आफू बसेको ठाउँको नाम र अवस्थिति बताउन जस्तै: अग्लो, होंचो र समथर । | ७. आफू बसेको ठाउँको नाम र अवस्थिति बताउन र लेख्न । | ७. सामाजिक सङ्घ संस्थाहरूको नाम बताउन र सामान्य वाक्यमा लेख्न । |
| ८. आफ्नो घर र साथीको घरवाट विद्यालय सम्म जाने बाटो बताउन । | ८. आफ्नो घर र साथीको घरवाट विद्यालय सम्म जाने बाटोको अवस्था बताउन । | ८. बर्दगोरिया गाउँपालिकाको भौगोलिक स्थिति बताउन र सामान्य वाक्यमा लेख्न । |
| ९. विद्यालय जाने साधनको नाम बताउन । | ९. विद्यालय जाने साधनको नाम र अवस्था बताउन । | ९. नक्सामा गाउँपालिकाको नक्सामा देखाइएको ताल, नदीहरू देखाउन र सामान्य वाक्यमा लेख्न । |
| १०. लुगाअनुसार मौसम छुट्याउन । | १०. बाटो काट्ने सही तरिका अपनाउन । | १०. स्थानीय स्तरमा रहेका सडकको नाम बताउन र गाउँदेखि नजिक रहेको सडकको दुरी बताउन । |
| ११. आफू बसेको ठाउँ वरपरका नदी, तालको नाम बताउन । | ११. लुगा अनुसार मौसम छुट्याउन र बताउन साथै लेख्न । | ११. गाउँदेखि नजिक रहेको सडकको दुरी र जिल्ला सदरमुकामसम्मको सडक र दुरी बताउन । |
| १२. आफ्नो गाउँ र विद्यालय वरपर पाइने वन्यजन्तुको नाम भन्न | १२. आफू बसेको ठाउँ वरपरका नदी, तालको नाम बताउन । | १२. आफ्नो घर र साथीको घरवाट विद्यालयसम्म जाने बाटोको अवस्था बताउन । |
| १३. आफ्नो गाउँघर र विद्यालय वरपर रहेका बोटबिरुवाको नाम भन्न । | १३. आफ्नो गाउँ र विद्यालय वरपर पाइने वन्यजन्तुको नाम बताउन । | १३. विद्यालय जाने साधनको नाम र अवस्था बताउन । |
| १४. आफ्नो कलाबारे बताउन । | १४. आफ्नोगाउँघर र विद्यालय वरपर रहेका बोटबिरुवाको नाम बताउन । | १४. ट्राफिक नियम र चिन्ह बताउन साथै सामान्य वाक्य लेख्न । |
| १५. स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम भन्न । | १५. आफ्नो कलाबारे बताउन । | १५. खेतीपाती अनुसार मौसम चिन्न र बताउन । |
| १६. स्थानीय गीत र बाजाबारे बताउन । | १६. स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम बताउन र लेख्न । | १६. गर्मी र जाडो महिनामा फरक छुट्याउन । |
| १७. स्थानीय गीत गाउँदै नाच्न सक्ने । | १७. स्थानीय गीत र बाजाबारे बताउन र शब्दमा लेख्न । | १७. स्थानीय वनस्पति र वन्यजन्तुको महत्व बताउन । |
| १८. स्थानीय जडिबुटीको नाम भन्न । | १८. स्थानीय गीत गाउँदै नाच्न सक्ने । | १८. आफ्नो कलाबारे बताउन । |
| १९. स्वास्थ्य उपचार गर्ने ठाउँको नाम बताउन । | | १९. स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम बताउन । |
| | | २०. स्थानीय गीत र बाजाबारे बताउन र सामान्य वाक्यमा लेख्न । |
| | | २१. स्थानीय गीत गाउदै सामान्य रुपमा नाच्न सक्ने । |
| | | २२. स्थानीय जडिवुटीको नाम बताउनर लेख्न । |
| | | २३. स्थानीय जडिवुटीको महत्व एवं गुण बताउन । |
| | | २४. स्वास्थ्य उपचार बारे बताउन र उपचारको नाम लेख्न । |
| | | २५. स्वास्थ्य उपचारको महत्व बताउन । |

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| २०. स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्न ।<br>२१. आफ्नो परिवार, छरछिमेक तथा साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन।<br>२२. आफ्नो घर, छरछिमेक तथा गाउँमा आम्दानी आउने क्रियाकलापको नाम बताउन ।<br>२३. आफ्नो र छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिदविक्री गरिने वस्तुहरुको नाम भन्न ।<br>२४. आफ्नो गाउँघर नजिकै रहेको बजारको नाम बताउन ।<br>२५. आफ्नो गाउँघर नजिकै रहेको बजारको नाम बताउन ।<br>२६. आफ्नो विद्यालय, गाउँपालिका नजिक रहेका उद्योगको नाम बताउन ।<br>२७. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको नाम भन्न ।<br>२८. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको नाम भन्न ।<br>२९. विपद् सम्बन्धी उदाहरणहरु बताउन ।<br>३०. स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधि र ऊर्जाको नाम बताउन ।<br>३१. स्थानीय ऊर्जा र स्रोतहरुको नाम बताउन । | १९. स्थानीय जडिबुटीको नाम बताउन र शब्दमा लेख्न ।<br>२०. बालबालिकाहरु स्वास्थ्य उपचार गर्ने ठाउँ र प्रकारबारे बताउन र लेख्न ।<br>२१. स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्न ।<br>२२. आफ्नो र छरछिमेक तथा साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन र लेख्न ।<br>२३. आफ्नो घर, छरछिमेक तथा गाउँमा आम्दानी बढाउने क्रियाकलापको नाम बताउन र लेख्न ।<br>२४. छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिद विक्री गरिने वस्तुहरुको नाम बताउन र लेख्न ।<br>२५. आफ्नो नजिकै रहेको बजारको नाम बताउन र लेख्न ।<br>२६. कृषि पेसासँग सम्बन्धित क्रियाकलापको नाम बताउन र लेख्न ।<br>२७. आफ्नो विद्यालय, गाउँपालिका नजिक रहेका उद्योगको नाम बताउन र लेख्न ।<br>२८. आफ्नो नजिकै रहेको बजारको नाम बताउन र लेख्न ।<br>२९. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको नाम भन्न र लेख्न ।<br>३०. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्रभित्रका पर्यटकीय स्थलको नाम भन्न र लेख्न ।<br>३१. विपद् सम्बन्धी उदाहरणहरु भन्न र लेख्न ।<br>३२. स्थानीय प्रविधिद्वारा निर्मित परम्परागत सामग्रीहरुको नाम बताउन र लेख्न ।<br>३३. आधुनिक प्रवधिद्वारा निर्मित सामग्रीहरुको नाम बताउन र लेख्न ।<br>३४. स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको नाम बताउन र लेख्न । | २६. स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्न र उक्त खेलको नाम लेख्न ।<br>२७. स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।<br>२८. आफ्नो र साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन र उक्त व्यवसायको नाम लेख्न ।<br>२९. स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन ।<br>३०. घर, छरछिमेक तथा गाउँमा आम्दानी आउने क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलापको नाम लेख्न ।<br>३१. आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।<br>३२. छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिदविक्री गरिने वस्तुहरुको नाम बताउन र खरिदविक्री गरिने सामग्रीको नाम लेख्न ।<br>३३. आफ्नो नजिकै रहेको बजारको नाम बताउन र उक्त बजारको नाम लेख्न ।<br>३४. स्थानीय बजारको महत्वबारे बताउन ।<br>३५. कृषि पेसासंग सम्बन्धीत क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलाप सञ्चालन गर्ने ज्ञान सीपको नाम लेख्न ।<br>३६. आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।<br>३७. आफ्नो विद्यालय, गाउँपालिका नजिक रहेका उद्योगको नाम बताउन र उक्त उद्योगको नाम लेख्न ।<br>३८. स्थानीय उद्योगको महत्व बताउन ।<br>३९. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको महत्व बताउन र वाक्य वनाउन ।<br>४०. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको महत्व बताउन र वाक्य वनाउन ।<br>४१. विपद्वाट बच्ने सामान्य उपायहरुको बारेमा बताउन र सूचि तयार गर्न ।<br>४२. स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम र प्रयोग क्षेत्रबारे बताउन ।<br>४३. आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम र प्रयोग क्षेत्रबारे बताउन ।<br>४४. स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम र प्रयोग क्षेत्रबारे बताउन ।<br>४५. आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम र प्रयोग क्षेत्रबारे बताउन । |

## कक्षा ४

१. आफ्नो मातृभाषाको महत्व बताउन ।
२. स्थानीय धार्मिक संस्कृतिको महत्व बताउन ।
३. आफ्नो घरपरिवार एवं छरछिमेकमा मनाइने प्रमुख संस्कारहरुको बारेमा बताउन ।
४. संस्कारको परिचय बताउन ।
५. प्रमुख संस्कारहरुमा गाइने गीत, भजन, किर्तन आदि बताउन ।
६. आफ्नो धार्मिक मूल्यमान्यताको बारेमा बताउन ।
७. स्थानीय चाडपर्वहरूको नाम बताउन र त्यसको महत्व बताउन ।
८. आफ्नो समुदायमा रहेको साँस्कृतिक सम्पदाहरुको नाम बताउन र शब्दहरुद्वारा वाक्यमा लेख्न ।
९. बर्दगोरिया गाउँपालिकाको सरकार संरचनाको सामान्य परिचय बताउन ।
१०. बर्दगोरिया गाउँपालिकाको शैक्षिक गतिविधिहरुबारे सामान्य परिचय बताउन ।
११. सामाजिक सङ्घ संस्थाहरूको नाम र परिचय बताउन ।
१२. बर्दगोरिया गाउँपालिकाको भौगोलिक अवस्थिति त्यसको परिचय बताउन ।
१३. नक्सामा गाउँपालिकाको नक्सामा देखाइएको ताल, नदीहरू देखाउन र नदीहरुको महत्व बताउन ।
१४. स्थानीय स्तरमा रहेका सडकको नाम बताउन र गाउँदेखि नजिक रहेको सडकको दुरी र ती सडकहरुको महत्व बताउन ।
१५. गाउँदेखिनजिक रहेको सडकको दुरी र जिल्ला सदरमुकामसम्मको सडक र दुरी बताउन ।
१६. सामान्य रुपमा मौसमको परिचय र त्यसको प्रभाव बताउन ।
१७. गर्मी र जाडो महिनाको विशेषता र ऋतुको नाम बताउन ।
१८. स्थानीय वनस्पति र वन्यजन्तुको परिचय र महत्वबताउन ।
१९. वातावरण संरक्षणमा सहभागिता जनाउन ।
२०. गाउँघर र साथीको गाउँ नजिकमा रहेको सामुदायिक वनको नाम र महत्व बताउन ।
२१. स्थानीय नदी, तालको महत्व र पानीका अन्य मुहानहरू र त्यसको महत्व बताउन ।
२२. आफ्नो कलाको महत्व बताउन ।
२३. स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम र प्रयोग बताउन ।

## कक्षा ५

१. आफ्नो मातृभाषामा निवन्ध लेख्न ।
२. साधारण किसिमको निवेदन तथा चिठी पत्र लेख्न ।
३. स्थानीय धार्मिक संस्कृतिको महत्व बताउन ।
४. स्थानीय संस्कृतिको पहिचान सहितको विशेषता बताउन ।
५. संस्कारको पहिचान सहित परिचय बताउन ।
६. संस्कारको सामान्य विधि बताउन ।
७. प्रमुख संस्कारहरुमा गाइने गीत भजन किर्तन आदि बताउन र लय, ताल मिलाएर गाउन ।
८. आफ्नो धार्मिक मूल्यमान्यताको अनुसरणले समाजमा मेलमिलाप गराउँछ भनी बताउन ।
९. मूल्य, मान्यता, सभ्य समाजको पहिचान हो भन्ने अवलम्वन गर्न ।
१०. छाउपडी प्रथाबारे बताउन ।
११. स्थानीय चाडपर्वहरूको नाम बताउन र त्यसको महत्व बताउन ।
१२. स्थानीय चाडपर्वहरूमा गरिने गतिविधिहरुबारे बताउन ।
१३. आफ्नो समुदायमा रहेको साँस्कृतिक सम्पदाहरुको महत्व बताउन ।
१४. धार्मिक सम्पदाहरुको विशेषता बताउन ।
१५. बर्दगोरिया गाउँपालिकाको सरकार संरचनाको सामान्य परिचय बताउन ।
१६. बर्दगोरिया गाउँपालिकाको शैक्षिक गतिविधिहरुबारे सामान्य परिचय बताउन ।
१७. बर्दगोरिया गाउँपालिकाको ऐतिहासिक परिचय बताउन ।
१८. सामाजिक सङ्घ संस्थाहरूको नाम र परिचय बताउन ।
१९. सामाजिक संघसंस्थाहरुको महत्व र विशेषता बताउन ।
२०. बर्दगोरिया गाउँपालिकाको भौगोलिक स्थिति त्यसको परिचय बताउन ।
२१. नक्सामा गाउँपालिकाको नक्सामा देखाइएको ताल, नदीहरू देखाउन र नदीहरुको महत्व र संरक्षणबारे ।
२२. बर्दगोरिया गाउँपालिकाको भौगोलिक अवस्थाबारे बताउन ।
२३. मौसमको सम्बन्धी सामान्य रुपमा जानकारी राख्न र साथीलाई बताउन ।
२४. गर्मी र जाडो महिनाको विशेषतासहित त्यसबाट बच्ने उपायबारे बताउन ।
२५. स्थानीय वनस्पति र वन्यजन्तुको परिचय र महत्वबताउन ।
२६. महत्वपूर्ण बोटविरुवाहरु र चराचुरुङ्गीहरुको पहिचान र परिचय बताउन ।
२७. वातावरण संरक्षणमा सहभागिता जनाउन ।
२८. गाउँघर र साथीको गाउँ नजिकमा रहेको सामुदायिक वनको नाम र महत्व बताउन ।
२९. वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताबारे सामान्य जानकारी गराउन ।
३०. स्थानीय नदी, तालको महत्व र पानीका अन्य मुहानहरू र त्यसको महत्व बताउन ।
३१. स्थनीय तालहरुको पहिचान दिन र संरक्षण गर्नुपर्छ भनी बताउन ।
३२. स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम र प्रयोग बताउन ।

## कक्षा ४

२४. मुग्रहवा नाच, कठघोरी नाच, सखिया नाच लगायत अन्य नाचहरुमा प्रयोग गरिने नाचका सामग्रीहरुको प्रयोगबारे बताउन ।
२५. सामान्य रुपमा स्थानीय गीत लय मिलाएर गाउन सक्ने ।
२६. स्थानीय गीतसँगै प्रयोग गरिने बाजा र नाच्ने विधिबारे बताउन र नाच्न पनि सक्ने ।
२७. स्थानीय गीत गाउँदै सामान्य रुपमा नाच्न जान्ने ।
२८. स्थानीय जडिबुटीको नाम बताउन र लेख्न ।
२९. स्थानीय जडिबुटीको महत्व एवं गुण बताउन ।
३०. स्थानीय जडीबुटीको सामान्य प्रयोग विधि बताउन ।
३१. स्वास्थ्य उपचारबारे बताउन र उपचारको नाम लेख्न ।
३२. स्वास्थ्य उपचारको महत्व बताउन ।
३३. स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।
३४. व्यायाम तथा योगबारे सामान्य परिचय दिन सक्ने ।
३५. स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्नर उक्त खेलको नाम लेख्न ।
३६. स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।
३७. स्थानीय खेलहरुको महत्व बताउन ।
३८. आफ्नो र साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउनर उक्त व्यवसायको नाम लेख्न ।
३९. स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन ।
४०. स्थानीय पेसा व्यवसायको सामाजिक महत्व बताउन ।
४१. घर, छरछिमेक तथा गाउँमा आम्दानी आउने क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलापको नाम लेख्न ।
४२. आयआर्जनका लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।
४३. स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि बताउन ।
४४. छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिद विक्री गरिने वस्तुहरुको नाम बताउन र खरिद विक्री गरिने सामग्रीको नाम लेख्न ।
४५. आफ्नो नजिकै रहेको वजारको नाम बताउन र उक्त वजारको नाम लेख्न ।
४६. स्थानीय बजारको महत्व बताउन ।
४७. स्थानीय बजारको विशेषता बताउन ।
४८. कृषि पेसासँग सम्वन्धित क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलाप सञ्चालन गर्ने ज्ञान सीपको नाम लेख्न ।
४९. आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।

## कक्षा ५

३३. स्थानीय कलाहरुको विशेषता र संरक्षणबारे बताउन ।
३४. स्थानीय गीतहरु सङ्कलन गरी गाउन र संरक्षण गर्न ।
३५. स्थानीय बाजाहरु सामान्य रुपमा गीतसँग तालमा ताल मिलाएर बजाउन सक्ने ।
३६. स्थानीय जडिबुटीको नाम बताउन र लेख्न ।
३७. स्थानीय जडिवुटीको महत्व एवं गुण बताउन ।
३८. स्थानीय जडीवुटीको सामान्य प्रयोग विधि बताउन ।
३९. स्थानीय जडिवुटीहरुको सूची तयार गरी उक्त जडिवुटी चिन्न र प्रयोग बताउन ।
४०. स्वास्थ्य उपचारबारे बताउन र उपचारको नाम लेख्न ।
४१. स्वास्थ्य उपचारको महत्व बताउन ।
४२. स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।
४३. घरपरिवारका सदस्यहरु एवं साथीहरुलाई उपचारको बारेमा बताउन ।
४४. व्यायाम र योगको महत्व बताउन ।
४५. स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्न र उक्त खेलको नाम लेख्न ।
४६. स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।
४७. स्थानीय खेलहरुको महत्व बताउन ।
४८. स्थानीय खेलहरुको अभ्यासले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुबारे बताउन ।
४९. आफ्नो र साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन र उक्त व्यवसायको महत्व लेख्न ।
५०. स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन ।
५१. स्थानीय पेसा व्यवसाय सामाजिक र आर्थिक महत्व बताउन ।
५२. स्थानीय पेसा व्यवसाय विशेषता र महत्व बताउन ।
५३. घर, छरछिमेक तथा गाउँमा आम्दानी आउने क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलापको महत्व लेख्न ।
५४. आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।
५५. स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि बताउन ।
५६. स्थानीय आयआर्जनको क्रियाकलापहरुको विशेषता र फाइदा बताउन ।
५७. छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिद विक्री गरिने वस्तुहरुको नाम बताउन र खरिद विक्री गरिने सामग्रीको नाम लेख्न ।
५८. आफ्नो नजिकै रहेको बजारको नाम बताउन र उक्त बजारको नाम लेख्न।
५९. स्थानीय बजारको महत्वबारे बताउन ।
६०. स्थानीय बजारको विशेषता बताउन ।
६१. स्थानीय वजारले मानिसमा पार्ने सकारात्मक प्रभावबारे बताउन ।
६२. कृषि पेसासँग सम्वन्धित क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलाप सञ्चालन गर्ने ज्ञान सीपको नाम लेख्न ।
६३. आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।
६४. पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक महत्व बताउन ।
६५. पेसागत ज्ञान र सीपको विशेषता बताउन ।

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| ३८. प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु बताउन ।<br>३९. प्राकृतिक सम्पदाले गर्दा बर्दगोरिया गाउँपालिकाको पहिचान बताउन ।<br>४०. वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधता संरक्षण सम्बन्धी विशेष जानकारी बताउन ।<br>४१. जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताको पहिचान बताउन ।<br>४२. सामुदायिक वन, निजीवन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी सामान्य जानकारी राख्न ।<br>४३. स्थानीय कलामा आधारित सामग्रीहरुको सूची वनाउन र पर्यटकहरुलाई उपहार दिन ।<br>४४. स्थानीय कलाका सामग्रीहरु उत्पादन गरि विक्रीवितरण गरेर आर्थिक फाइदा लिन ।<br>४५. स्थानीय कलाहरुको प्रदर्शन गर्न ।<br>४६. सामाजिक परिवेश सुहाउँदो स्थानीय गीतहरुको रचना गर्न ।<br>४७. स्थानीय बाजाहरु सामान्य रुपमा गीतसँग तालमा ताल मिलाएर वजाउन ।<br>४८. स्थानीय जडिवुटीको सामान्य प्रयोग विधि बताउन ।<br>४९. स्थानीय जडिवुटीहरुको सूची तयार गरि उक्त जडिबुटी चिन्न र प्रयोगबारे बताउन।<br>५०. विद्यार्थीहरुले आफूले जानेको स्थानीय जडिवुटीको प्रयोग गरि सहयोग गर्न ।<br>५१. स्वास्थ्य उपचारको महत्व बताउन।<br>५२. स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।<br>५३. व्यायाम तथा योगको महत्व बताउन ।<br>५४. स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।<br>५५. स्थानीय खेलहरुको महत्व बताउन ।<br>५६. स्थानीय खेलहरुको अभ्यासले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुबारे बताउन । | जनाउनल ।<br>३८. जलाधार क्षेत्रको परिचय, परिभाषा, विशेषता र महत्व बताउन ।<br>३९. सिमसार क्षेत्रको परिचय, परिभाषा, विशेषता र महत्व बताउन ।<br>४०. जैविक विविधताको परिचय, परिभाषा, विशेषता र महत्व बताउन ।<br>४१. सामुदायिक वन, निजीवन, धार्मिक वन, राष्ट्रिय वन सम्बन्धी सामान्य जानकारी राख्दै व्यवस्थापन सम्बन्धी गतिविधि बताउन ।<br>४२. स्थानीय कलामा आधारित उत्पादित सामग्रीहरुको व्यवसायीकरण बारे बताउन ।<br>४३. स्थानीय कलाका सामग्रीहरुको राष्ट्रमा र अन्तराष्ट्रिय स्तरमा त्यसको महत्व बताउन ।<br>४४. स्थानीय कलाहरुको प्रदर्शन गर्न ।<br>४५. स्थानीय पौराणिक गीति काव्यहरुको धार्मिक तथा साँस्कृतिक महत्वबारे बताउन ।<br>४६. स्थानीय बाजाहरु सामान्य रुपमा गीतसँग तालमा ताल मिलाएर बजाउन ।<br>४७. स्थानीय जडिवुटीहरुको सूची तयार गरि उक्त जडिवुटी चिन्न र प्रयोगवारे बताउन ।<br>४८. विद्यार्थीहरुले आफूले जानेको स्थानीयजडिवुटीको प्रयोग गर्न ।<br>४९. स्वास्थ्य उपचारको महत्व बताउन ।<br>५०. स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।<br>५१. घरपरिवारका सदस्यहरु एवं साथीहरुलाई उपचारको बारेमा बताउन ।<br>५२. विद्यार्थीहरुले आफ्नो घरपरिवारका मानिस वा छरछिमेकका मानिसहरु बिरामी परेको बेलामा स्वास्थ्य चौकीमा लगेर सहयोग गर्न ।<br>५३. व्यायाम र विभिन्न योगहरुको योगाभ्यास गर्न ।<br>५४. स्थानीय खेलहरु खेल्ने सामान्य विधि तथा नियम बताउन ।<br>५५. स्थानीय खेलहरुको महत्व बताउन ।<br>५६. स्थानीय खेलहरुको अभ्यासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरुबारे खेल्न र बताउन ।<br>५७. स्थानीय पेसा व्यवसायको आर्थिक महत्व | बताउन ।<br>४५. स्थानीय हावापानी र मौसमवाट बच्ने उपायहरुको प्रचारप्रसार गर्न ।<br>४६. बर्दगोरिया गाउँपालिकाका प्राकृतिक सम्पदाहरुको पहिचान गरि विश्लेषणात्मक रुपमा प्रस्तुत गर्न ।<br>४७. बर्दगोरिया गाउँपालिकाका प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने योजनावद्ध गतिविधिहरुको पहिचान गर्न ।<br>४८. बर्दगोरिया गाउँपालिकाका प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने गतिविधिहरुलाई कार्यान्वयन गर्न ।<br>४९. जलाधार, सिमसार र जैविकविविधता एवं सामुदायिक वनसँग सम्बन्धित तथ्यहरुको विश्लेषण गरि प्रस्तुत गर्न ।<br>५०. जलाधार, सिमसार र जैविक विविधता एवं सामुदायिक वनहरु संरक्षण गर्ने योजना तयार गर्न ।<br>५१. जलाधार, सिमसार र जैविक विविधता एवं सामुदायिक वन संरक्षण गर्ने गतिविधिहरु कार्यान्वयन गर्न ।<br>५२. स्थानीय कलामा आधारित सामग्रीहरुको महत्वबारे विश्लेषण गरि प्रस्तुत गर्न ।<br>५३. स्थानीय कलाहरु संरक्षण र प्रवर्द्धन गर्ने योजनावद्ध गतिविधिहरु पहिचान गर्न ।<br>५४. स्थानीय कलाहरुलाई संरक्षण गर्ने गतिविधिहरु कार्यान्वयन गर्न ।<br>५५. स्थानीय पौराणिक गीति काव्य तथा सङ्गीत लगायत बाजाहरुको धार्मिक र परम्परागत महत्वहरुको विश्लेषण गरि प्रस्तुत गर्न ।<br>५६. स्थानीय पौराणिक गीतिकाव्य, सङ्गीत र बाजाहरुको खोज अनुसन्धान गर्न र योजना बनाउन ।<br>५७. लोप हुन गइरहेको स्थानीय गीत तथा सङ्गीत एवं बाजाहरुको खोज अनुसन्धान गरि प्रकाशन गर्न ।<br>५८. स्थानीय जडिवुटीको महत्व एवं गुण बताउन ।<br>५९. स्थानीय जडीवुटीको सामान्य प्रयोग विधि बताउन ।<br>६०. स्थानीय जडिवुटीहरुको सूची तयार गरि उक्त जडिवुटी चिन्न र प्रयोगबारे बताउन ।<br>६१. विद्यार्थीहरुले आफूले जानेको स्थानीयजडिवुटीको प्रयोग गर्न ।<br>६२. विद्यार्थीहरुले आफ्नो र साथीको घरमा स्थानीय जडिवुटीहरुको संरक्षण एवं प्रवर्द्धन गर्न ।<br>६३. विद्यार्थीहरुले आफ्नो घरपरिवार तथा छरछिमेका मानिसहरुको लागि जडिवुटी उत्पादन तथा विक्री वितरण |

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| ५७. स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन ।<br>५८. स्थानीय पेसा र व्यवसाय विशेषता बताउन ।<br>५९. विद्यार्थीहरुले आफ्नो घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउन ।<br>६०. आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।<br>६१. स्थानीय आयआर्जनका क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि र सल्लाह बताउन ।<br>६२. स्थानीय वजारको महत्वबारे बताउन ।<br>६३. स्थानीय बजारको विशेषता बताउन ।<br>६४. हाटवजारवारे बताउन ।<br>६५. आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।<br>६६. पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक महत्व तथा विशेषता बताउन ।<br>६७. स्थानीय उद्योगको महत्व बताउन।<br>६८. स्थानीय उद्योगको फाइदा र बेफाइदा बताउन ।<br>६९. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको पौराणिक कथाहरु र महत्व बताउन ।<br>७०. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको पौराणिक कथाहरु र धार्मिक साँस्कृतिक तथा पर्यावरणीय महत्व बताउन ।<br>७१. प्राकृतिक तथा मानव निर्मित विपद्हरुको पहिचान गर्न साथै त्यसको प्रभाव बताउन।<br>७२. विपद्हरुको सूची तयार पार्न ।<br>७३. विपद्हरुबाट बच्ने उपायहरु बताउन र लेख्न ।<br>७४. विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न र विपद्बाट वच्ने उपाय बताउन र लेख्न । | बताउन ।<br>५८. स्थानीय पेसा व्यवसायको सामाजिक र आर्थिक महत्व बताउन ।<br>५९. स्थानीय पेसा व्यवसायको विशेषता र महत्व बताउन ।<br>६०. विद्यार्थीहरुले आफ्नो घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउन ।<br>६१. आयआर्जनको लागि गरिने क्रियाकलापहरुको महत्व बताउन ।<br>६२. स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि बताउन ।<br>६३. स्थानीय आयआर्जनको क्रियाकलापहरुको विशेषता र फाइदा बताउन ।<br>६४. विद्यार्थीहरुले आफ्नो घरपरिवारको सदस्यहरुलाई आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न सल्लाह दिन र उक्त क्रियाकलापहरु कार्यान्वयन गर्न सहयोग गर्न ।<br>६५. विद्यार्थीहरु आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन गर्न ।<br>६६. आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।<br>६७. पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक महत्व बताउन ।<br>६८. पेसागत ज्ञान र सीपको विशेषता बताउन ।<br>६९. विद्यार्थीहरुले पेसागत ज्ञान र सीप सम्बन्धी आफ्नो क्षमता अभिवृद्धि गर्न तत्परता देखाउन ।<br>७०. विद्यार्थीहरुले स्थानीय पेसागत ज्ञान र सीप जर्गेना गर्न ।<br>७१. स्थानीय उद्योगको महत्व बताउन ।<br>७२. स्थानीय उद्योगको फाइदा र बेफाइदा बताउन ।<br>७३. स्थानीय उद्योगहरुको विशेषता बताउन ।<br>७४. विद्यार्थीहरुले आफ्नो धाममा रहेका उद्योगहरुको गतिविधिहरु वारे जानकारी राखी छरछिमेक र समाजका मानिसहरुसंग आदान प्रदान गर्न ।<br>७५. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा)भित्रका पर्यटकीय स्थलको संरक्षण र संवर्द्धन गर्न सहभागिता जनाउन । | गर्न योजना वनाउन ।<br>६४. स्वास्थ्य उपचारको महत्व बताउन ।<br>६५. स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।<br>६६. घरपरिवारका सदस्यहरु एवं साथीहरुलाई उपचारको बारेमा बताउन ।<br>६७. विद्यार्थीहरुले आफ्नो घरपरिवारका मानिस वा छरछिमेकका मानिसहरु बिमारी भएको बेला स्वास्थ्य चौकीमा लगेर सहयोग गर्न ।<br>६८. स्थानीय उपचारका लागि सरकारी स्वास्थ्य केन्द्रहरुको व्यवस्थापन पक्षमा सहभागिता जनाउन ।<br>६९. विद्यार्थीहरु स्थानीय उपचारको सूची तयार गरि जनचेतना जगाउन ।<br>७०. व्यायाम र योगको शारीरिक महत्व बताउन र घरपरिवारका सदस्यहरुलाई योगाभ्यास गर्न उत्प्रेरणा जगाउन ।<br>७१. स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।<br>७२. स्थानीय खेलहरुको महत्व बताउन ।<br>७३. स्थानीय खेलहरुको अभ्यासले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुबारे बताउन ।<br>७४. विद्यार्थीहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरु खेल्न, युवा क्लव गठन गर्न र नियमित रुपमा अभ्यास गर्न ।<br>७५. विद्यार्थीहरुले स्थानीय खेलको व्यवस्थापन सवल वनाउन ।<br>७६. स्थानीय खेलहरुको सूची तयार गरि विधिवत खेल खेल्न सक्ने क्षमतावान जनशक्ति तयार गर्न ।<br>७७. विद्यार्थीहरूले स्थानीय पेसा व्यवसायको सामाजिक र आर्थिक महत्व बताउन ।<br>७८. विद्यार्थीहरुले स्थानीय पेसा व्यवसायको विशेषता बताउन ।<br>७९. विद्यार्थीहरुले आफ्नो घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउन ।<br>८०. विद्यार्थीहरुले आफ्नो घरपरिवार, छरछिमेक वा साथीको परिवारका सदस्यहरुले सञ्चालन गरिरहेको पेसा व्यवसायवाट उत्पादित वस्तुको हिफाजत र विक्री वितरणका लागि बजारको खोजी गर्न ।<br>८१. विद्यार्थीहरुले आफ्नो घरपरिवारका र छरछिमेकका सदस्यहरुले सञ्चालन गरेको पेसा व्यवसायको विस्तृत विवरण सहित हिसाव किताव राख्न सक्ने र उक्त पेसा |

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| ७५. विपद्को पूर्व तयारी गर्न नसक्दा हुने क्षतिको बारेमा बताउन ।<br>७६. स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको साँस्कृतिक महत्व र विशेषता बताउन ।<br>७७. आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको महत्व र विशेषता बताउन ।<br>७८. स्थानीय ऊर्जाको स्रोतहरु र सामग्रीहरुको निर्माण विधि, महत्व र विशेषता बताउन ।<br>७९. स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधिको छुट्टाछुट्टै सूची तयार पार्न । | ७६. स्थानीय धार्मिक पर्यटन स्थलहरुको धार्मिक कथाहरु बताउन र विश्वास तथा आस्थाबारे जनचेतना जगाउन ।<br>७७. बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलहरुको धार्मिक कथाहरु र किंवदन्तिहरु बताउन र त्यसको धार्मिक महत्व एवं आस्था र विश्वासबारे जनचेतना जागृत गर्न ।<br>७८. स्थानीय पर्यटकीय क्षेत्रको वर्तमान अवस्थाको बारेमा बताउन ।<br>७९. पर्यटकीय स्थलको भौगोलिक क्षेत्रको पहिचान र क्षेत्रफल बताउन ।<br>८०. स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क संकलन गर्न र प्रतिवेदन तयार पार्न ।<br>८१. स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिका बताउन ।<br>८२. पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउन ।<br>८३. प्राकृतिक तथा मानव निर्मित विपद् सम्बन्धी उत्पन्न हुन सक्ने विपद्हरु बताउन ।<br>८४. प्राकृतिक तथा मानव निर्मित विपद्हरुको सूची तयार पार्न ।<br>८५. विपद्हरुबाट वच्ने बैकल्पिक उपायहरु बताउन ।<br>८६. विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न र विपद्बाट बच्ने उपाय बताउन ।<br>८७. विपद् पूर्व तयारी गर्न नसक्दा हुने क्षतिको बारेमा बताउन ।<br>८८. विपद् व्यवस्थापनमा सम्बन्धित सरोकारवाला पक्ष तथा स्थानीय सरकारको भूमिका बताउन ।<br>८९. स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरु कुन कुन सामग्रीहरुद्वारा गरिन्छ र तयार गर्ने विधि र प्रकृया बताउन ।<br>९०. आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको विधिवत प्रयोग गर्न र बताउन ।<br>९१. स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधि र ऊर्जाको प्रयोग क्षेत्र पहिचान गर्न ।<br>९२. ऊर्जाको स्रोतहरु पहिचान गर्न । | व्यवसायलाई विस्तार गर्न ।<br>८२. आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।<br>८३. स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि बताउन ।<br>८४. स्थानीय आयआर्जनको क्रियाकलापहरुको विशेषता र फाइदा बताउन ।<br>८५. विद्यार्थीहरुले आफ्नो घरपरिवारको सदस्यहरुलाई आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न सल्लाह दिन र उक्त क्रियाकलापहरु कार्यान्वयन गर्न सहयोग गर्न ।<br>८६. विद्यार्थीहरुले आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन गर्न ।<br>८७. विद्यार्थीहरुले आयआर्जनको क्रियाकलापहरुको विस्तारित योजना वनाउन र कार्यान्वयन गर्न ।<br>८८. स्थानीय बजारको महत्ववारे बताउन ।<br>८९. स्थानीय बजारको विशेषता बताउन ।<br>९०. स्थानीय वजारले मानिसमा पार्ने सकारात्मक प्रभाव बताउन ।<br>९१. विद्यार्थीहरुले स्थानीय बजारवारे जानकारी राख्न र त्यहाँ भएको घटनावारे आदान प्रदान गर्न ।<br>९२. विद्यार्थीहरुले स्थानीय वजार व्यवस्थापन पक्षमा सहभागिता जनाउन ।<br>९३. विद्यार्थीहरुले स्थानीय वजारलाई व्यवस्थित वनाउन योजना वनाउन ।<br>९४. विद्यार्थीहरुले पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक महत्व बताउन ।<br>९५. विद्यार्थीहरुले पेसागत ज्ञान र सीपको विशेषता बताउन ।<br>९६. विद्यार्थीहरुले पेसागत ज्ञान र सीप सम्बन्धी आफ्ने क्षमता अभिवृद्धि गर्न तत्परता देखाउन ।<br>९७. विद्यार्थीहरुले स्थानीय पेसागत ज्ञान र सीप जर्गेना गर्न ।<br>९८. विद्यार्थीहरुले स्थानीय पेसागत ज्ञान र सीपलाई परिमार्जन गर्ने योजना बनाउन ।<br>९९. विद्यार्थीहरुले स्थानीय उद्योगको महत्व बताउन ।<br>१००. विद्यार्थीहरुले स्थानीय उद्योगको फाइदा र बेफाइदा बताउन ।<br>१०१. विद्यार्थीहरुले स्थानीय उद्योगहरुको विशेषता बताउन ।<br>१०२. विद्यार्थीहरुले आफ्नो धाममा रहेका उद्योगहरुको गतिविधिहरुबारे जानकारी राखी छरछिमेक र समाजका मानिसहरुसंग आदान प्रदान गर्न ।<br>१०३. स्थानीय उद्योगले गाउँघर र समाजलाई कसरी विकास |

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- |
| | ९३. वैकल्पिक ऊर्जाको महत्व बताउन । | गर्न सक्छ भनी बताउन ।<br>१०४. विद्यार्थीहरुले स्थानीय उद्योगबारे परिभाषित गर्न र विस्तारित विवरण बताउन ।<br>१०५. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको विश्लेषणात्मक विवरण तयार गरी प्रस्तुत गर्न ।<br>१०६. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको संरक्षण र सुधार सम्बन्धी योजना वनाउन र कार्यान्वयन गर्न ।<br>१०७. स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको विश्लेषणात्मक विवरण तयार गरी प्रस्तुत गर्न ।<br>१०८. स्थानीय पर्यटकीय स्थलको संरक्षण र संवर्द्धनमा विद्यार्थीको भूमिका बताउन ।<br>१०९. पर्यटकीय स्थलको भौगोलिक क्षेत्रको पहिचान र क्षेत्रफल बताउन ।<br>११०. स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क संकलन गर्न र प्रतिवेदन तयार पार्न ।<br>१११. स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिका बताउन ।<br>११२. पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउन ।<br>११३. प्राकृतिक तथा मानव निर्मित विपद्हरुको विश्लेषणात्मक विवरण तयार गरि प्रस्तुत गर्न ।<br>११४. विपद् पूर्व तयारी तथा व्यवस्थापनको योजना वनाउने र कार्यान्वयन गर्न ।<br>११५. विपद् व्यवस्थापनमा सम्बन्धित सरोकारवाला तथा स्थानीय सरकारको भूमिका बताउन ।<br>११६. स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको महत्वको विश्लेषणात्मक विवरण तयार गरि प्रस्तुत गर्न ।<br>११७. आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु मर्मत सम्भार गर्न ।<br>११८. स्थानीय ऊर्जाको स्रोतहरुको पहिचान गरि सो सम्बन्धी सामग्रीहरु निर्माण गरि प्रयोगमा ल्याउन ।<br>११९. स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधि र ऊर्जाको प्रयोग क्षेत्र पहिचान गर्न ।<br>१२०. स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत प्रविधि र प्रयोग क्षेत्र पहिचान गरि महत्व बताउन ।<br>१२१. वैकल्पिक ऊर्जाको स्रोतबारे बताउन । |

# ७. विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रुपमा बालबालिकाहरुले हासिल गर्ने सिकाइ उपलब्धिको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

## ७.१ कक्षा १: विषयवस्तुको विस्तृतीकरण

पाठ्यघण्टा: ५ वार्षिक कार्यघण्टा: १६०

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, इतिहास, संस्कृति र साँस्कृतिक सम्पदा | | | | | ३५ |
| क. ह्रम्रो भाषा | • आफ्नो मातृभाषामा बोल्न। | • मातृभाषाहरु जस्तै: थारु (राना, कठरिया, पूर्वीया), अछामी, खस, मैथली, मगर खाम भाषा र नेपाली, डोटेली आदि । | • हरेक बालबालिकाहरूलाई कुनै विषयमा आ-आफ्नो मातृभाषामा बोल्न लगाउने ।<br>• समूहगत रुपमा कुनै विषयमा संवाद गर्न लगाउने ।<br>• चित्र प्रदर्शन गरी बालबालिकाहरूलाई चित्र देखाई मातृभाषामा वर्णन गर्न लगाउने ।<br>• बालबालिकाहरूलाई आ-आफ्नो मातृभाषामा गीत गाउँदै नाच्न लगाउने । | • तपाईले बोल्ने भाषा तपाईलाई कस्तो लाग्छ ?<br>• तपाईले बोल्ने भाषाको नाम के हो ?<br>• तपाई आफ्नो भाषामा गीत गाउनुहोस् ।<br>• बालबालिकाको क्रियाकलाप अवलोकन गरि पृष्ठपोषण दिनुहोस् । | ५ |
| ख. हाम्रो सस्कृति, संस्कार र रहनसहन | • आफ्नो तथा पारिवारिक संस्कारर रहनसहन बताउन । | • जातिय संस्कार अनुसार अभिवादन जस्तै ढोग, सलाम, दण्डवत, प्रणाम, नमस्ते) गर्ने विधिहरु ।<br>• सयुक्त परिवारको बसाइ जस्तै: हजुरबुबा र हजुरआमा, आमाबाबु, काकाकाकी, दाजुभाइ र दिदीबहिनी आदि ।<br>• एकल परिवारको स्वरुप जस्तै: आमाबाबु, दाजुभाइ, दिदीबहिनी आदि ।<br>• घरको संस्कार जस्तै: घरको आँगनमा देवताको थान, घरको मूल ढोका पूर्वतिर खुल्ला आदि ।<br>• पहिरनहरु जस्तै: लेहङ्गा, चोलिया, अंगीया, अंगौछा, दौरासुरुवाल, गुन्यु, चोली आदि । | • संयुक्त (ठुलो) र एकल (सानो) परिवार (सानो) को चित्र देखाउने ।<br>• कुन परिवारको हो ? (एकल, संयुक्त, वृहत) भन्न लगाउने ।<br>• समुदायको पहिरनको चित्र तथा सामग्री प्रदर्शन गर्ने ।<br>• समूह बनाई आफ्नो घरमा खाँदै गरेको खानेकुराको नाम भन्न लगाउने ।<br>• आज खाएर आएको खाना बारे छलफल गर्ने । | • एकल (सानो) परिवारमा को को हुन्छन् ?<br>• संयुक्त (ठुलो) परिवारमा को को हुन्छन् ?<br>• आफ्नो घरको सदस्यहरूले लगाउने लुगाहरुको नाम भन ।<br>• आज तपाईले के के खानेकुरा खाएर आउनु भयो ? | १० |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • खानपिन जस्तै: दालभात, फाँडो (कापु), कपुवा, चट्नी, माछा, घोंघी, सुतही, खँरिया बरिया, ढिकरी, सेलरोटी (लाउन), बाबर, डुब्का, बारा फुरौला, मस्यौरा, खुरमा, निसौसे रोटी र परौठा आदि । | • हामीले घरमा खाने स्वस्थ र पोषिलो खाना जस्तै: भात, रोटी, दही, फलफुल, हरियो सागपात आदिको चित्रबाट छलफल गर्ने । | | |
| ग. हाम्रो चाडपर्व | • स्थानीय चाडपर्वहरूको नाम भन्न । | • स्थानीय चाडपर्वहरू जस्तै: माघी, अतवारी, श्रीकृष्ण जन्माष्टमी, गौरा, लवाङ्गीपूजा, गुरही, चिरै, भजहर, ओल्के, बिसु, तिज, होली, तिहार र पुस पन्ध्र आदि । | • समूहगत रुपमा मनाइने चाडपर्वहरुको नाम भन्न लगाउने ।<br>• विभिन्न चाडपर्वहरुको चित्र प्रदर्शन गरि चित्रमा देखाइए अनुसार अभ्यास गर्न लगाउने ।<br>• समूहगत रुपमा अभिनय गर्न लगाउने । | • आफुले मनाउने स्थानीय चाडपर्वहरूको नाम भन्नुहोस् । | ५ |
| घ. साँस्कृतिक सम्पदा | • आफ्नो समुदायमा रहेका साँस्कृतिक सम्पदाहरुको नाम भन्न । | • स्थानीय साँस्कृतिक सम्पदाहरु जस्तै: गाउँबस्तीको साझा देवस्थान र विभिन्न मन्दिरहरु, चर्च, गुम्बा, सत्संगत भवन आदि । | • स्थानीय साँस्कृतिक सम्पदाहरुमा समूह छलफल गर्न लगाउने ।<br>• समूहगत रुपमा चित्र प्रदर्शन गर्ने र मन्दिरको नाम भन्ने ।<br>• श्रव्यदृश्य सामग्रीहरुको प्रदर्शन गर्ने । | • चित्र हेरी मन्दिर, मस्जिद, चर्च र गुम्बा चिन । | ५ |
| ङ. हाम्रो इतिहास | • आफ्नो परिवारको सामान्य परिचय बताउन, जस्तै: परिवारका सदस्यहरूको नाता र नाम भन्न । | • आफ्नो परिवारका सदस्यहरूसँग पर्ने नाता, नाम थर र उमेर आदिको विवरण ।<br>• आफ्नो परिवारको हाल बसेको ठाउँ र बसाइ सरेर आएको ठाउँको नाम आदि। | • चित्र देखाएर नाता भन्न लगाउने र पृष्ठपोषण गर्ने ।<br>• आफ्नो परिवार हाल बसेको ठाउँ र बसाइ सरी आएको भए कुन ठाउँबाट आएको सो ठाउँको नाम भन्न लगाउने ।<br>• बालबालिकाहरूलाई आफ्नो बाजे,बज्यै, आमाबुबा, दाजुभाइ, दिदीबहिनीको नाम थर र उनीहरुको उमेर भन्न लगाउने । | • तपाईको बाजे र बज्यैको नाम र थर के हो ?<br>• तपाईको आमा र बुबाको उमेर कति कति वर्षको अन्तर छ ?<br>• तपाईको दाजु र भाइको नाम र थर के हो ?<br>• तपाईको दिदी र बहिनीको नाम र थर के हो ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| च. सामाजिक सङ्घ संस्थाहरू | • आफ्नो गाउँटोलका सामाजिक सङ्घ संस्थाहरूको नाम भन्न । | • सामाजिक सङ्घ संस्थाहरू जस्तै: भल्मन्सा, चिरकिया, सोरहिनिया, गुरुवा/बैद्य, केसौका, सखी/गोही, महिला समूह, बाल क्लव, महिला समूह, खोप केन्द्र, युवा क्लव, सामुदायिक वन उपभोक्ता समिति र मुखिया आदि । | • समूहगत रुपमा चित्र प्रदर्शन गरि छलफल गर्ने ।<br>• स्थानीय सङ्घ संस्थाहरूको बारेमा बताउन लगाउने ।<br>• अभिनय गर्न लगाउने । | • सामाजिक सङ्घ संस्थाहरूको नाम भन्नुहोस् ।<br>• चित्र हेरी नाम भन्नुहोस्।<br>• तपाईको गाउँको भल्मन्सा, गुरुवा, चिरकिया, केसौका, सोरहिनिया, मुखिया, महिला समूह, खोप केन्द्र र बाल क्लव आदिको नाम भन्नुहोस् । | ५ |
| २. हाम्रो भूगोल र प्राकृतिक सम्पदा | | | | | २५ |
| क. हाम्रो भूगोल | • आफू बसेको ठाउँको नाम र अवस्थिति बताउन जस्तै: अग्लो, होंचो र समथर । | • आफ्नो गाउँघरको नाम र ठेगाना ।<br>• आफ्नो गाउँको भौगोलिक संरचना, गाउँको गोरेटो र सडकको नाम । | • बालबालिकाहरुलाई उनीहरुको गाउँको नाम सोधेर भन्न लगाउने ।<br>• गाउँवस्तीको चित्र प्रदर्शन गरि चिन्न र भन्न मौका दिने ।<br>• दायाँबायाँ तथा तलमाथि भएको बाटोको नाम सोधी छलफल गराउने ।<br>• आफू बसेको गाउँठाउंको वनोट भिरालो, समथर, नदी किनार, कस्तो छ भनी छलफल गराउने ।<br>• कक्षाकोठा बाहिर लगेर वरिपरिको भू-वनोट देखाउने । | • आफ्नो गाउँको चित्र हेरी गाउँको बाटोको नाम भन ।<br>• गाउँको बाटो, सडक आदिबाट नजिकको कुन ठाउँ पुगिन्छ भन ।<br>• तपाईले भ्रमण गरेको ठाउँ कस्तो छ ? भन्नुहोस् । | ६ |
| ख. यातायात र यातायातका साधन | • आफ्नो घर र साथीको घरबाट विद्यालयसम्म जाने बाटो भन्न ।<br>• विद्यालय जाने साधनको नाम भन्न । | • बालबालिकाहरुको आफ्नो घर तथा साथीको घरबाट विद्यालयसम्म जाने बाटो र विद्यालय जाने र फर्किने साधनहरु । | • तपाई कुन बाटो भएर विद्यालय आउनु हुन्छ भनेर सोध्ने ।<br>• तपाईको र तपाईको साथीको घर कहाँ पर्छ र कसरी विद्यालय आउँछौ भनेर सोध्ने । | • तपाईको गाउँको नाम के हो ? बताउनुहोस् ।<br>• तपाई के मा चढेर विद्यालय आउनुहुन्छ ? बताउनुहोस् ।<br>• तपाई र तपाईको साथी हिंड्ने सडकको नाम बताउनुहोस् । | ६ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • सवारी दुर्घटनावाट बच्न तपाई के गर्नुहुन्छ भनी सोध्ने र बाटोमा हिंड्दा तपाइ कतातिरवाट हिंड्नुहुन्छ भनेर सोध्ने ।<br>• पैदल यात्री वाटो काट्दाको दृश्य सामग्री देखाउदै वाटो काट्ने तरिकावारे छलफल गर्ने । | • तपाई सडकको कुन छेउवाट हिंड्नुहुन्छ ? बताउनुहोस् । | |
| ग. हावापानी र मौसम | • लुगा अनुसार मौसम छुट्याउन । | • आफ्नो घर परिवार, समुदायका सदस्यहरुले लगाउने लुगा (कोट, जाकेट, स्विटर, भेस्ट, कमिज, हाफ पाइन्ट, जुत्ता, गटिया, लेहङ्गा चोलिया, सल, चोलो, हाइनेक, पन्जा आदि ) | • बालबालिकाहरुलाई उनीहरुको घर परिवार, गाउँका मानिसहरुले गर्मी र जाडो महिनामा लगाउने लुगाका नाम सोधेर भन्न लगाउने,<br>• लुगाका चित्र प्रदर्शन गरि मौसमअनुसारका लुगा चिन्न र भन्न लगाउने । | • ऊनका लुगा कहिले लगाइन्छ ?<br>• पातला लुगा कहिले लगाइन्छ ? | ६ |
| घ. प्राकृतिक सम्पदा | • आफू बसेको ठाउँ वरपरका नदी, तालको नाम भन्न ।<br>• आफ्नो गाउँ र विद्यालय वरपर पाइने वन्यजन्तुको नाम भन्न ।<br>• आफ्नो गाउँघर र विद्यालय वरपर रहेका बोटबिरुवाको नाम भन्न । | • आफू बसेको ठाउँ वरपर समुदायमा रहेका ताल, नदीको चित्र र नामको सूची जस्तै: पुरैना ताल, मुडा नदी, काडा नदी आदि ।<br>• आफू बसेको ठाउँ वरपर पाइने वन्यजन्तुको नाम/चित्र आदि ।<br>• विद्यालय वरपर देखिने जस्तै: घरमा पालिने र जंगलमा पाईने जीवजन्तु आदिको चित्र/नाम आदि ।<br>• गाउँघरमा विभिन्न समयमा फुल्ने फूलहरु र अन्य बोटबिरुवाहरुको नाम र चित्र आदि । | • आफू बसेको गाउँघरका प्रचलित कुवा, खोला, नदी, तालको नाम भनिदिने र देखाइ दिने ।<br>• बालबालिकाहरुको घरगोठमा पालिएका पशुपंक्षीको नाम भन्न लगाउने ।<br>• आफ्नो गाउँ र विद्यालय वरपर पाइने वन्यजन्तुको चित्रवनाई कक्षाकोठामा प्रदर्शन गर्ने ।<br>• स्थानीय गाउँघर,वनजङ्गलको अवलोकन भ्रमण गराई बोट बिरुवाहरु र देखिएका पशुपंक्षीहरु चिनाइदिने र नाम बताइदिने । | • आफू बसेको गाउँघरका कुवा, खोला, नदी, तालको नाम भन्नहोस् ।<br>• तपाईले देखेका वन्यजन्तुहरुको नाम भन्नुहोस् ।<br>• आफ्नो गाउँघरमा पाइने फलफूल तथा बोटबिरुवाहरुको नाम भन्नुहोस् ।<br>• तपाईलाई मन पर्ने फूलको नाम बताउनुहोस् । | ७ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ३. हाम्रो कला र सङ्गीत | | | | | १५ |
| क. हाम्रो कला | • स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम बताउन । | • स्थानीय कलामा आधारित घरायसी सामग्रीहरु जस्तैः हलो, जुवा, किलवाही, हेंगा/पटेला, सरावन, कोल्हु, जाँतो, सुप्पो, डेला, छिट्वा, ढकिया, नुईया, पन्छोप्ना, भौका/भौकी, डेलवा, डिलिया, सेउखा, हेल्का, सेउखा, गेड्ली, टापी, जाल, महाजाल, बल्छी, मचान (अट्वा) खैलर, टिक्ठी, मचिया, खटोली, छतरी र पिस्तुर, टपरी र दुना आदि । | • बालबालिकाहरुले चिनेको र जानेको कलाका सामग्रीहरुको नाम भन्न लगाउने ।<br>• स्थानीय स्तरमा पाइने कलामा आधारित सामग्रीहरुको चित्रहरु देखाउदै उक्त सामग्रीहरुको स्थानीय नाम सोध्ने ।<br>• बालबालिकाहरुले उनीहरुले नचिनेको र नाम नजानेको सामग्रीहरुको नाम स्पष्ट पारी दिने । | • तपाईको घरमा र तपाईको साथीको घरमा देखेको सामग्रीको नाम भन्नुहोस् ।<br>• सुप्पो के गर्न काम लाग्छ ?<br>• ढकिया के गर्न काम लाग्छ ?<br>• दुना टपरी के को वनाउछन् ? | ८ |
| ख. हाम्रो सङ्गीत | • स्थानीय गीत र बाजाको नाम भन्न ।<br>• स्थानीय गीत गाउदै नाच्न । | • स्थानीय बाजाहरु जस्तैः मादल, डफ, मन्जिरा, झाल कस्तार, बाँसुरी, ढोल, ढोलक, टिम्की, तबला र सारङ्गी आदिको विवरण ।<br>• स्थानीय गीतहरु जस्तैः डफको गीत, पहपट गीत, सजना, माँगर, मैना, गैया बेह्रना गीत, कृष्ण जन्माष्टमी गीत, स-साना नानीहरुलाई फुल्याउने गीत (जस्तैः जोनु मामा.......), दिन नचवा गीत, अधरतिया गीत, भिन्सहरिया गीत, कठ्घोडी गीत, रामझुमर गीत, सुमरौती गीत, भजन किर्तन अध्यात्मिक गीत, आरती गीत, दोहोरी लोक गीत र तीजको गीत आदि । | • बालबालिकाहरुलाई मादल बजाएर सुनाउने ।<br>• पालैपालो गरी बालबालिकाहरु आफूले जानेको गीत गाउन र नाच्न लगाउने ।<br>• बालबालिकाहरुले जानेको र नजानेको गीत शिक्षकले गाएर सुनाउने ।<br>• स्थानीय नाचहरुको श्रव्यदृश्य चित्रहरु प्रदर्शन गरी पृष्ठपोषण दिने । | • तपाईले जानेको कुनै एक गीत गाएर सुनाउनुहोस् ।<br>• समूहमा गीत गाउँदै पालैपालो गर्दै नाचेर देखाउनुहोस् । | ७ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| **४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार** | | | | | २० |
| क. स्थानीय जडिबुटी | • स्थानीय जडिबुटीको नाम बताउन । | • आफ्नो घरवरपर पाईने जडिबुटीका नामहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदि । | • आ-आफ्नो घरआँगन वरपर पाईने जडिबुटीका नाम पालैपालो वा समूहगत भन्न लगाउने ।<br>• विद्यालय वरपर रहेको जडिबुटी नमूनाको लागि अवलोकन गर्ने गराउने ।<br>• छुटेका जडिबुटीका नाम शिक्षकले भन्ने र चित्र प्रदर्शन बाट प्रष्ट पार्ने । | • तपाईको घर वरपर पाइने कुनै दुईवटा जडिबुटीका नाम भन्नुहोस् ।<br>• चित्र हेरेर नाम भन । | १० |
| ख. स्वास्थ्य उपचार | • बालबालिकाहरु स्वास्थ्य उपचार गर्ने ठाउँको नाम बताउन । | • बिरामी भए घर परिवारले उपचार गराउने ठाउँ जस्तै: स्थानीय मेडिकल, स्वास्थ्य चौकी, झारफुक, गुरुवा तथा वैद्य आदि । | • प्रत्येक बालबालिकाहरूलाई आ-आफ्नो घरका सदस्य बिरामी हुँदा उपचार गर्न जाने ठाउँको नाम बताउन लगाउने । | • तपाईको घरका मानिसहरु बिरामी हुँदा कहाँ उपचार गराउन जान्छन्? | १० |
| **५. स्थानीय खेलहरु** | | | | | १० |
| स्थानीय खेलहरु | • स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्न । | • स्थानीय खेलहरु जस्तै: लुकामारी, आसपास, रुमालचोर, घरकुटी, चुंगी गट्टा, कोइली दिदी, टिपु, छुर र घरबसावर आदि ।<br>• सामुहिक र एकल खेलहरु | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने स्थानीय खेलहरुको सामुहिक छलफलबाट नाम भन्न लगाउने ।<br>• शिक्षकले नमुना देखाई साधारण खेलहरु नियम अनुसार खेल्न लगाउने । | • कुनै चार वटा स्थानीय खेलको नाम भन ।<br>• समुहमा साथीहरुसंग मिलेर कुनै खेल खेल्न लगाउने र शिक्षकले अवलोकन गर्ने ।<br>• कुनै एउटा स्थानीय खेलको नियम भन्नुहोस् । | १० |
| **६. पेशा व्यवसाय र आर्थिक क्रियाकलाप** | | | | | २५ |
| क. स्थानीय पेशा व्यवसाय | • आफ्नो परिवार, छरछिमेक तथा साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन। | • घर परिवार तथा छरछिमेकका सदस्यहरुले दैनिक रुपमा गर्ने काम जस्तै:- खेतवारीको काम, सिलाई बुनाई, कुखुरापालन, पशुपालन, पसल व्यवसाय, डोकाडाला र ढकिया बुन्ने, कपाल काट्ने, पढ्ने पढाउने, नौकरी, मजदुरी र वैदेशिक रोजगार आदि । | • परिवार तथा छरछिमेकको सदस्यले गर्ने दैनिक पेशागत तथा व्यवसायिक क्रियाकलापहरु (काम) बारे छलफल गर्ने गराउने ।<br>• विद्यालय नजिकमा रहेका कुनै एक दुई घरमा अवलोकन गराई त्यहाँका मानिसले गर्ने पेशागत काम बारे पृष्ठपोषण दिने । | • तपाईको घर परिवारका मानिसले के के काम गर्नुहुन्छ ? भन्नुहोस्<br>• तपाईको छरछिमेकका मानिसहरुले के के काम गर्नुहुन्छ ? भन्नुहोस् ।<br>• चित्र देखाएर कामको नाम सोध्ने । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • विभिन्न पेशा व्यवसाय, झल्किने श्रव्यदृष्य सामग्री प्रदर्शन गर्ने । | | |
| ख. स्थानीय आय आर्जन र क्रियाकलाप | • आफ्नो घर, छरछिमेक तथा गाउँमा आम्दानी आउने क्रियाकलापको नाम बताउन । | • घरपरिवार, छरछिमेक तथा साथीका परिवारका सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यवसाय जस्तै: बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला बनाउने, खाट बनाउने, झ्याल ढोका बनाउने, बेतबाँसको सामान बनाउने, सिलाई बुनाई, घर बनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि । | • बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला बनाउने, खाट बनाउने, झ्याल ढोका बनाउने,बेतबाँसको सामान बनाउने, सिलाई बुनाइ, घर बनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि जस्ता आय आर्जन गर्ने क्रियाकलापहरुको चित्र प्रदर्शन गरि छलफल गर्ने ।<br>• आफ्नो विद्यालय नजिकमा सञ्चालनमा रहेका सामान्य पेसा व्यवसाय जस्तै: सिलाइ बुनाइ र तरकारी खेती जस्ता क्रियाकलापहरुको अवलोकन गराइ पृष्ठपोषण दिने ।<br>• विभिन्न आय आर्जनका पेशा सम्बन्धी श्रव्यदृश्य सामग्रीहरुको प्रदर्शन गराई बालबालिकाहरुलाई पृष्ठपोषण दिने । | • आयआर्जनका कुनै २ क्रियाकलापको नाम भन ?<br>• तपाईको घरपरिवारका मानिसले के के गरेर आय आर्जन गर्नुहुन्छ?<br>• तपाईको छरछिमेकका मानिसले के के गरेर आय आर्जन गर्नुहुन्छ ? | ५ |
| ग. स्थानीय बजार | • आफ्नो र छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिद बिक्री गरिने वस्तुहरुको नाम भन्न ।<br>• आफ्नो गाउँघर नजिकै रहेको बजारको नाम बताउन । | • आफ्नो तथा साथीको घरमा उत्पादन हुने र बजारमा पाइने वस्तुहरुको खरिदविक्री ।<br>• स्थानीय बजार जस्तै: बौनिया बजार, मुडा बजार, पृथ्वीपुर बजार र सिमरी बजारको अवस्थितिको विवरण । | • बलबालिकाहरुलाई आफ्नो तथा साथीको घरबाट खरिद बिक्री गरिने सामग्रीको नाम पालैपालो भन्न लगाउने ।<br>• बालबालिकाहरुको घरमा उत्पादन हुने सामग्रीहरुको नाम पालैपालो नाम भन्न लगाउने ।<br>• बालबालिकाहरुलाई घर वा नजिकैको गाउँ वा बजारमा रहेको हाटबजार तथा बजार अवलोकन गर्न लगाउने । | • तपाईको घरका तथा छरछिमेकका मानिसले बजारबाट के के सामग्री खरिद गर्नुहुन्छ ?<br>• तपाईको र तपाईको साथीको घरका मानिसले बजारमा के-के बेच्नुहुन्छ?<br>• तपाई बजारबाट के के किन्नुहुन्छ?<br>• हाटबजारमा के के पाइन्छ? भन्नुहोस् । | ५ |
| घ. पेसागत ज्ञान र सीप | • कृषि पेसासँग सम्बन्धित क्रियाकलापको नाम बताउन । | • पेसागत ज्ञान र सीप जस्तै: पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारी खेती, गाई, | • बालबालिकाहरुको घरका मानिसहरुले पेसागत ज्ञान र सीपबारे समूहगत रुपमा छलफल | • तपाईको बारीमा के के फल्छ ? खेतमा के के रोप्नुहुन्छ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | भैसीपालन, बाख्रापालन, कुखुरापालन र माछापालन आदि । | गर्ने ।<br>• पेसागत पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारी खेती, गाई भैसीपालन, बाख्रापालन, कुखुरापालन र माछापालन आदि के कसरी उत्पादन गरिन्छ भनी छलफल गर्ने । | • तपाईको घरमा के पालन गरिन्छ ?<br>• तपाईको साथीको परिवारका सदस्यले के पालन गर्नुहुन्छ? | |
| ङ. उद्योग | • आफ्नो विद्यालय, गाउँपालिका नजिक रहेका उद्योगको नाम बताउन । | • विद्यालय, बर्दगोरिया गाउँपालिकामा रहेका साना तथा ठूला उद्योग जस्तै दूध डेरी, पाउरोटी, ईंटा उद्योग र कसर उद्योग आदि । | • बालबालिकाहरुलाई पालैपालो आफ्नो गाउँघरमा भएका साना उद्योगको नउाम भन्न लगाउने ।<br>• नजिकै रहेका उद्योगहरुको अवलोकन भ्रमण गराउने । | • तपाईको घरका र साथीको घरका मानिसहरुले के उद्योग चलाउनु हुन्छ ?<br>• तपाईको गाउँघरमा के के उद्योगहरु छन् ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| **७. स्थानीय पर्यटन** | | | | १० | |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको नाम भन्न ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको नाम भन्न । | • बर्दगोरिया गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तै: बर्दगोरिया मन्दिर, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनिया धाम), ठाकुरद्वारा नहर, झरझरिया बाँध, उताह ताल आदि ।<br>• छिमेकी गाउँपालिका तथा नगरपालिकाको स्थानीय पर्यटकीय स्थलहरु जस्तै: घोडाघोडी ताल, कर्णाली पुल, आम पानीको झरना र चिडिया ताल आदि । | • स्थानीय पर्यटकीय स्थलहरुको चित्र तथा श्रव्यदृश्य सामग्रीको प्रदर्शन गरि छलफल गर्न लगाउने ।<br>• पोष्टर पहिचान गराई दिने ।<br>• स्थानीय तह र छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको पहिचान गराई दिने ।<br>• पर्यटकीय स्थलको बारेमा विद्यार्थीलाई जानकारी भए नभएको छलफल गर्ने ।<br>• नजिकमा रहेको पर्यटकीय स्थलको भ्रमण अवलोन गर्ने गराउने । | • स्थानीय तह (बर्दगोरिया गा.पा.) भित्रका कुनै २ वटा पर्यटकीय स्थलको नाम भन्न लगाउने ।<br>• पोष्टर प्रदर्शन गरि नाम भन्न लगाउने । | १० |
| **८. विपद् व्यवस्थापन** | | | | १० | |
| क. विपद् व्यवस्थापन | • विपद् र विपद् व्यवस्थापन सम्बन्धी उदाहरणहरु बताउन । | • प्राकृतिक एवं मानव निर्मित विपद् जस्तै: बाढी, पहिरो, भू-क्षय, आग लागी, भु-कम्प, चट्याङ, ज्वालामुखी, असिना, सडक दुर्घटना, सरुवा रोगको महामारी (कोभिड- १९),जङ्गली जीवजन्तुको आक्रमण, सर्पको टोकाइ र विद्युतीय करेन्ट लाग्ने आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रश्नोत्तर गर्ने ।<br>• पोष्टरमा भएका चित्रहरुको पहिचान गर्न लगाउने ।<br>• विभिन्न विपदहरुका बारेमा श्रव्यदृश्य सामग्रीबाट थप जानकारी गराउने । | • कुनै २ वटा विपद्का नामहरु भन्न लगाउने ।<br>• विपद् उल्लेख भएका पोष्टरलाई पहिचान गर्न लगाउने । | १० |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ९. स्थानीय प्रविधि र ऊर्जा | | | | १० | |
| क. स्थानीय प्रविधि | • स्थानीय प्रविधिद्वारा निर्मित परम्परागत सामग्रीहरुको नाम बताउन । | • स्थानीय प्रविधिमा आधारित निर्माण भएका सामग्रीहरु जस्तै: ढिकी, जाँतो, मिल (कुट्ने, पिस्ने र पेल्ने) चर्खा, कोलु, मिक्सचर (मसला पिस्ने, मास पिस्ने र जुस बनाउने), कागती पेल्ने मेसिन, ऊखु पेल्ने हाते मेसिन, कपास फिट्ने मेसिन, कम्प्युटर, मोबाइल, ल्यापटप, क्याल्कुलेटर आदि । | • स्थानीय स्तरमा प्रयोग हुने प्रविधि र ऊर्जाको पोष्टरहरु प्रदर्शन गरि पहिचान गर्न लगाउने ।<br>• स्थानीय प्रविधिद्वारा निर्मित परम्परागत सामग्रीहरुको प्रयोगबारे बताउने ।<br>• श्रव्यदृश्य सामग्री देखाउने । | • कुनै २ वटा स्थानीय प्रविधिद्वारा निर्मित परम्परागत सामग्रीहरुको नाम भन्नुहोस् ।<br>• जाँतोले के गरिन्छ ?<br>• चित्र देखाएर नाम भन्नुहोस् । | ५ |
| ख. स्थानीय ऊर्जा | • स्थानीय ऊर्जा र स्रोतहरुको नाम बताउन । | • आधुनिक तथा परम्परागत स्थानीय ऊर्जाको स्रोतहरु तथा उपयोगका सामग्रीहरु जस्तै: भुसी चूलो, सुधारिएको चूलो, सौर्य ऊर्जा, गोबर गुँइठा, गोबर ग्याँस, दाउरा, मट्टी तेल र बिजुली आदि । | • विभिन्न प्रविधि र ऊर्जाको सूची बनाई नाम भन्न लगाउने ।<br>• विभिन्न प्रविधि र ऊर्जाको स्रोतको अवलोकन गर्न लगाउने । | • स्थानीय ऊर्जाको स्रोतहरुको चित्रहरु प्रदर्शन गरि नाम भन्नुहोस् ।<br>• बिजुली केबाट निकालिन्छ ? | ५ |

## ७.२ कक्षा २: विषयवस्तुको विस्तृतीकरण

वार्षिक कार्यघण्टा १६०

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, इतिहास, संस्कृति र साँस्कृतिक सम्पदा | | | | | ३५ |
| क. हाम्रो भाषा | • आफ्नो मातृभाषामा बोल्न र लेख्न । | • मातृभाषाहरु जस्तै: थारु (राना, कठरिया, पूर्वीया), अछामी, खस, मैथिली, मगर खाम भाषा र नेपाली, डोटेली आदि । | • हरेक बालबालिकाहरूलाई कुनै विषयमा आ-आफ्नो मातृभाषामा बोल्न लगाउने ।<br>• समूहगत रुपमा कुनै विषयमा संवाद गर्न लगाउने ।<br>• चित्र प्रदर्शन गरी बालबालिकाहरूलाई चित्र देखाइ मातृभाषामा वर्णन गर्न लगाउने र शिक्षकले पृष्टपोषण दिँदै टिपोट गर्न लगाउने ।<br>• बालबालिकाहरूलाई आ-आफ्नो मातृभाषामा गीत गाउँदै नाच्न लगाउने । | • तपाईले बोल्ने भाषाप्रति कति माया लाग्छ ?<br>• तपाई आफ्नो भाषामा एउटा राम्रो गीत गाएर सुनाउनुहोस् ।<br>• तपाइलाई मन पर्ने शब्द आफ्नो भाषामा भन्नुहोस् ।<br>• बालबालिकाको क्रियाकलाप अवलोकन गरि पृष्ठपोषण दिनुहोस् । | ५ |
| ख.हाम्रो संस्कृति, संस्कार र रहनसहन | • संस्कृति तथा पारिवारिक संस्कार र रहनसहन बताउन र लेख्न । | • स्थानीय अभिवादनहरु जस्तै: जातीय संस्कार अनुसार अभिवादन जस्तै ढोग, सलाम, दण्डवत्, प्रणाम, नमस्ते) आदि ।<br>• संयुक्त परिवारको बसाइ जस्तै: हजुरबुवा र हजुरआमा, आमाबाबु, काकाकाकी, दाजुभाई र दिदीबहिनी आदिको सम्बन्धको विवरण ।<br>• एकल परिवारको बसाइजस्तै: आमाबाबु, दाजुभाइ, दिदीबहिनी आदि ।<br>• स्थानीय घरको संस्कार जस्तै: घरको आँगनमा देवताको थान, घरको मूल ढोका पूर्वतिर खुल्ला । उल्टहा थारुको घर आदि । | • जातीय संस्कार अनुसार अभिवादनहरु जस्तै: ढोग, सलाम, दण्डवत्, प्रणाम र नमस्ते आदि शिक्षक आफूले नमुना स्वरुप देखाएर बालबालिकाहरुलाई अभिवादन गर्न लगाउने ।<br>• संयुक्त (ठुलो) र एकल (सानो) परिवारको चित्र देखाउने ।<br>• संयुक्त र एकल परिवारको नमुना नाटक देखाउने ।<br>• कुन परिवारको हो, भन्न लगाउने ।<br>• स्थानीय घरको प्रकार, घरमा प्रयोग हुने सामग्रीको नाम, भित्री भागको नाम आदिबारे छलफल गर्ने । | • आमाबाबालाई अभिवादन कसरी गरिन्छ ? ढोग गरेर देखाउनुहोस्<br>• एकल परिवारमा घर कस्ले हेर्छ ?<br>• संयुक्त परिवारमा मुख्य मूली को हुन्छ ?<br>• तपाईले लगाउने लुगाको नाम भन्नुहोस् ।<br>• आज तपाईले के के खानेकुरा खानुभयो ?<br>• तपाईको आमाबुवाले लगाउने लुगाको नाम भन्नुहोस् ।<br>• तपाईको आमालाई कस्तो लुगा मनपर्छ ? | १० |

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • स्थानीय घरहरुको प्रकार जस्तैः रसैहा घर, बुकरा घर, छिरवा घर, घारी (गोठ), कम्दा, कच्ची घर र पक्की घर आदि ।<br>• स्थानीय घरको सामग्रीहरुको नामहरु जस्तैः रसैहा खुँटा, बरेरी, चरुवा, ओरियानी, सरदर, कोरई, भिता, पँचरा, मोख्वा, बाटी र चाँप आदि ।<br>• स्थानीय घरको भीत्रि भागको नामहरु जस्तैः बहरी कोठा, कोन्टी कोठा, भन्सा कोठा र मिन्भ्र्यारी आदि ।<br>• स्थानीय पहिरनहरु जस्तैः लेहङ्गा, चोलिया, अंगीया, अंगौछा, दौरासुरुवाल, गुन्यु, चोली, दाउरा सुरवाल आदि ।<br>• स्थानीय खानपिनहरु जस्तैः दालभात,रोटी, बरिया, खुरमा, कपुवा, चट्नी, माछा, घोंघी, सुतही, खरिया बरिया, ढिकरी, फाँरो, सेलरोटी (लाउन), बाबर, डुब्का, बारा फुरौला, मस्यौरा, खुरमा आदि । | • समुदायको पहिरनको चित्र तथा सामग्री प्रदर्शन गर्ने ।<br>• समूह बनाई आफ्नो घरमा खाँदै गरेको खानेकुराको नाम भन्न लगाउने ।<br>• आज खाएर आएको खानाबारे छलफल गराउने । | | |
| ग. हाम्रो चाडपर्व | • स्थानीय चाडपर्वहरूको नाम बताउन र लेख्न । | • स्थानीय चाडपर्वहरू जस्तैः माघी, अतवारी, श्रीकृष्ण जन्माष्टमी, गौरा, लवाङ्गीपूजा, गुरही, चिरै, भजहर, ओल्के, बिसु, तिज, तिहार र क्रिसमस आदि । | • समूहगत रुपमा मनाइने चाडपर्वहरुको नाम भन्न लगाउने ।<br>• विभिन्न चाडपर्वहरुको चित्र प्रदर्शन गरि चित्रमा देखाइए अनुसार अभ्यास गर्न लगाउने ।<br>• समूहगत रुपमा अभिनय गर्न लगाउने । | • तपाईलाई कुन चाडपर्व मनपर्छ ? भन्नुहोस् ।<br>• तपाई आफ्नो मामाको घर कुन चाडपर्वमा जानुहुन्छ ?<br>• तपाईको घरमा कुन कुन चाडपर्व मनाउँछन् । | ५ |
| घ. साँस्कृतिक सम्पदा | • आफ्नो समुदायमा रहेको साँस्कृतिक सम्पदाहरुको नाम बताउन र लेख्न । | • स्थानीय साँस्कृतिक सम्पदाहरु जस्तैः गाउँबस्तीको साझा देवस्थान र विभिन्न मन्दिरहरु, | • स्थानीय साँस्कृतिक सम्पदाहरुमा समूह छलफल गर्न लगाउने ।<br>• समूहगत रुपमा चित्र प्रदर्शन गर्ने | • चित्र हेरी मन्दिर, मस्जिद, चर्च र गुम्बा चिन ।<br>• धेरैजसो तपाई कुन मन्दिर, | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | चर्च, गुम्बा आदि । | र मन्दिरको नाम भन्ने ।<br>• श्रव्यदृश्य सामग्रीहरुको प्रदर्शन गर्ने । | मस्जिद, सत्संग भवनमा जानुहुन्छ ?<br>• बिद्यालय नजिकमा रहेको मन्दिर, मस्जिद आदिको भ्रमण अवलोकन गराउने र पृष्ठपोषण दिने । | |
| ङ. हाम्रो इतिहास | • आफ्नो परिवारको परिचय भन्न र लेख्न जस्तै: परिवारका सदस्यहरूको नाता र नाम बताउन र लेख्न । | • आफ्नो परिवारको हाल बसेको ठाउँ र बसाइ सरेर आएको ठाउँको नाम आदि ।<br>• आफ्नो परिवारका सदस्यहरूसँग पर्ने नाता, नाम थर् र उमेर आदि । | • आफ्नो परिवार हाल बसेको ठाउँ र बसाइ सरी आएको भए कुन ठाउँबाट आएको हो सो ठाउँको नाम भन्न लगाउने ।<br>• चित्र देखाएर नाता भन्न लगाउने र पृष्ठपोषण गर्ने ।<br>• बालबालिकाहरूलाई आफ्नो बाजेबज्यै, आमाबुबा, दाजुभाइ, दिदीबहिनीको नाम थर र उनीहरुको उमेर भन्न लगाउने । | • तपाईको बाजे र बज्यैको नाम र थर के हो र के गर्नुहुन्छ ?<br>• तपाईको आमा र बुबाको नाम र थर बताउनुहोस् ।<br>• तपाईको दाजु र भाउजू, तथा भाँइ बहिनीको नाम र थर के हो ? बताउनुहोस् ।<br>• तपाईको दिदीको नाम र थर के हो ? | ५ |
| च. सामाजिक सङ्घ संस्थाहरू | • सामाजिक सङ्घ संस्थाहरूको नाम बताउन र लेख्न । | • सामाजिक सङ्घ संस्थाहरू जस्तै: भलमन्सा, चिराकी, सोरहिनिया, गुरुवा/वैद्य, केसौका, सखी/गोही, महिला समूह र बाल क्लव, युवाक्लव र आमा समूह आदि । | • समूहगत रुपमा चित्र प्रदर्शन गर्ने ।<br>• स्थानीय सङ्घ संस्थाहरूको बारेमा भन्न लगाउने ।<br>• अभिनय गर्न लगाउने । | • तपाईको गाउँमा कुन सामाजिक सङ्घ संस्थाले काम गर्छन् ? नाम भन्नुहोस् ।<br>• तपाईको गाउँको भल्मन्सा, गुरुवा, चिरकिया, केसौका, सोरहिनिया, मुखिया आदिको नाम भन्नुहोस् ।<br>• गाउँको चिराकीले के काम गर्नुहुन्छ ? | ५ |
| **२. हाम्रो भूगोल र प्राकृतिक सम्पदा** | | | | | २५ |
| क. हाम्रो भूगोल | • आफू बसेको ठाउँको नाम र अवस्थिति बताउन र लेख्न । | • आफ्नो गाउँघरको नाम र ठेगाना ।<br>• आफ्नो गाउँको भौगोलिक संरचना, गाउँको गोरेटो र सडकको नाम आदि । | • बालबालिकाहरुलाई उनीहरुको गाउँको नाम सोधेर भन्न लगाउने ।<br>• गाउँवस्तीको चित्र प्रदर्शन गरि चिन्न र भन्न मौका दिने ।<br>• दायाँबायाँ तथा तलमाथि भएको बाटोको नाम सोधी छलफल गराउने । | • आफ्नो गाउँको नक्सा/चित्र हेरी आफ्नो घरजाने बाटो देखाउनुहोस् ।<br>• तपाईको गाउँको गोरेटो बाटो वा सडकबाट जाँदा सबैभन्दा पहिला कहाँ पुग्नुहुन्छ ?<br>• तपाईले भ्रमण गरेको ठाउँ कस्तो छ ? नाम बताउनुहोस्। | ६ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • आफू बसेको गाउँठाउँको बनोट भिरालो, समथर, नदी किनार, उच्च धाम कस्तो छ भनी छलफल गराउने ।<br>• कक्षाकोठा बाहिर लगेर वरिपरिको भू-बनोट देखाउने । | | |
| ख. यातायात र यातायातको साधन | • आफ्नो घर र साथीको घरबाट विद्यालयसम्म जाने बाटोको अवस्था बताउन ।<br>• विद्यालय जाने साधनको नाम र अवस्था बताउन र ती साधनको नाम लेख्न ।<br>• बाटो काट्ने सही तरिका अपनाउन । | • बालबालिकाहरुले आफ्नो घर र साथीको घरबाट विद्यालयसम्म जाने बाटो र विद्यालय जाने र फर्किने साधनहरु ।<br>• स्थानीय सडकको अवस्थाको यथार्थ विवरण ।<br>• बालबालिकाहरुलाई ओसारपसार गर्ने साधनहरु जस्तैः साइकल, विद्यालय बस, ट्रली, अटो र मोटरसाइकलको अवस्थाको सचित्र विवरण आदि ।<br>• बाटोमा सही तरिकाले हिंड्ने बानीको विकास आदि । | • तपाई कुन बाटो भएर विद्यालय आउनुहुन्छ भनेर सोध्ने ।<br>• तपाईको र तपाईको साथीको घर कहाँ पर्छ र के मा सवारी गरेर विद्यालय आउनुहुन्छ भनेर सोध्ने ।<br>• सवारी दुर्घटनावाट बच्न तपाई के गर्नुहुन्छ भनी सोध्ने र सडकको दाँया छेउवाट हिड्ने ।<br>• तपाई र तपाईको साथी चढ्ने साइकल, विद्यालय बस, ट्रली, अटो र मोटरसाइकलको सवस्था कस्तो छ भनी सोध्ने र सो मुताबिक सल्लाह दिने ।<br>• सवारी दुर्घटनावाट बच्न अपनाइने सावधानीबारे छलफल गर्ने । | • तपाईको छिमेकी गाउँको नाम के हो ? बताउनुहोस् ।<br>• तपाई र तपाईको साथी कसरी विद्यालय आउनुहुन्छ?<br>• तपाई र तपाईको साथी कतावाट आउनुहुन्छ ?<br>• तपाई सडकको कुन छेउवाट हिंड्नुहुन्छ ? बताउनुहोस् ।<br>• बाटो काट्दा कसरी काट्नुहुन्छ ?<br>• बसमा चढ्दा कसरी चढ्नुहुन्छ ? | ६ |
| ग. हावापनी र मौसम | • लुगा अनुसार मौसम छुट्याउन र बताउन । | • आफ्नो घर परिवार, समुदायका सदस्यहरुले लगाउने लुगा (कोट, जाकेट, स्विटर, भेस्ट, कमिज, हाफ पाइन्ट, जुत्ता, गटिया, लेहङ्गा चोलिया, सल, चोलो, हाइनेक र पन्जा आदि । | • बालबालिकाहरुलाई उनीहरुको घर परिवार, गाउँका मानिसहरुले गर्मी र जाडो महिनामा लगाउने लुगाका नाम सोधेर भन्न लगाउने,<br>• मौसम अनुसारको लुगाको चित्र प्रदर्शन गरि चिन्न र बताउन लगाउने । | • जाडो लागेका तपाईले कुन लुगा लगाउनुहुन्छ ?<br>• गर्मी भयो भने तपाई कस्तो लुगाउनुहुन्छ ?<br>• तपाईको आमाबाबाले स्वीटर किनी दिनुभएको छ ? | ६ |
| घ. प्राकृतिक सम्पदा | • आफू बसेको ठाउँ वरपरका नदी, तालको नाम भन्न ।<br>• आफ्नो गाउँ र विद्यालय वरपर पाइने वन्यजन्तुको नाम बताउन । | • आफू बसेको ठाउँ वरपर समुदायमा रहेका ताल, नदीको चित्र र नामको सूची ।<br>• आफू बसेको ठाउँ वरपर र विद्यालय वरपर पाइने वन्यजन्तुको नाम/चित्र आदि ।<br>• गाउँघरमा विभिन्न समयमा फुल्ने फूलहरु र अन्य बोटबिरुवाहरुको नाम र चित्र आदि । | • आफू बसेको गाउँघरका प्रचलित कुवा, खोला, नदी, तालको नाम भनिदिने र देखाइ दिने ।<br>• बालबालिकाहरुको घरगोठमा पालिएका पशुपंक्षीको नाम भन्न लगाउने ।<br>• आफ्नो गाउँ र विद्यालय वरपर पाइने वन्यजन्तुको चित्र बनाई कक्षाकोठामा प्रदर्शन गर्ने । | • तपाईको गाउँ नजिकको नदीको नाम बताउनुहोस् ।<br>• तपाईको गाउँमा कुवा छ ?<br>• तपाईको गाउँमा तलाउ छ ? नाम बताउनुहोस् ।<br>• तपाईले कहिले जंगली जनावर देख्नु भयो र त्यो के थियो ? नाम बताउनुहोस् ।<br>• तपाईको घरमा रहेको | ७ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • आफ्नो गाउँघर र विद्यालय वरपर रहेका बोटबिरुवाको नाम बताउन र लेख्न । | | • स्थानीय गाउँघर, वनजङ्गलको अवलोकन भ्रमण गराई बोटबिरुवाहरु र देखिएका पशुपंक्षीहरु चिनाइ दिने र नाम बताइदिने । | फलफूलको बोटबिरुवाको नाम बताउनुहोस् । | |
| ३. हाम्रो कला र सङ्गीत | | | | | १५ |
| क. हाम्रो कला | • आफ्नो कलाबारे बताउन ।<br>• स्थानीय कलामा आधारित घरेलु सामगीको नाम बताउन र शब्दमा लेख्न । | • स्थानीय कलामा आधारित घरायसी सामग्रीहरु जस्तैः हलो, जुवा, किलवाही, हेंगा/पटेला, सरावन, कोल्हु, जाँतो, सुप्पो, डेला, छिट्वा, ढकिया, नुईया, पन्छोप्ना, भौका/भौकी, डेलवा, डिलिया, सेउखा, हेल्का, गेड्ली, टोपी, जाल, महाजाल, बल्छी, मचान (अटुवा) खैलर, टिक्ठी, मचिया, खटोली, छतरी र पिस्तुर आदि । | • बालबालिकाहरुले चिनेको र जानेको कलाका सामग्रीहरुको नाम भन्न लगाउने ।<br>• स्थानीय स्तरमा पाईने कलामा आधारित सामग्रीहरुको चित्रहरु देखाउदै उक्त सामग्रीहरुको स्थानीय नाम सोध्ने ।<br>• बालबालिकाहरुले उनीहरुले नचिनेको र नाम नजानेको सामग्रीहरुको नाम स्पष्ट पारि दिने । | • तपाईको घरमा र तपाईको साथीको घरमा रहेको कुन सामग्री राम्रो लाग्छ ?<br>• जाँतो के गर्न काम लाग्छ ?<br>• छिट्वा के गर्न काम लाग्छ ?<br>• हलो के गर्न चाहिन्छ ? | ८ |
| ख. हाम्रो सङ्गीत | • स्थानीय गीत र बाजाको नाम बताउन र लेख्न ।<br>• स्थानीय गीत गाउँदै नाच्ने । | • स्थानीय बाजाहरु जस्तैः मादल, डफ, मञ्जिरा, झाल कस्तार, बाँसुरी, ढोल, ढोलक, टिम्की, तबला र सारङ्गी आदि ।<br>• स्थानीय गीतहरु जस्तैः डफको गीत, पहपट गीत, सजना, माँगर, मैना गीत, सिङ्गरो गीत, गैया बेह्रना गीत, कृष्ण जन्माष्टमी गीत, स-साना नानीहरुलाई फुल्याउने गीत (जस्तैः जोनु मामा.......), दिन नचवा गीत, अधरतिया गीत, भिन्सहरिया गीत, कठ्घोडी गीत, रामझुमर गीत, सुमराती गीत, भजन किर्तन अध्यात्मिक गीत, आरती गीत, दोहोरी लोक गीत र तीजको गीत् र डेउडा गीत आदि । | • बालबालिकाहरुलाई मादल बजाएर सुनाउने ।<br>• पालैपालो गरि बालबालिकाहरुलाई आफूले जानेको गीत गाउन र नाच्न लगाउने ।<br>• बालबालिकाहरुले जानेको र नजानेको गीत शिक्षकले गाएर सुनाउने ।<br>• स्थानीय नाचहरुको श्रब्यदृश्य चित्रहरु प्रदर्शन गरि पृष्ठपोषण दिने । | • तपाईले जानेको कुनै एक वटा गीत आफ्नो भाषामा गाएर सुनाउनुहोस् ।<br>• साथीसँग गीत गाउँदै नाच्नुहोस् ।<br>• तपाई आफ्ना सानो भाइ वा बहिनीलाई खुसी पार्न कुन गीत गाउनुहुन्छ ? सुनाउनुहोस् । | ७ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | | | | | २० |
| क. स्थानीय जडिबुटी | • स्थानीय जडिबुटीको नाम बताउन र लेख्न । | • आफ्नो घरवरपर पाईने जडिबुटीका नामहरु जस्तैः तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदि । | • आ-आफ्नो घरआँगन वरपर पाईने जडिबुटीका नाम पालैपालो वा समूहगत भन्न लगाउने ।<br>• विद्यालय वरपर रहेको जडिबुटी नमूनाको लागि अवलोकन गर्ने गराउने ।<br>• छुटेका जडिबुटीका नाम शिक्षकले भन्ने र चित्र प्रदर्शनबाट प्रष्ट पार्ने । | • तपाईले आफ्नो घर वरपर देखेको कुनै दुईवटा जडिबुटीका नाम भन्नुहोस्।<br>• चित्रमा हेरेर जडिबुटीको नाम भन्नुहोस् । | १० |
| ख. स्वास्थ्य उपचार | • बालबालिकाहरु स्वास्थ्य उपचार गर्ने ठाउँ र प्रकारबारे बताउन र लेख्न । | • विरामी भए घर परिवारले उपचार गराउने ठाउँ जस्तैः स्थानीय मेडिकल, स्वास्थ्य चौकी, झारफुक, गुरुवा तथा वैद्य आदि । | • प्रत्येक बालबालिकाहरूलाई आ-आफ्नो घरका सदस्य विरामी हुँदा उपचार गर्न जाने ठाउँको नाम बताउन लगाउने ।<br>• श्रव्यदृश्य र पोष्टरवाट विरामी भए जाने ठाउँ प्रदर्शन गर्ने ।<br>• पोष्टर चित्र देखाएर सही उपचार गर्न जाने ठाउँ पहिचान गर्न लगाउने । | • तपाइको गाउँमा स्वास्थ चौकी छ ?<br>• तपाई विरामी पर्दा आमाबाबाले कहाँ लग्नुहुन्छ ?<br>• तपाईको घरका मानिसहरु विरामी हुँदा कहाँ उपचार गराउन जानुहुन्छ ? | १० |
| ५. स्थानीय खेलहरु | | | | | १० |
| क. स्थानीय खेलहरु | • स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्न ।<br>• स्थानीय खेलहरुको नाम लेख्न । | • स्थानीय खेलहरु जस्तैः लुकामारी, आसपास, रुमालचोर, घरकुटी, चुंगी गट्टा, कोइली दिदी, टिपु, छुर र घरबसावर आदि ।<br>• सामूहिक र एकल खेलहरु । | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने स्थानीय खेलहरुको सामूहिक छलफलबाट नाम भन्न लगाउने ।<br>• शिक्षकले नमुना देखाई साधारण खेलहरु नियम अनुसार खेल्न लगाउने । | • तपाईलाई मन पर्ने स्थानीय खेलको नाम भन्नुहोस् ।<br>• आज तपाईले साथीहरुसँग खेलेको खेलको नाम बताउनुहोस् ।<br>• रुमालचोर खेल कसरी खेलिन्छ?<br>• समूहमा कोइली दिदी खेल खेलेर देखाउनुहोस् । | १० |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ६. पेशा व्यवसाय र आर्थिक क्रियाकलाप | | | | | २५ |
| क. स्थानीय पेशा व्यवसाय | • आफ्नो र छरछिमेक तथा साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन र लेख्न । | • घर परिवार तथा छरछिमेकका सदस्यहरुले दैनिक रुपमा गर्ने काम जस्तैः- खेतवारीको काम, सिलाई बुनाई, कुखुरापालन, पसल व्यवसाय, डोकाडाला र ढकिया बुन्ने, कपाल काट्ने, पढ्ने पढाउने, नौकरी, मजदुरी र वैदेशिक रोजगार आदि । | • परिवार तथा छरछिमेकको सदस्यले गर्ने दैनिक पेशागत तथा व्यवसायिक क्रियाकलापहरु (काम)बारे छलफल गर्ने गराउने ।<br>• विद्यालय नजिकमा रहेका कुनै एक दुई घरमा अवलोकन गराई त्यहाँका मानिसले गर्ने पेशागत काम बारे पृष्ठपोषण दिने ।<br>• विभिन्न पेशा व्यवसाय, झल्किने श्रव्य दृष्य सामग्री प्रदर्शन गर्ने । | • तपाईको आमाबाबाले के काम गर्नुहुन्छ ?<br>• तपाईको साथीको आमाबाबाले के काम गर्नुहुन्छ ?<br>• चित्र देखाएर कामको नाम सोध्ने ।<br>• तपाईले भनेको नाम जस्तै काम गर्न सक्नुहुन्छ ? | ५ |
| ख. स्थानीय आय आर्जन र क्रियापलाप | • आफ्नो घर, छरछिमेक तथा गाउँमा आम्दानी गर्ने क्रियाकलापको नाम बताउन र लेख्न । | • घरपरिवार, छरछिमेक तथा साथीका परिवारको सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यवसाय जस्तैः बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला वनाउने, खाट वनाउने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाई बुनाइ, घर वनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि । | • बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला बनाउने, खाट बनाउने, झ्याल ढोका बनाउने, बेतबाँसको सामान बनाउने, सिलाई बुनाई, घर बनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि जस्ता आय आर्जन गर्ने क्रियाकलापहरुको चित्र प्रदर्शन गरि छलफल गर्ने ।<br>• आफ्नो विद्यालय नजिकमा सञ्चालनमा रहेका सामान्य पेसा व्यवसाय जस्तैः सिलाइ बुनाइ र तरकारी खेती जस्ता क्रियाकलापहरुको अवलोकन गराई पृष्ठपोषण दिने ।<br>• विभिन्न आय आर्जनको पेशा सम्बन्धीश्रव्य दृश्य चित्रहरुको प्रदर्शन गराई बालबालिकाहरुलाई पृष्ठपोषण दिने । | • रुपिया पैसा कमाउने कुनै एक वटा वटा क्रियाकलापको नाम भन्नुहोस् ।<br>• तपाईको घरपरिवारका मानिसले के के गरेर आय आर्जन गर्छन ?<br>• तपाईको साथीको परिवारको सदस्यहरुले के के गरेर आय आर्जन गर्छन ? | ५ |
| ग. स्थानीय बजार | • छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिद बिक्री गरिने वस्तुहरुको नाम बताउन र लेख्न । | • आफ्नो तथा साथीको घरमा उत्पादन हुने र बजारमा पाइने वस्तुहरुको खरिद बिक्रीको विवरण । | • बालबालिकाहरुको आफ्नो तथा साथीको घरबाट खरिद बिक्री गरिने सामग्रीको नाम पालैपालो भन्न लगाउने । | • तपाईको घरका मानिसले बजारवाट के के सामग्री किनेर ल्याउँछन् ? नाम बताउनुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • आफ्नो नजिकै रहेको बजारको नाम बताउन र लेख्न । | • स्थानीय बजार जस्तै: बौनिया बजार, मुडा बजार, पृथ्वीपुर बजार र सिमरी बजारको अवस्थिति विवरण । | • बालबालिकाहरुको घरमा उत्पादन हुने सामग्रीहरुको नाम पालैपालो नाम बताउन लगाउने ।<br>• बालबालिकाहरुको घर वा नजिकैको गाउँ वा नगरमा रहेको हाटबजार तथा बजार अवलोकन गर्न लगाउने । | • तपाईको साथीको घरपरिवारको सदस्यहरुले बजारबाट के के किनेर ल्याएको देख्नुहुन्छ ?<br>• तपाईको आमाबाबाले बजारमा के के बिक्री गर्नुहुन्छ ? बताउनुहोस् ।<br>• तपाईको साथीको आमाबाबाले बजारमा के-के बेच्नुहुन्छ ? बताउनुहोस् ।<br>• तपाईलाई बजारबाट के के सामग्री किन्न मन लाग्छ ?<br>• तपाईको गाउँमा वा नजिकको बजारमा हाटबजारमा लाग्छ ? | |
| घ. पेसागत ज्ञान र सीप | • कृषि पेसासँग सम्वन्धित क्रियाकलापको नाम बताउन र लेख्न । | • पेसागत ज्ञान र सीप जस्तै: पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारी खेती, गाईभैसीपालन, बाख्रापालन, कुखुरापालन र माछापालन आदि । | • बालबालिकाहरुको घरका मानिसहरुले पेसागत ज्ञान र सीपवारे समूहगत रुपमा छलफल गर्ने ।<br>• पेसागत पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाईभैसीपालन, बाख्रापालन, कुखुरापालन र माछापालन आदि के कसरी उत्पादन गरिन्छ भनी छलफल गर्ने । | • आजकल तपाईको बारीमा के के फलेकोछ ?<br>• तपाईको आमाबाबाले घरमा कुखुरा पाल्नु भएको छ ?<br>• तपाईको घरमा के के पालन गरिएकोछ ? बताउनुहोस् ।<br>• तपाईको साथीको परिवारले के के पालन गर्नुहुन्छ ? | ५ |
| ङ. उद्योग | • आफ्नो विद्यालय, गाउँपालिका नजिक रहेका उद्योगको नाम बताउन र लेख्न । | • विद्यालय,बर्दगोरिया गाउँपालिकामा रहेका साना तथा ठूला उद्योग जस्तै दूध डेरी, पाउरोटी, इँटा उद्योग, कसर उद्योग र ब्लक उद्योग आदि । | • बालबालिकाहरुलाई पालैपालो आफ्नो गाउँघरमा भएका साना उद्योगको नाम भन्न लगाउने ।<br>• नजिकै रहेका उद्योगहरुको अवलोकन भ्रमण गराउने । | • तपाईको घरका आमाबाबाले के उद्योग चलाउनुहुन्छ ?<br>• तपाईको साथीको आमाबाबाले के के उद्योग चलाउनुहुन्छ ? बताउनुहोस् ।<br>• तपाईको गाउँमा के के उद्योगछन् ? भन्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय पर्यटन | | | | १० | |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको नाम भन्न र लेख्न ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको नाम भन्न र लेख्न । | • बर्दगोरिया गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तैः बर्दगोरिया मन्दिर, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनिया धाम), ठाकुरद्वारा नहर, झरझरिया बाँध र उताह ताल आदि ।<br>• घोडाघोडी मन्दिर तथा ताल, कर्णाली नदी तथा पुल, आम पानीको झरना, चिडिया ताल र टिकापुर उद्यान आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गर्ने ।<br>• पोष्टर पहिचान गराई दिने ।<br>• स्थानीय तह र छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको पहिचान गराई दिने ।<br>• स्थानीय पर्यटनको बारेमा विद्यार्थीलाई जानकारी भए नभएको छलफल गर्ने र पर्यटकीय स्थलहरुको नाम लेख्न लगाउने ।<br>• पर्यटीकय स्थलको भ्रमण अवलोकन गर्ने गराउने । | • बर्दगोरिया गा.पा.को बर्दगोरिया धाम कहाँ पर्छ ? बताउनुहोस् ।<br>• भक्तिनीया स्थान कहाँ पर्छ ? बताउनुहोस् ।<br>• बर्दगोरिया गा.पा. भित्रको मन्दिरहरु तथा स्थलहरुको चित्र हेरेर मन्दिरहरुको नाम बताउनुहोस् र आफ्नो कापीमा लेख्नुहोस् । | १० |
| ८. विपद् व्यवस्थापन | | | | १० | |
| क. विपद् व्यवस्थापन | • विपद् सम्बन्धी उदाहरणहरु भन्न र लेख्न । | • प्राकृतिक तथा मानव निर्मित विपद् जस्तैः बाढी, पहिरो, भू-क्षय, आगलागी, भू-कम्प, चट्याङ, ज्वालामुखी, असिना, सडक दुर्घटना, सरुवा रोगको महामारी ( कोभिड), जङ्गली जीवजन्तुको आक्रमण, सर्पको टोकाई र विद्युतीय करेन्ट लाग्ने आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रश्नोत्तर गर्ने ।<br>• पोष्टरमा भएका चित्रहरुको पहिचान गर्न लगाउने ।<br>• विभिन्न विपद्हरुका बारेमा थप जानकारी गराउने ।<br>• विभिन्न विपद्हरुको नाम लेख्न लगाउने । | • चट्याङ के हो ?<br>• बाढीले के गर्छ ?<br>• आगलागी भयो भने के गर्नुपर्छ ।<br>• तपाईले जानेको विपद्को नाम बताउनुहोस् ।<br>• विपद् उल्लेख भएका पोष्टरलाई हेरेर के भईरहेकोछ बताउनुहोस् । | ५ |
| ९. स्थानीय प्रविधि र ऊर्जा | | | | | १० |
| क. स्थानीय प्रविधि | • स्थानीय प्रविधिद्वारा निर्मित परम्परागत सामग्रीहरुको नाम बताउन र लेख्न ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम बताउन र लेख्न । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तैः ढिकी, जाँतो, मिल (कुट्ने, पिस्ने र पेल्ने), चर्खा, कोलु, कागती पेल्ने कोल्हु आदिको विवरण ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तैः मिक्सचर (मसला पिस्ने, मास पिस्ने, जुस बनाउने), मेसिन, ऊखु पेल्ने हाते मेसिन, कपास फिट्ने मेसिन, कम्प्युटर, मोबाइल, ल्यापटप र क्याल्कुलेटर आदि । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको चित्र प्रदर्शन गरि त्यसको नाम सोध्ने र त्यसको प्रयोगबारे बताउने ।<br>• स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको सूची बनाई नाम भन्न लगाउने र लेख्न लगाउने ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम सोध्ने र प्रयोगबारे बताउने । | • तपाईले जानेको र देखेको स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम भन्नुहोस् ।<br>• स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको चित्रहरु हेरेर सामग्रीहरुको नाम र काम बताउनुहोस् ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित कुनै ४ वटा सामग्रीहरुको नाम सोध्ने । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको सूची बनाई नाम भन्न लगाउने र लेख्न लगाउने । | • आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको सूची हेरेर सामग्रीको नाम बताउनुहोस् | |
| ख. स्थानीय ऊर्जा | • स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको नाम बताउन र शब्दमा लेख्न । | • स्थानीय ऊर्जाको स्रोत तथा सामग्री जस्तै: भुसीचुलो, सुधारिएको चुलो, सौर्य ऊर्जा, गोबर गुइँठा, गोबर ग्याँस, दाउरा, मट्टी तेल र विजुली आदि । | • स्थानीयस्तरमा प्रयोग हुने ऊर्जाको पोष्टर प्रर्दशन गरि पहिचान गर्न लगाउने र छलफल गर्ने ।<br>• स्थानीय ऊर्जाको स्रोतबारे छलफल गर्ने ।<br>• श्रव्यदृश्य सामग्रीहरु देखाउने ।<br>• स्थानीय ऊर्जाको सूची बनाई छलफल गर्ने गर्ने ।<br>• स्थानीय ऊर्जाको स्रोतहरुको अवलोकन गर्न सघाउने र छलफल गर्ने । | • तपाईले हेरेको पोष्टरमा के के देख्नुभयो ? बताउनुहोस् ।<br>• स्थानीय ऊर्जाको स्रोत के हो नाम बताउनुहोस् ।<br>• श्रव्यदृश्य चलचित्रमा के के देख्नुभयो ? बताउनुहोस् ।<br>• तपाईले भ्रमण गर्दा ऊर्जाको कुन कुन स्रोतहरु देख्नुभयो ? बताउनुहोस् । | ५ |

## ७.३ कक्षा ३: विषयवस्तुको विस्तृतीकरण

वार्षिक कार्यघण्टा १६०

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, इतिहास, संस्कृति र साँस्कृतिक सम्पदा | | | | | ३५ |
| क. ह्यम्रो भाषा | • आफ्नो मातृभाषामा बोल्न र सामान्य शब्दहरु राखेर वाक्य बनाउन । | • मातृभाषाहरु जस्तैः थारू (राना, कठरिया, पूर्विया), अछामी, खस, मैथिली, मगर खाम भाषा र नेपाली, डोटेली आदि । | • हरेक बालबालिकाहरूलाई कुनै विषयमा आ–आफ्नो मातृभाषामा बोल्न लगाउने ।<br>• कक्षाकोठामा स्थानीय भाषाको विशेषज्ञद्वारा बालबालिकाहरुसँग छलफल गर्ने गराउने ।<br>• समूहगत रुपमा कुनै विषयमा संवाद गर्न लगाउने ।<br>• चित्र प्रदर्शन गरि बालबालिकाहरूलाई चित्र देखाई मातृभाषामा वर्णन गर्न लगाउने र शिक्षकले पृष्टपोषण दिदै टिपोट गर्न लगाउने ।<br>• बालबालिकाहरूलाई आ-आफ्नो मातृभाषामा गीत गाउँदै नाच्न लगाउने । | • तपाईलाई कुन कुन भाषा बोल्न सजिलो लाग्दछ ?<br>• तपाईले विशेषज्ञसँग कुन भाषामा छलफल गर्नुभयो?<br>• साथीसँग तपाईले कुन भाषामा कुराकानी गर्नु हुन्छ ?<br>• तपाई आफ्नो भाषामा एउटा राम्रो गीत गाउनुहोस् ।<br>• बालबालिकाको क्रियाकलाप अवलोकन गरि पृष्ठपोषण दिनुहोस । | ५ |
| ख. हाम्रो संस्कृति, संस्कार र रहनसहन | • संस्कृति तथा पारिवारिक संस्कार र रहनसहन बताउन र सामान्य शब्दको प्रयोग गरेर वाक्यमा लेख्न । | • स्थानीय अभिवादनहरु जस्तैः जातीय संस्कार अनुसार अभिवादन जस्तै ढोग, सलाम, दण्डवत्, प्रणाम, नमस्ते) आदिको विवरण ।<br>• संयुक्त परिवारको वसाइ जस्तैः हजुरबुबा र हजुरआमा, आमाबाबु, काकाकाकी, दाजुभाइ र दिदीबहिनी आदिको सम्वन्धको विवरण ।<br>• एकल परिवारको बसाइजस्तैः आमाबाबु, दाजुभाइ, दिदीबहिनी आदि ।<br>• स्थानीय घरको संस्कार जस्तैः घरको आँगनमा देवताको थान, घरको मूल ढोका पूर्वतिर खुल्ला। उल्टहा थारूको घर आदिको विवरण । | • जातीय संस्कार अनुसार अभिवादनहरु जस्तैः ढोग, सलाम, दण्डवत्, प्रणाम र नमस्ते आदि शिक्षक आफूले नमूना स्वरुप देखाएर बालबालिकाहरुलाई अभिवादन गर्न लगाउने ।<br>• संयुक्त र एकल परिवारको चित्र देखाउने ।<br>• कुन परिवारको हो, भन्न लगाउने ।<br>• स्थानीय घरको प्रकार, घरमा प्रयोग हुने सामग्रीको नाम, भित्री भागको नाम आदिबारे छलफल गर्ने ।<br>• समुदायको पहिरनको चित्र तथा सामग्री प्रदर्शन गर्ने । | • तपाईको बाबासँग धेरै दिनपछि भेट हुँदा ढोग गर्नुहुन्छ कि नाइ ? ल त्यसो भए ढोग गरेर देखाउनुहोस् ।<br>• तपाईको घरमा पाहुना आउँदा आमाबाबाले के के गर्नुहुन्छ ?<br>• संयुक्त परिवारमा घरमुली को हुन्छ ?<br>• एकल परिवार र संयुक्त परिवारमध्ये तपाईलाई कुन परिवार मन पर्छ ? बताउनुहोस् । | १० |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • स्थानीय घरहरुका प्रकार जस्तै: रसैहा घर, बुकरा घर, छिरवा घर, घारी (गोठ) र कम्दा आदि ।<br>• स्थानीय घरको सामग्रीहरुको नामहरु जस्तै: रसैहा खुँटा, बरेरी, चरुवा, ओरियानी, सरदर, कोरई, भिता, पँचरा, मोख्वा, बाटी र चाँप आदि ।<br>• स्थानीय घरको भित्री भागको नामहरु जस्तै: बहरी कोठा, कोन्टी कोठा, भन्सा कोठा र मिन्झ्यारी आदि ।<br>• स्थानीय पहिरनहरु जस्तै: लेहङ्ग, चोलिया, अंगीया, अंगौछा, दौरासुरुवाल, गुन्यु, चोली आदि ।<br>• स्थानीय खानपिनहरु जस्तै: दालभात,रोटी, बरिया, खुरमा, कपुवा, चट्नी, माछा, घोंघी, सुतही, खरिया बरिया, ढिकरी, फाँरो, सेलरोटी (लाउन), बावर, डुब्का, बारा फुरौला, मस्यौरा, खुरमा आदि । | • समूह बनाई आफ्नो घरमा खाँदै गरेको खानेकुराको नाम भन्न लगाउने ।<br>• आज खाएर आएको खाना बारे छलफल गर्ने । | • तपाईको घरपरिवारका मानिसहरुले के कस्तो लुगा लगाउनुहुन्छ ? बताउनुहोस् ।<br>• तपाइको घरका मानिसहरुले दिनहुँजसो के पकाएर खानुहुन्छ?<br>• तपाईलाई मनपर्ने तरकारीको नाम भन्नुहोस् । | |
| ...ो चाडपर्व | • स्थानीय चाडपर्वहरूको नाम बताउन र सामान्य शब्दले वाक्यमा लेख्न । | • स्थानीय चाडपर्वहरू जस्तै: माघी, अतवारी, श्रीकृष्ण जन्माष्टमी, गौरा, लवाङ्गीपूजा, गुरही, चिरै, भजहर, ओल्के, बिसु आदि । | • समूहगत रुपमा मनाइने चाडपर्वहरुको नाम भन्न लगाउने ।<br>• विभिन्न चाडपर्वहरुको चित्र प्रदर्शन गरि चित्रमा देखाइए अनुसार अभ्यास गर्न लगाउने ।<br>• समूहगत रुपमा अभिनय गर्न लगाउने । | • तपाई पर्वमा उपासना बस्नुहुन्छ ?<br>• तपाईलाई कुन चाड मन पर्छ ? बताउनुहोस् ।<br>• तपाइले जानेको चाड र पर्वहरुको नाम बताउनुहोस्। | ५ |
| ...तिक सम्पदा | • आफ्नो समुदायमा रहेको सांस्कृतिक सम्पदाहरुको नाम बताउन र लेख्न । | • स्थानीय सांस्कृतिक सम्पदाहरु जस्तै: गाउँबस्तीको साझा देवस्थान र विभिन्न मन्दिरहरु, चर्च, गुम्बा आदि । | • स्थानीय साँस्कृतिक सम्पदाहरुमा समूह छलफल गर्न लगाउने ।<br>• समूहगत रुपमा चित्र प्रदर्शन गर्ने र मन्दिरको नाम भन्ने ।<br>• श्रव्यदृश्य सामग्रीहरुको प्रदर्शन गर्ने । | • तपाईले जानेको र देखेको स्थानीय सांस्कृतिक सम्पदाहरुको नाम बताउनुहोस् ।<br>• दिइएका चित्रहरुमा मन्दिर, मस्जिद, चर्च र गुम्बा छुट्याएर उनीहरुको नाम बताउनुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
| --- | --- | --- | --- | --- | --- |
| | | | | • विद्यालयमा वा नजिकमा रहेको मन्दिर, मस्जिद आदिको भ्रमण अवलोकन गराउने र पृष्ठपोषण दिने । | |
| ङ. हाम्रो इतिहास | • बर्दगोरिया गाउँपालिकाको सामान्य परिचय बताउन ।<br>• बर्दगोरिया गाउँपालिकाको शैक्षिक इतिहासको सामान्य परिचय बताउन । | • बर्दगोरिया गाउँपालिकाको सामाजिक तथा प्राकृतिक नक्सा सहितको विवरण ।<br>• बर्दगोरिया गाउँपालिकाको शैक्षिक र ऐतिहासिक विवरण ।<br>• हालको बर्दगोरिया गाउँपालिकामा सञ्चालित विद्यालयहरुको स्थापना मिति र स्थापना गर्ने व्यक्तित्वहरुको परिचय । | • बर्दगोरिया गाउँपालिकाको सामाजिक तथा प्राकृतिक नक्सा प्रदर्शन गरि बताउन लगाउने ।<br>• बालबालिकाहरुले पहिचान गर्न नसकेको धाम वा स्वरुपबारे शिक्षकले बताउने र टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको इतिहासबारे छलफल गर्ने । | • हाम्रो बर्दगीरिया गाउँपालिकाको नाम कसरी रहन गयो ? बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको सामाजिक र प्राकृतिक नक्सा हेरेर तपाईले देखेको कुरा बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकामा सबैभन्दा पहिले कुन बिद्यालय थियो र कुन सालमा स्थापना भएको हो?<br>• तपाइले जानेका विद्यालयहरुमध्ये कुन विद्यालय क-कसले स्थापना गरेको थिए ?<br>• बर्दगोरिया गाउँपालिका साविकका कुनकुन गा.वि.स.हरु मिलेर बनेको हो ? | ५ |
| च. सामाजिक सङ्घ संस्थाहरू | • सामाजिक सङ्घ संस्थाहरूको नाम बताउन र सामान्य शब्दहरुको प्रयोग गरी वाक्य बनाउन । | • सामाजिक सङ्घ संस्थाहरू जस्तै: भलमन्सा, चिराकी, सोरहिनिया, गुरुवा/बैद्ध, केसौका, सखी/गोही, महिला समूह र बाल क्लव आदि ।<br>• सामाजिक सङ्घसंस्थाहरु जस्तै: घोडाघोडी संरक्षण तथा विकास मन्च, नेपाल रेडक्रस सोसाईटी, महिला स्वयंसेविका, आमा समूह, युवा क्लव, बर्दगोरिया शिक्षक सङ्घ संगठन र महासङ्घ आदि । | • समूहगत रुपमा सङ्घसंस्थाहरुको चित्र अवलोकन गरि छलफल गर्ने गराउने र पृष्ठपोषण दिदै टिपोट गर्न लगाउने ।<br>• स्थानीय सङ्घ संस्थाहरूको बारेमा भन्न लगाउने ।<br>• अभिनय गर्न लगाउने ।<br>• सामाजिक सङ्घसंस्थाहरुको कामबारे छलफल गर्ने र पृष्ठपोषण दिने । | • तपाईले देखेका र जानेका सामाजिक सङ्घसंस्थाको नाम बताउनुहोस् ।<br>• तपाईको गाउँका भल्मन्सा, गुरुवा, चिरकिया, केसौका, सोरहिनिया, मुखिया आदिका नाम भन्नुहोस् र नाम लेखेर देखाउनुहोस् ।<br>• तपाईको गाउँघरमा काम गरिरहेका सामाजिक संस्थाको नाम के हो ?<br>• नेपाल रेडक्रस सोसाइटीले के काम गर्छ ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| २. हाम्रो भूगोल र प्राकृतिक सम्पदा | | | | | २५ |
| क. हाम्रो भूगोल | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक अवस्थिति बताउन र सामान्य वाक्य बनाउन ।<br>• नक्सामा गाउँपालिकाको नक्सामा देखाइएको ताल, नदीहरू देखाउन र सामान्य वाक्य बनाउन ।<br>• स्थानीय स्तरमा रहेका सडकको नाम बताउन र गाउँदेखि नजिक रहेको सडकको दुरी बताउन ।<br>• गाउँदेखि नजिक रहेको सडकको दुरीर जिल्ला सदरमुकामसम्मको सडक र दुरी बताउन । | • गाउँपालिकाको नक्सा र भौगोलिक अवस्थिति देखाउने विवरण ।<br>• गाउँपालिकामा रहेका ताल, नदीहरू आदिबारे जानकारी दिने विवरण ।<br>• जिल्ला सदरमुकाम, गाउँपालिकाको दुरी, नक्सा र सिमानामा पर्ने अन्य गाउँपालिका र नगरपालिकाहरूको नाम ।<br>• गाउँपालिकाको रेखाङ्कित नक्सा र गाउँपालिकाको वडाहरू देखाउने ।<br>• गाउँ र विद्यालयदेखि नजिकको सडक र त्यहाँ सम्मको अनुमानित दुरी ।<br>• गाउँदेखि जिल्ला सदरमुकाम सम्मको सडक तथा दुरी । | • बर्दगोरिया गाउँपालिकाको नक्सा देखाएर गाउँ बस्ती, भौगोलिक स्वरूप र भूभाग बारे छलफल गर्ने ।<br>• नक्सामा प्रत्येक वडा चिन्न लगाउने ।<br>• गाउँपालिकाको चारैतिर पर्ने सिमाना, अन्य पालिका र नगरपालिका, जिल्ला बारे छलफल गराउने ।<br>• गाउँपालिका र आफ्नो गाउँको नक्सा कोर्न लगाउने र सुधार गरिदिने ।<br>• बालबालिकाहरुलाई नक्सा कोर्न लगाई आफ्नो घर, विद्यालय, स्थानीय सदरमुकाम जाने बाटो देखाउन र दुरी अनुमान गर्न लगाउने ।<br>• सदरमुकाम सम्मको सडक तथा दुरी अनुमान गर्न लगाई छलफल गर्ने । | • तपाईको घर भएको वडा नं. र ठेगाना र विद्यालय रहेको ठेगाना लेखेर देखाउनुहोस् ।<br>• तपाईको छिमेकी वडा नं. कुनकुन हुन्?<br>• तपाईको गाउँपालिकाको क्षेत्रफल र सिमानामा पर्ने अन्य पालिकाको नाम बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको उत्तर-दक्षिण र पूर्व-पश्चिम सिमाना बताउनुहोस् ।<br>• जिल्ला सदरमुकामको नाम र गाउँबाट सदरमुकाम जोड्ने सडकको दुरी बताउनुहोस् ।<br>• गाउँपालिकाको नक्सा कोरी आफू बसेको वडा देखाउनुहोस् । | ६ |
| ख. यातायात र यातायातका साधन | • आफ्नो घर र साथीको घरवाट विद्यालयसम्म जाने बाटोको अवस्था बताउन ।<br>• विद्यालय जाने साधनको नाम र अवस्था बताउन ।<br>• ट्राफिक नियम र चिन्ह बताउन साथै सामान्य वाक्यमा लेख्न ।<br>• सही तरिकाले सडक पार गर्ने वानीको विकास गर्न । | • बालबालिकाहरुको आफ्नो घर र साथीको घरवाट विद्यालयसम्म जाने बाटो र विद्यालय जाने र फर्किने साधनहरु ।<br>• स्थानीय सडकको अवस्थाको यथार्थ विवरण ।<br>• बालबालिकाहरुलाई ओसार पसार गर्ने साधनहरु जस्तैः साईकल, विद्यालय बस, ट्रली, अटो र मोटरसाईकलको सवस्थाको सचित्र विवरण आदि ।<br>• ट्राफिक नियम र चिन्हहरुको सचित्र विवरण । | • तपाई कुन बाटो भएर विद्यालय आउनुहुन्छ भनेर सोध्ने ।<br>• तपाई र तपाईको साथीको घर कहाँ पर्छ र केमा सवारी गरेर विद्यालय आउनुहुन्छ भनेर सोध्ने ।<br>• सवारी दुर्घटनावाट बच्न तपाई के गर्नुहुन्छ भनी सोध्ने र सडकको बाँया छेउवाट हिड्न सिकाउने ।<br>• तपाई र तपाईको साथी चढ्ने साईकल, विद्यालय बस, ट्रली, अटो र मोटरसाइकलको सवस्था कस्तो छ भनी सोध्ने र सो मुताबिक सल्लाह दिने । | • तपाईको हिंड्ने बाटोको नाम के हो ? बताउनुहोस् ।<br>• तपाईलाई मन पर्ने साधनको नाम बताउनुहोस् ।<br>• तपाई र तपाईको साथी सँगै हिंड्ने सडक वा बाटोको नाम बताउनुहोस् ।<br>• तपाई सडक पार गर्दा कसरी बाटो काट्नुहुन्छ ? बताउनुहोस् ।<br>• कुन साधनवाट छिटो विद्यालय आइपुगिन्छ ? बताउनुहोस् । | ६ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • शिक्षकले बालबालिकाहरुलाई ट्राफिक नियम बताउने र चिन्हहरु चिन्हाउने ।<br>• सडकमा सही तरिकाले हिंड्ने र पार गर्ने तरिका अभिनय गरेर देखाउने । | • कुनै ५/५ वटा ट्राफिक नियम र चिन्ह बताउनुहोस्। | |
| ग. हावापानी र मौसम | • खेतीपाती अनुसार मौसम चिन्न र बताउन ।<br>• गर्मी र जाडो महिनामा फरक छुट्याउन । | • आफ्नो घर परिवार, समुदायमा मौसमअनुसार लगाइने खेतीपातीको नामको सूचीको विवरण ।<br>• गर्मी र जाडो महिनामा हावापानी र मौसमको भिन्नताको विवरण । | • बालबालिकाहरूलाई घरपरिवार, गाउँका मानिसहरूले गर्मी र जाडो महिनामा लगाइने खेतीपातीको नाम सोधेर भन्न लगाउने ।<br>• मौसम अनुसारका लगाइने खेतीपातीको नाम छुट्याउन लगाउने ।<br>• गर्मी र जाडो महिनामा देखिने हावापानी र मौसममा भिन्नताको सूची वनाइ छलफल गर्ने । | • गर्मी र जाडो महिनामा लगाइने खेतीपातीको नाम भन ।<br>• गर्मी र जाडो महिनामा फरक छुट्याऊ । | ६ |
| घ. प्राकृतिक सम्पदा | • स्थानीय वनस्पति र वन्यजन्तुको महत्व बताउन । | • स्थानीय जङ्गलमा पाइने फलफुल तथा बोटबिरूवाहरू: आँप, कागती, साल, सिसौ, खयर, निम, तुलसी, सिमल, बाँस, बेत, केरा, वर, पीपल आदिको विवरण र महत्वको विवरण ।<br>• वन्यजन्तुहरू: बँदेल, बाघ, चितुवा, निल गाई, बाँदर, लोखर्के, न्याउरी, चितल, जरायो, खरायो, हात्ती र बदेंल आदिको सचित्र विवरण र महत्व । | • स्थानीय गाउँ तथा जङ्गल वरपर अवलोकन भ्रमण गराई बोटबिरूवाहरूको सूची प्रस्तुत गर्ने, चित्रहरू देखाउने र ती बोटबिरूवाको महत्व बारे बताउने ।<br>• स्थानीय वनजङ्गलमा पाइने वन्यजन्तुको चित्र देखाउने, सूची प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय जङ्गलमा पाइने प्रमुख जनावरहरू, चराचुरूङ्गी, बोटबिरूवाबारे स्थानीय विज्ञहरूको उपस्थितिमा विद्यार्थीहरूबीच छलफल गराउने । | • अवलोकन भ्रमण गर्दा देखेका बोटबिरूवाहरूको सूची बनाउनुहोस् ।<br>• गाउँ नजिकको जङ्गलमा पाइने वन्यजन्तुको सूची वनाई महत्व बताउनुहोस् ।<br>• स्थानीय जङ्गलमा पाइने ५ वटा बोटबिरूवाहरूको सूची वनाइ तिनीहरूको महत्व लेख्नुहोस् । | ७ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ३. हाम्रो कला र सङ्गीत | | | | | १५ |
| क. हाम्रो कला | • आफ्नो कलाबारे बताउन।<br>• स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम बताउन र वाक्य बनाउन । | • स्थानीय कलामा आधारित घरायसी सामग्रीहरु जस्तै: हलो, जुवा, किलवाही, हेंगा/पटेला, सरावन, कोल्हु, जाँतो, सुप्पो, डेला, छिट्वा, ढकिया, नुईया, पन्छोप्ना, भौका/भौकी, डेलवा, डिलिया, सेउखा, हेल्का, सेउखा, गड्ली, टापी, जाल, महाजाल, बल्छी, मचान (अटुवा) खैलर, टिक्ठी, मचिया, खटोली, छतरी र पिस्तुर आदि । | • बालबालिकाहरुले चिनेका र जानेका कलात्मक सामग्रीहरुको नाम भन्न लगाउने ।<br>• स्थानीय स्तरमा पाईने कलामा आधारित सामग्रीहरुको चित्रहरु देखाउदै उक्त सामग्रीहरुको स्थानीय नाम सोध्ने ।<br>• बालबालिकाहरुले उनीहरुले नचिनेको र नाम नजानेको सामग्रीहरुको नाम स्पष्ट पारि दिने । | • तपाईको घरमा र तपाईको साथीको घरमा देखेका कलात्मक सामग्रीको नाम भन्नुहोस ।<br>• सुप्पो के गर्न काम लाग्छ ?<br>• ढकिया के गर्न काम लाग्छ ? | ८ |
| ख. हाम्रो सङ्गीत | • स्थानीय गीत र बाजा बारे बताउन र सामान्य शब्दले वाक्यमा लेख्न ।<br>• स्थानीय गीत गाउदै सामान्य रुपमा नाच्न । | • स्थानीय बाजाहरु जस्तै: मादल, डफ, मञ्जिरा, झ्याल कस्तार, बाँसुरी, ढोल, ढोलक, टिम्की, तबला र सारङ्गी आदि ।<br>• स्थानीय गीतहरु जस्तै: डफको गीत, पहपट गीत, सजना, माँगर, मैना, गैया बेह्नना गीत, कृष्ण जन्माष्टमी गीत, स-साना नानीहरुलाई फुल्याउने गीत ( जस्तै: जोनु मामा.......), दिन नचवा गीत, अधरतिया गीत, भिन्सहरीया गीत, कठ्घोडी गीत, रामझुमर गीत, सुमराती गीत, भजन किर्तन अध्यात्मिक गीत, आरती गीत, दोहोरी लोक गीत र तीजको गीत आदि । | • बालबालिकाहरुलाई मादल बजाएर सुनाउने ।<br>• मादल बजाउन सिकाउने ।<br>• स्थानीय सङ्गीतकारहरुद्वारा बालबालिकाहरुसँग सङ्गीतबारे छलफल गर्ने गराउने ।<br>• स्थानीय वाद्यवादकद्वारा बाजा बजाउन लगाएर बालबालिकाहरुलाई सुनाउने र सिकाउन लगाउने ।<br>• सामूहिक रुपमा गीत गाउन सिकाउने ।<br>• पालैपालो गरि बालबालिकाहरुलाई आफूले जानेको गीत गाउन र नाच्न लगाउने ।<br>• बालबालिकाहरुले गीत गाउन सके कनसकेको अवलोकन गरी शिक्षकले गीत गाएर सुनाउने ।<br>• स्थानीय नाचहरुको श्रब्यदृश्य सामग्रीहरु प्रदर्शन गरी पृष्ठपोषण दिने । | • मादल बजाएर सुनाउनुहोस्।<br>• तपाईले जानेको कुनै एक वटा गीत गाएर सुनाउनुहोस् ।<br>• समूहमा गीत गाउँदै पालैपालो गर्दै नाचेर देखाउनुहोस् । | ७ |

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | | | | | २० |
| क. स्थानीय जडिबुटी | • स्थानीय जडिबुटीको नाम बताउन र लेख्न ।<br>• स्थानीय जडिवुटीको महत्व एवं गुण बताउन। | • आफ्नो घरवरपर पाइने जडिबुटीका नामहरु जस्तै: तुलसी, बोजो, मेहंदी, पुदिना, निम र घिउकुमारी आदि।<br>• स्थानीय जडीवुटीहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको नाम सहित पहिचान गर्न सकिने विवरण ।<br>• स्थानीय जडीवुटीहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुणको विवरण । | • आ-आफ्नो घरआँगन वरपर पाइने जडिबुटीका नाम पालैपालो वा समूहगत रुपमा बताउन र टिपोट गर्न लगाउने ।<br>• विद्यालय वरपर रहेको जडिवुटी नमुनाको लागि अवलोकन गर्ने/ गराउने र टिपोट गराउने ।<br>• स्थानीय वैद्यद्वारा स्थानीय जडीवुटीहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुणको बारेमा बताउने र टिपोट गर्न लगाउने ।<br>• छुटेका जडिबुटीका नाम वैद्य तथा शिक्षकले भन्ने र चित्र प्रदर्शन गरी छलफल गरी चिनाउने र पृष्ठपोषण दिने । | • तपाईको घरवरपर पाइने कुनै ४ वटा जडिबुटीका नाम भन्नुहोस् ।<br>• निमको पात खायो भने कस्तो लाग्छ ?<br>• चित्र हेरेर नाम भन्नुहोस् । | १० |
| ख. स्वास्थ्य उपचार | • स्वास्थ्य उपचारबारे बताउन र उपचारको नाम लेख्न ।<br>• स्वास्थ्य उपचारको महत्व बताउन । | • बिरामी भए घर परिवारले उपचार गर्ने ठाउँ जस्तै: स्थानीय मेडिकल, स्वास्थ्य चौकी, झारफुक, गुरुवा तथा वैद्य आदि ।<br>• कुनै पनि रोग लाग्नुभन्दा पहिले रोकथामको महत्व आदि । | • प्रत्येक बालबालिकाहरूलाई आ-आफ्नो घरका सदस्य बिरामी हुँदा उपचार गर्न जाने ठाउँको नाम बताउन लगाउने र टिपोट गर्न पनि लगाउने ।<br>• वैद्यद्वारा स्थानीय उपचारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने ।<br>• प्राथमिक उपचारको लागि स्थानीय स्वास्थ्य चौकी नै सबै भन्दा उत्तम ठाउँ हो भनी पृष्ठपोषण दिने । | • तपाईको घरका मानिसहरु बिरामी हुँदा कहाँ जानुहुन्छ ?<br>• औषधी पाउने पसललाई के भनिन्छ ?<br>• तपाईलाई कुन ठाउँमा उपचार गराउन मन पर्छ ? | १० |
| ५. स्थानीय खेलहरु | | | | | १० |
| क. स्थानीय खेलहरु | • स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्न र उक्त खेलको नाम लेख्न ।<br>• स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन । | • स्थानीय खेलहरु जस्तै: लुकामारी, आसपास, रुमालचोर, घरकुटी, चुंगी गट्टा, कोइली दिदी, गोली, टिपु, लोचिक दण्डा, छुर, कौरी नुकावर र घरबसावर आदि ।<br>• सामुहिक र एकल खेलहरुको विवरण । | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने स्थानीय खेलहरुको सामुहिक छलफलबाट नाम भन्न लगाउने ।<br>• शिक्षकले बालबालिकाहरुले थाहा नपाएको स्थानीय खेलको नाम टिपोट गर्न लगाउने । | • कुनै चार वटा स्थानीय खेलको नाम भन्नुहोस् ।<br>• तपाईलाई कुन खेल मन पर्छ ?<br>• समूहमा साथीहरुसँग मिलेर कुनै खेल्ने खेलको नाम भन्नुहोस् । | १० |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • स्थानीय एकल तथा सामूहिक खेलहरुको विधि र नियमहरुको विवरण । | • शिक्षकले नमुना देखाई साधारण खेलहरु नियम अनुसार खेल्न लगाउने । | • एकल खेलको नाम भन्नुहोस् ।<br>• कुनै एउटा स्थानीय खेलको नियम भन्नुहोस् । | |
| ६. पेशा व्यवसाय र आर्थिक क्रियाकलाप | | | | | २५ |
| क. स्थानीय पेशा व्यवसाय | • आफ्नो र साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन र उक्त व्यवसायको नाम लेख्न ।<br>• स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन । | • घर परिवार तथा छरछिमेकका सदस्यहरुले दैनिक रुपमा गर्ने काम जस्तै :- खेतबारीको काम, सिलाइ बुनाइ, कुखुरापालन, पसल व्यवसाय, डोकाडाला र ढकिया बुन्ने, कपाल काट्ने, पढ्ने पढाउने, चारपाइ वनाउने, नौकरी, फर्निचर वनाउने, मजदुरी गर्ने र वैदेशिक रोजगार गर्ने आदि ।<br>• पेसागत व्यवसायको आर्थिक महत्व जस्तै: घरपरिवारलाई खान लाउन पुग्ने र धन सम्पति बढ्ने विवरण । | • परिवार तथा छरछिमेकका सदस्यले गर्ने दैनिक पेशागत तथा व्यावसायिक क्रियाकलापहरु (काम)बारे छलफल गर्ने गराउने र टिपोट गर्न लगाउने ।<br>• विद्यालय नजिकमा रहेका कुनै एक दुई घरमा अवलोकन गराई त्यहाँका मानिसले गर्ने पेशागत काम बारे टिपोट गर्न लगाउने ।<br>• पेसागत व्यवसायबाट सम्पतिको वृद्धि हुन्छ भनी पृष्ठपोषण दिने ।<br>• विभिन्न पेशा व्यवसाय, झल्किने श्रव्यदृष्य सामग्री प्रदर्शन गर्ने र पृष्ठपोषण दिने । | • तपाईलाई कुन पेसागत व्यवसाय गर्न मन पर्छ ? भन्नुहोस् ।<br>• तपाईको घर परिवारका मानिसले के के पेसा व्यवसाय गर्नुहुन्छ? लेख्नुहोस्।<br>• तपाईको छरछिमेकका मानिसहरुले के के पेसा व्यवसाय गर्नुहुन्छ? लेख्नुहोस् ।<br>• तपाईलाई मन पर्ने पेसा व्यवसायको नाम लेख्नुहोस्।<br>• चित्र देखाएर कामको नाम सोध्ने । | ५ |
| ख. स्थानीय आय आर्जन र क्रियाकलाप | • घर, छरछिमेक तथा गाउँमा आम्दानीमा आउने क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलापको नाम लेख्न ।<br>• आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन । | • घरपरिवार, छरछिमेक तथा साथीका परिवारको सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यवसाय जस्तै: बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला वनाउने, खाट वनाएर बेच्ने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाई बुनाई, डकर्मी र सिकर्मी आदि ।<br>• आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरु जस्तै: घरपरिवारको मानिसले आफूले जानेको क्रियाकलाप र स्रोत साधनको उपलब्धताको विवरण । | • बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला वनाउने, खाट वनाउने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाइ बुनाइ, घर वनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि जस्ता आय आर्जन गर्ने क्रियाकलापहरुको चित्र प्रदर्शन गरि छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• आफ्नो विद्यालय नजिकमा सञ्चालनमा रहेका सामान्य पेसा व्यवसाय जस्तै: सिलाइ बुनाइ र तरकारी खेती जस्ता क्रियाकलापहरुको अवलोकन गराउने र अवलोकन गरिएको क्रियाकलापको नाम टिपोट गर्न लगाउने । | • तपाईलाई कुन क्रियाकलाप गर्न मन पर्छ ?लेख्नुहोस् ।<br>• आयआर्जनका कुनै ४ वटा क्रियाकलापको नाम भन्नुहोस् ?<br>• तपाईको घरपरिवारका मुख्य आयश्रोत के-के हुन ?<br>• तपाईको छरछिमेकका मानिसको मुख्य आयश्रोत के के हुन ? बताउनुहोस् ।<br>• तपाईलाई मन पर्ने आय आर्जन क्रियाकलाप के हो ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • बालबालिकाहरुलाई आफूसँग भएको स्रोत साधनहरुले आयआर्जनको क्रियाकलापको थालनी गर्नुपर्छ भनी पृष्ठपोषण दिने ।<br>• विभिन्न आय आर्जनको पेशा सम्बन्धी श्रव्यदृश्य चित्रहरुको प्रदर्शन गराई बालबालिकाहरुलाई नाम टिप्न लगाउने । | | |
| ग. स्थानीय बजार | • छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिद बिक्री गरिने वस्तुहरुको नाम बताउन र खरिदबिक्री गरिने सामग्रीको नाम लेख्न ।<br>• आफ्नो नजिकै रहेको बजारको नाम बताउन र उक्त वजारको नाम लेख्न ।<br>• स्थानीय वजारको महत्वबारे बताउन । | • आफ्नो तथा साथीको घरमा उत्पादन हुने र बजारबाट पाइने वस्तुहरुको खरिद बिक्रीको विवरण ।<br>• स्थानीय बजार जस्तैः बौनिया बजार, मुडाबजार, पृथ्वीपुर वजार, कोइलीभुरुवा बजार र सिमरी बजारको अवस्थिति आदिको विवरण ।<br>• स्थानीय बजारको महत्व जस्तैः चाहिएको वेलामा खरिद बिक्री गर्न सकिने, आफूलाई चाहिएको बस्तु किन्न सकिने र समय भित्रै औजारहरुको मर्मत सम्भार गर्न गराउन सकिने आदिको विवरण । | • बालबालिकाहरुको आफ्नो तथा साथीको घरबाट खरिद बिक्री गरिने सामग्रीको नाम पालैपालो भन्न र टिपोट गर्न लगाउने ।<br>• बालबालिकाहरुलाई घरमा उत्पादन हुने सामग्रीहरुको नाम पालैपालो नाम भन्न र टिपोट गर्न लगाउने ।<br>• स्थानीय वजारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने ।<br>• बालबालिकाहरुको घर वा नजिकैको गाउँ वा वजारमा रहेको हाटबजार तथा बजार अवलोकन गराउने र टिपोट गर्न लगाउने । | • तपाईलाई कहाँको वजार जान-मन लाग्छ ?<br>• तपाई त्यो बजारबाट के के किन्नुहुन्छ ?<br>• वजारमा खरिद गरिने सामग्रीहरुको नाम लेख्नुहोस् ।<br>• वजारमा के के चिज विक्री गरिन्छ ? बताउनुहोस् ।<br>• तपाईले देखेको हाटबजार कहिले कहिले लाग्दछ ? | ५ |
| घ. पेसागत ज्ञान र सीप | • कृषि पेसासँग सम्बन्धित क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलाप सञ्चालन गर्ने ज्ञान सीपको नाम लेख्न ।<br>• आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन । | • पेसागत ज्ञान र सीप जस्तैः ढकिया नुइया बुन्न, पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई भैसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदिको विवरण ।<br>• खेतीबारीमा लगाइएको बालिनाली तथा फसल राम्रो उब्जाउ गर्न जस्तैः पानी हाल्ने, मल हाल्ने, फसलमा रोग तथा कीरा लागेमा औषधी छर्ने आदि । | • बालबालिकाहरुको घरका मानिसहरुले पेसागत ज्ञान र सीपवारे समूहगत रुपमा छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• पेसागत पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई भैसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदि के कसरी उत्पादन गरिन्छ भनी छलफल गर्ने र टिपोट गर्न लगाउने । | • तपाईको बारीमा रोपिएको तरकारी सुक्न लाग्यो भने तपाईले के गर्नुहुन्छ ?<br>• तपाईको बारीमा के के फलहरु फल्छन् ? खेतमा के के रोप्नुहुन्छ ?<br>• तपाईको घरमा के पालन गरिन्छ ? भन्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • पालिएको गाई, भैंसी, भेंडा, बाखा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा समयमै औषधीको प्रयोग आदिको विवरण ।<br>• घरपरिवारको र छरछिमेकीको पेसागत ज्ञान र सीप भएमा त्यसको महत्व जस्तै : आफ्नो सामान बिग्रियो भने मर्मत सम्भार गर्न गराउन सजिलो, कम खर्चिलो, स्थानीय स्रोत साधनको प्रयोग, खेतवारीमा कुनबेलामा मल हाल्ने, औषधी हाल्ने आदिको विवरण । | • खेतवारीमा लगाइएको बालिनाली तथा फसल राम्रो उब्जाउ गर्न कुन ज्ञान र सीपको आवश्यक पर्छ भनी पृष्ठपोषण दिने र टिपोट गर्न लगाउने ।<br>• पेसागत सीप र ज्ञानको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• पालिएको गाई, भैंसी, भेंडा, बाखा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा के के गर्नु पर्छ भनी टिपोट गर्न लगाउने । | • तपाईको साथीको घरका मानिसले के के पालन गर्नु ? भन्नुहोस् । | |
| ङ. उद्योग | • आफ्नो विद्यालय, गाउँपालिका नजिक रहेका उद्योगको नाम बताउन र उक्त उद्योगको नाम लेख्न ।<br>• स्थानीय उद्योगको महत्व बताउन । | • विद्यालय, बर्दगोरिया गाउँपालिकामा रहेका साना तथा ठुला उद्योग जस्तै दुधडेरी, पाउरोटी, ईंटा उद्योग र केसर उद्योग आदि ।<br>• स्थानीय स्तरमा रहेको उद्योगहरुको महत्व जस्तै: रोजगारी पाउने, आयआर्जनको स्रोतमा बृद्धि हुने र स्थानीय उद्योगबाट उत्पादित बस्तु सहुलियत दरभाउमा उपलब्ध हुने आदि । | • बालबालिकाहरुलाई पालैपालो आफ्नो गाउँघरमा भएका साना उद्योगको नाम बताउन लगाउने र पृष्ठपोषण दिँदै टिपोट गर्न लगाउने ।<br>• स्थानीय उद्योगहरुको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• नजिकै रहेका उद्योगहरुको अवलोकन भ्रमण गराउने र अवलोकन गरिएको वस्तुहरुको नाम टिपोट गर्न लगाउने । | • तपाईलाई मन पर्ने उद्योगको नाम बताउनुहोस् र लेखेर देखाउनुहोस् ।<br>• तपाईको गाउँघरमा सबै भन्दा राम्रो उद्योग कुन हो? नाम बताउनुहोस् ।<br>• आजकल तपाईको गाउँमा रहेको उद्योगले के उत्पादन गर्छ ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय पर्यटन | | | | | १० |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको महत्व बताउन ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको महत्व बताउन । | • बर्दगोरिया गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तै: बर्दगोरिया मन्दिर, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनिया धाम), ठाकुरद्वारा नहर, झरझरिया बाँध र उताह ताल आदिको विवरण ।<br>• घोडाघोडी ताल तथा मन्दिर, कर्णाली नदी तथा पुल, आम पानीको झरना र चिडिया ताल आदिको विवरण । | • शिक्षकले पोष्टर प्रदर्शन गर्ने ।<br>• पोष्टर पहिचान गराउने ।<br>• स्थानीय तह र छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको पहिचान गराउने ।<br>• यिनीहरुको बारेमा बालबालिकाहरुलाई जानकारी भए नभएको छलफल गर्ने र पर्यटकीय स्थलहरुको नाम लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको महत्वका बारेमा सूची वनाई प्रदर्शन गर्ने र छलफल गर्ने । | • स्थानीय तह (बर्दगोरिया गा.पा.) भित्रका कुन कुन पर्यटकीय स्थलमा भ्रमण गर्नुभएको छ, नाम बताउनुहोस् र लेखेर देखाउनुहोस् ।<br>• पोष्टर प्रदर्शन गरि नाम भन्नुहोस् र लेख्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको कुनै २ वटा महत्व उल्लेख गर्नुहोस् । | १० |
| ८. विपद् व्यवस्थापन | | | | १० | |
| क.विपद् व्यवस्थापन | • विपद्बाट बच्ने सामान्य उपायहरुको सूची तयार गर्न । | • प्राकृतिक तथा मानव निर्मित विपद् जस्तै: बाढी,पहिरो, भू-क्षय, आगलागी, भू-कम्प, चट्याङ, ज्वालामुखी, असिना, सडक दुर्घटना, सरुवा रोगको महामारी (कोभिड- १९), जङ्गली जीवजन्तुको आक्रमण, सर्पको टोकाइ र विद्युतीय करेन्ट लाग्ने आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रश्नोत्तर गर्ने ।<br>• पोष्टरमा भएका चित्रहरुको पहिचान गर्न लगाउने ।<br>• विभिन्न विपद्हरुका बारेमा थप जानकारी गराउने र बच्ने उपायको सूची तयार पारी प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• विभिन्न विपद्हरुको नाम लेख्न लगाउने । | • हालसम्म तपाई कुन कुन विपद्मा पर्नु भएको छ नाम बताउनुहोस् र लेखेर देखाउनुहोस् ।<br>• विपद् उल्लेख भएका पोष्टरलाई प्रदर्शन गरी उक्त चित्र कुन विपतसँग सम्बन्धित छ ? उल्लेख गर्नुहोस् ।<br>• विपद्बाट बच्ने कुनै ४ वटा उपायहरु भन्नुहोस् । | १० |
| ९. स्थानीय प्रविधि र ऊर्जा | | | | | १० |
| क. स्थानीय प्रविधि | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम र प्रयोग क्षेत्रबारे बताउन ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम र प्रयोग क्षेत्रबारे बताउन । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तै: ढिकी, जाँतो, मिल (कुट्ने, पिस्ने र पेल्ने), चर्खा, कोलु, तथा कागती पेल्ने कोल्हु आदिको विवरण । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरि पहिचान गर्न लगाउने र लेख्न लगाउने ।<br>• स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको विभिन्न परम्परागत प्रयोग र उपयोग क्षेत्र पहिचान गर्न लगाई छलफल गर्ने । | • तपाईले जानेको र देखेको स्थानीय प्रविधिको नाम बताउनुहोस् र लेखेर देखाउनुहोस् ।<br>• चित्रहरु प्रदर्शन गरी उक्त चित्रमा भएका प्रविधिहरुको नाम भन्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तैः मिक्सचर(मसला पिस्ने, मास पिस्ने र जुस वनाउने),कागती पेल्ने मेसिन, ऊखु पेल्ने हाते मेसिन,कपास फिट्ने मेसिन,कम्प्युटर, मोबाइल, ल्यापटप र क्याल्कुलेटर आदिको विवरण । | • आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको विभिन्न परम्परागत प्रयोग र उपयोग क्षेत्र पहिचान गर्न लगाई छलफल गर्ने । | • कुनै ४ वटा प्रविधिको प्रयोग क्षेत्र भन्नुहोस् ? र तालिकामा भएका प्रविधिको प्रयोग क्षेत्रको सूची बनाउनुहोस् । | |
| ख.. स्थानीय ऊर्जा | • स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरु पहिचान गर्न र उपयोग क्षेत्रबारे बताउन । | • स्थानीय ऊर्जाको स्रोत तथा सामग्रीहरु जस्तैः भूसीचूलो, सुधारिएको चूलो, सौर्य ऊर्जा, गोबर गुँइठा, गोबर ग्याँस, दाउरा, मट्टी तेल र विजुली आदि । | • स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको सूची वनाई नाम भन्न लगाउने र लेख्न लगाउने ।<br>• स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरि पहिचान गर्न लगाउने र लेख्न लगाउने ।<br>• स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको प्रयोग र उपयोग क्षेत्र पहिचान गर्न लगाई छलफल गर्ने । | • स्थानीय ऊर्जाका स्रोत र सामग्रीहरुको सूची बताउन लगाउने ।<br>• स्थानीय ऊर्जाका स्रोत र सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरि नाम बताउन लगाउने ।<br>• स्थानीय ऊर्जाका स्रोत र सामग्रीहरुको प्रयोग र उपयोग क्षेत्रहरु बताउन लगाउने । | ५ |

## ७.४ कक्षा ४: विषयवस्तुको विस्तृतीकरण

वार्षिक कार्यघण्टा १२८

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, इतिहास, संस्कृति र सांस्कृतिक सम्पदा | | | | | ३२ |
| क. हाम्रो भाषा | • आफ्नो मातृभाषाको महत्व बताउन । | • मातृभाषाहरु जस्तै: थारू (राना, कठरिया, पूर्विया), अछामी, खस, मैथली, मगर खाम भाषा र नेपाली, डोटेली आदि । | • हरेक बालबालिकाहरूलाई कुनै विषयमा आ-आफ्नो मातृभाषाबारे समूहगत रुपमा छलफल गर्ने ।<br>• स्थानीय भाषा विज्ञद्वारा स्थानीय भाषा सम्बन्धी छलफल गर्ने गराउने ।<br>• मातृभाषाका शब्दहरुको अर्थ बताउने ।<br>• मातृभाषामा चिठ्ठीपत्र लेख्न सिकाउने ।<br>• बालबालिकाहरूलाई मातृभाषामा गीत गाएर नाच्न लगाउने । | • भाषा के हो ?<br>• भाषाले के पहिचान गराउदछ ?<br>• तपाईले बोल्ने भाषा तपाईलाई कस्तो लाग्छ ?<br>• तल दिएको मातृभाषाका शब्दहरुको अर्थ बताउनुहोस् ।<br>क. बलगर<br>ख. दरगर<br>ग. रबरार<br>घ. उठी<br>ङ. भन्या त हो<br>च. हपुरो | ४ |
| ख. हाम्रो संस्कृति | • स्थानीय धर्म संस्कृतिको महत्व बताउन । | • स्थानीय धार्मिक संस्कृतिहरु जस्तै: थारू जातिहरुको संस्कृतिमा उदाहरुणको लागि धान रोपाईं गरिसकेपछि भदौ महिनाभरि स्थानीय नाचगान गर्ने, थारू पोष्ता आदि र डोटेलीहरुको संस्कृतिमा बंशज पत्र आदि, अछामीहरुको संस्कृतिमा विशेष मेलाहरु, दैलेखीहरुको संस्कृतिमा विशेष मेलाहरु आदि । | • बालबालिकाहरुलाई आ-आफ्नो संस्कृतिबारे बताउन लगाउने ।<br>• समूहगत रुपमा बालवालिकाहरुसँग उनीहरुको संस्कृतिबारे छलफल गर्ने र पृष्ठपोषण दिने ।<br>• बालबालिकाहरुसँग सामुहिक रुपमा उनीहरुको संस्कृतिको सामाजिक महत्ववारे छलफल गर्ने । | • संस्कृति भनेको के हो ? बताउनुहोस् ।<br>• समाजमा धार्मिक संस्कृतिले के गर्छ ? बताउनुहोस् ।<br>• संस्कृतिको सामाजिक महत्व के छ ? बताउनुहोस् । | ४ |
| ग. हाम्रो संस्कार र रहनसहन | • आफ्नो घरपरिवार एवं छरछिमेकमा मनाइने प्रमुख संस्कारहरुको बारेमा बताउन ।<br>• संस्कारको परिचय बताउन ।<br>• प्रमुख संस्कारहरुमा गाइने गीत भजन किर्तन आदि बताउन । | • घरपरिवार छरछिमेकमा मनाइने संस्कारहरु जस्तै: नामाकरण संस्कार, जन्मोत्सव संस्कार अन्नप्रासन संस्कार, उपनयन संस्कार (ब्रतवन्ध), विवाह संस्कार अन्तेष्टि संस्कार आदिको विवरण ।<br>• संस्कारको सामान्य परिचय । | • आफ्नो घरपरिवार एवं छरछिमेकमा मनाउने प्रमुख संस्कारहरुको वारेमा बालबालिकाहरुलाई भन्न लगाउने ।<br>• प्रस्तुत भएका बुँदाहरुलाई टिपोट गर्ने र प्रस्ट पार्ने । | • तपाईको घरमा मनाइने संस्कारको नाम बताउनुहोस् ?<br>• तपाईको घरमा मनाइने संस्कारको परिचय दिनुहोस्।<br>• माँगर गीत गाउनुहोस् ।देवीदेवताहरुसँग सम्बन्धित गाइने गीत गाउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
| --- | --- | --- | --- | --- | --- |
| | | • जन्म संस्कार र विवाह संस्कारमा गाइने माँगर (मागल) गीत ।<br>• प्रमुख संस्कारहरुसँग सम्बन्धित देवी देवताहरुको स्तुति गीतहरु । | • स्थानीय थारू लगायत विभिन्न जातजातिहरु तथा ब्राम्हणको संस्कारहरुको बोरमा छुट्टाछुट्टै विज्ञहरुद्वारा छलफल गर्ने ।<br>• संस्कारसँग सम्बन्धित गीतहरु गीत गाएर बालबालिकाहरुलाई सुनाउने र सँगै उक्त गीत गाउन लगाउने ।<br>• आवश्यक परेमा गीत र भजन किर्तनका श्रव्य दृश्यको सामग्री अवलोकन गराउने । | | |
| घ. हाम्रो मूल्य मान्यता | • आफ्नो धार्मिक मूल्य मान्यताको बारेमा बताउन । | • आफ्नो घरपरिवारमा मूल्य मान्यताबारे जानकारी जस्तैः थारू जातिमा जेठाजु र भाइ बुहारी छोइएमा नुहाउने वा सुनपानीले चोखो हुने आदि ।<br>• धार्मिक मूल्यमान्यता जस्तैः धर्मको बारेमा सामान्य जानकारी, सामाजिक जीवन, धार्मिक अवस्था, भाषा, धर्म, साहित्य, कला, दर्शन, परिवारको जीवनशैली, बोलीचाली, भेषभूषा, खानपान, पहिरन, हिंडाइ, बसाइ, घरपरिवारका सदस्यहरुको आचारव्यवहार आदि ।<br>• धर्म संस्कृति जस्तैः अतिथि देवो भवः, मातृदेवो भवः, पितृ देवो भवः र गुरुदेवो भवः जस्ता मूल्य मान्यताको विवरण । | • आफ्नो घरपरिवारको रहनसहन, आचार व्यवहारका बारेमा भन्न लगाउने ।<br>• बालबालिकाहरुद्वारा प्रस्तुत गरिएको विषयहरु टिपोट गरि छलफल गर्ने ।<br>• आमाबावु, अतिथि र गुरुप्रति गरिने व्यवहारको बारेमा भन्न लगाउने ।<br>• बालबालिकाहरुद्वारा प्रस्तुत गरिएको विषयहरु टिपोट गरि छलफल गर्ने ।<br>• बालबालिकाहरुलाई कुनै मूल्य मान्यता सम्बन्धी अभिनय गर्न लगाउने । | • तपाईले मान्ने धर्म के हो ?<br>• संस्कृति भित्र के के पर्दछन्?<br>• अतिथीलाई के गर्नु पर्छ ?<br>• आमाबुवालाई के मान्नु पर्छ?<br>• गुरुलाई के गर्नु पर्छ ? | ४ |
| ङ. हाम्रा चाडपर्व | • स्थानीय चाडपर्वहरूको नाम बताउन र त्यसको महत्व बताउन । | • स्थानीय चाडपर्वहरू जस्तैः माघी, अट्वारी ब्रत, श्रीकृष्ण जन्माष्टमी ब्रत, अनट्टा (अनन्त) ब्रत, गौरा, लवाङ्गी पूजा, गुरही, हरेरी पूजा, चिरै, भजहर, ओल्के र बिसु आदि । | • समूहगत रुपमा मनाइने चाडपर्वहरुको नाम र महत्व बताउन लगाउने ।<br>• विभिन्न चाडपर्वहरुको चित्र प्रदर्शन गरि चित्रमा देखाइए अनुसार अभ्यास गर्न लगाउने ।<br>• समूहगत रुपमा कुनै चाडपर्व मनाउँदा त्यो बेलाको अभिनय गर्न लगाउने । | • चडपर्व भनेको के हो ? बताउनुहोस् ।<br>• कुन चाडपर्वमा के गरिन्छ ? बताउनुहोस् ।<br>• स्थानीय चाडपर्वहरूको महत्व बताउन लगाउने । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| च. सांस्कृतिक सम्पदा | • आफ्नो समुदायमा रहेको सांस्कृतिक सम्पदाहरूको नाम बताउन र लेख्न । | • स्थानीय सांस्कृतिक सम्पदाहरु जस्तैः गाउँबस्तीको साझा देवधाम र विभिन्न मन्दिरहरु, चर्च, गुम्बा आदि । | • स्थानीय सांस्कृतिक सम्पदाहरुमा समूह छलफल गर्न लगाउने ।<br>• समूहगत रुपमा चित्र प्रदर्शन गर्ने र मन्दिरको नाम भन्ने ।<br>• श्रव्यदृश्य सामग्रीहरुको प्रदर्शन गर्ने । | • चित्र हेरी मन्दिर, मस्जिद, चर्च र गुम्बा चिन्न लगाउने ।<br>• बिद्यालय नजिकमा रहेको मन्दिर, मस्जिद आदिको भ्रमण अवलोकन गराउने र पृष्ठपोषण दिने । | ४ |
| छ. हाम्रो इतिहास | • बर्दगोरिया गाउँपालिकाको सरकार संरचनाको सामान्य परिचय बताउन ।<br>• बर्दगोरिया गाउँपालिकाको शैक्षिक गतिविधिहरुबारे सामान्य परिचय बताउन । | • बर्दगोरिया गाउँपालिकाको सरकारी संरचनाको विवरण ।<br>• बर्दगोरिया गाउँपालिकाको शैक्षिक गतिविधिको सामान्य विवरण । | • बर्दगोरिया गाउँपालिकाको सरकारी संरचनाको तालिका प्रदर्शन गरि बताउन लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको सरकारी संरचनाको तालिका प्रदर्शन गरी हरेक पदको मुख्य पदीय जिम्मेवारी बताउने ।<br>• बालबालिकाहरुले पहिचान गर्न नसकेको पदबारे शिक्षकले बताउने र टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको शैक्षिक गतिविधिबारे छलफल गर्ने । | • बर्दगोरिया गाउँपालिकाको सरकारी संरचना गाउँपालिको अध्यक्षको पद कुन धाममा रहेको छ ? बताउन लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको विद्यालगहरुमा कुन कुन शैक्षिक गतिविधिहरु गरिन्छ ? बताउन लगाउने । | ४ |
| ज. सामाजिक सङ्घ संस्थाहरू | • सामाजिक सङ्घ संस्थाहरूको नाम र परिचय बताउन । | • सामाजिक सङ्घ संस्थाहरू जस्तैः भलमन्सा, चिराकी, सोरहिनिया, गुरुवा/बैद्य, केसौका, सखी/गोही, महिला समूह र बाल क्लब आदि ।<br>• सामाजिक सङ्घसंस्थाहरु जस्तैः बर्दगोरिया संरक्षण तथा विकास मञ्च, नेपाल रेडक्रस सोसाईटी, शिक्षक/कर्मचारीका सङ्घ, संगठन, महासङ्घ आदि ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाको विवरण । | • समूहगत रुपमा चित्र प्रदर्शन गर्ने र पृष्ठपोषण दिदै टिपोट गर्न लगाउने ।<br>• स्थानीय सङ्घ संस्थाहरुको बारेमा बताउन लगाउने र संस्थाको परिचय सोध्ने साथै छलफल पनि गर्ने ।<br>• संस्थाहरुको बारेमा थप जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• सामाजिक सङ्घसंस्थाहरुको कामबारे छलफल गर्ने र पृष्ठपोषण दिने ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाको बारेमा छलफल गर्ने । | • सामाजिक सङ्घ संस्थाहरूको कुनै २ संस्थाको नाम र परिचय बताउनुहोस् ।<br>• तपाईको गाउँको भलमन्सा, गुरुवा, चिरकिया, केसौका, सोरहिनिया, मुखिया आदिको नाम भन्नुहोस् ।<br>• तपाईको गाउँघरमा काम गरिरहेको संस्थाको नाम के हो र त्यस संस्थाले के गर्छ?<br>• तपाईलाई नेपाल रेडक्रस सोसाईटीबारे के थाहा छ बताउनुहोस् ?<br>• आमा समूह के हो ? बताउनुहोस् ।<br>• महिला स्वास्थ्य स्वयंसेविका को हुन ? बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| २. हाम्रो भूगोल र प्राकृतिक सम्पदा | | | | | २० |
| क. हाम्रो भूगोल | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक अवस्थिति त्यसको परिचय बताउन ।<br>• नक्सामा गाउँपालिकाको नक्सामा देखाइएको ताल, नदीहरू देखाउन र नदीहरुको महत्व बताउन।<br>• स्थानीय स्तरमा रहेका सडकको नाम बताउन र गाउँदेखि नजिक रहेको सडकको दुरी र ती सडकहरुको महत्व बताउन ।<br>• गाउँदेखि नजिक रहेको सडकको दुरी र जिल्ला सदरमुकामसम्मको सडक र दुरी बताउन । | • गाउँपालिकाको नक्सा र भौगोलिक स्थिति देखाउने र सामान्य विवरण ।<br>• गाउँपालिकामा रहेका ताल, नदीहरू आदिको स्थिति र महत्वबारे जानकारी दिने विवरण ।<br>• जिल्ला सदरमुकाम,गाउँपालिकाको दुरी, नक्सा र सीमानामा पर्ने अन्य गाउँपालिका र नगरपालिकाहरूको नाम र त्यसको स्थितिको विवरण ।<br>• गाउँपालिकाको रेखाङ्कित नक्सा र गाउँपालिकाको वडाहरू देखाई प्राकृतिक अवस्थाको विवरण ।<br>• गाउँ र विद्यालयदेखि नजिकको सडक र त्यहाँ सम्मको अनुमानित दुरी ।<br>• गाउँदेखि जिल्ला सदरमुकामसम्मको सडक तथा दुरी । | • बर्दगोरिया गाउँपालिकाको नक्सा देखाएर गाउँ बस्ती, भौगोलिक स्वरूप र भूभाग बारे छलफल गर्ने ।<br>• नक्सामा प्रत्येक वडा चिन्न लगाउने र प्राकृतिक महत्वबारे छलफल गर्ने ।<br>• गाउँपालिकाको चारैतिर पर्ने सिमाना, अन्य पालिका र नगरपालिका, जिल्ला बारे छलफल गराउने ।<br>• गाउँपालिका र आफ्नो गाउँको नक्सा कोर्न लगाउने र सुधार गरिदिने ।<br>• बालबालिकाहरुलाई नक्सा कोर्न लगाई आफ्नो घर, विद्यालय, स्थानीय सदरमुकाम जाने बाटो देखाइदुरी अनुमान गर्न लगाउने ।<br>• सदरमुकामसम्मको सडक तथा दुरी अनुमान गर्न लगाई छलफल गर्ने । | • गाउँपालिकाको नाम, आफू बसेको वडाको कार्यालय रहेको धामको नाम बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकामा स्थित कुनै २ वटा नदी र तालहरुको महत्व बताउनुहोस् ।<br>• आफ्नो गाउँपालिकाको क्षेत्रफल र सीमानामा पर्ने अन्य पालिकाको नाम बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक स्वरूपबारे बताउनुहोस् ।<br>• जिल्ला सदरमुकामको नाम र गाउँबाट सदरमुकाम जोड्ने सडकको दुरी बताउनुहोस् ।<br>• गाउँपालिकाको नक्सा कोरी आफू बसेको वडा देखाउनुहोस् । | ४ |
| ख. हावापानी र मौसम | • सामान्य रुपमा मौसमको परिचय र त्यसको प्रभाव बताउन ।<br>• गर्मी र जाडो महिनाको विशेषता र ऋतुको नाम बताउन। | • आफ्नो घर परिवार, समुदायमा मौसमअनुसार लगाइने खेतीपातीको नामको सूची ।<br>• महिनाको नाम सहित ऋतुहरुको विवरण ।<br>• गर्मी र जाडो महिनामा हावापानी र मौसमको भिन्नता तथा असरको विवरण । | • बालबालिकाहरूलाई घरपरिवार,गाउँका मानिसहरूले गर्मी र जाडो महिनामा लगाइने खेतीपातीको नाम सोध्ने र बालीनालीको अवस्थाबारे बताउन लगाउने ।<br>• सामान्य मौसमबारे छलफल गर्ने ।<br>• गर्मी र जाडो महिनामा देखिने हावापानी र मौसममा भिन्नताको सूची बनाइ छलफल गर्ने । | • गर्मी र जाडो महिनामा लगाइने खेतीपातीको नाम बताउनुहोस् र तिनको अवस्था पनि बताउनुहोस् ।<br>• महिना र ऋतुको नाम बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ग. प्राकृतिक सम्पदा | • स्थानीय वनस्पति र वन्यजन्तुको परिचय र महत्व बताउन । | • स्थानीय जङ्गलमा र बगैचामा पाइने फलफुल तथा बोटबिरूवाहरू: आँप, कागती, साल, सिसौ, खयर, निम, तुलसी, सिमल, बाँस, बेत, केरा, वर, पीपल आदिको विवरण र महत्वको विवरण ।<br>• वन्यजन्तुहरू : बँदेल, बाघ, चितुवा, निल गाई, बाँदर, लोखर्के, न्याउरी, चितल, जरायो, खरायो, हात्ती आदिको सचित्र विवरण र महत्व साथै वातावरणमा असरबारे विवरण । | • स्थानीय गाउँ तथा जङ्गल वरपर अवलोकन भ्रमण गराई बोटबिरूवाहरूको सूची प्रस्तुत गर्ने, चित्रहरू देखाउने र ती बोटबिरूवाको परिचय र महत्व बताउने ।<br>• स्थानीय वनजङ्गलमा पाइने वन्यजन्तुको चित्र देखाउने, सूची प्रस्तुत गर्न लगाउने र वातावरणमा पार्ने असरबारे बताउने ।<br>• स्थानीय जङ्गलमा पाइने प्रमुख जनावरहरू, चराचुरूङ्गी, बोटबिरूवाबारे स्थानीय विज्ञहरूको उपस्थितिमा विद्यार्थीहरूबीच छलफल गराउने । | • अवलोकन भ्रमण गर्दा देखेका बोटबिरूवाहरूको सूची वनाऊ ।<br>• गाउँ नजिकको जङ्गलमा पाइने वन्यजन्तुको सूची वनाई कुनै ४ वटा वन्यजन्तुको नामको परिचय तथा महत्व बताउनुहोस् ।<br>• स्थानीय जङ्गलमा पाइने ५ वटा बोटबिरूवाहरूको सूची वनाइ तिनीहरूको परिचय सहित महत्व बताउनुहोस् । | ४ |
| घ. वन र वातावरण संरक्षण | • वातावरण संरक्षणमा सहभागिता जनाउन ।<br>• गाउँघर र साथीको गाउँ नजिकमा रहेको सामुदायिक वनको नाम र महत्व बताउन । | • प्राकृतिक सम्पदाहरूको संरक्षण : वृक्षारोपण, वारवन्देज, पर्खाल, सरसफाइ, भू-क्षय, बाढीपहिरोबाट जगेर्ना र संरक्षण आदि ।<br>• आ-आफ्नो खेतवारीमा फलफुल एवं डालेघाँस र वृक्षारोपण गर्ने विवरण ।<br>• सरकारी वन र सामुदायिक वनमा वृक्षारोपण गर्ने विवरण । | • स्थानीय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाहरूको सूची वनाई तिनीहरूको महत्व र संरक्षणबारे छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई आफ्नो विद्यालय वरिपरि भ्रमण गराई विद्यालय हाता सफा गर्न लगाउने ।<br>• कक्षा कोठाको फोहोर व्यवस्थित गर्न दैनिक सफा गर्ने र फोहोर कम गर्न प्रोत्साहन गर्ने ।<br>• हरेक वर्ष जुन ४ तारिखका दिन विश्व वातावरण दिवस वनाउन लगाउने ।<br>• फोहोरले मानव स्वास्थ्यमा पार्न सक्ने असरहरूका बारेमा छलफल गर्ने । | • प्राकृतिक सम्पदाहरूको संरक्षण किन गर्नु पर्छ ?<br>• हामीले आफ्नो विद्यालय तथा घर किन सफा राख्नु पर्छ ?<br>• फोहोरले मानव स्वास्थ्यमा कस्तो असर पर्छ ?<br>• पानीका मुहान किन सफा राख्नु पर्छ ?<br>• वातावरण संरक्षणबारे बताउनुहोस् ।<br>• तपाई विद्यालयको धारा, चौर, कोठा र शौचालय कसरी सफा गर्नुहुन्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ङ. स्थानीय नदी र तालहरु | • स्थानीय नदी, तालको महत्व र पानीकाअन्य मुहानहरू र त्यसको महत्व बताउन । | • आफू बसेको ठाउँ वरपर समुदायमा रहेका ताल, नदीको चित्र, नामको सूची, परिभाषा, धाम, स्थानीय प्राकृतिक सम्पदाहरू नदी, ताल, आदिको महत्वको विवरण ।<br>• मुहान, वर्षाको पानी, पोखरी, कुवा र जरूवा आदि । | • बालबालिकाहरूलाई स्थानीय क्षेत्रको भ्रमण गराइ त्यहाँ रहेका ताल, नदी आदिको सूची वनाइ छलफल गर्ने र महत्व पनि बताउने ।<br>• स्थानीय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाहरूको सूची वनाइ तिनीहरूबारे छलफल गर्दै महत्व पनि बताउने ।<br>• स्थानीय तालहरुको महत्ववारे छलफल गर्ने । | • आफ्नो गाँउ वरपर रहेका कुनै ४ वटा जल सम्पदाहरूको सूची बनाई त्यसको महत्वबारे भन्नुहोस् ।<br>• पानीका अन्य स्रोतहरूको महत्व बताउनुहोस् ।<br>• पानीको मुहानवारे बताउनुहोस् । | ४ |
| ३. हाम्रो कला र सङ्गीत | | | | | १५ |
| क. हाम्रो कला | • आफ्नो कलाको महत्व बताउन ।<br>• स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम र प्रयोग बताउन ।<br>• मुग्रहवा नाच, कठघोरी नाच, सखिया नाच लगायत अन्य नाचहरुमा प्रयोग गरिने नाँचका सामग्रीहरुको प्रयोगबारे बताउन । | • स्थानीय कलामा आधारित घरायसी साम्रगीहरु जस्तै: हलो, जुवा, किलवाही, हेंगा/पटेला, सरावन, कोल्हु, जाँतो, सुप्पा ( नाम्लों), डेला, छिट्वा, ढकिया, नुइया, पन्छोप्ना, भौका/भौकी, डेलवा, डिलिया, सेउखा, हेल्का, सेउखा, गेड्ली, टापी, जाल, महाजाल, बल्छी, मचान (अटुवा) खैलर, टिक्ठी, मचिया, खटोली, छतरी, पिस्तुर र डोको आदि ।<br>• कलामा आधारित स्थानीय नाचहरु र ती नाँचहरुमा प्रयोग गरिने सामग्रीहरुको प्रगोगको विवरण । | • बालबालिकाहरुले चिनेको र जानेको कलाका सामग्रीहरुको नाम सहित त्यसको प्रयोगबारे बताउन लगाउने ।<br>• स्थानीय स्तरमा पाईने कलामा आधारित सामग्रीहरुको चित्रहरु देखाउदै उक्त सामगीहरुको स्थानीय नाम र त्यसको प्रयोगबारे सोध्ने र बताउने ।<br>• बालवालिकाहरुले उनीहरुले नचिनेको र नाम नजानेको सामग्रीहरुको नाम स्पष्ट पारी दिने ।<br>• कलामा आधारित स्थानीय नाँचहरुमा प्रयोग गरिने सामग्रीहरुबारे छलफल गर्ने ।<br>• स्थानीय नाँचको अभ्यास गर्न लगाउने । | • तपाईको घरमा र तपाईको साथीको घरमा देखेको कुनै ५ सामग्री को नाम र त्यसको प्रयोगबारे बताउनुहोस् ।<br>• डोको के गर्न काम लाग्छ ?<br>• भौका के गर्न काम लाग्छ ?<br>• मुग्रहवा नाच र कठघोरी नाचमा प्रयोग गरिने सामग्रीको नाम बताउनुहोस् । | ८ |
| ख. हाम्रो गीत सङ्गीत | • सामान्य रुपमा स्थानीय गीत लय मिलाएर गाउन सक्ने । | • स्थानीय बाजाहरु जस्तै: मादल, डफ, मञ्जिरा, झ्याल कस्तार, बाँसुरी, ढोल, ढोलक, टिम्की, तबला र सारङ्गी आदिको विवरण । | • बालवालिकाहरुलाई मादल बजाएर सुनाउने ।<br>• बाँसुरी बजाएर सुनाउने ।<br>• मादल बजाउन सिकाउने ।<br>• बाँसुरी बजाउन सिकाउने । | • मादल बजाएर सुनाउनुहोस्।<br>• बाँसुरी बजाएर सुनाउनुहोस्<br>• तपाईले जानेको कुनै एक वटा गीत गाएर सुनाउनुहोस् । | ७ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • स्थानीय गीतसँगै प्रयोग गरिने बाजा र नाच्ने विधिबारे बताउन र नाच्न पनि सक्ने ।<br>• स्थानीय गीत गाउदै सामान्य रुपमा नाच्न जान्ने । | • स्थानीय गीतहरु जस्तैः डफको गीत, पहपट गीत, सजना, माँगर, मैना, गैया बेह्रना गीत, कृष्ण जन्माष्टमी गीत, स-साना नानीहरुलाई फुल्याउने गीत ( जस्तैः जोनु मामा.......), दिन नचवा गीत, अधरतिया गीत, भिन्सहरीया गीत, कठ्घोडी गीत, रामभुमर गीत, सुमराती गीत, भजन किर्तन अध्यात्मिक गीत, आरती गीत, दोहोरी लोक गीत र तीजको गीत आदि । | • सामूहिक रुपमा गीत गाउन सिकाउने ।<br>• पालैपालो गरि बालवालिकाहरु आफूले जानेको गीत गाउन र नाच्न लगाउने ।<br>• बालवालिकाहरुले जानेको र नजानेको गीत शिक्षकले गाएर सुनाउने ।<br>• स्थानीय नाचहरुको श्रब्य-दृश्य चित्रहरु प्रदर्शन गरि पृष्ठपोषण दिने । | • समूहमा गीत गाउँदै पालैपालो गर्दै नाचेर देखाउनुहोस् । | |
| ४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | | | | | १५ |
| क. स्थानीय जडिबुटी | • स्थानीय जडिबुटीको नाम बताउनर लेख्न ।<br>• स्थानीय जडिवुटीको महत्व एवं गुण बताउन ।<br>• स्थानीय जडीवुटीको सामान्य प्रयोग विधि बताउन । | • आफ्नो घरवरपर पाइने जडिबुटीका नामहरु जस्तैः तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदि ।<br>• स्थानीय जडीवुटीहरु जस्तैः तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको नाम सहित पहिचान गर्न सकिने विवरण ।<br>• स्थानीय जडीवुटीहरु जस्तैः तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुण आदि ।<br>• स्थानीय जडिवुटीहरुको प्रयोग विधिहरु जस्तैः कुन जडिवुटी कुनबेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको विवरण । | • आ-आफ्नो घरआँगन वरपर पाईने जडिबुटीका नाम पालैप्रालो वा समूहगत भन्न र टिपोट गर्न लगाउने ।<br>• विद्यालय वरपर रहेको जडिवुटी नमुनाको लागि अवलोकन गर्ने गराउने र टिपोट गराउने ।<br>• स्थानीय वैद्यद्वारा जडीवुटीहरु जस्तैः तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुणको बारेमा बताउने र टिपोट गर्न लगाउने ।<br>• कुन जडिवुटी कुनबेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको विवरण बताउने र टिपोट गर्न लगाउने ।<br>• छुटेका जडिवुटीका नाम शिक्षकले भन्ने र चित्र प्रदर्शन गरि छलफल गरि चिनाउने र पृष्ठपोषण दिने । | • तपाईको घरवरपर पाइने कुनै ४ वटा जडिबुटीका नाम भन्नुहोस् ।<br>• निमको पात खायो भने कस्तो लाग्छ ?<br>• कुनै १ वा २ वटा जडिवुटीको प्रयोगबारे बताउनुहोस् ।<br>• चित्र हेरेर नाम भन्नुहोस् । | ८ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ख. स्वास्थ्य उपचार | • स्वास्थ्य उपचारबारे बताउन र उपचारको नाम लेख्न ।<br>• स्वास्थ्य उपचारको महत्व बताउन ।<br>• स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।<br>• व्यायाम तथा योगबारे सामान्य परिचय दिन । | • बिरामी भए घर परिवारले उपचार गर्ने ठाउँ जस्तैः स्थानीय मेडिकल,स्वास्थ्य चौकी,झारफुक, गुरुवा तथा वैद्य आदि ।<br>• कुनै पनि रोग लाग्नु भन्दा पहिले रोकथामको महत्व आदि ।<br>• प्रचलित रोगहरु वा बिमारी जस्तैः रुघाखोकी, टाउको दुख्ने ज्वरो आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरुको विवरण ।<br>• व्यायाम तथा योगको विवरण जस्तैः यौगिग जोगिङ्ग, सूर्य नमस्कार, आसन, सूक्ष्म व्यायाम र प्रणायाम आदिको सचित्र विवरण । | • प्रत्येक बालबालिकाहरूलाई आ–आफ्नो घरका सदस्य बिरामी हुँदाउपचार गर्न जाने ठाउँको नाम बताउन लगाउने र टिपोट गर्न पनि लगाउने ।<br>• स्वास्थ्य कार्यकर्ताद्वारा स्थानीय उपचारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने ।<br>• रुघाखोकी, टाउको दुख्ने ज्वरो आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरुको बारेमा जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• प्राथमिक उपचारको लागि स्थानीय स्वास्थ्य चौकी नै सबै भन्दा उत्तम ठाउँ हो भनी पृष्ठपोषण दिने ।<br>• यौगिग जोगिङ्ग, सूर्य नमस्कार, आसन, सूक्ष्म व्यायाम र प्रणायामको सामान्य अभ्यास गराउने । | • तपाईको घरका मानिसहरु बिरामी हुँदा कहाँ जान्छन्?<br>• औषधी पाउने पसललाई के भनिन्छ ?<br>• तपाईलाई कुन ठाउँमा उपचार गराउन मन पर्छ ?<br>• रुघाखोकी लाग्यो भने तपाई के गर्नुहुन्छ ?<br>• यौगिग जोगिङ्ग, सूर्य नमस्कार, आसन, सूक्ष्म व्यायाम र प्राणायामबारे बताउन लगाउने । | ७ |
| ५. स्थानीय खेलहरु | | | | | ८ |
| क. स्थानीय खेलहरु | • स्थानीय खेलहरूको सामान्य नियम पालना गरि खेल्न र उक्त खेलको नाम लेख्न ।<br>• स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।<br>• स्थानीय खेलहरुको महत्व बताउन । | • स्थानीय खेलहरु जस्तैः लुकामारी, आसपास, रुमालचोर, घरकुटी, चुंगी गट्टा, कोइली दिदी, गोली, टिपु, लोचिक दण्डा, छुर, कौरी नुकावर र घरबसावर आदि ।<br>• सामूहिक र एकल खेलहरुको विवरण ।<br>• स्थानीय एकल तथा सामूहिक खेलहरुको विधि र नियमहरुको विवरण ।<br>• स्थानीय खेलहरुको अभ्यासले बालबालिकाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खेलिने खेलहरुमा भाग लिन क्षमतावान वनाउने विवरण । | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने स्थानीय खेलहरुको सामूहिक छलफलबाट नाम भन्न लगाउने ।<br>• शिक्षकले बालबालिकाहरुले जानेका स्थानीय खेलको नाम टिपोट गर्न लगाउने ।<br>• शिक्षकले नमुना देखाई साधारण खेलहरु नियम अनुसार खेल्न लगाउने ।<br>• नियमानुसार स्थानीय खेलहरु खेलाएर अभ्यस्त गर्ने । | • कुनै चार वटा स्थानीय खेलको नाम भन्नुहोस् ।<br>• तपाईलाई कुन खेल मन पर्छ ?<br>• समूहमा साथीहरुसंग मिलेर कुनै खेल्ने खेलको नाम भन्नुहोस् ।<br>• एकल खेलको नाम भन्नुहोस् ।<br>• कुनै एउटा स्थानीय खेलको नियम भन्नुहोस् । | ८ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ६. पेसा व्यवसाय र आर्थिक क्रियाकलाप | | | | | २० |
| क. स्थानीय पेसा व्यवसाय | • आफ्नो र साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन र उक्त व्यवसायको नाम लेख्न ।<br>• स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन ।<br>• स्थानीय पेसा व्यवसायको सामाजिक महत्व बताउन । | • घर परिवार तथा छरछिमेकका सदस्यहरुले दैनिक रुपमा गर्ने काम जस्तै:- खेतवारीको काम, सिलाइ, बुनाइ, कुखुरापालन, पसल व्यवसाय, डोकोडालो र ढकिया बुन्ने, कपाल काट्ने, पढ्ने पढाउने, चारपाइ वनाउने, नौकरी, फर्निचर वनाउने, मजदुरी गर्ने र वैदेशिक रोजगार गर्ने आदि ।<br>• पेसागत व्यवसायको आर्थिक महत्व जस्तै: घरपरिवारलाई खान लगाउन पुग्ने र धन सम्पत्ति बढ्ने आदि ।<br>• स्थानीय पेसा व्यवसायहरुको विवरण । | • परिवार तथा छरछिमेकको सदस्यले गर्ने दैनिक पेसागत तथा व्यवसायिक क्रियाकलापहरु (काम) बारे छलफल गर्ने गराउने र टिपोट गर्न लगाउने ।<br>• विद्यालय नजिकमा रहेका कुनै एक दुई घरमा अवलोकन गराई त्यहाँका मानिसले गर्ने पेशागत काम बारे टिपोट गर्न लगाउने ।<br>• पेसागत व्यवसायवाट सम्पत्तिको वृद्धि हुन्छ भनी पृष्ठपोषण दिने ।<br>• कुन पेसा व्यवसायले आर्थिक उन्नति गराउछ भनी छलफल गर्ने ।<br>• विभिन्न पेसा व्यवसाय, झल्किने श्रव्यदृष्य सामग्री प्रदर्शन गर्ने र पृष्ठपोषण दिने । | • तपाईलाई मन पर्ने पेसा व्यवसायको नाम भन्नुहोस् ।<br>• तपाईको घर परिवारका मानिसले के के पेसा व्यवसाय गर्छन ? भन्नुहोस् ।<br>• तपाईको छरछिमेकका मानिसहरुले के के पेसा व्यवसाय गर्छन ? भन्नुहोस् ।<br>• विभिन्न पेसा गरिरहेका चित्रमा देखिएका कामको नाम भन्नुहोस् । | ४ |
| ख. स्थानीय आयआर्जन र क्रियाकलाप | • घर, छरछिमेक तथा गाउँमा आम्दानीमा आउने क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलापको नाम लेख्न ।<br>• आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।<br>• स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि बताउन । | • घरपरिवार, छरछिमेक तथा साथीका परिवारको सदस्यहरुले आँय आर्जनका लागि गर्ने व्यवसाय जस्तै: बेमौसमी तरकारी खेती गर्ने र बजारमा विक्री गर्ने, झोला वनाउने, खाट वनाएर बेच्ने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाइ बुनाइ, घर वनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि ।<br>• आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरु जस्तै: घरपरिवारका मानिसले आफूले जानको क्रियाकलाप र स्रोत साधनको उपलब्धताको विवरण ।<br>• आयआर्जनका क्रियाकलापहरुको विवरण । | • बेमौसमी तरकारी खेती गर्ने र बजारमा विक्री गर्ने, झोला वनाउने, खाट बनाउने, झ्याल ढोका बनाउने, बेतबाँसको सामान बनाउने, सिलाइ, बुनाइ, घर बनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि जस्ता आय आर्जन गर्ने क्रियाकलापहरुको चित्र प्रदर्शन गरि छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• कुन आर्थिक क्रियाकलापले आर्थिक फाइदा हुन्छ भनी छलफल गर्ने ।<br>• आफ्नो विद्यालय नजिकमा सञ्चालनमा रहेका सामान्य पेसा व्यवसाय जस्तै: सिलाइ बुनाइ र तरकारी खेती जस्ता क्रियाकलापहरुको अवलोकन गराउने र अवलोकन गरिएको क्रियाकलापको नाम टिपोट गर्न लगाउने । | • तपाईलाई कुन क्रियाकलाप गर्न मन पर्छ ? भन्नुहोस् ।<br>• आयआर्जनका कुनै ४ क्रियाकलापको नाम भन्नुहोस् ?<br>• तपाईको घरपरिवारका मानिसले के के गरेर आय आर्जन गर्नुहुन्छ?<br>• तपाईको छरछिमेकका मानिसले के के गरेर आय आर्जन गर्नुहुन्छ ?<br>• तपाईलाई मन पर्ने आय आर्जन क्रियाकलाप के के हुन् ? | ४ |

| | | | | घण्टा |
|---|---|---|---|---|
| | | • बालबालिकाहरुलाई आफूसँग भएको स्रोतसाधनहरुले आयआर्जनको क्रियाकलापको थालनी गर्नुपर्छ भनी पृष्ठपोषण दिने ।<br>• विभिन्न आय आर्जनको पेशा सम्बन्धीश्रव्य-दृश्य चित्रहरुको प्रदर्शन गराई बालबालिकाहरुलाई नाम टिप्न लगाउने । | | |
| ग. स्थानीय बजार | • छरछिमेकको दैनिक कामकाज र खानपान का लागि खरिद बिक्री गरिने वस्तुहरुको नाम बताउन र खरिद बिक्री गरिने सामग्रीको नाम लेख्न ।<br>• आफ्नो नजिकै रहेको बजारको नाम बताउन र उक्त बजारको नाम लेख्न ।<br>• स्थानीय बजारको महत्व बताउन ।<br>• स्थानीय बजारको विशेषता बताउन । | • आफ्नो तथा साथीको घरमा उत्पादन हुने र बजारबाट पाईने वस्तुहरुको खरिद बिक्रीको विवरण ।<br>• स्थानीय बजार जस्तै: बौनिया बजार, मुडा बजार, पृथ्वीपुर बजार, कोइलीभुरुवा बजार र सिमरी बजारको अवस्थिति आदि ।<br>• स्थानीय बजारको महत्व जस्तै: चाहिएको बेलामा खरिद बिक्री गर्न सकिने, आफूलाई चाहिएको बस्तु किन्न सकिने र समयभित्रै औजारहरुको मर्मत सम्भार गर्न गराउन सकिने आदि ।<br>• स्थानीय बजारहरुको विस्तृत विवरण । | • बालबालिकाहरुको आफ्नो तथा साथीको घरबाट खरिद बिक्रि गरिने सामग्रीको नाम पालैपालो भन्न र टिपोट गर्न लगाउने ।<br>• बालबालिकाहरुको घरमा उत्पादन हुने सामग्रीहरुको नाम पालैपालो भन्न र टिपोट गर्न लगाउने ।<br>• स्थानीय बजारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय बजारहरुको विशेषताबारे छलफल गर्ने ।<br>• बालबालिकाहरुको घर वा नजिकैको गाउँ वा बजारमा रहेको हाटबजार तथा बजार अवलोकन गराउने र टिपोट गर्न लगाउने । | • तपाईलाई कहाँको बजार जान मन लाग्छ ?<br>• तपाई त्यो बजारबाट के के किन्नुहुन्छ?<br>• तपाईको घरका तथा छरछिमेकका मानिसले बजारबाट के के सामग्री खरिद गर्नुहुन्छ?<br>• तपाईको र तपाईको साथीको घरका मानिसले बजारमा के-के बेच्नुहुन्छ?<br>• हाटबजारमा के पाइन्छ ?<br>• स्थानीय बजारको विशेषता भन्नुहोस् । | ४ |
| पेसागत ज्ञान र सीप | • कृषि पेसासंग सम्बन्धित क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलाप सञ्चालन गर्ने ज्ञान सीपको नाम लेख्न ।<br>• आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।<br>• पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक | • पेसागत ज्ञान र सीप जस्तै: ढकिया नुइया बुन्न, पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई, भैसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदिको विवरण ।<br>• खेतीबारीमा लगाइएको बालिनाली तथा फसल राम्रो उब्जाउ गर्न जस्तै: पानी हाल्ने, मल हाल्ने, फसलमा रोग तथा कीरा लागेमा औषधी छर्ने आदिको विवरण । | • बालबालिकाहरुको घरका मानिसहरुले पेसागत ज्ञान र सीपबारे समूहगत रुपमा छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• पेसागत पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाईभैसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदि के कसरी उत्पादन गरिन्छ भनी छलफल गर्ने र टिपोट गर्न लगाउने । | • तपाईको बारीमा रोपिएको तरकारी सुक्न लाग्यो भने तपाईले के गर्नुहुन्छ ?<br>• तपाईको बारीमा के के फल्छ ? खेतमा के के रोप्नुहुन्छ ?<br>• तपाईको घरमा के पालन गरिन्छ ?<br>• तपाईको साथीको घरका मानिसले के पालन गर्नुहुन्छ । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | महत्व र विशेषता बताउन। | • पालिएको गाईभैंसी, भेंडा, बाख्रा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा समयमैं औषधीको प्रयोग आदिको विवरण ।<br>• घरपरिवारको र छरछिमेकीको पेसागत ज्ञान र सीप भएमा त्यसको महत्व जस्तै:: आफ्नो सामान बिग्रियो भने मर्मत सम्भार गर्न गराउन सजिलो, कम खर्चिलो, स्थानीय स्रोत साधनको प्रयोग, खेतबारीमा कुन बेलामा मल हाल्ने, औषधी हाल्ने आदिको विवरण ।<br>• स्थानीय पेसागत ज्ञान र सीप कसरी सिक्नु पर्छ, त्यसको विवरण । | • खेतबारीमा लगाइएको बालीनाली तथा फसल राम्रो उब्जाउ गर्न कुन ज्ञान र सीपको आवश्यक पर्छ भनी पृष्ठपोषण दिने र टिपोट गर्न लगाउने ।<br>• पेसागत सीप र ज्ञानको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय पेसागत ज्ञान र सीप सिक्ने विधिबारे छलफल गर्ने ।<br>• पालिएको गाईभैंसी, भेंडाबाख्रा, हाँसकुखुरा र माछा आदिमा रोग लागेमा के के गर्नु पर्छ भनी टिपोट गर्न लगाउने । | | |
| ङ. उद्योग | • आफ्नो विद्यालय, गाउँपालिका नजिक रहेका उद्योगको नाम बताउन र उक्त उद्योगको नाम लेख्न ।<br>• स्थानीय उद्योगको महत्व बताउन ।<br>• स्थानीय उद्योगको फाइदा र वेफाइदा बताउन । | • विद्यालय, बर्दगोरिया गाउँपालिकामा रहेका साना तथा ठूला उद्योग जस्तै दुधडेरी, पाउरोटी, ईंटा उद्योग र केसर मिल आदिको विवरण ।<br>• स्थानीय स्तरमा रहेको उद्योगहरुको महत्व जस्तै: रोजगारी पाउने, आयआर्जनको स्रोतमा बृद्धि हुने र स्थानीय उद्योगवाट उत्पादित बस्तु सहुलियत दरभाउमा उपलब्ध हुने आदि ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र वेफाइदाको विवरण । | • बालबालिकाहरुलाई पालैपालो आफ्नो गाउँघरमा भएका साना उद्योगको नाम बताउन लगाउने र पृष्ठपोषण दिँदै टिपोट गर्न लगाउने ।<br>• स्थानीय उद्योगहरुको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• नजिकै रहेका उद्योगहरुको अवलोकन भ्रमण गराउने र अवलोकन गरिएको वस्तुहरुको नाम टिपोट गर्न लगाउने ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र वेफाइदाबारे छलफल गर्ने र टिपोट गर्न लगाउने । | • तपाईको घरका र साथीको घरको मानिसहरुले के उद्योग चलाउनुहुन्छ?<br>• तपाईको गाउँघरमा के के उद्योगहरु छन् ?<br>• तपाईको गाउँमा रहेको उद्योगले के उत्पादन गर्छन् ?<br>• तपाईलाई कुन उद्योग मन पर्छ ?<br>• स्थानीय उद्योगहरुको फाइदा र वेफाइदा भन्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय पर्यटन | | | | | ५ |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको महत्व बताउन ।<br>• स्थानीय क्षेत्र(बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको महत्व बताउन । | • बर्दगोरिया गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तैः बर्दगोरिया मन्दिर, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनिया धाम), ठाकुर नहर, झरझरिया बाँध र उताह ताल आदि ।<br>• घोडाघोडी ताल तथा मन्दिर, कर्णाली पुल, आम पानीको झरना र चिडिया ताल आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गर्ने ।<br>• पर्यटकीय स्थलको पोष्टर पहिचान गराउने ।<br>• बर्दगोरिया गा.पा. र यसका छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको पहिचान गराउने ।<br>• यिनीहरुको बारेमा बालबालिकाहरुलाई जानकारी भए नभएको छलफल गर्ने र पर्यटकीय स्थलहरुको नाम लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको महत्वका बारेमा सूची वनाई प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• बर्दगोरिया गा.पा.सँगै जोडिएका अन्य पर्यटकीय स्थलको सूची तयार पारी महत्व बताउन लगाउने । | • स्थानीय तह (बर्दगोरिया गा.पा.) भित्रका कुनै २ वटा पर्यटकीय स्थलको नाम भन्नुहोस् ।<br>• पोष्टर प्रदर्शन गरि पोष्टरमा भएका पर्यटकीय क्षेत्रहरूको नाम लेख्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको कुनै २ वटा महत्व बताउनुहोस् ।<br>• बर्दगोरिया गा.पा.सँगै जोडिएका अन्य पर्यटकीय स्थलको कुनै ४ वटा फाइदा लेख्नुहोस् । | ५ |
| ८. विपद् व्यवस्थापन | | | | | ५ |
| क. विपद् व्यवस्थापन | • प्राकृतिक तथा मानव निर्मित विपद्हरुबारे बताउन ।<br>• विपद्हरुको सूची तयार पार्न ।<br>• विपद्हरुबाट बच्ने उपायहरु बताउन ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न र विपद्बाट बच्ने उपाय बताउन । | • प्राकृतिक तथा मानव निर्मित विपद् जस्तैः बाढी, पहिरो, भू-क्षय, आगलागी, भू-कम्प, चट्याङ, ज्वालामुखी, असिना, सडक दुर्घटना, सरुवा रोगको महामारी (कोभिड - १९), जङ्गली जीवजन्तुको आक्रमण, सर्पको टोकाई र विद्युतीय करेन्ट लाग्ने आदिको विवरण । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रश्नोत्तर गर्ने ।<br>• पोष्टरमा भएका चित्रहरुको पहिचान गर्न लगाउने ।<br>• विभिन्न विपद्हरुका बारेमा थप जानकारी गराउने र बच्ने उपायको सूची तयार पारी प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• विभिन्न विपद्हरुको नाम लेख्न लगाउने ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न लगाइ विपद्बाट बच्ने उपाय सम्वन्धमा छलफल गर्ने ।<br>• स-साना तलाउमा पौडी खेल्दा अपनाउनु पर्ने सुरक्षाका उपायबारे बताउने । | • कुनै ४ वटा विपद्का नामहरु लेख्नुहोस् ।<br>• विपद् सम्बन्धि पोष्टरमा उल्लेख भएका विपद् पहिचान गरी नाम उल्लेख गर्नुहोस् ।<br>• विपद्बाट बच्ने कुनै ४ वटा उपायहरु लेख्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्बाट बच्ने कुनै ५ वटा उपाय लेख्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ९. स्थानीय प्रविधि र ऊर्जा | | | | ८ | |
| क. स्थानीय प्रविधि | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको पहिचान गर्न र महत्व बताउन साथै सामान्य वाक्यमा प्रयोग गर्न ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको पहिचान गर्न र त्यसको महत्व बताउन साथै सामान्य रुपमा त्यसको प्रयोग गर्न । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तै: ढिकी, जाँतो, मिल (कुट्ने, पिस्ने र पेल्ने), चर्खा,कोलु, र कागती पेल्ने कोल्हु आदिको विवरण ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तै: मिक्सचर (मसला पिस्ने, मास पिस्ने र जुस वनाउने), कागती पेल्ने मेसिन, ऊखु पेल्ने हाते मेसिन, कपास फिट्ने मेसिन आदिको विवरण । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरि पहिचान गर्न लगाउने र लेख्न लगाउने ।<br>• स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको सामान्य रुपमा प्रयोग विधिबारे छलफल गर्ने ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरि पहिचान गर्न लगाउने र लेख्न लगाउने ।<br>• आधुनिक प्रविधिद्वारा सामग्रीहरुको सामान्य रुपमा प्रयोग विधिबारे छलफल गर्ने । | • स्थानीय प्रविधिद्वारा निर्मित कुनै ७ वटा सामग्रीहरुको नाम बताउनुहोस् ।<br>• चित्रमा देखाइएका स्थानीय प्रविधिहरुको नाम लेख्नुहोस् ।<br>• स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको प्रयोग गरी देखाउनुहोस् ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित क्यालकुलेटर चलाएर देखाउनुहोस् । | ४ |
| ख. स्थानीय ऊर्जा | • स्थानीय ऊर्जाको स्रोतहरु र सामग्रीहरुको पहिचान गर्न सक्ने, महत्व बताउन सक्ने र सामान्य रुपमा त्यसको प्रयोग गर्न सक्ने । | • स्थानीय ऊर्जाको स्रोतहरु र सामग्रीहरु जस्तै: भुसी चूलो, सुधारिएको चूलो, सौर्य ऊर्जा, गोबर गुँइठा, गोबर ग्याँस, दाउरा, मट्टीतेल र विजुली आदि । | • स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरि पहिचान गर्न लगाउने र लेख्न लगाउने ।<br>• स्थानीय ऊर्जाको स्रोत र सामग्रीको सामान्य रुपमा प्रयोग विधिबारे छलफल गर्ने ।<br>• विद्युतदेखि साबधान रहनेबारे छलफल गर्ने । | • चित्रमा देखाइएका स्थानीय उर्जाहरुको नाम लेख्नुहोस् ।<br>• स्थानीय ऊर्जा र सामग्रीहरुको प्रयोग गरि देखाउनुहोस् ।<br>• विद्युत शक्तिवाट सावधान रहन के गर्नुपर्छ ? बताउनुहोस् । | ४ |

## ७.५ कक्षा ५: विषयवस्तुको विस्तृतीकरण :

वार्षिक कार्यघण्टा १२८

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, इतिहास, संस्कृति र सांस्कृतिक सम्पदा | | | | | ३६ |
| क. हाम्रो भाषा | • आफ्नो मातृभाषामा निबन्ध लेख्न ।<br>• साधारण किसिमको निवेदन तथा चिठी पत्र लेख्न । | • मातृभाषाहरु जस्तै: थारू (राना, कठरिया, पूर्बिया), अछामी, खस, मैथली, मगर खाम भाषा र नेपाली, डोटेली आदि ।<br>• निवेदन र चिठी पत्रको ढाँचाको विवरण । | • हरेक बालबालिकाहरूलाई कुनै विषयमा आ-आफ्नो मातृभाषामा समूहगत रुपमा वादबिवाद प्रतियोगिता सञ्चालन गर्ने ।<br>• स्थानीय भाषा विज्ञद्वारा मातृभाषाको शब्दहरुको अर्थ बताउने ।<br>• मातृभाषामा चिठ्ठीपत्र र निवेदन लेख्न सिकाउने ।<br>• बालबालिकाहरूलाई मातृभाषामा गीत गाएर नाच्न लगाउने । | • चिठी पत्र लेख्दा सम्बोधन गरिने आदरार्थी शब्दहरु के के हुन ? बताउनुहोस् ।<br>• तल दिएको मातृभाषाका शब्दहरुको अर्थ बताउनुहोस् ।<br>क. सोलसोलरार<br>ख. चिक्टार<br>ग. खसरार<br>घ. बरवार<br>ङ. नम्मा<br>च. ओजरार | ४ |
| ख. हाम्रो संस्कृति | • स्थानीय धार्मिक संस्कृतिको महत्व बताउन ।<br>• स्थानीय संस्कृतिको पहिचान सहितको विशेषता बताउन । | • स्थानीय धार्मिक संस्कृतिहरु जस्तै: थारू जातिहरुको संस्कृतिमा उदाहरणको लागि धान रोपाई गरिसकेपछि भदौ महिनाभरि स्थानीय नाचगान गर्ने, थारू पोष्टा आदि र डोटेलीहरुको संस्कृतिमा वंशज पत्र, जन्म कुण्डली आदि, अछामीहरुको संस्कृतिमा विशेष धार्मिक मेलाहरु, दैलेखीहरुको संस्कृतिमा धार्मिक विशेष मेलाहरु आदि ।<br>• स्थानीय संस्कृतिको विशेषताहरुको विवरण । | • बालबालिकाहरुलाई आ-आफ्नो संस्कृतिबारे बताउन लगाउने ।<br>• समूहगत रुपमा बालबालिकाहरुसँग उनीहरुको संस्कृतिबारे छलफल गर्ने र पृष्ठपोषण दिने ।<br>• सांस्कृतिक विज्ञद्वाराबालबालिकाहरुसँग सामूहिक रुपमा उनीहरुको संस्कृतिको सामाजिक महत्ववारे छलफल गर्ने ।<br>• स्थानीय संस्कृतिको विशेषताहरुबारे छलफल गर्ने । | • तपाईलाई कस्तो संस्कृति मन पर्छ ?<br>• मानिसलाई सभ्य वनाउने कुरा के हो ?<br>• संस्कृतिको सामाजिक महत्व के छ ? बताउनुहोस् ।<br>• संस्कृतिको मुख्य विशेषताहरु के के हुन ? बताउनुहोस् । | ४ |
| ग. हाम्रो संस्कार र रहनसहन | • संस्कारको सामान्य परिचय बताउन ।<br>• संस्कारको सामान्य विधि बताउन । | • घरपरिवार छरछिमेकमा मनाइने संस्कारहरु जस्तै: नामाकरण संस्कार, जन्मोत्सव संस्कार अन्नप्रासन संस्कार, उपनयन संस्कार (ब्रतवन्ध), विवाह संस्कार अन्तेष्टि संस्कार आदि ।<br>• संस्कारको सामान्य परिचय । | • आफ्नो घरपरिवार एवं छरछिमेकमा मनाउने प्रमुख संस्कारहरुको वारेमा बालबालिकाहरुलाई भन्न लगाउने ।<br>• प्रस्तुत भएका बुँदाहरुलाई टिपोट गर्ने र प्रस्ट पार्ने ।<br>• वेदपाठ गर्ने ब्राम्हणद्वारा | • तपाईको घरमा मनाइने संस्कारको नाम बताउनुहोस्।<br>• तपाईको घरमा मनाइने सँस्कारको परिचय दिनुहोस्।<br>• असल मानिसको स्वभाव र गुणहरु बताउनुहोस् ।<br>• माँगर गीत गाउनुहोस् ॥ | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • प्रमुख संस्कारहरुमा गाइने गीत भजनकिर्तन आदि बताउन र लय र ताल मिलाएर गाउन । | • जन्म संस्कार र विवाह संस्कारमा गाइने माँगर (मंगल) गीत ।<br>• प्रमुख संस्कारहरुसंग सम्बन्धित देवी देवताहरुको स्तुति गीतहरु ।<br>• संस्कृतिजन्य स्वभाव र गुणहरु । | संस्कारहरुको बारेमा सामुहिक छलफल गर्ने ।<br>• थारू ब्राम्हण (छुत उठाउने व्यक्ति) द्वारा थारू जातिहरुको अन्तेष्टि विधिबारे छलफल गर्ने गराउने ।<br>• असल मानिसको स्वभाव तथा गुणबारे छलफल गर्ने ।<br>• संस्कारसँग सम्बन्धित गीतहरु गाएर बालबालिकाहरुलाई सुनाउने र सँगै उक्त गीत गाउन लगाउने।<br>• आवश्यक परेमा गीत र भजन किर्तनका श्रव्य-दृश्यको सामग्री अवलोकन गराउने । | • देवी देवताहरुसँग सम्बन्धित गाइने गीत गाउनुहोस् । | |
| घ. हाम्रो मूल्य मान्यता | • आफ्नो धार्मिक मूल्य मान्यताको अनुशरणले समाजमा मेलमिलाप गराउँछ भनी बताउन ।<br>• मूल्य मान्यता सभ्य सामाजको पहिचान हो भन्ने कुरा अवलम्बन गर्न । | • आफ्नो घरपरिवारमा मूल्य मान्यताबारे जानकारी जस्तै: थारूजातिमा जेठाजु र भाई बुहारी छोइएमा नुहाउने वा सुनपानीले चोखो हुने आदि ।<br>• धार्मिक मूल्यमान्यता जस्तै: धर्मको बारेमा सामान्य जानकारी, सामाजिक जीवन, धार्मिक अवस्था, भाषा, धर्म, साहित्य, कला, दर्शन, परिवारको जीवनशैली, बोलीचाली, भेषभूषा, खानपान, पहिरन, हिंडाइ, बसाइ, घरपरिवारका सदस्यहरुको आचरण व्यवहार आदि ।<br>• धर्म संस्कृति जस्तै: अतिथि देवो भव:, मातृदेवो भव:, पितृ देवो भव: र गुरुदेवो भव: जस्ता मूल्य मान्यताको विवरण । | • आफ्नो घरपरिवारको रहनसहन, आचार व्यवहारका बारेमा भन्न लगाउने ।<br>• बालबालिकाहरुद्वारा प्रस्तुत गरिएको विषयहरु टिपोट गरि छलफल गर्ने ।<br>• आमाबावु, अतिथि र गुरुप्रति गरिने व्यवहारको बारेमा उल्लेख गर्न लगाउने ।<br>• बालबालिकाहरुद्वारा प्रस्तुत गरिएको विषयहरु टिपोट गरि छलफल गर्ने ।<br>• बालबालिकाहरुलाई कुनै मूल्य मान्यता सम्बन्धी अभिनय गर्न लगाउने । | • तपाईले मान्ने धर्म के हो ?<br>• मूल्य मान्यता भनेको के हो ?<br>• मूल्य मान्यताले घरपरिवार र समाजको मानिसलाई के गर्न सिकाउँछ ? | ४ |
| ङ. छाउपडी प्रथा | • छाउपडी प्रथाबारे बताउन । | • छाउपडी प्रथाले उमेर पुगेका महिलाहरुको व्यक्तिगत र सामाजिक पिडाको विवरण । | • छाउपडी प्रथा के हो भनी बालबालिकाहरुसँग सोध्ने ।<br>• छाउपडी प्रथाको नकारात्मक असरहरुबारे छलफल गर्ने ।<br>• छाउपडी प्रथा सामाजिक कुसंस्कार हो भनी बालबालिकाहरुलाई स्पष्ट पार्ने । | • छाउपडी प्रथा भनेको के हो बताउनुहोस् ।<br>• छाउपडी प्रथालाई समाजवाट हटाउन के गर्नु पर्ला ? बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| च. हाम्रो चाडपर्व | • स्थानीय चाडपर्वहरूको नाम बताउन र त्यसको महत्व बताउन ।<br>• स्थानीय चाडपर्वहरूमा गरिने गतिविधिहरुबारे बताउन । | • स्थानीय चाडपर्वहरू जस्तै: माघी, अतवारी ब्रत, श्रीकृष्ण जन्माष्टमी ब्रत, अनन्ता ब्रत, गौरा, लवाङ्गी पूजा, गुरही, चिरै, भजहर, हरेरी, ओल्के, बिसु आदिको विवरण ।<br>• स्थानीय चाडपर्वहरुका दिनमा गरिने गतिविधिहरुको विवरण जस्तै: थारू जातिको माघी पर्व ( माघी, देवानी नयाँ वर्ष) मनाउँदाको बखत माघे सङ्क्रान्तिको रातभरी ढफको गीत गाउने, विहान चौथोप्रहरमापनजिकैको नदी, तलाउ, वा पोखरीमा गाउँभरिका मानिसहरुसँगै नुहाउने र एकअर्कालाई ढोगसलाम आशीर्वाद लिने दिने, घरमा आएर चावल छुई त्यसको टीका लगाउने र दिनभरी लाखको गोलीसँग खेल्ने, कोही डफको गीत गाएर रमाउने, सखिया नाच गर्ने आदि । | • समूहगत रुपमा मनाइने चाडपर्वहरुको नाम र महत्व बताउन लगाउने ।<br>• विभिन्न चाडपर्वहरुको चित्र प्रदर्शन गरि चित्रमा देखाइए अनुसार अभ्यास गर्न लगाउने ।<br>• समूहगत रुपमा कुनै चाडपर्व मनाउँदाको बेलाको अभिनय गर्न लगाउने ।<br>• स्थानीय चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरुबारे छलफल गर्ने । | • चाडपर्व भनेको के हो ? बताउनुहोस् ।<br>• कुन चाडपर्वमा के गरिन्छ बताउनुहोस् ।<br>• स्थानीय कुनै चाडपर्वहरूको महत्व बताउनुहोस् ।<br>• स्थानीय चाडपर्वहरुका दिनमा गरिने गतिविधिहरु मध्ये कुनै ५ वटा गतिविधिको नाम बताउनुहोस् ।<br>• तपाई माघी पर्वमा के के गर्नुहुन्छ ? बताउनुहोस् । | ४ |
| छ. सांस्कृतिक सम्पदा | • आफ्नो समुदायमा रहेको सांस्कृतिक सम्पदाहरुको महत्व बताउन ।<br>• धार्मिक सम्पदाहरुको विशेषता बताउन । | • स्थानीय सांस्कृतिक सम्पदाहरु जस्तै: गाउँवस्तीको साझा देवस्थान र विभिन्न मन्दिरहरु, चर्च, गुम्बा र मस्जिद आदिको विवरण ।<br>• धर्मिक सम्पदाहरुको विशेषता सम्बन्धी विवरण जस्तै: पिरुवा सिमसारको महत्व, बर्दगोरिया धाम क्षेत्रको पौराणिक महत्व आदि ।<br>• बर्दगोरिया धाम क्षेत्रको तथा पिरुवा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन सम्बन्धी विवरण । | • स्थानीय साँस्कृतिक सम्पदाहरुमा समूह छलफल गर्न लगाउने ।<br>• समूहगत रुपमा चित्र प्रदर्शन गर्ने र मन्दिरको नाम भन्ने ।<br>• बिद्यालय नजिकमा रहेको मन्दिर, मस्जिद आदिको भ्रमण अवलोकन गराउने र पृष्ठपोषण दिने ।<br>• बर्दगोरिया धाम क्षेत्रको ऐतिहासिक र धार्मिक तथा पिरवा नदीको धार्मिक महत्वबारे छलफल गर्ने । | • चित्र हेरी मन्दिर, मस्जिद, चर्च र गुम्बा पहिचान गरी लेख्नुहोस् ।<br>• प्राकृतिक सम्पदाको कुनै ४ वटा महत्व बताउनुहोस् ।<br>• प्राकृतिक सम्पदाको कुनै ३ वटा विशेषता बताउनुहोस् ।<br>• बर्दगोरिया धाम क्षेत्र कहाँ पर्छ ? बताउनुहोस् ।<br>• पिरुवा नदी कहाँ पर्छ ? बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ज. हाम्रो इतिहास | • बर्दगोरिया गाउँपालिकाको सरकार संरचनाको सामान्य परिचय बताउन ।<br>• बर्दगोरिया गाउँपालिकाको शैक्षिक गतिविधिहरुबारे सामान्य परिचय बताउन ।<br>• बर्दगोरिया गाउँपालिकाको ऐतिहासिक परिचय बताउन । | • बर्दगोरिया गाउँपालिकाको सरकारी संरचनाको विवरण ।<br>• बर्दगोरिया गाउँपालिकाको शैक्षिक गतिविधिको सामान्य विवरण जस्तै: परीक्षा, मूल्याङ्कन विधि, हाजिरीजवाफ अनुच्छेद लेखन जस्ता प्रतियोगिताहरु ।<br>• बर्दगोरिया गाउँपालिकाको ऐतिहासिक विवरण जस्तै: गाउँपालिकाको नाम राख्ने सम्बन्धमा, यो गाउँपालिकाको थालनी हुनु भन्दा पहिले कुन कुन गाविस मिलेर वनाइएको, गाउँपालिकाको सबैभन्दा पहिलेको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु र वडा सदस्यहरु आदि । | • बर्दगोरिया गाउँपालिकाको सरकारी संरचनाको तालिका प्रदर्शन गरि बताउन लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको सरकारी संरचनाको तालिका प्रदर्शन गरि हरेक पदको मुख्य पदीय जिम्मेवारी बताउने ।<br>• बालबालिकाहरुले पहिचान गर्न नसकेको पक्षबारे शिक्षकले बताउने र टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको शैक्षिक गतिविबिारे छलफल गर्ने ।<br>• गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिबारे छलफल गर्ने । | • बर्दगोरिया गाउँपालिकाको सरकारी संरचनाको विवरण तयार पार्नुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको विद्यालयहरुमा कुन कुन शैक्षिक गतिविधिहरु गरिन्छ ? बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको छोटो परिचय दिनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको इतिहास बताउनुहोस् । | ४ |
| झ. सामाजिक सङ्घ संस्थाहरू | • सामाजिक सङ्घ संस्थाहरूको नाम र परिचय बताउन ।<br>• सामाजिक सङ्घसंस्थाहरुको महत्व र विशेषता बताउन । | • सामाजिक सङ्घ संस्थाहरू जस्तै: भलमन्सा, चिराकी, सोरहिनिया, गुरुवा/वैद्य, केसौका, सखी/गोही, महिला समूह र बाल क्लव आदिको विवरण ।<br>• सामाजिक सङ्घसंस्थाहरु जस्तै: बर्दगोरिया संरक्षण तथा विकास मन्च, नेपाल रेडक्रस सोसाइटी, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहहरु, सहारा घर, असहायका लागि सहयोगी हातहरु न्पाल आदिको विवरण ।<br>• पेशागत सङ्घ संगठनहरुको विवरण । | • समूहगत रुपमा चित्र प्रदर्शन गर्ने र पृष्ठपोषण दिंदै टिपोट गर्न लगाउने ।<br>• स्थानीय सङ्घ संस्थाहरूको बारेमा बताउन लगाउने र संस्थाको परिचय सोध्ने साथै छलफल पनि गर्ने ।<br>• संस्थाहरुको बारेमा थप जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• सामाजिक सङ्घसंस्थाहरुको कामबारे छलफल गर्ने र पृष्ठपोषण दिने ।<br>• सामाजिक सङ्घसंस्थाहरुले गाउँ समाजलाई मार्गदर्शन गर्दछन् भन्ने कुराबारे छलफल गर्ने ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको काम, कर्तव्य र अधिकारबारे छलफल गर्ने । | • सामाजिक सङ्घ संस्थाहरूको कुनै २ वटा संस्थाको नाम र परिचय बताउनुहोस् ।<br>• तपाईको गाउँघरमा काम गरिरहेको संस्थाको नाम के हो र त्यस संस्थाले के गर्छ ?<br>• तपाईलाई नेपाल रेडक्रस सोसाइटीबारे के थाहा छ बताउनुहोस् ।<br>• आमा समूहको काम, कर्तव्य र अधिकार के के हुन ? बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| २. हाम्रो भूगोल र प्राकृतिक सम्पदा | | | | | २० |
| क. हाम्रो भूगोल | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक स्थिति त्यसको परिचय बताउन ।<br>• गाउँपालिकाको नक्सामा देखाइएको ताल, नदीहरू देखाउन र नदीहरुको महत्व र संरक्षणबारे बताउन ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक अवस्थाबारे बताउन । | • गाउँपालिकाको नक्सा र भौगोलिक स्थिति देखाउने र सामान्य जानकारी सहितको विवरण ।<br>• गाउँपालिकामा रहेका ताल, नदीहरू आदिको स्थिति र महत्वबारे जानकारी दिन ।<br>• जिल्ला सदरमुकाम, गाउँपालिकाको दूरी, नक्सा र सीमानामा पर्ने अन्य गाउँपालिका र नगरपालिकाहरूको नाम र त्यसको स्थितिको विवरण ।<br>• गाउँपालिकाको रेखाङ्कित नक्सा र गाउँपालिकाको वडाहरू देखाइ प्राकृतिक अवस्थाको विवरण ।<br>• गाउँपालिकाको भूभागको विवरण जस्तैः बलौटे क्षेत्रको पहिचान, जङ्गल क्षेत्रको पहिचान, खेतीयोग्य जमीनको पहिचान र पशुपालन क्षेत्रको पहिचान आदि । | • बर्दगोरिया गाउँपालिकाको नक्सा देखाएर गाउँ बस्ती, भौगोलिक स्वरूप र भूभाग बारे छलफल गर्ने ।<br>• नक्सामा प्रत्येक वडा चिन्न लगाउने र प्राकृतिक महत्वबारे छलफल गर्ने ।<br>• गाउँपालिकाको चारैतिर पर्ने सिमाना, अन्य पालिका र नगरपालिका, जिल्ला बारे छलफल गराउने ।<br>• गाउँपालिका र आफ्नो गाउँको नक्सा कोर्न लगाउने र सुधार गरिदिने ।<br>• गाउँपालिकाको भूभागको बलौटे तथा माटो ढुङ्गा भएको क्षेत्रको पहिचान, जङ्गल क्षेत्रको पहिचान, खेतीयोग्य जमिनको पहिचान र पशुपालन क्षेत्रको पहिचानबारे छलफल गर्ने । | • गाउँपालिकाको नाम, आफू बसेको वडा नं. र वडाको कार्यालय रहेको धामको नाम बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकामा स्थित कुनै २ वटा नदी र तालहरुको महत्व बताउनुहोस् ।<br>• आफ्नो गाउँपालिकाको क्षेत्रफल र सिमानामा पर्ने अन्य पालिकाको नाम बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक स्वरूप बारे बताउनुहोस् । | ४ |
| ख. हावापानी र मौसम | • मौसम सम्बन्धी सामान्य रुपमा जानकारी राख्न र साथीलाई बताउन ।<br>• गर्मी र जाडो महिनाको विशेषता सहित त्यसबाट बच्ने उपायबारे बताउन । | • आफ्नो घर परिवार, समुदायमा मौसम अनुसार लगाइने खेतीपातीको विवरण ।<br>• महिनाको नाम सहित ऋतुहरुको विवरण ।<br>• गर्मी र जाडो महिनामा हावापानी र मौसमको भिन्नता तथा असरको विवरण ।<br>• गर्मी र जाडो मौसमको विशेषताहरुको विवरण । | • बालबालिकाहरूलाई घरपरिवार, गाउँका मानिसहरूले गर्मी र जाडो महिनामा लगाइने खेतीपातीको नाम सोध्ने र बालीनालीको अवस्थाबारे बताउन लगाउने ।<br>• सामान्य मौसमबारे छलफल गर्ने ।<br>• गर्मी र जाडो महिनामा देखिने हावापानी र मौसममा भिन्नताको सूची बनाइ छलफल गर्ने ।<br>• गर्मी र जाडो मौसमको | • गर्मी र जाडो महिनामा गरिने खेतीपातीको नाम बताउनुहोस् र यसको अवस्था बताउनुहोस् ।<br>• महिना र ऋतुको नाम बताउनुहोस् ।<br>• गर्मी र जाडो मौसममा शरीरमा पानी रहिरहन के गर्नुपर्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • गर्मी र जाडो महिनामा लु र सर्दीबाट बच्ने उपायहरुको विवरण जस्तैः गर्मी मौसममा पानी खाई रहनुपर्छ, दिउँसोको गर्मीबाट बच्नुपर्छ, जाडो याममा तातो पानी खानुपर्छ, झोल पदार्थ खाई रहनुपर्छ, न्यानो लुगा लगाउनुपर्छ आदि । | विशेषताहरुबारे छलफल गर्ने ।<br>• गर्मी र जाडोबाट बच्ने उपायबारे छलफल गर्ने । | | |
| ग. प्राकृतिक सम्पदा | • स्थानीय वनस्पति र वन्यजन्तुको परिचय र महत्व बताउन ।<br>• महत्वपूर्ण बोटविरुवाहरु र चराचुरुङ्गीहरुको पहिचान र परिचय बताउन । | • स्थानीय जङ्गलमा र बगैचामा पाइने फलफूल तथा बोटबिरूवाहरूः आँप, कागती, साल, सिसौ, खयर, निम, तुलसी, सिमल, बाँस, बेत, केरा, वर, पीपल आदिको विवरण र महत्वको विवरण ।<br>• वन्यजन्तुहरू : बँदेल, बाघ, चितुवा, नीलगाई, बाँदर, लोखर्के, न्याउरी, चितल, जरायो, खरायो, हात्ती आदिको सचित्र विवरण र महत्व साथै वातावरणमा पर्ने असरको विवरण । | • स्थानीय गाउँ तथा जङ्गल वरपर अवलोकन भ्रमण गराई बोटबिरूवाहरूको सूची प्रस्तुत गर्ने, चित्रहरू देखाउने र ती बोटबिरूवाको परिचय र महत्वबारे बताउने ।<br>• स्थानीय वनजङ्गलमा पाइने वन्यजन्तुको चित्र देखाउने, सूची प्रस्तुत गर्न लगाउने र वातावरणमा पार्ने असरबारे बताउने ।<br>• स्थानीय जङ्गलमा पाइने प्रमुख जनावरहरू, चराचुरूङ्गी, बोटबिरूवा बारे स्थानीय विज्ञहरूको उपस्थितिमा विद्यार्थीहरू माफ्त छलफल गराउने । | • अवलोकन भ्रमण गर्दा देखेका बोटबिरूवाहरूको सूची बनाउनुहोस् ।<br>• गाउँ नजिकको जङ्गलमा पाइने वन्यजन्तुको सूची बनाई कुनै ४ वटा वन्यजन्तुको नामको परिचय तथा महत्व बताउनुहोस् ।<br>• स्थानीय जङ्गलमा पाइने ५ वटा बोटबिरूवाहरूको र १० वटा दुर्लभ चराहरुको सूची वनाइ तिनीहरूको परिचय सहित महत्व बताउनुहोस् । | ४ |
| घ. वन वातावरण संरक्षण | • वातावरण संरक्षणमा सहभागिता जनाउन ।<br>• गाउँघर र साथीको गाउँ नजिकमा रहेको सामुदायिक वनको नाम र महत्व बताउन ।<br>• वातावरण संरक्षण जस्तैः वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक | • प्राकृतिक सम्पदाहरूको संरक्षण जस्तैः वृक्षारोपण एवं बारबन्देज र पर्खाल संरक्षण भू-क्षय रोक्ने उपाय, बाढीपहिरोबाट बच्ने उपाय आदिको विवरण ।<br>• आ-आफ्नो खेतबारीमा फलफुल एवं डालेघाँस र वक्षारोपण गर्ने विवरण ।<br>• सरकारी र सामुदायिक वनमा वृक्षारोपण गर्ने विवरण । | • हरेक वर्ष जुन ४ तारिकका दिन विश्व वातावरण दिवस बनाउन लगाउने ।<br>• बाढी पहिरोबाट बच्ने केही स्थानीय उपायहरुबारे छलफल गर्ने ।<br>• वृक्षारोपण र डालेघाँस रोपणको फाइदाबारे छलफल गर्ने ।<br>• वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधतावारे छलफल गर्ने । | • प्राकृतिक सम्पदाहरूको संरक्षण किन गर्नुपर्छ ?<br>• वातावरण संरक्षणबारे बताउनुहोस् ।<br>• वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधतावारे बताउनुहोस् ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • विविधतावारे सामान्य जानकारी गराउन । | • वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताबारे सचित्र जानकारीको विवरण । | | | |
| ङ. स्थानीय नदी र तालहरु | • स्थानीय नदी, तालको महत्व र पानीका अन्य मुहानहरू र त्यसको महत्व बताउन ।<br>• स्थानीय तालहरुको पहिचान दिन र संरक्षण गर्नुपर्छ भनी बताउन । | • आफू बसेको ठाउँ वरपर समुदायमा रहेका ताल, नदीको चित्र, नामको सूची, परिभाषा, धाम, स्थानीय प्राकृतिक सम्पदाहरू नदी, ताल, आदिको महत्व ।<br>• मुहान, वर्षाको पानी, पोखरी, कुवा र जरूवा आदिको विवरण ।<br>• स्थानीय तालहरुको पहिचान र संरक्षण सहितको विवरण । | • बालबालिकाहरूलाई स्थानीय क्षेत्रको भ्रमण गराइ त्यहाँ रहेका ताल, नदी आदिको सूची बनाइ छलफल गर्ने र महत्व पनि बताउने ।<br>• स्थानीय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाइ तिनीहरूबारे छलफल गर्दै महत्व पनि बताउने ।<br>• स्थानीय तालहरुको महत्ववारे छलफल गर्ने ।<br>• स्थानीय तालहरुको पहिचान र संरक्षणबारे छलफल गर्ने । | • आफ्नो गाँउ वरपर रहेका कुनै ४ वटा जल सम्पदाहरूको सूची वनाई त्यसको महत्व वारे भन ।<br>• पानीका अन्य स्रोतहरूको महत्व बताउनुहोस् ।<br>• पानीको मुहानवारे बताउनुहोस् ।<br>• स्थानीय तालहरुको पहिचान र संरक्षणबारे बताउनुहोस् । | ४ |
| ३. हाम्रो कला र सङ्गीत | | | | | ११ |
| क. हाम्रो कला | • स्थानीय कलामा आधारित घरेलु सामग्रीको नाम र प्रयोग बताउन ।<br>• स्थानीय कलाहरुको विशेषता र संरक्षणबारे बताउन । | • स्थानीय कलामा आधारित घरायसी सामग्रीहरु जस्तै: हलो, जुवा, किलवाही, हेंगा/पटेला, सरावन, कोल्हु, जाँतो, सुप्पा (नाम्लो), डेला, छिट्वा, ढकिया, नुईया, पनुछोप्ना, भौका/भौकी, डेलवा, डिलिया, सेउखा, हेल्का, सेउखा, गड्ली, टापी, जाल, महाजाल, बल्छी, मचान (अट्वा) खैलर, टिक्ठी, मचिया, खटोली, छतरी, पिस्तुर र डोको आदिको विवरण ।<br>• कलामा आधारित स्थानीय नाचहरु र ती नाचहरुमा प्रयोग गरिने सामग्रीहरुको प्रगोगको विवरण ।<br>• स्थानीय कलाहरुको विशेषता र संरक्षण सम्बन्धी गतिविधिहरु । | • बालबालिकाहरुले चिनेका र जानेका कलाका सामग्रीहरुको नाम सहित त्यसको प्रयोगबारे बताउन लगाउने ।<br>• स्थानीय स्तरमा पाईने कलामा आधारित सामग्रीहरुको चित्रहरु देखाउदै उक्त सामग्रीहरुको स्थानीय नाम र त्यसको प्रयोगबारे सोध्ने र बताउने ।<br>• बालबालिकाहरुलाई उनीहरुले नचिनेको र नाम नजानेको सामग्रीहरुको नाम प्रस्ट पारि दिने ।<br>• कलामा आधारित स्थानीय नाचहरुमा प्रयोग गरिने सामग्रीहरुबारे छलफल गर्ने ।<br>• स्थानीय नाचको अभ्यास गर्न लगाउने । | • तपाईको घरमा र तपाईको साथीको घरमा देखेको कुनै ५ वटा सामग्री को नाम र त्यसको प्रयोगबारे बताउनुहोस् ।<br>• डोको के गर्न काम लाग्छ ?<br>• भौका के गर्न काम लाग्छ ?<br>• मुग्रहवा नाच र कठघोरी नाँचमा प्रयोग गरिने सामग्रीको नाम बताउनुहोस् ।<br>• स्थानीय कलामा आधारित सामग्रीहरुको संरक्षण किन गर्नु पर्छ ? बताउनुहोस् । | ६ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ख. हाम्रो गीत सङ्गीत | • स्थानीय गीतहरु सङ्कलन गरि गाउन र संरक्षण गर्न ।<br>• स्थानीय बाजाहरु सामान्य रुपमा गीतसँग तालमा ताल मिलाएर बजाउन सक्ने । | • स्थानीय बाजाहरु जस्तैः मादल, डफ, मञ्जिरा, भ्याली, कस्तार, बाँसुरी, ढोल, ढोलक, टिम्की, दमहा, खैंजडी, हार्मोनियम, तबला र सारङ्गी आदिको विवरण ।<br>• स्थानीय गीतहरु जस्तैः डफको गीत, पहपट गीत, सजना, माँगर, मैना, गैया बेह्रना गीत, कृष्ण जन्माष्टमी गीत, स-साना नानीहरुलाई फुल्याउने गीत ( जस्तैः जोनु मामा......), दिन नचवा गीत, अधरतिया गीत, भिन्सहरीया गीत, कठ्घोडी गीत, रामझुमर गीत, सुमराती गीत, भजन किर्तन अध्यात्मिक गीत, आरती गीत, दोहोरी लोक गीत र तीजको गीत आदि ।<br>• हार्मोनियम, मादल, बाँसुरी र ढोलक बजाउने तरिका वा विधिको विवरण जस्तैः सा रे ग म प ध नि सा आदि । | • बालबालिकाहरुलाई मादल बजाएर सुनाउने ।<br>• स्थानीय बाँसुरीबादकद्वारा बाँसुरी बजाएर सुनाउने ।<br>• स्थानीय बादकद्वारा मादल बजाउन सिकाउने ।<br>• बाँसुरी बजाउन सिकाउने ।<br>• सामूहिक रुपमा गीत गाउन सिकाउने ।<br>• पालैपालो गरि बालबालिकाहरुलाई आफूले जानेको गीत गाउन र नाच्न लगाउने ।<br>• बालबालिकाहरुले जानेको र नजानेको गीत शिक्षकले गाएर सुनाउने ।<br>• स्थानीय नाचहरुको श्रव्यदृश्य चित्रहरु प्रदर्शन गरि पृष्ठपोषण दिने ।<br>• हार्मोनियम र ढोलक बजाउन अभ्यास गर्न लगाउने । | • मादल बजाएर सुनाउनुहोस्।<br>• बाँसुरी बजाएर सुनाउनुहोस्।<br>• तपाईले जानेको कुनै एक वटा गीत गाएर सुनाउनुहोस् ।<br>• समूहमा गीत गाउँदै पालैपालो गर्दै नाचेर देखाउनुहोस् ।<br>• हारमोनियम बाजा बजाएर सुनाउनुहोस् ।<br>• ढोलक बजाएर सुनाउनुहोस्,।<br>• बाँसुरी बजाएर सुनाउनुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | | | | | १५ |
| क.स्थानीय जडिबुटी | • स्थानीय जडिबुटीको नाम बताउनर लेख्न ।<br>• स्थानीय जडिवुटीको महत्व एवं गुण बताउन ।<br>• स्थानीय जडीवुटीको सामान्य प्रयोग विधि बताउन ।<br>• स्थानीय जडिवुटीहरुको सूची तयार गरि उक्त जडिवुटी चिन्न र प्रयोग बताउन । | • आफ्नो घरवरपर पाईने जडिबुटीका नामहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको विवरण ।<br>• स्थानीय जडीवुटीहरु जस्तै:तुलसी, बोजो, मेहदीं, घोडताप्रे, पुदिना, निम र घिउकुमारी आदिको नाम सहित पहिचान गर्न सकिने विवरण ।<br>• स्थानीय जडीवुटीहरु जस्तै:तुलसी, बोजो, मेहदीं, घोडताप्रे, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुण आदिको विवरण ।<br>• स्थानीय जडिवुटीहरुको प्रयोग विधिहरु जस्तै: कुन जडिवुटी कुनबेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको विवरण ।<br>• कुन बिमारीमा कुन जडिवुटीको प्रयोग गरिन्छ, त्यसको विवरण । | • आ-आफ्नो घरआँगन वरपर पाइने जडिबुटीका नाम पालैपालो वा समूहगत रुपमा भन्न र टिपोट गर्न लगाउने ।<br>• विद्यालय वरपर रहेको जडिवुटी नमूनाको लागि अवलोकन गर्ने गराउने र टिपोट गराउने ।<br>• वैद्यद्वारा स्थानीय जडीवुटीहरु जस्तै: तुलसी, बोजो, मेहदीं, घोडताप्रे, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुणको बारेमा बताउने र टिपोट गर्न लगाउने ।<br>• कुन जडिवुटी कुनबेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको विवरण बताउने र टिपोट गर्न लगाउने ।<br>• छुटेका जडिबुटीका नाम शिक्षकले भन्ने र चित्र प्रदर्शन गरि अलफल गरि चिन्हाउने र पृष्ठपोषण दिने । | • तपाईको घरवरपर पाइने कुनै ४ वटा जडिबुटीका नाम भन्नुहोस् ।<br>• निमको पात खायो भने कस्तो लाग्छ ?<br>• कुन रोग लाग्दा कुन जडिवुटी प्रयोग गरिन्छ ?<br>• कुनै १ वा २ वटा जडिवुटीको प्रयोगबारे बताउनुहोस् ।<br>• चित्र हेरेर नाम भन्नुहोस् । | ८ |
| ख. स्वास्थ्य उपचार | • स्वास्थ्य उपचारवारे बताउन र उपचारको नाम लेख्न ।<br>• स्वास्थ्य उपचारको महत्व बताउन ।<br>• स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।<br>• घरपरिवारका सदस्यहरु एवं साथीहरुलाई उपचारको बारेमा बताउन ।<br>• व्यायाम र योगको महत्व बताउन । | • बिरामी भए घर परिवारले उपचार गर्ने ठाउँ जस्तै: स्थानीय मेडिकल, स्वास्थ्य चौकी, झारफुक, गुरुवा तथा वैद्य आदिको विवरण ।<br>• कुनै पनि रोग लाग्नु भन्दा पहिले रोकथामको महत्व आदिको विवरण ।<br>• प्रचलित रोगहरु वा बिमारी जस्तै: रुघाखोकी, टाउको दुख्ने ज्वरो आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरुको विवरण ।<br>• स्वास्थ्य उपचारको सन्दर्भमा सामान्य प्राथमिक उपचार विधिको विवरण । | • प्रत्येक वालवालिकाहरूलाई आ-आफ्नो घरका सदस्य विरामी हुँदाउपचार गर्न जाने ठाउँको नाम बताउन लगाउने र टिपोट गर्न पनि लगाउने ।<br>• स्वास्थ्य कार्यकर्ताद्वारा स्थानीय उपचारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने ।<br>• रुघाखोकी, टाउको दुख्ने ज्वरो आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरुको बारेमा जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• प्राथमिक उपचारको लागि स्थानीय | • तपाईको घरका मानिसहरु विरामी हुँदा कहाँ जानुहुन्छ?<br>• औषधी पाउने पसललाई के भनिन्छ ?<br>• तपाइलाई कुन ठाउँमा उपचार गराउन मन पर्छ ?<br>• प्राथमिक उपचारहरु मध्ये कुनै एकको बारेमा भन ।<br>• रुघाखोकी लाग्यो भने तपाई के गर्नुहुन्छ ? | ७ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • योग साधारण प्रकारहरु जस्तै: योगिक जोगिङ्ग, सूर्य नमस्कार, सूक्ष्म व्यायाम र प्रणायामबारे सचित्र विवरण । | स्वास्थ्य चौकी नै सबैभन्दा उत्तम ठाउँ हो भनी पृष्ठपोषण दिने ।<br>• योग साधारण प्रकारहरु जस्तै: योगिक जोगिङ्ग, सूर्य नमस्कार, सूक्ष्म व्यायम र प्राणायामको महत्वबारे छलफल गर्ने ।<br>• योग साधारण प्रकारहरु जस्तै: योगिक जोगिङ्ग, सूर्य नमस्कार, सूक्ष्म व्यायम र प्राणायामको अभ्यास गराउने । | • योग साधारण प्रकारहरु जस्तै: योगिक जोगिङ्ग, सूर्य नमस्कार, सूक्ष्म व्यायाम र प्राणायामको प्रत्येकको महत्व बताउनुहोस् ।<br>• सूर्य नमस्कार गरेर देखाउनुहोस् । | |
| ५. स्थानीय खेलहरु | | | | | ८ |
| क. स्थानीय खेलहरु | • स्थानीय खेलहरुको सामान्य नियम पालना गरि खेल्न र उक्त खेलको नाम लेख्न ।<br>• स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।<br>• स्थानीय खेलहरुको महत्व बताउन ।<br>• स्थानीय खेलहरुको अभ्यासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरुबारे बताउन । | • स्थानीय खेलहरु जस्तै: लुकामारी, आसपास, रुमालचोर, घरकुटी, चुंगी गट्टा, कोइली दिदी, गोली, टिपु, लोचिक दण्डा, छुर, कौरी नुकावर र घरबसावर आदिको विवरण ।<br>• सामूहिक र एकल खेलहरुको विवरण ।<br>• स्थानीय्र एकल तथा सामूहिक खेलहरुको विधि र नियमहरुको विवरण ।<br>• स्थानीय खेलहरुको अभ्यासले बालबालिकाहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलिने खेलहरुमा भाग लिन क्षमतावान बनाउने विवरण । | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने स्थानीय खेलहरुको सामूहिक छलफलबाट नाम भन्न लगाउने ।<br>• शिक्षकले बालबालिकाहरुले थहाँ नपाएको स्थानीय खेलको नाम टिपोट गर्न लगाउने ।<br>• शिक्षकले नमुना देखाई साधारण खेलहरु नियम अनुसार खेल्न लगाउने ।<br>• नियमानुसार स्थानीय खेलहरु खेलाएर अभ्यस्त गर्ने । | • कुनै चार वटा स्थानीय खेलका नाम भन्नुहोस् ।<br>• तपाईलाई कुन खेल मन पर्छ ?<br>• समूहमा साथीहरुसंग मिलेर कुनै खेल्ने खेलका नाम भन्नुहोस् ।<br>• एकल खेलका नाम भन्नुहोस् ।<br>• कुनै एउटा स्थानीय खेलको नियम भन्नुहोस् ।<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलिने खेलहरुका नाम भन्नुहोस् । | ८ |
| ६. पेशा व्यवसाय र आर्थिक क्रियाकलाप | | | | | २० |
| क. स्थानीय पेसा व्यवसाय | • आफ्नो र साथीको परिवारका सदस्यले गर्ने पेसागत व्यवसायको नाम बताउन र उक्त व्यवसायको महत्व लेख्न ।<br>• स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन । | • घर परिवार तथा छरछिमेकका सदस्यहरुले दैनिक रुपमा गर्ने काम जस्तै:- खेतबारीको काम, सिलाई बुनाई, कुखुरापालन, पसल व्यवसाय, डोकाडाला र ढकिया बुन्ने, कपाल काट्ने, पढ्ने पढाउने, चारपाइ बनाउने, नौकरी, फर्निचर बनाउने, मजदुरी गर्ने र वैदेशिक रोजगार गर्ने आदिको विवरण । | • परिवार तथा छरछिमेकको सदस्यले गर्ने दैनिक पेशागत तथा व्यावसायिक क्रियाकलापहरु (काम)बारे छलफल गर्ने गराउने र टिपोट गर्न लगाउने ।<br>• विद्यालय नजिकमा रहेका कुनै एक दुई घरमा अवलोकन गराई त्यहाँका मानिसले गर्ने पेशागत काम बारे टिपोट गर्न लगाउने । | • तपाईलाई कुन पेसागत व्यवसाय मन पर्छ ?<br>• तपाईको घर परिवारका मानिसले के के पेसा व्यवसाय गर्नुहुन्छ ?<br>• तपाईको छरछिमेकका मानिसहरुले के के पेसा व्यवसाय गर्नुहुन्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • स्थानीय पेसाव्यवसाय सामाजिक र आर्थिक महत्व बताउन ।<br>• स्थानीय पेसा व्यवसाय विशेषता र महत्व बताउन । | • पेसागत व्यवसायको आर्थिक महत्व जस्तै: घरपरिवारलाई खानलगाउन पुग्ने र धन सम्पती बढ्ने सक्ने विवरण ।<br>• स्थानीय पेसा व्यवसायको विशेषता र महत्वको विवरण ।<br>• स्थानीय पेसाव्यवसायहरुको विवरण । | • पेसागत व्यवसायबाट सम्पतिको वृद्धि हुन्छ भनी पृष्ठपोषण दिने ।<br>• कुन पेसा व्यवसायले आर्थिक उन्नती गराउछ भनी छलफल गर्ने ।<br>• स्थानीय पेसा व्यवसायको विशेषता र महत्वबारे छलफल गर्ने ।<br>• विभिन्न पेशा व्यवसाय, झल्किने श्रव्य दृष्य सामग्री प्रदर्शन गर्ने र पृष्ठपोषण दिने । | • तपाईलाई मनपर्ने पेसा व्यवसायको नाम भन्नुहोस् ।<br>• स्थानीय पेसा व्यवसायको कुनै एक वटा विशेषता र एक वटा महत्व भन्नुहोस्<br>• चित्र देखाएर कामको नाम सोध्ने । | |
| ख. स्थानीय आय आर्जन र क्रियाकलाप | • घर, छरछिमेक तथा गाउँमा आम्दानी आउने क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलापको महत्व लेख्न ।<br>• आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलाप-हरुको महत्व बताउन ।<br>• स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि बताउन ।<br>• स्थानीय आयआर्जनको क्रियाकलापहरुको विशेषता र फाइदा बताउन । | • घरपरिवार, छरछिमेक तथा साथीका परिवारको सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यवसाय जस्तै: बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला वनाउने, खाट वनाएर बेच्ने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाइ बुनाइ, घर वनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदिको विवरण ।<br>• आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरु जस्तै: घरपरिवारको मानिसले आफुले जानको क्रियाकलाप र स्रोत साधनको उपलब्धताको विवरण ।<br>• आयआर्जनका क्रियाकलापहरुको विवरण ।<br>• आयआर्जनका क्रियाकलापहरुको विशेषता र महत्वबारे विवरण । | • बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला वनाउने, खाट वनाउने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाई बुनाई, घर वनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि जस्ता आय आर्जन गर्ने क्रियाकलापहरुको चित्र प्रदर्शन गरि छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• कुन आर्थिक क्रियाकलापले आर्थिक फाइदा हुन्छ भनी छलफल गर्ने ।<br>• आफ्नो विद्यालय नजिकमा सञ्चालनमा रहेका सामान्य पेसा व्यवसाय जस्तै: सिलाइ बुनाइ र तरकारी खेती जस्ता क्रियाकलापहरुको अवलोकन गराउने र अवलोकन गरिएको क्रियाकलापको नाम टिपोट गर्न लगाउने ।<br>• बालबालिकाहरुलाई आफुसँग भएको स्रोत साधनहरुले आय आर्जनको क्रियाकलापको थालनी गर्नुपर्छ भनी पृष्ठपोषण दिने ।<br>• आयआर्जनका क्रियाकलापहरुको विशेषता र महत्वबारे छलफल गर्ने । | • तपाईलाई कुन क्रियाकलाप गर्न मन पर्छ ? भन्नुहोस् ।<br>• आयआर्जनका कुनै ४ वटा क्रियाकलापको नाम भन्नुहोस्<br>• तपाईको घरपरिवारका मानिसले के के गरेर आय आर्जन गर्छन ?<br>• तपाईको छरछिमेकका मानिसले के के गरेर आय आर्जन गर्छन ?<br>• तपाईलाई मन पर्ने आय आर्जन क्रियाकलाप के हो ?<br>• आय आर्जनका क्रियाकलापहरुको कुनै एक वटा विशेषता र एक वटा महत्व भन्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • विभिन्न आय आर्जनको पेशा सम्बन्धी श्रव्यदृश्य चित्रहरुको प्रदर्शन गराई बालबालिकाहरुलाई नाम टिप्न लगाउने । | | |
| ग. स्थानीय बजार | • छरछिमेकको दैनिक कामकाज र खानपानका लागि खरिदबिक्री गरिने वस्तुहरुको नाम बताउन र खरिद बिक्री गरिने सामग्रीको नाम लेख्न ।<br>• आफ्नो नजिकै रहेको बजारको नाम बताउन र उक्त बजारको नाम लेख्न ।<br>• स्थानीय बजारको महत्वबारे बताउन ।<br>• स्थानीय बजारको विशेषता बताउन ।<br>• स्थानीय बजारले मानिसमा पार्ने सकारात्मक प्रभावबारे बताउन । | • आफ्नो तथा साथीको घरमा उत्पादन हुने र बजारबाट पाईने वस्तुहरुको खरिद बिक्री आदिको विवरण ।<br>• स्थानीय बजार जस्तै: बौनिया बजार, मुडा बजार, पृथ्वीपुर बजार, कोइली भुरुवा बजार र सिमरी बजारको अवस्थिति आदिको विवरण ।<br>• स्थानीय बजारको महत्व जस्तै: चाहिएको बेलामा खरिदबिक्री गर्न सकिने, आफुलाई चाहिएको बस्तु किन्न सकिने र समय भित्रै औजारहरुको मर्मत सम्भार गर्न गराउन सकिने आदिको विवरण ।<br>• स्थानीय बजारहरुको विस्तृत विवरण ।<br>• स्थानीय बजारले समाजमा पार्ने प्रभावहरुको विवरण । | • बालबालिकाहरुको आफ्नो तथा साथीको घरबाट खरिदबिक्रि गरिने सामग्रीको नाम पालैपालो भन्न र टिपोट गर्न लगाउने ।<br>• बालबालिकाहरुको घरमा उत्पादन हुने सामग्रीहरुको नाम पालैपालो नाम भन्न र टिपोट गर्न लगाउने ।<br>• स्थानीय बजारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय बजारहरुको विशेषताबारे छलफल गर्ने ।<br>• स्थानीय बजारले समाजमा पार्ने प्रभावहरुबारे छलफल गर्ने ।<br>• बालबालिकाहरुको घर वा नजिकैको गाउँ वा बजारमा रहेको हाटबजार तथा बजार अवलोकन गराउने र टिपोट गर्न लगाउने । | • तपाईलाई कहाँको बजार जान मन लाग्छ ?<br>• तपाई त्यो बजारबाट के के किन्नुहुन्छ ?<br>• तपाईको घरका तथा छरछिमेकका मानिसले बजारबाट के के सामग्री खरिद गर्नुहुन्छ ?<br>• तपाईको र तपाईको साथीको घरका मानिसले बजारमा के-के बेच्नुहुन्छ ?<br>• हाटबजारमा के पाइन्छ ?<br>• स्थानीय बजारको विशेषता भन्नुहोस् ।<br>• स्थानीय बजारले समाजमा पार्ने प्रभावहरुबारे बताउनुहोस् । | ४ |
| घ. पेसागत ज्ञान र सीप | • कृषि पेसासंग सम्बन्धित क्रियाकलापको नाम बताउन र उक्त क्रियाकलाप सञ्चालन गर्ने ज्ञात सीपको नाम लेख्न ।<br>• आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।<br>• पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक महत्व बताउन ।<br>• पेसागत ज्ञान र सीपको विशेषता बताउन । | • पेसागत ज्ञान र सीप जस्तै: ढकिया नुइया बुन्न, पशुपालन, खेतीपाती, च्याऊ उत्पादन, तरकारीखेती, गाई, भैसीपालन, बाख्रापालन, कुखुरापालन र माछापालन आदिको विवरण ।<br>• खेतीबारीमा लगाइएको बालीनाली तथा फसल राम्रो उब्जाउ गर्न जस्तै: पानी हाल्ने, मल हाल्ने, फसलमा रोग तथा कीरा लागेमा औषधी छर्ने आदिको विवरण । | • बालबालिकाहरुको घरका मानिसहरुले पेसागत ज्ञान र सीपबारे समूहगत रुपमा छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• पेसागत पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई, भैसीपालन, बाख्रापालन, कुखुरापालन र माछापालन आदि के कसरी उत्पादन गरिन्छ भनी छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• | • तपाईको बारीमा रोपिएको तरकारी सुक्न लाग्यो भने तपाईले के गर्नुहुन्छ ?<br>• तपाईको बारीमा के के फल्छ ? खेतमा के के रोप्नुहुन्छ ?<br>• तपाईको घरमा के पालन गरिन्छ ?<br>• तपाईको साथीको मानिसले के पालन गर्नुहुन्छ ?<br>• पेसागत ज्ञान र सीपको विशेषताबारे बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • पालिएको गाई, भैंसी, भेंडा, बाखा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा समयमैं औषधीको प्रयोग आदिको विवरण ।<br>• घरपरिवारको र छरछिमेकीको पेसागत ज्ञान र सीप भएमा त्यसको महत्व जस्तै:: आफ्नो सामान बिग्रियो भने मर्मत सम्भार गर्न गराउन सजिलो, कम खर्चिलो, स्थानीय स्रोत साधनको प्रयोग, खेतवारीमा कुन बेलामा मल हाल्ने, औषधी हाल्ने आदिको विवरण ।<br>• स्थानीय पेसागत ज्ञान र सीप कसरी सिक्नु पर्छ, त्यसको विवरण ।<br>• पेसागत ज्ञान र सीपको विशेषताहरुको विवरण । | • खेतीबारीमा लगाइएको बालीनाली तथा फसल राम्रो उब्जाउ गर्न कुन ज्ञान र सीपको आवश्यक पर्छ भनी पृष्ठपोषण दिने र टिपोट गर्न लगाउने ।<br>• पेसागत सीप र ज्ञानको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय पेसागत ज्ञान र सीप सिक्ने विधिबारे छलफल गर्ने ।<br>• घरमा पालिएको गाई, भैंसी, भेंडा, बाखा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा के के गर्नु पर्छ भनी टिपोट गर्न लगाउने ।<br>• पेसागत ज्ञान र सीपको विशेषताबारे छलफल गर्ने । | | |
| ङ. उद्योग | • आफ्नो विद्यालय, गाउँपालिका नजिक रहेका उद्योगको नाम बताउन र उक्त उद्योगको नाम लेख्न ।<br>• स्थानीय उद्योगको महत्व बताउन ।<br>• स्थानीय उद्योगको फाइदा र बेफाइदा बताउन ।<br>• स्थानीय उद्योगहरुको विशेषता बताउन । | • विद्यालय, बर्दगोरिया गाउँपालिका-मा रहेका साना तथा ठुला उद्योग जस्तै दुधडेरी उद्योग, पाउरोटी उद्योग, मसला उद्योग, ईँटा उद्योग र कसर उद्योग र दाल/चामल उद्योग आदिको विवरण ।<br>• स्थानीय स्तरमा रहेको उद्योगहरुको महत्व जस्तै: रोजगारी पाउने, आयआर्जनको स्रोतमा बृद्धि हुने र स्थानीय उद्योगबाट उत्पादित बस्तु सहुलियत दरभाउमा उपलब्ध हुने आदिको विवरण ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र बेफाइदाको विवरण ।<br>• स्थानीय उद्योगहरुको विशेषताहरुको विवरण । | • बालबालिकाहरुलाई पालैपालो आफ्नो गाउँघरमा भएका साना उद्योगको नाम बताउन लगाउने र पृष्ठपोषण दिंदै टिपोट गर्न लगाउने ।<br>• स्थानीय उद्योगहरुको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• नजिकै रहेका उद्योगहरुको अवलोकन भ्रमण गराउने र अवलोकन गरिएको वस्तुहरुको नाम टिपोट गर्न लगाउने ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र बेफाइदाबारे छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय उद्योगहरुको विशेषताबारे छलफल गर्ने । | • तपाईको घरका र साथीको घरका मानिसहरुले के उद्योग चलाउनुहुन्छ ?<br>• तपाईको गाउँघरमा के के उद्योगहरु छन् ?<br>• तपाईको गाउँमा रहेको उद्योगले के उत्पादन गर्छ ?<br>• तपाईलाई कुन उद्योग मन पर्छ ?<br>स्थानीय उद्योगहरुको फाइदा र बेफाइदा लेख्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय पर्यटन | | | | | ५ |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको महत्व र विशेषता बताउन ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको महत्व र विशेषता बताउन । | • बर्दगोरिया गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तै: बर्दगोरिया ताल तथा मन्दिर, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनिया धाम), ठाकुरद्वारा नहर, झरझरिया बाँध र उताह ताल आदिको विवरण ।<br>• घोडाघोडी ताल तथा मन्दिर, कर्णाली नदी तथा पुल, आम पानीको झरना, चिडिया ताल, टिकापुर उद्यान, वेहडाबाबा मन्दिर र कोइलही ताल आदिको विवरण । | • शिक्षकले पोष्टर प्रदर्शन गर्ने ।<br>• पर्यटकीय स्थल पोष्टर पहिचान गराई दिने ।<br>• स्थानीय तह र छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको पहिचान गराई दिने ।<br>• यिनीहरुको बारेमा विद्यार्थीलाई जानकारी भए नभएको छलफल गर्ने र पर्यटकीय स्थलहरुको नाम लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको महत्वका बारेमा सूची वनाई प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलको सूची तयार पारी महत्व बताउन र लेख्न लगाउने ।<br>• पर्यटकिय स्थलहरुको अवलोकन भ्रमण गर्ने गराउने । | • स्थानीय तह (बर्दगोरिया गा.पा.) भित्रका कुनै २ वटा पर्यटकीय स्थलको नाम लेख्नुहोस् ।<br>पोष्टर प्रदर्शन गरि नाम लेख्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको कुनै २ वटा महत्व भन्नुहोस् ।<br>बर्दगोरिया गा.पा.सँगै जोडिएका अन्य पर्यटकीय स्थलको कुनै ४ वटा फाइदा लेख्नुहोस् । | ५ |
| ८. विपद् व्यवस्थापन | | | | | ५ |
| क. विपद् व्यवस्थापन | • प्राकृतिक तथा मानव निर्मित विपद्हरुको लक्षण अर्थात विशेषता बताउन ।<br>• विपद्हरुको सूची तयार पार्न ।<br>• विपद्हरुबाट बच्ने उपायहरु बताउन र लेख्न ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न र विपद्बाट बच्ने उपाय बताउन । | • प्राकृतिक तथा मानव निर्मित विपद् जस्तै:: बाढी, पहिरो, भू-क्षय, आगलागी, भू-कम्प, चट्याङ, असिना, सडक दुर्घटना, सरुवा रोगको महामारी (कोभिड-१९), जङ्गली जीवजन्तुको आक्रमण, सर्पको टोकाई र विद्युतीय करेन्ट लाग्ने आदिको विवरण । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रश्नोत्तर गर्ने ।<br>• पोष्टरमा भएका चित्रहरुको पहिचान गर्न लगाउने ।<br>• विभिन्न विपद्हरुको बारेमा थप जानकारी गराउने र बच्ने उपायको सूची तयार पारी प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• विभिन्न विपद्हरुको नाम लेख्न लगाउने ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न लगाइ विपद्बाट बच्ने उपाय सम्बनधमा छलफल गर्ने । | कुनै ४ वटा विपद्का नामहरु लेख्नुहोस् ।<br>• विपद् उल्लेख भएका पोष्टरलाई पहिचान गरी लेख्नुहोस् ।<br>• विपद्बाट बच्ने कुनै ४ वटा उपायहरु लेख्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्बाट बच्ने कुनै ५ वटा उपाय लेख्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ९. स्थानीय प्रविधि र ऊर्जा | | | | ८ | |
| क. स्थानीय प्रविधि | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम, महत्व र उपयोग बताउन ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको नाम, महत्व र उपयोग बताउन। | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तैः ढिकी, जाँतो, मिल (कुट्ने, पिस्ने, पेल्ने), चर्खा,कोलु, र कागती पेल्ने कोल्हु आदिको विवरण ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तैः मिक्सचर(मसला पिस्ने, मास पिस्ने र जुस बनाउने), कागती पेल्ने मेसिन, ऊखु पेल्ने हाते मेसिन, कपास फिट्ने मेसिन, कम्प्युटर, मोबाइल, ल्यापटप र क्याल्कुलेटर आदिको विवरण । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरि पहिचान गर्न लगाउने र प्रयोगबारे छलफल गर्ने ।<br>• स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको महत्वबारे छलफल गर्ने ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको महत्वबारे छलफल गर्ने । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको चित्र अवलोकन गरी त्यसको प्रयोग एवं महत्वबारे लेख्नुहोस् ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको चित्रहरु अवलोकन गरी नाम र प्रयोग एवं महत्वबारे लेख्नुहोस् ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको अवलोकन गरी त्यसको प्रयोग र महत्वबारे लेख्नुहोस् । | ४ |
| ख. स्थानीय ऊर्जा | • स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको पहिचान गर्न, नाम तथा महत्व बताउन ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत ऊर्जाको फाइदा बताउन र लेख्न । | • स्थानीय ऊर्जाको स्रोत र सामगीहरु जस्तैः भूसी चूलो, सुधारिएको चूलो, सौर्य ऊर्जा, गोवर गुँइठा, गोबर ग्याँस, दाउरा, मट्टी तेल र विजुली आदिको विवरण । | • स्थानीय ऊर्जाको स्रोतहरुबारे छलफल गर्ने (जस्तैः अहिरोगाको काठले काठमा रगडेर आगो निकाल्ने विधिबारे छलफल गर्ने) ।<br>• स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको महत्व र फाइदाबारे छलफल गर्ने । | • स्थानीय ऊर्जाको स्रोतको कुनै ३ वटा महत्व बताउनुहोस् ।<br>• काठबाट आगो निकाल्न अभ्यास गर्नुहोस् ।<br>• स्थानीय ऊर्जाको स्रोतहरुको कुनै ५ वटा फाइदा बताउनुहोस् । | ४ |

## विषयवस्तुको विस्तृतीकरण

वार्षिक कार्य घण्टा १२८

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, इतिहास, संस्कृति र सांस्कृतिक सम्पदा | | | | | ४८ |
| क. हाम्रो भाषा | • आफ्नो मातृभाषामा निबन्ध लेख्न ।<br>• साधारण किसिमको सरकारी निवेदन तथा चिठी पत्र लेख्न ।<br>• जातजातिहरुको स्थानीय पौराणिक गीतहरु संकलन र संरक्षणका उपाय लेख्न । | • मातृभाषाहरु जस्तै: थारू (राना, कठरिया, पूर्विया), अछामी, खस, मैथली, मगर खाम भाषा र नेपाली, डोटेली आदि ।<br>• निवेदन र चिठी पत्रको ढाँचा ।<br>• जातजातिको स्थानीय पौराणिक गीतहरु लिपिबद्ध गर्ने जस्तै डफ र सजना गीतको पोष्ता, मैना र सिङ्गरो गीतको पोष्ता, मुङ्ग्रहवा र कठघोरी नाच गीतको पोष्ता, कृष्ण जन्माष्टमी र सखिया नाच गीत आदि । | • मातृभाषामा चिठ्ठी पत्र र सरकारी निवेदन लेख्न सिकाउने ।<br>• स्थानीय भाषा विज्ञद्वारा विशेष कक्षा लिन लगाउने ।<br>• जातजातिको स्थानीय पौराणिक गीतहरुबारे जस्तै डफ र सजना गीत, मैना र सिङ्गरो गीत, मुङ्ग्रहवा र कठघोरी नाच गीत, कृष्ण जन्माष्टमी र सखिया नाच गीतबारे छलफल गर्ने ।<br>• उपरोक्त गीतहरु सामुहिक रुपमा गाउन लगाउने । | • चिठ्ठी पत्र लेख्दा सम्बोधन गरिने आदरार्थी शब्दहरु के के हुन ? बताउनुहोस् ।<br>• सरकारी निकायलाई निवेदन लेख्नुहोस् ।<br>• घरायसी चिठी पत्र अवलोकन गरी नाम र प्रयोग एवं महत्वबारे लेख्नुहोस् ।<br>• जातजातिहरुको कुनै एउटा गीत गाएर सुनाउनुहोस् । | ४ |
| ख. हाम्रो संस्कृति | • स्थानीय धार्मिक संस्कृतिको महत्व बताउन ।<br>• स्थानीय सांस्कृतिको पहिचान सहितको विशेषता बताउन ।<br>• स्थानीय सांस्कृतिक कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउन । | • स्थानीय धार्मिक संस्कृतिहरु जस्तै: थारू जातिहरुको संस्कृतिमा उदाहरुणको लागि धान रोपाई गरिसकेपछि भदौ महिनाभरि स्थानीय नाँचगान गर्ने, थारू पोष्ता आदि र डोटेलीहरुको संस्कृतिमा वंशज पत्र, जन्म कुण्डली आदि, अछामीहरुको संस्कृतिमा विशेष धार्मिक मेलाहरु, दैलेखीहरुको सांस्कृतिमा धार्मिक विशेष मेलाहरु आदि ।<br>• स्थानीय संस्कृतिको विशेषताहरु ।<br>• स्थानीय सांस्कृतिक कार्यक्रमहरुको गतिविधिहरु । | • विद्यार्थीहरुसँग सामुहिक रुपमा उनिहरुको संस्कृतिको सामाजिक महत्ववारे छलफल गर्ने ।<br>• स्थानीय संस्कृतिको विशेषताहरुबारे छलफल गर्ने ।<br>• समूह विभाजन गरि कुने सांस्कृतिक कार्यक्रमको अभिनय गर्न लगाउने । | • मानिसलाई सभ्य वनाउने कुरा के हो ?<br>• संस्कृतिको सामाजिक महत्व के छ ?बताउनुहोस् ।<br>• संस्कृतिको मुख्य विशेषताहरु के के हुन ? बताउनुहोस् ।<br>• सांस्कृतिक कार्यक्रमले के दर्शाउछ ? | ४ |
| ग. हाम्रो सस्कार र रहनसहन | • संस्कारको सामान्य विधि बताउन ।<br>• समाजमा सामुहिक रुपमा गरिने संस्कारहरु अवलम्वन र अनुसरण गर्न । | • घरपरिवार छरछिमेकमा मनाइने संस्काहरु जस्तै: नामाकरण संस्कार, जन्मोत्सव संस्कार अन्नप्रासन संस्कार, उपनयन संस्कार(व्रतवन्ध), विवाह संस्कार अन्तेष्टि संस्कार आदिको विवरण । | • संस्कारहरुको वोरमा सामुहिक छलफल गर्ने ।<br>• असल मानिसको स्वभाव तथा गुणबारे छलफल गर्ने । | • तपाईको घरमा मनाइने संस्कारको परिचय दिनुहोस् ।<br>• असल मानिसको स्वभाव र गुणहरु बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • संस्कारको सामान्य परिचयात्मक विवरण ।<br>• जन्म संस्कार र विवाह संस्कारमा गाइने माँगर (मंगल) गीत र विधि प्रक्रिया एवं गतिविधिको विवरण ।<br>• प्रमुख संस्कारहरुसंग सम्बन्धित देवी देवताहरुको स्तुति गीतहरु ।<br>• संस्कारिक मानिसको स्वभाव र गुणहरु । | • समाजमा निभाउनु पर्ने सदभावहरु जस्तैः समाजमा मिलेर बस्ने, मित्रवत व्यवहार गर्ने, जिउँदाको जन्ती र मर्दाको मलामी जानेबारे छलफल गर्ने ।<br>• नियमित रुपमा गर्नै पर्ने संस्कारहरुबारे छलफल गर्ने । | • देवी देवताहरुसँग सम्बन्धित गाइने गीत गाउनुहोस् ।<br>• जन्म संस्कारमा के गर्नु पर्छ ? बताउनुहोस् ।<br>• मलामीले निभाउने भूमिकाबारे बताउनुहोस् । | |
| घ. हाम्रो मूल्य मान्यता | • मूल्य मान्यता सभ्य सामाजको पहिचान हो भन्ने उक्ति अवलम्बन गर्न ।<br>• समाजमा स्थापित मूल्य मान्यतालाई व्यवहारमा उतार्न । | • आफ्नो घर परिवारका मूल्य मान्यताबारे जानकारी जस्तैः थारू जातिमा जेठाजु र भाइ बुहारी छोइएमा नुहाउने वा सुनपानीले चोखो हुने आदिको विवरण ।<br>• धार्मिक मूल्य मान्यता जस्तैः धर्मको वारेमा सामान्य जानकारी, सामाजिक जीवन, धार्मिक अवस्था, भाषा, धर्म, साहित्य, कला, दर्शन, परिवारको जीवनशैली, बोलीचाली, भेषभूषा, आहार, पहिरन, हिंडाइ, बसाइ, घरपरिवारका सदस्यहरुको आचारव्यवहार आदि ।<br>• धर्म संस्कृति जस्तैः अतिथि देवो भवः, मातृदेवो भवः, पितृ देवो भवः र गुरुदेवो भवः जस्ता मूल्य मान्यताहरु । | • आफ्नो घरपरिवारको रहनसहन, आचारव्यवहारका वारेमा भन्न लगाउने ।<br>• विद्यार्थीहरुद्वारा प्रस्तुत गरिएको विषयहरु टिपोट गरि छलफल गर्ने ।<br>• आमाबावु, अतिथि र गुरु प्रति गरिने व्यवहारको वारेमा भन्न लगाउने ।<br>• विद्यार्थीहरुद्वारा प्रस्तुत गरिएको विषयहरु टिपोट गरि छलफल गर्ने ।<br>• विद्यार्थीहरुलाई कुनै मूल्य मान्यता सम्वन्धी अभिनय गर्न लगाउने ।<br>• स्थापित मूल्य मान्यताहरुबारे छलफल गर्ने र टिपोट गर्न लगाउने । | • मूल्य मान्यता भनेको के हो ?<br>• मूल्य मान्यताले घर परिवार र समाजको मानिसलाई के गर्न सिकाउँछ ?<br>• मूल्य मान्यतालाई व्यवहारमा ल्याइएन भने के हुन्छ ? बताउनुहोस् । | ४ |
| ङ. छाउपडी प्रथा | • छाउपडी एउटा प्रथा हो भनी बताउन ।<br>• छाउपडी प्रथा एउटा सामाजिक कुरीति हो भन्ने कुरा आत्मसात् गर्न । | • छाउपडी प्रथाले गर्दा उमेर पुगेका महिलाहरुको व्यक्तिगत र सामाजिक पीडा हुने ।<br>• छाउपडी प्रथाको नकारात्मक पक्षहरुको विवरण जस्तैः महिला अपहेलित हुन्छिन्, छाउपडी गोठमा बस्दा विषालु जीवजन्तुहरुको आक्रमण र बदमास मानिसहरुले छाउपडी भएको महिलालाई एक्लै पाएमा बलात्कार गर्ने भय आदि । | • छाउपडी प्रथाको नकारात्मक असरहरुबारे छलफल गर्ने ।<br>• छाउपडी प्रथा सामाजिक कुसंस्कार हो भनी विद्यार्थीहरुलाई स्पष्ट पार्ने र टिपोट गर्न लगाउने । | • छाउपडी भएको बेला महिला मानिसले के के समस्या भोग्नु पर्छ ? बताउनुहोस् ।<br>• छाउपडी प्रथाको सामाजिक विकृतीहरु बताउनुहोस् ।<br>• छाउपडी प्रथालाई समाजबाट हटाउन के गर्नु पर्ला ? बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| घ. बालविवाह | • बालविवाह भनेको के हो बताउन ।<br>• बालविवाह गर्दा जीवन भरी भोग्नु पर्ने अवस्था बताउन । | • गाउँघरमा अहिले पनि सामाजिक रुपमा बालविवाह गर्ने गरेको ।<br>• बालविवाह गर्दा व्यक्तिगत रुपमा पर्ने असरहरु सानो उमेरमा बच्चा जन्मिने साथै बच्चा र आमा कुपोषित हुने आदि । | • गाउँघरमा क-कस्ले बालविवाह गरेको छ ? बताउनुहोस् ।<br>• सानै उमेरमा विवाह गरेको मानिसहरुको अवस्थाबारे छलफल गर्ने ।<br>• बालविवाह सम्बन्धी अभिनय गर्न लगाउने । | • बालविवाह भनेको के हो ?<br>• बालविवाह गरेको मानिसले भोग्दै गरेको अवस्थाको बारेमा बताउनुहोस् ।<br>• बालविवाह सम्बन्धी कुनै बाल कथा सुनाउनुहोस् । | ४ |
| छ. मादक पदार्थ र दुर्व्यसन | • दुर्व्यसन भनेको के हो ? बताउन ।<br>• मादक पदार्थ सेवन गर्दा सो को असरबारे बताउन । | • मादक पदार्थहरु जस्तै: जाँडदारु, धुम्रपान विडी चुरोट, खैनी, गुट्का, र लागुऔषध आदि ।<br>• दुर्व्यसनीको असर जस्तै: एकहोरो हुने, परिवारबाट माया नपाउने, समाजवाट अपहेलित हुने, खाना मन नपराउने र कुलतमा फस्दै जाने आदि ।<br>• दुर्व्यसन र दुर्व्यसनीका कारणले गर्दा घर र समाजमा परेको असर सम्बन्धी विवरण । | • मादक पदार्थ भनेको के हो भनी सोध्ने ।<br>• मादक पदार्थ र लागुऔषधबीच फरक छुट्याइ स्पष्ट पार्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• दुर्व्यसनीको अवस्थाबारे छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• मनोपरामर्शकर्ताद्वारा छलफल गर्न गर्न लगाउने । | • मादक पदार्थ भनेको के हो ?<br>• जड्याहा मानिसको अवस्थाबारे बताउनुहोस् ।<br>• लागुऔषध प्रयोग गर्ने मानिसको अवस्थाबारे बताउनुहोस् ।<br>• दुर्व्यसन भनेको के हो ? | ४ |
| ज. आत्महत्या | • आत्महत्या गर्नु सामाजिक अपराध हो भनी बताउन ।<br>• आत्महत्या गर्नाले घरको र समाजमा पर्ने असरबारे बताउन । | • आत्महत्या गर्नु जस्तै: पासो लगाउनु, विष सेवन गर्नु, गहिरो नदी वा तलाउमा हाम फाल्नु आदि ।<br>• आत्महत्या गर्नाले घरमा र समाजमा पर्ने असरहरु जस्तै: छोराछोरी टुहुरा हुने आदि । | • मानिसहरुले के के गरेर आत्महत्या गर्छन बताउनुहोस् ।<br>• शिक्षकले आत्महत्याका प्रकारहरुबारे बताउने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• आत्महत्या गर्नाले घरमा र समाजमा पर्ने असरहरुबारे छलफल गर्ने ।<br>• आत्महत्या गर्नाले घरमा र समाजमा पर्ने असरहरु जस्तै: सामाजिक र आर्थिक असरबारे छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने । | • मानिसहरुले के के गरेर आत्महत्या गर्छन ?<br>• आत्महत्याका प्रकारहरु के के हुन ?<br>• आत्महत्या गर्नाले घरमा र समाजमा कस्तो असर गर्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| झ. हाम्रो चाडपर्व | • स्थानीय चाडपर्वहरूको नाम बताउन र त्यसको महत्व बताउन ।<br>• स्थानीय चाडपर्वहरूमा गरिने गतिविधिहरुबारे बताउन । | • स्थानीय चाडपर्वहरू जस्तै: माघी, अतवारीब्रत, श्रीकृष्ण जन्माष्टमी ब्रत,अनन्ता ब्रत,गौरा, लवाङ्गीपूजा, गुरही, चिरै, भजहर, ओल्के, बिसु आदि ।<br>• स्थानीय चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरुको विवरण जस्तै: थारू जातिको माघी पर्व ( माघिदेवानी नयाँ वर्ष) मनाउदाको बखत माघे सक्रान्तीको रातभरी डफको गीत गाउने, विहान चौथो पहरमा नजिकैको नदी, तलाय, वा पोखरीमा गाउँभरिका मनिसहरुसँगै नुहाउने र एकअर्कालाई ढोगसलाम ( सेवासलाम) गर्ने र आशीर्वाद लिने दिने, घरमा आएर चावल छोएर टीका लगाउने र दिनभरी लाखको गोलीसँग खेल्ने, कोही डफको गीत गाएर रमाउने, सखिया नाच गर्ने आदि । | • समूहगत रुपमा मनाइने चाडपर्वहरुको नाम र महत्व बताउन लगाउने ।<br>• विभिन्न चाडपर्वहरुको चित्र प्रदर्शन गरि चित्रमा देखाइए अनुसार अभ्यास गर्न लगाउने ।<br>• समूहगत रुपमा कुनै चाडपर्व मनाउँदाको बेलाको अभिनय गर्न लगाउने ।<br>• स्थानीय चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरुबारे छलफल गर्ने । | • चडपर्व भनेको के हो ?<br>• कुन चाडपर्वमा के गरिन्छ ?<br>• स्थानीयकुनै चाडपर्वहरूको महत्व बताउनुहोस् ।<br>• स्थानीय चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरु मध्ये कुनै ५ वटा गतिविधिहरुको नाम बताउनुहोस् ।<br>• तपाई माघी पर्वमा के के गर्छौ ? | ४ |
| ञ. सांस्कृतिक सम्पदा | • आफ्नो समुदायमा रहेको सांस्कृतिक सम्पदाहरुको महत्व र विशेषता बताउन ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्नु पर्छ भनी सचेतना जगाउन । | • स्थानीय सांस्कृतिक सम्पदाहरु जस्तै: गाउँबस्तीको साझा देवधाम (मड़वा) र विभिन्न मन्दिरहरु, चर्च, गुम्बा आदि ।<br>• धर्मिक सम्पदाहरुको विशेषता सम्बन्धी विवरण जस्तै: पिरवा सिमसारको मूलको धार्मिक विवरण र महत्व, बर्दगोरिया धाम क्षेत्रको पौराणिक महत्व आदि ।<br>• बर्दगोरिया धाम क्षेत्रको पिरुवा सिमसारको मूलको संरक्षण र व्यवस्थापन सम्बन्धी विवरण ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने सचेतना सम्बन्धी विवरण । | • बर्दगोरिया धाम क्षेत्रको ऐतिहासिक र धार्मिक तथा पिरवा सिमसारको मूलको धार्मिक महत्वबारे छलफल गर्ने ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने सचेतना जागृत गर्ने विषयमा छलफल गर्ने ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने तथा सचेतना जागृत गर्न अभिनय गर्न लगाउने । | • बर्दगोरिया धाम क्षेत्रको ऐतिहासिक र धार्मिक तथा पिरवा सिमसारको मूलको धार्मिक महत्व बताउनुहोस्।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्न सचेतना जागृत कसरी गर्न सकिन्छ ? बताउनुहोस् ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने तथा सचेतना जागृत गर्न समुहमा अभिनय गर्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ट. हाम्रो इतिहास | • बर्दगोरिया गाउँपालिकाको ऐतिहासीक परिचय बताउन ।<br>• बर्दगोरिया गाउँपालिका गठन हुनु भन्दा पहिले साविक कोटातुल्सीपुर गाविस र दोदोधरा गाविसको अवस्था बताउन ।<br>• राष्ट्रिय राजनीतिक दलहरुको प्रभावबारे बताउन । | • बर्दगोरिया गाउँपालिकाको ऐतिहासिक विवरण जस्तै: गाउँपालिकाको नाम राख्ने सम्वनधमा, यो गाउँपालिकाको थालनी हुनु भन्दा पहिले कुन कुन गाविस मिलेर वनाइएको, गाउँपालिकाको सबैभन्दा पहिलेको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु र वडा सदस्यहरु आदि ।<br>• राष्ट्रिय राजनीतिक दलहरुको प्रभाव आदि । | • बर्दगोरिया गाउँपालिकाको सरकारी संरचनाको तालिका प्रदर्शन गरि हरेक पदको मुख्य पदिय जिम्मेवारी बताउने ।<br>• बालबालिकाहरुले पहिचान गर्न नसकेको पदवारे शिक्षकले बताउने र टिपोट गर्न लगाउने ।<br>• गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमीबारे छलफल गर्ने ।<br>• राष्ट्रिय राजनीतिक दलहरुको प्रभावबारे छलफल गर्ने । | • यस गाउँपालिकाको सरकारी संरचनाको तालिका प्रदर्शन गरि हरेक पदको मुख्य पदिय जिम्मेवारी के के हुन? बताउनुहोस् ।<br>• तपाईको गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको नाम बताउनुहोस् ।<br>• गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी बताउनुहोस् ।<br>• तपाईको गाउँपालिकामा कुन राजनीतिक दलको प्रभाव छ ? | ४ |
| ठ. सामाजिक सङ्घ संस्थाहरू | • महिला समूह गठन प्रक्रियाबारे बताउन ।<br>• सहकारी संस्था गठन गर्ने प्रक्रिया र कार्यबारे बताउन ।<br>• स्थानीय गैरसरकारी संस्था गठन गर्ने प्रक्रिया र कार्यबारे बताउन ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको महत्व र तिनले गर्ने मुख्य मुख्य कार्यहरु | • गाउँघरमा महिला समूह गठन प्रक्रिया र कार्यहरु ।<br>• सहकारी संस्था गठन गर्ने प्रक्रिया ।<br>• स्थानीय गैरसरकारी संस्था गठन गर्ने प्रक्रिया र कार्यहरु ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाको महत्व र तिनले गर्ने मुख्य मुख्य कार्यहरु । | • गाउँघरमा महिला समूह गठन प्रक्रिया र कार्यवारे विद्यार्थीहरुसँग सोध्ने ।<br>• महिला समूह गठन गर्ने प्रक्रिया र कार्यहरुमा थप विषयहरुवारे शिक्षकले बताउने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• सहकारी संस्था गठन गर्ने प्रक्रिया र कार्यहरुबारे सोध्ने र थप जानकारी दिने साथै विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• स्थानीय गैरसरकारी संस्था गठन गर्ने प्रक्रिया र कार्यहरुबारे सोध्ने र थप विषयबारे जानकारी दिने साथै विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको मुख्य कार्यहरु र महत्वबारे छलफल गर्ने । | • गाउँघरमा महिला समूह गठन गर्ने प्रक्रिया के के हुन् ? बताउनुहोस् ।<br>• महिला समूहका कार्यहरु बताउनुहोस् ।<br>• गाउँघरमा सहकारी संस्था गठन गर्ने प्रक्रिया के के हुन् ? बताउनुहोस् ।<br>• सहकारी संस्थाहरुको कार्यहरु बताउनुहोस् ।<br>• स्थानीय गैरसरकारी संस्था गठन गर्ने प्रक्रिया के के हुन् ? बताउनुहोस् ।<br>• स्थानीय गैरसरकार संस्थाको कार्यहरु बताउनुहोस् ।<br>• आमा समूह मुख्य कार्य र महत्व बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| २. हाम्रो भूगोल र प्राकृतिक सम्पदा | | | | | १६ |
| क. हाम्रो भूगोल | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक अवस्थिति र परिचय बताउन ।<br>• छिमेकी गाउँपालिका र नगरपालिकाको अवस्थिति र परिचय बताउन ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक विस्तार बताउन । | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक अवस्थिति र परिचय ।<br>• छिमेकी गाउँपालिका र नगरपालिकाको अवस्थिति र परिचय ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक विस्तारा । | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक स्थितिबारे विद्यार्थीहरुसँग सोध्ने ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक स्थितिमा थप जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• छिमेकी गाउँपालिका र नगरपालिकाको स्थितिबारे विद्यार्थीहरुसँग सोध्ने ।<br>• छिमेकी गाउँपालिका र नगरपालिकाको स्थितिमा थप जानकारी दिँदै टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको विस्तृत भौगोलिक विवरण सोध्ने ।<br>• बर्दगोरिया गाउँपालिकाको विस्तृत भौगोलिक विवरणमा टिपोट गर्न लगाउने । | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक अवस्थितिबारे बताउनुहोस् ।<br>• छिमेकी गाउँपालिका र नगरपालिकाको अवस्थितिबारे बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक विस्तारबारे बताउनुहोस् । | ४ |
| ख. हावापनी र मौसम | • हावापानी र मौसमबारे जानकारी राखी अनुभव आदान प्रदान गर्न ।<br>• मौसमबारे जानकारी राखी घरपरिवारका र साथीका सदस्यहरुलाई खेतवारीमा कार्य गर्न सल्लाह दिन ।<br>• स्थानीय मानिसहरुले आकासको बादल र बग्दै गरेको हावाको वहाव अनुसार मौसमबारे जानकरी राख्न । | • सरकारी निकाय, मौसम विभाग द्वारा प्रकाशन गरेको हावापानी र मौसम सम्बन्धी पत्रपत्रिका तथा विद्युतीय सामाजिक सञ्जाल अवलोकन गर्ने विधिहरु ।<br>• हावापानी र मौसमबारे जानकारी राखी घरपरिवारका र साथीका सदस्यहरुलाई खेतवारीमा कार्य गर्न सल्लाह जस्तै: कुन बेला बिऊ छर्ने, कुन बेला मलखाद्य हाल्ने, कुन बेला तोरी र मुसुरो छर्ने आदि ।<br>• स्थानीय मानिसहरुले आकासको बादल र बग्दै गरेको हावाको बहाव अनुसार मौसमबारे जानकारी राख्न सकिने आदिको विवरण जस्तै: पूर्वबाट बगेको हावाले पानी आउछ आदि । | • हावापानी र मौसम सम्बन्धी समाचार प्रकाशन गरेको स्थानीय र राष्ट्रिय पत्र पत्रिका देखाउदै जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• सामाजिक सञ्जाल अवलोकन गर्ने विधिबारे कम्प्युटर तथा मोवाइल सञ्चालन गरेर हावापानी र मौसमबारे छलफल गर्ने ।<br>• कताबाट हावा बगेमा कस्तो मौसम हुन्छ भनी विद्यार्थीहरुसँग छलफल गर्ने र सो सम्वन्धमा थप जानकारी दिने । | • हावापानी र मौसम सम्बन्धी समाचार के बाट जानकारी लिन सकिन्छ बताउनुहोस् ।<br>• हावापानी र मौसम सम्बन्धी जानकारी प्राप्त गर्न सामाजिक सञ्जाल अवलोकन गर्ने विधिबारे बताउनुहोस् ।<br>• कताबाट हावा बगेमा पानी पर्छ ? बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ग. प्राकृतिक सम्पदा | • प्राकृतिक सम्पदाहरु संरक्षण गरेमा समाज र गाउँपालिकालाई हुने त्यसको फाइदा बताउन।<br>• प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु बताउन ।<br>• प्राकृतिक सम्पदाले गर्दा बर्दगोरिया गाउँपालिका-को पहिचान बताउन । | • प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु र त्यसको फाइदाहरु ।<br>• प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने उपायहरु ।<br>• प्राकृतिक सम्पदाले गर्दा बर्दगोरिया गाउँपालिकाको पहिचान गराउने विवरण जस्तै: बर्दगोरिया धाम क्षेत्र, रामजानकी मन्दिर भक्तिनीया आश्रम, काँढा नदी, मुडाको छब्बा बजार आदि । | • प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु र त्यसको फाइदाबारे विद्यार्थीहरुसँग छलफल गर्ने र फाइदासम्बन्धी थप जानकारी दिँदै टिपोट गर्न लगाउने ।<br>• प्राकृतिक सम्पदा संरक्षण गर्ने विधि र प्रक्रियाबारे विद्यार्थीहरुसँग छलफल गर्ने ।<br>• संरक्षण सम्बन्धी थप जानकारी दिँदै विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको पहिचानगर्नकालागि प्राकृतिक सम्पदाहरुबारे छलफल गर्ने । | • प्राकृतिक सम्पदहरुको फाइदाहरु के के हुन् ? बताउनुहोस् ।<br>• प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु के के हुन् ? बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको पहिचान गर्ने कुन कुन प्राकृतिक सम्पदाहरु छन् ? बताउनुहोस् । | ४ |
| घ. वन वातावरण संरक्षण | • वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधता संरक्षण सम्बन्धी विशेष जानकारी बताउन ।<br>• जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताको पहिचान बताउन ।<br>• सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी सामान्य जानकारी राख्न । | • वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधतावारे सचित्र जानकारी ।<br>• जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताको पहिचान विस्तृत विवरण ।<br>• सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी विस्तृत विवरण । | • वन वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताको चित्र अवलोकन गराउदै जानकारी दिने ।<br>• कस्तो क्षेत्रलाई जलाधार क्षेत्र र सिमसार क्षेत्र भनिन्छ र जैविक विविधताबारे विद्यार्थीहरुसँग छलफल गर्ने ।<br>• सो सम्बन्धी थप जानकारी दिँदै विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी सामान्य ऐन कानून र कार्यविधिहरुबारे छलफल गर्ने । | • वृक्षारोपण भनेको के हो ?<br>• जलाधार क्षेत्र भनेको के हो?<br>• सिमसार क्षेत्र भनेको के हो?<br>• जैविक विविधता भनेको के हो ?<br>• सामुदायिक वन भनेको के हो ?<br>• नीजि वन भनेको के हो ?<br>• धार्मिक वन भनेको के हो ?<br>• राष्ट्रिय वन भनेको के हो ? | ४ |
| ३. हाम्रो कला र सङ्गीत | | | | | १० |
| क. हाम्रो कला | • स्थानीय कलामा आधारित सामग्रीहरुको सूची वनाउन र पर्यटकहरुलाई उपहार दिन सक्ने । | • स्थानीय कलामा आधारित घरायसी सामग्रीहरु जस्तै: हलो, जुवा, किलवाही, हेंगा/पटेला, सरावन, कोल्हु, जाँतो, सुप्पा (नाम्लो), डेला, छिट्वा, ढकिया, | • विद्यार्थीहरुले चिनेको र जानेको कलाका सामग्रीहरुको नाम सहित त्यसको प्रयोगबारे छलफल गर्ने । | • कलामा आधारित सामग्रीहरुको स्थानीय नाम बताउनुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • स्थानीय कलाका सामग्रीहरु उत्पादन गरी बिक्री वितरण गरेर आर्थिक फाइदा लिन सक्ने ।<br>• स्थानीय कलाहरुको प्रदर्शन गर्ने । | नुईया, पन्छोप्ना, भौका/भौकी, डेलवा, डिलिया, सेउखा, हेल्का, सेउखा, गेड्ली, टापी, जाल, महाजाल, बल्छी, मचान (अटुवा) खैलर, टिक्ठी, मचिया, खटोली, छतरी, पिस्तुर, स्थानीय बाँसवाट वनोको पंखा, बिंरा, फुन्नहा सिरहट्टा र डोको आदि ।<br>• कलामा आधारित स्थानीय नाचहरु र ती नाचहरुमा प्रयोग गरिने सामग्रीहरु । | • पर्यटकहरुलाई उपहार स्वरुप प्रदान गर्न सामग्रीहरु बनाउन अभ्यास गराउने ।<br>• कलामा आधारित स्थानीय नाचहरुमा प्रयोग गरिने सामग्रीहरुबारे छलफल गर्ने । | • पर्यटकहरुलाई खुसी पार्न तपाई कुन सामग्री दिन सक्नुहुन्छ ?<br>• विवाहमा प्रयोग गरिने फुन्नहा सिरहट्टा बनाएर ल्याउनुहोस् ।<br>• स्थानीय नाचहरुमा प्रयोग गरिने सामग्रीहरुको नाम बताउनुहोस् । | |
| ख. हाम्रो गीत सङ्गीत | • सामाजिक परिवेश सुहाउँदो स्थानीय गीतहरुको रचना गर्न ।<br>• स्थानीय बाजाहरु सामान्य रुपमा गीतसँग तालमा ताल मिलाएर बजाउन । | • स्थानीय बाजाहरु जस्तैः मादल, डफ, मञ्जिरा, झ्याल कस्तार, बाँसुरी, ढोल, ढोलक, टिम्की, तबला र सारङ्गी आदि ।<br>• स्थानीय गीतहरु जस्तैः डफको गीत, पहपट गीत, सजना, माँगर, मैना, गैया बेह्रना गीत, कृष्ण जन्माष्टमी गीत, स-साना नानीहरुलाई फुल्याउने गीत ( जस्तैः जोनु मामा.......), दिन नचवा गीत, अधरतिया गीत, भिन्सहरीया गीत, कठ्घोडी गीत, रामझुमर गीत, सुमराती गीत, भजन किर्तन अध्यात्मिक गीत, आरती गीत, दोहोरी लोक गीत र तीजको गीत आदि ।<br>• हार्मोनियम, मादल, बाँसुरी र ढोलक बजाउने तरिका वा विधिको विवरण जस्तैः सा रे ग म प ध नि सा आदि । | • विद्यार्थीहरुलाई मादल बजाएर सुनाउने ।<br>• बाँसुरी बजाएर सुनाउने ।<br>• वाद्यवादन विशेषज्ञद्वारा मादल बजाउन सिकाउने ।<br>• बाँसुरी बजाउन सिकाउने ।<br>• स्थानीय सुहाउदो गीतको रचना गर्न लगाउने ।<br>• सामूहिक रुपमा गीत गाउन सिकाउने ।<br>• पलैपालो गरि विद्यार्थीहरु आफूले जानेको गीत गाउन र नाच्न लगाउने ।<br>• स्थानीय नाचहरुको श्रब्य-दृश्य चित्रहरु प्रदर्शन गरि पृष्ठपोषण दिने ।<br>• हार्मोनियम र ढोलक बजाउन अभ्यास गर्न लगाउने । | • मादल बजाउनुहोस् ।<br>• बाँसुरी बजाउनुहोस् ।<br>• तपाईले रचना गरेको गीत गाउनुहोस् ।<br>• समूहमा गीत गाउँदै पालैपालो गर्दै नाच्नुहोस् ।<br>• हार्मोनियम बजाउनुहोस् ।<br>• ढोलक बजाउनुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | | | | | १० |
| क.स्थानीय जडिबुटी | • स्थानीय जडिबुटीको सामान्य प्रयोग विधि बताउन ।<br>• स्थानीय जडिबुटीहरुको सूची तयार गरि उक्त जडिबुटी चिन्न र प्रयोगबारे बताउन ।<br>• विद्यार्थीहरुले आफूले जानेको स्थानीय जडिबुटीको प्रयोग गरि सहयोग गर्न । | • स्थानीय जडिबुटीहरुको प्रयोग विधिहरु जस्तै: कुन जडिबुटी कुनबेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको विवरण ।<br>• कुन बिमारीमा कुन जडिबुटीको प्रयोग प्रगोग गरिन्छ, त्यसको विवरण ।<br>• स्थानीय जडिबुटीको प्रयोग गरी सहयोग गर्न तत्पर हुने उत्प्रेणात्मक कार्यहरु । | • स्थानीय जडीबुटीहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुणको बारेमा छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय वैद्यद्वारा कुन जडिबुटी कुन बेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गरिन्छ सो बारेमा छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय जडिबुटीको प्रयोग गरि सहयोग गर्न तत्पर हुने उत्प्रेरणात्मक विषयहरुमाथि छलफल गर्ने । | • तपाईको घरवरपर पाइने कुनै ४ वटा जडिबुटीका नाम बताउनुहोस् ।<br>• कुन बिमारीमा कुन जडिबुटी प्रयोग गरिन्छ ?<br>• कुनै १ वा २ वटा जडिबुटीको प्रयोगबारे बताउनुहोस् ।<br>• अन्य मानिसहरुलाई सहयोग गर्न कुन कुराले प्रभाव पार्छ? | ५ |
| ख. स्वास्थ्य उपचार | • स्वास्थ्य उपचारको महत्व बताउन ।<br>• स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।<br>• व्यायाम तथा योगको महत्व बताउन । | • बिरामी भए घर परिवारले उपचार गर्ने ठाउँ जस्तै: स्थानीय मेडिकल, स्वास्थ्य चौकी, झारफुक, गुरुवा तथा वैद्य आदि ।<br>• कुनै पनि रोग लाग्नु भन्दा पहिले रोकथामको महत्व आदि ।<br>• प्रचलित रोगहरु वा बिमारी जस्तै: रुघाखोकी, टाउको दुख्ने ज्वरो आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरु आदि ।<br>• आमा समूहले वालविकास सम्बन्धी ध्यान दिनुपर्ने महत्वपूर्ण कार्यहरु ।<br>• महिला स्वास्थ्य स्वयंसेविकाको महत्वपूर्ण कार्यहरु ।<br>• मुख्य आसनहरु र मुख्य प्राणायामहरु जस्तै: भास्त्रिका, प्रणायाम, कपालभाती प्राणायाम, बाह्य प्राणायाम, उज्जायी प्राणायाम, अनुलोम-विलोम प्राणायाम, भ्रामरी प्राणायाम, उद्गीथ प्राणायाम, र प्रणव प्राणायाम आदि । | • स्थानीय उपचारको महत्वबारे छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• रुघाखोकी, टाउको दुख्ने, ज्वरो आउने जस्ता लक्षण देखा परेमा ध्यान दिनुपर्ने कुराहरुको बारेमा छलफल र जानकारी दिने साथै टिपोट गर्न लगाउने ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयं सेविकाहरुको महत्वपूर्ण कार्यहरुबारे छलफल गर्ने ।<br>• मुख्य आसनहरु र मुख्य प्राणायामहरु जस्तै: भस्त्रिका, प्राणायाम, कपालभाती प्राणायाम, बाह्य प्राणायाम, उज्जायी प्राणायाम, अनुलोम-विलोम प्राणायाम, भ्रामरी प्राणायाम, उद्गीथ प्राणायाम, र प्रणव प्राणायामको महत्व बताउने र अभ्यास गराउने । | • प्राथमिक उपचारहरु मध्ये कुने एकको बारेमा भन्न लगाउने ।<br>• कुन अवस्थामा छरछिमेकका मानिसहरुलाई सहयोगको आवश्यकता पर्छ ?<br>• रुघाखोकी लाग्यो भने तपाई के गर्नुहुन्छ ?<br>• आमा समूहको महत्वपूर्ण कार्यहरु के के हुन् ? बताउनुहोस् ।<br>• योगको महत्व बताउनुहोस्।<br>• भस्त्रिका योगाभ्यास गरेर देखाउनुहोस् । | ५ |

| | ...सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ५. स्थानीय खेलहरु | | | | | ६ |
| क. स्थानीय खेलहरु | • स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।<br>• स्थानीय खेलहरुको महत्व बताउन ।<br>• स्थानीय खेलहरुको अभ्यासले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुबारे बताउन । | • स्थानीय खेलहरु जस्तैः लुकामारी, आसपास, रुमालचोर, घरकुटी, चुंगी गट्टा, कोइली दिदी, गोली, टिपु, लोचिक दण्डा, छुर, कौरी नुकावर र घरबसावर आदि ।<br>• स्थानीय एकल तथा समूहिक खेलहरुको खेल्ने विधि र नियमहरु। | • शिक्षकले नमुना देखाई साधारण खेलहरु नियम अनुसार खेल्न लगाउने ।<br>• युवा क्लव वा खेलकुद क्लव गठन गर्ने प्रक्रियावारे छलफल गर्ने र गठन पनि गर्ने । | • कुनै चार वटा स्थानीय खेलहरुको नाम भन्नुहोस् ।<br>• तपाईलाई कुन खेल मन पर्छ ?<br>• समूहमा साथीहरुसँग मिलेर कुनै खेल्ने खेलको नाम भन्नुहोस् ।<br>• कुनै एउटा स्थानीय खेलको नियम भन्नुहोस् । | ६ |
| ६. पेशा व्यवसाय र आर्थिक क्रियाकलाप | | | | | २० |
| क. स्थानीय पेसा व्यवसाय | • स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन ।<br>• स्थानीय पेसा व्यवसाय विशेषता र महत्व बताउन ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउन । | • घर परिवार तथा छरछिमेकका सदस्यहरुले दैनिक रुपमा गर्ने काम जस्तै :- खेतवारीको काम, सिलाइ बुनाइ,कुखुरापालन,पसल व्यवसाय, डोकोडाला र ढकिया बुन्ने, कपाल काट्ने, पढ्ने पढाउने, चारपाई वनाउने, नौकरी, फर्निचर वनाउने, मजदुरी गर्ने र वैदेशिक रोजगारी गर्ने आदि ।<br>• पेसागत व्यवसायको आर्थिक महत्व जस्तैः घर परिवारलाई खान लगाउन पुग्ने र धन सम्पति बढ्ने ।<br>• स्थानीय पेसा व्यवसायको विशेषता र महत्व ।<br>• घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउने । | • विद्यालय नजिकमा रहेका कुनै एक दुई घरमा अवलोकन गराई त्यहाँका मानिसले गर्ने पेशागत काम बारे टिपोट गर्न लगाउने ।<br>• पेसागत व्यवसायवाट सम्पतिको वृद्धि हुन्छ भनी पृष्ठपोषण दिने ।<br>• कुन पेसा व्यवसायले छिटो आर्थिक उन्नति गराउँछ भनी छलफल गर्ने ।<br>• स्थानीय पेसा व्यवसायको विशेषता र महत्ववारे छलफल गर्ने ।<br>• घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउने गतिविधिवारे छलफल गर्ने । | • स्थानीय पेसा व्यवसायका कुनै एक विशेषता र एक महत्व भन्नुहोस् ।<br>• तपाईको घरपरिवारको सदस्यहरुले सञ्चालन गरेको पेसा व्यवसायमा कसरी सघाउ पुऱ्याउन सकिन्छ ? | ४ |
| ख. स्थानीय आय आर्जन र क्रियापलाप | • आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।<br>• स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि र सल्लाह बताउन । | • घरपरिवार, छरछिमेक तथा साथीका परिवारको सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यवसाय जस्तैः मौसमी तथा बेमौसमी तरकारी खेती गर्ने र बजारमा विक्री गर्ने, झोला वनाउने, खाट वनाएर बेंच्ने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाइ बुनाइ, डकर्मी र सिकर्मी आदि । | • कुन आर्थिक क्रियाकलापले आर्थिक फाइदा हुन्छ भनी छलफल गर्ने ।<br>• बालबालिकाहरुलाई आफूसँग भएको स्रोत साधनहरुले आयआर्जनको क्रियाकलापको थालनी गर्नुपर्छ भनी पृष्ठपोषण दिने । | • तपाईलाई कुन क्रियाकलाप गर्न मन पर्छ ?<br>• तपाईको घरपरिवारका मानिसले के के गरेर आय आर्जन गर्नुहुन्छ ?<br>• आयआर्जनका क्रियाकलापहरुको कुनै एक वटा विशेषता र एक वटा महत्व भन्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरु जस्तै: घर परिवारको मानिसले आफूले जानेका क्रियाकलाप र स्रोत साधनको उपलब्धता ।<br>• आयआर्जनका क्रियाकलापहरुको सञ्चालन विधिहरु । | • आयआर्जनका क्रियाकलापहरुको विशेषता र महत्वबारे छलफल गर्ने ।<br>• स्थानीय स्तरमा सुहाउँदो आयआर्जनका क्रियाकलापहरु कार्यान्वयन गरिने सन्दर्भमा सहयोग सल्लाहका गतिविधिहरुबारे छलफल गर्ने । | • तपाईले आफ्नो घर परिवारका सदस्यहरुलाई आयआर्जनका कुन क्रियाकलापहरु सञ्चालन गर्न सल्लाह दिनुहुन्छ ? | |
| ग. स्थानीय बजार | • स्थानीय बजारको महत्वबारे बताउन ।<br>• स्थानीय बजारको विशेषता बताउन ।<br>• हाटवजारवारे बताउन । | • स्थानीय बजार जस्तै: बौनियाँ बजार, मुडा बजार, पृथ्वीपुर बजार, कोइलीभुरुवा बजार र सिमरी बजारको अवस्थिति आदि ।<br>• आफ्नो तथा साथीको घरमा उत्पादन हुने र बजारबाट पाइने वस्तुहरुको खरिद बिक्रीको अवस्था।<br>• स्थानीय बजारको महत्व जस्तै: चाहिएको बेलामा खरिद बिक्री गर्न सकिने, आफूलाई चाहिएको बस्तु किन्न सकिने र समय भित्रै औजारहरुको मर्मत सम्भार गर्न गराउन सकिने आदि । | • विद्यार्थीहरुको घरमा उत्पादन हुने सामग्रीहरुको नाम पालैपालो नाम भन्न लगाउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय बजारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय बजारहरुको विशेषताबारे छलफल गर्ने । | • तपाई बजारबाट के के किन्नुहुन्छ ?<br>• तपाईको घरका तथा छरछिमेकका मानिसले बजारबाट के के सामग्री खरिद गर्छन ?<br>• तपाईको र तपाईको साथीको घरका मानिसले बजारमा के-के बेच्छन ?<br>• हाटबजारमा के पाइन्छ ? | ४ |
| घ. पेसागत ज्ञान र सीप | • आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।<br>• पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक महत्व तथा विशेषता बताउन । | • पेसागत ज्ञान र सीप जस्तै: ढकिया नुइया बुन्न, पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई, भैंसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदि ।<br>• खेतवारीमा लगाइएको बालीनाली तथा फसल राम्रो उब्जाउ गर्न जस्तै: पानी हाल्ने, मल हाल्ने, फसलमा रोग तथा कीरा लागेमा औषधी छर्ने आदि ।<br>• पालिएका गाई, भैंसी, भेंडा, बाखा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा समयमै औषधीको प्रयोग गर्न । | • पेसागत पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई, भैंसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदि के कसरी उत्पादन गरिन्छ भनी छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• खेतवारीमा लगाइएको बालीनाली तथा फसल राम्रो उब्जाउ गर्न कुन ज्ञान र सीपको आवश्यक पर्छ भनी पृष्ठपोषण दिने र टिपोट गर्न लगाउने ।<br>• पेसागत सीप र ज्ञानको महत्व बताउने र टिपोट गर्न लगाउने । | • तपाईको बारीमा रोपिएको तरकारी सुक्न लाग्यो भने तपाईले के गर्नुहुन्छ?<br>• तपाईको घरमा के पालन गरिन्छ ?<br>• तपाईको साथीको मानिसले के पालन गर्नु भएको छ ?<br>• पेसागत ज्ञान र सीपको विशेषताबारे बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • घरपरिवारको र छरछिमेकीको पेसागत ज्ञान र सीप भएमा त्यसको महत्व जस्तै: आफ्नो सामान बिग्रियो भने मर्मत सम्भार गर्न गराउन सजिलो, कम खर्चिलो, स्थानीय स्रोत साधनको प्रयोग, खेतबारीमा कुनबेलामा मल हाल्ने, औषधी हाल्ने आदि । | • स्थानीय पेसागत ज्ञान र सीप सिक्ने विधिबारे छलफल गर्ने । | | |
| ङ. उद्योग | • स्थानीय उद्योगको महत्व बताउन ।<br>• स्थानीय उद्योगको फाइदा र बेफाइदा बताउन । | • विद्यालय, बर्दगोरिया गाउँपालिकामा रहेका साना तथा ठूला उद्योग जस्तै दुधडेरी उद्योग, पाउरोटी उद्योग, ईंटा उद्योग र कसर उद्योग आदि ।<br>• स्थानीय स्तरमा रहेको उद्योगहरुको महत्व जस्तै: रोजगारी पाउने, आयआर्जनको स्रोतमा बृद्धि हुने र स्थानीय उद्योगवाट उत्पादित बस्तु सहुलियत दरभाउमा उपलब्ध हुने आदि ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र वेफाइदाहरु । | • स्थानीय उद्योगहरुको प्रकार तथा महत्वबारे छलफल गर्ने र बताउने साथै टिपोट गर्न लगाउने ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र वेफाइदाबारे छलफल गर्ने र टिपोट गर्न लगाउने । | • तपाईको गाउँमा रहेको उद्योगले के उत्पादन गर्छ ?<br>• स्थानीय उद्योगहरुको फाइदा र बेफाइदा भन्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय पर्यटन | | | | ५ | |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको पौराणिक कथाहरु र महत्व बताउन ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको पौराणिक कथाहरु र धार्मिक सांस्कृतिक तथा पर्यावरणीय महत्व बताउन । | • बर्दगोरिया गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तैः बर्दगोरिया धाम, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनिया धाम), ठाकुरद्वारा नहर, झर्झरिया बाँध र उताह ताल आदि ।<br>• घोडाघोडी ताल तथा मन्दिर, कर्णाली नदी तथा पुल, आम पानीको झरना र चिडिया ताल आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गर्ने ।<br>• पोष्टरद्वारा पर्यटकीय स्थलको पहिचान गराई दिने ।<br>• स्थानीय तह र छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको पहिचान गराई दिने ।<br>• यिनीहरुको बारेमा विद्यार्थीलाई जानकारी भए नभएको छलफल गर्ने र पर्यटकीय स्थलहरुको नाम लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको महत्वका बारेमा सूची वनाई प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलको सूची तयार पारी महत्व बताउन र लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीको भूमिकाको सूची वनाउन लगाउने र प्रश्नोत्तर गर्ने छलफल गर्ने ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण गर्न लगाउने ।<br>• स्थानीय तहमा सञ्चालित कलकारखाना, उद्योगको अवलोकन गराउने । | • स्थानीय तह (बर्दगोरिया गा.पा.) भित्रका कुनै २ वटा पर्यटकीय स्थलको नाम लेख्नुहोस् ।<br>• पर्यटकीय स्थलसँग सम्बन्धित पोष्टर अवलोकन गरी नाम लेख्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको कुनै २ वटा महत्व लेख्नुहोस् ।<br>• बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलको कुनै ४ वटा फाइदा लेख्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीका कुनै ५ वटा भूमिका लेख्नुहोस् ।<br>• तपाईले अवलोकन गरेको कुनै एउटा पर्यटकीय स्थलको प्रतिवेदन तयार पार्नुहोस् ।<br>• स्थानीय तहमा अवलोकन गरेको कुनै एउटा उद्योगको बारेमा प्रतिवेदन तयार पार्नुहोस् । | ५ |
| ८. विपद् व्यवस्थापन | | | | ५ | |
| क.विपद् व्यवस्थापन | • प्राकृतिक तथा मानव निर्मित विपद्हरुको पहिचान गर्न साथै त्यसको प्रभाव बताउन ।<br>• विपद्हरुको सूची तयार पार्न ।<br>• विपद्हरुबाट बच्ने उपायहरु बताउन र लेख्न । | • प्राकृतिक तथा मानव निर्मित विपद् जस्तैः बाढी, पहिरो, भू-क्षय, आगलागी, भू-कम्प, चट्याङ, सडक दुर्घटना, सरुवा रोगको महामारी (कोभिड-१९), जंङ्गली जीवजन्तुको आक्रमण, सर्पको टोकाइ र विद्युतीय करेन्ट लाग्ने आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गरी प्रश्नोत्तर गर्ने ।<br>• पोष्टरमा भएका चित्रहरुको पहिचान गर्न लगाउने ।<br>• विभिन्न विपद्हरुका बारेमा थप जानकारी गराउने र बच्ने उपायको सूची तयार पारी प्रदर्शन गर्ने र छलफल गर्ने । | • कुनै ४ वटा विपद्का नामहरु लेख्नुहोस् ।<br>• विपद् उल्लेख भएका पोष्टरलाई अवलोकन गरी पहिचान गर्नुहोस् ।<br>• विपद्बाट बच्ने कुनै ४ वटा उपायहरु लेख्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न र विपद्बाट बच्ने उपाय बताउन र लेख्न ।<br>• विपद्को पूर्व तयारी गर्न नसक्दा हुने क्षतिको बारेमा बताउन । | | • विभिन्न विपद्हरुको नाम लेख्न लगाउने ।<br>• विपद्का पूर्व तयारी विधिबारे छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न लगाइ विपद्बाट बच्ने उपाय सम्बन्धमा छलफल गर्ने ।<br>• विपद्को पूर्व व्यवस्थापन गर्न नसक्दा हुने क्षतिको सूची वनाउन लगाई छलफल गर्ने । | • विद्यालय क्षेत्रभित्र हुन सक्ने संभावित विपद्को सूची तयार पार्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने संभावित विपद्बाट बच्ने कुनै ५ वटा उपाय लेख्नुहोस् ।<br>• विपद्को पूर्व व्यवस्थापन गर्न नसक्दा हुने कुनै ५ वटा क्षतिको सूची तयार पार्नुहोस् । | |
| ९. स्थानीय प्रविधि र ऊर्जा | | | | | ८ |
| क. स्थानीय प्रविधि | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको संस्कृतिक महत्व र विशेषता बताउन ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको महत्व र विशेषता बताउन । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहर जस्तै: ढिकी, जाँतो, मिल (कुट्ने, पिस्ने र पेल्ने), चर्खा, कोलु र कागती पेल्ने कोल्हु आदिको विवरण ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तै: मिक्सचर (मसला पिस्ने, मास पिस्ने र जुस वनाउने), कागती पेल्ने मेसिन, ऊखु पेल्ने हाते मेसिन, कपास फिट्ने मेसिन, कम्प्युटर, मोबाइल, ल्यापटप र क्याल्कुलेटर आदि । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरी पहिचान गर्न लगाउने र महत्व र विशेषताबारे छलफल गर्ने ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरी पहिचान गर्न लगाउने र महत्व र विशेषताबारे छलफल गर्ने ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधिको छुट्टाछुट्टै सूची तयार पार्न लगाई छलफल तथा प्रश्नोत्तर गर्ने । | • स्थानीय प्रविधिद्वारा निर्मित कुनै ४ वटा सामग्रीहरुको नाम र विशेषता बताउनुहोस् ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित कुनै ५ वटा सामग्रीहरुको नाम र विशेषता बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ख. स्थानीय ऊर्जा | • स्थानीय ऊर्जाको स्रोतहरु र सामग्रीहरुको निर्माण विधि, महत्व र विशेषता बताउन ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधिको छुट्टाछुट्टै सूची तयार पार्न । | • स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरु जस्तैः भुसी चूलो, सुधारिएको चूलो, सौर्य ऊर्जा, गोबर गुँइठा, गोबर ग्याँस, दाउरा, मट्टी तेल र विजुली आदि । | • स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको पोष्टरहरु प्रदर्शन गरि पहिचान गर्न लगाउने र महत्व र विशेषताबारे छलफल गर्ने ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न ऊर्जाहरुको परम्परागत र आधुनिक प्रविधिको छुट्टाछुट्टै सूची तयार पार्न लगाई छलफल तथा प्रश्नोत्तर गर्ने ।<br>• विशेष किसिमको काठद्वारा आगो निकाल्ने विधिबारे छलफल गरि आगो निकाल्न अभ्यास गर्न लगाउने । | • अहिरोगा काठवाट निकालिएको आगो थारूहरुको कुन संस्कार गर्दा प्रयोग गरिन्छ ?<br>• स्थानीय ऊर्जाको स्रोत र सामग्रीहरुको कुनै ७नामावली बताउनुहोस् ।<br>• स्थानीय र आधुनिक उ:र्जाको स्रोत र सामग्रीहरु बीच फरक छुट्याइ नाम बताउनुहोस् । | ४ |

## ७.७ कक्षा ७: विषयवस्तुको विस्तृतीकरण

वार्षिक कार्यघण्टा १२८

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, इतिहास, संस्कृति र सांस्कृतिक सम्पदा | | | | | ५२ |
| क. हाम्रो भाषा | • स्थानीय आफ्ना भाषाका शब्दहरुलाई सुधार गरी लेख्न र प्रस्तुत गर्न सक्ने ।<br>• अन्य भाषामा लिखित पुस्तकहरुलाई स्थानीय भाषामा अनुवाद गर्न ।<br>• स्थानीय भाषामा गाउँखाने कथाहरु लेख्न । | • मातृभाषाहरु जस्तै: थारू (राना, कठरिया, पूर्विया), अछामी, खस, मैथली, मगर खाम भाषा र नेपाली, डोटेली आदि ।<br>• स्थानीय भाषाका शब्दहरु शुद्ध उच्चारण गर्ने व्याकरण सम्बन्धी विवरण ।<br>• प्रचलित स्थानीय गाउँखाने कथाहरु (खिस्सा) आदि । | • विद्यार्थीहरुलाई मात्रृभाषा वा स्थानीय भाषाका शब्दहरुलाई उच्चारण गर्न लगाउने ।<br>• तल दिएका शब्दहरुलाई शुद्धसँग उच्चारण गर्न लगाउने ।<br>पैंरीं, पट्की/गोन्द्री, पिर्का, बेंना, बिँरा, सिर्हट्टा, डेहरी, डेल्वा, टुइँया, भुर्की, करुवा, मेटिया, पेट्वास, धौरागिन, केर्नी, केवाँर, तापी, हेल्का, फर्हुवा/कोड्रा, कोडल्वी, डेउह्रार/मिञ्झरी, नुइया, गुडरी, सुकहुन, लोहखरिया (खरठोर ढर्ना भाँडा), ढुर्रा, आँचर, अँट्राई, अस्ठानुवा, जन्म कुण्डली, ग्रह पूजा, हेराउने, बौनियाँ र दुघरा आदि ।<br>स्थानीय भाषा विशेषज्ञद्वारा स्थानीय भाषाको छुट्टै कक्षा लिन लगाउने ।<br>• विद्यार्थीहरुले शुद्ध उच्चारण गर्न नसकेको शब्दहरुलाई शिक्षकले उच्चारण गरी सिकाउने वा अभ्यास गराउने ।<br>• सामान्य व्याकरण सम्बन्धी छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• विद्यार्थीहरुले जानेको स्थानीय गाउँखाने कथा (खिस्सा/कहावट) लेख्न लगाउने । | • शुद गरि लेख्नुहोस् ।<br>क. मिन्झारि<br>ख. पेतवास<br>ग. सीरहत्ता<br>घ. टूइयाँ<br>ङ. पेर्रि<br>च. गरह कुन्डली<br>छ. अश्थानुवा<br>• एउटा गाउँखाने कथा (खिस्सा/कहावट) भन्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ख. हाम्रो संस्कृति | • स्थानीय धार्मिक संस्कृतिले समाजको पहिचान गराउछ भनी व्याख्या गर्न ।<br>• स्थानीय धार्मिक संस्कृति बचाउन सचेतना जगाउन । | • स्थानीय धार्मिक संस्कृतिहरु जस्तैः थारू जातिहरुको संस्कृति जस्तैः धान रोपाई गरिसकेपछि भदौ महिनाभरि स्थानीय नाचगान गर्ने, व्रत बस्ने, हरेरी पूजा, ढुरिया पूजा, निकासी पूजा, गुरिया पर्व, अष्टिम्की व्रत, अट्वारी व्रत, अनट्टा व्रत, अट्राई काट्न, आँचर, ढुर्रा, अस्ठनुवा आदि र डोटेलीहरुको संस्कृतिमा ओल्के, गौरा व्रत, जाँत पर्व, तीज व्रत आदि, अछामीहरुको संस्कृतिमा विशेष धार्मिक मेलाहरु, दैलेखीहरुको संस्कृतिमा धार्मिक विशेष मेलाहरु आदि ।<br>• स्थानीय संस्कृतिको विशेषताहरुको विवरण ।<br>• स्थानीय सांस्कृतिक बचाउ सचेतना कार्यक्रमहरुको गतिविधिहरुको विवरण । | • विद्यार्थीहरुसँग सामूहिक रुपमा उनीहरुको संस्कृतिको सामाजिक महत्ववारे छलफल गर्ने ।<br>• स्थानीय संस्कृतिको विशेषताहरुबारे छलफल गर्ने ।<br>• समूह विभाजन गरि कुनै सांस्कृतिक कार्यक्रमको अभिनय गर्न लगाउने ।<br>• संस्कृति बचाउ अभियानको अभिनय गर्न लगाउने । | • मानिसको सभ्यता के ले दर्शाउँछ ? बताउनुहोस् ।<br>• संस्कृतिका धार्मिक पक्षहरु के के हुन् ? बताउनुहोस् ।<br>• संस्कृतिको मुख्य विशेषताहरुले के देखाउँछ ? बताउनुहोस् ।<br>• संस्कृति बचाउ अभियानबारे अभिनय गरेर देखाउनुहोस् । | ४ |
| ग. हाम्रो संस्कार र रहनसहन | • समाजमा सामूहिक रुपमा गरिने संस्कारहरु अवलम्वन र अनुसरण गर्न ।<br>• स्थानीय जातजातिहरुको संस्कार सम्बन्धी गतिविधिहरु सम्पन्न गर्न नेतृत्व गर्ने । | • घरपरिवार छरछिमेकमा मनाइने सँस्काहरु जस्तैः नामाकरण संस्कार, कर्णवेध, छठ्ठी, मुरभोज, बगार पूजना, जन्मोत्सव संस्कार अन्नप्रासन संस्कार, उपनयन संस्कार (व्रतवन्ध), विवाह संस्कार अन्त्येष्टि संस्कार आदि ।<br>• संस्कारको सामान्य परिचयात्मक विवरण ।<br>• जन्म संस्कार र विवाह संस्कारमा गाइने माँगर (मंगल) गीत र विधि प्रक्रिया एवं गतिविधिको विवरण ।<br>• प्रमुख संस्कारहरुसंग सम्बन्धित देवी देवताहरुको स्तुति गीतहरु । | • संस्कारहरुको वोरमा सामूहिक छलफल गर्ने ।<br>• असल मानिसको स्वभाव तथा गुणबारे छलफल गर्ने ।<br>• ब्राम्हण समुदायको संस्कारबारे वेदपाठ गर्ने ब्राम्हणद्वारा छुट्टै कक्षा लिन लगाउने ।<br>• थारू संस्कार विज्ञद्वारा थारू संस्कारसम्बन्धी छुट्टै कक्षा सञ्चालन गर्ने गराउने ।<br>• समाजमा निभाउनु पर्ने सद्भावहरु जस्तैः समाजमा मिलेर बस्ने, मित्रवत व्यवहार गर्ने, जीउँदाको जन्ती र मर्दाको मलामी जानेबारे छलफल गर्ने । | • तपाईको घरमा गरिने संस्कारको परिचय दिनुहोस् ।<br>• असल मानिसको स्वभाव र गुणहरु बताउनुहोस् ।<br>• देवी देवताहरुसँग सम्बन्धीत गाइने गीत गाउनुहोस् ।<br>• जन्म संस्कारमा के गर्नु पर्छ ? बताउनुहोस् ।<br>• मलामीले निभाउने भूमिकाबारे बताउनुहोस् ।<br>• संस्कारसम्बन्धी कुनै अभिनय गरेर देखाउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • संस्कारिक मानिसको स्वभाव र गुणको विवरण । | • नियमित रुपमा गर्नै पर्ने संस्कारहरुबारे छलफल गर्ने ।<br>• संस्कारका गतिविधिहरु सम्पन्न गर्न अभिनय गर्न लगाउने । | | |
| घ. हाम्रो मूल्य र मान्यता | • समाजमा स्थापित मुल्य मान्यमा आधारित आचरण प्रदर्शन गर्न ।<br>• मूल्य मान्यतामा अडिग रहने । | • आफ्नो घर परिवारको मूल्य मान्यताबारे जानकारी जस्तैः थारू जातिमा जेठाजु र भाइ बुहारी छोइएमा नुहाउने वा सुनपानीले चोखो हुने आदि ।<br>• धार्मिक मूल्य मान्यता जस्तैः धर्मको बारेमा सामान्य जानकारी, सामाजिक जीवन, धार्मिक अवस्था, भाषा, धर्म, साहित्य, कला, दर्शन, परिवारको जीवनशैली, बोलीभाषा, भेषभूषा, खानपान, पहिरन, हिंडाइ, बसाइ, घर परिवारको सदस्यहरुको आचार व्यवहार आदि ।<br>• धर्म संस्कृति जस्तैः अतिथि देवो भवः, मातृदेवो भवः, पितृ देवो भवः र गुरुदेवो भवः जस्ता मूल्य मान्यता । | • विद्यार्थीहरुलाई आ-आफ्नो जातजातिहरुको मूल्य मान्यता प्रस्तुत गर्न लगाउने ।<br>• विद्यार्थीहरुद्वारा प्रस्तुत गरिएको विषयहरु टिपोट गरि छलफल गर्ने ।<br>• आमाबाबु, अतिथि र गुरु प्रति गरिने व्यवहारको बारेमा छलफल गर्ने ।<br>• मूल्य मान्यतामा अडिग रहनु पर्छ भन्ने विषयमा छलफल गर्ने ।<br>• विद्यार्थीहरुलाई कुनै मूल्य मान्यता सम्बन्धी अभिनय गर्न लगाउने । | • तपाईको मूल्य मान्यता के हो ?<br>• आदर र सत्कारबारे बताउनुहोस् ।<br>• मूल्य मान्यतामा अडिग रहन अभिनय गर्न गुर्नहोस् । | ४ |
| ङ. छाउपडी प्रथा | • छाउपडी प्रथा एउटा सामाजिक कुरीति हो भन्ने कुरा आत्मसात् गर्न ।<br>• छाउपडी प्रथा एउटा सामाजिक कुरीतिलाई उन्मूलन गर्नमा ऐक्यबद्वता र सहभागिता जनाउन । | • छाउपडी प्रथाले उमेर पुगेका महिला मानिसहरुको व्यक्तिगत र सामाजिक पिडाको विवरण ।<br>• छाउपडी प्रथाको नाकारात्मक पक्षहरुको विवरण जस्तैः महिला अपहेलित हुन्छिन्, छाउपडी गोठमा बस्दा विषालु जीवजन्तुहरुको आक्रमण र बदमास मानिसहरुले छाउपडी भएको महिलालाई एक्लै पाएमा बलात्कार गर्ने भय आदि । | • छाउपडी प्रथाको नकारात्मक असरहरुबारे छलफल गर्ने ।<br>• छाउपडी प्रथा एउटा सामाजिक कुसंस्कार हो भनी विद्यार्थीहरुसँग छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• छाउपडी प्रथालाई उन्मूलन गर्न सामाजिक अभियानबारे छलफल गर्ने ।<br>• छाउपडी प्रथालाई उन्मूलन गर्न अभिनय गर्न लगाउने । | • छाउपडी भएको बेला महिला मानिसले के के समस्या भोग्नु पर्छ ? बताउनुहोस् ।<br>• छाउपडी प्रथाको सामाजिक विकृतिहरु बताउनुहोस् ।<br>• छाउपडी प्रथालाई समाजबाट हटाउन के गर्नु पर्ला ? बताउनुहोस् ।<br>• छाउपडी प्रथालाई उन्मूलन गर्न अभिनय गरेर देखाउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| च. बालविवाह | • बालविवाह एउटा गैरकानुनी सामाजिक गतिविधि हो भनी समाजमा व्यापक प्रचार प्रसार गर्न ।<br>• अभिभावकहरुलाई बालविवाह नगर्न परामर्श गर्न सक्ने । | • बालविवाह विरुद्ध सचेतना जगाउने विधि र प्रक्रियाहरु आदि ।<br>• बालविवाह विरुद्ध युवा क्लवहरु गठन गर्ने र परिचालन गर्ने विधि प्रक्रियाहरु आदि । | • सानै उमेरमा विवाह गरेको मानिसहरुको अवस्थाबारे छलफल गर्ने ।<br>• बालविवाह विरुद्धको सामाजिक अभियानबारे छलफल गर्ने ।<br>• बालविवाह विरुद्ध कानुनी प्रावधानहरुबारे छलफल गर्ने ।<br>• बालविवाह सम्बन्धी अभिनय गर्न लगाउने । | • तपाईंको गाउँघरमा बालविवाह गरेका अभिभावक र केटाकेटीहरु को को हुन ? बताउनुहोस् ।<br>• बालविवाह विरुद्धको सामाजिक अभियानको अभिनय गरेर देखाउनुहोस् ।<br>• बालविवाह विरुद्धको कानुन सम्बन्धी कुनै २ वटा प्रावधान बताउनुहोस् । | |
| छ. दुर्व्यसन र मादक पदार्थ | • लागुपदार्थ र मादक पदार्थ सेवन गर्दा मानिसमा पर्ने प्रभाव बताउन ।<br>• सामान्य मानिस र दुर्व्यसनी मानिसको बिचमा फरक छुट्याउन ।<br>• गाउँघरमा मादक पदार्थ उत्पादन विरुद्धको अभियानमा सहभागी हुन। | • मादक पदार्थहरु जस्तैः जाँडदारु, बिडी, चुरोट, खैनी, कमलापसन्द, पुकार र लागुऔषध आदि ।<br>• मादक पदार्थ र लागुऔषध प्रयोगकर्ताको सामाजिक तथा आर्थिक अवस्थाको विवरण जस्तैः दुर्व्यसन भनेको के हो र दुर्व्यसनी को हुन सचित्र विवरण ।<br>• मादक पदार्थ, लागुऔषध (दुर्व्यसन) र दुर्व्यसनीले गर्दा घर र समाजमा त्यसको असर सम्बन्धी विवरण । | • मादक पदार्थ भनेको के हो भनी छलफल गर्ने ।<br>• मादक पदार्थ र लागुऔषध फरक छुट्याई छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• दुर्व्यसनीको अवस्थाबारे छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• गाउँघरमा मादक पदार्थ उत्पादन विरुद्धको अभियानको गतिविधिबारे छलफल गर्ने । | • मादक पदार्थ भनेको के हो?<br>• रक्स्याहा मानिसको अवस्थाबारे बताउनुहोस् ।<br>• लागुऔषध प्रयोग गर्ने मानिसको अवस्थाबारे बताउनुहोस् ।<br>• गाउँघरमा मादक पदार्थ उत्पादन विरुद्धको अभियानको गतिविधि सम्बन्धी कुनै एउटा अभिनय गरेर देखाउनुहोस् । | ४ |
| ज. आत्महत्या | • आत्महत्या गर्नाले घरको र समाजमा पर्ने असरबारे बताउन ।<br>• आत्महत्या विरुद्धको मनोसामाजिक विमर्श दिन । | • आत्महत्या गर्नु जस्तैः पासो लगाउनु, विष सेवन गर्नु, गहिरो नदी वा तलाउमा हाम फाल्नु आदि ।<br>• आत्महत्या गर्नाले घरको र समाजमा पर्ने असरहरुको विवरण ।<br>• मनोसामाजिक परामर्शबारे प्रविधि । | • मानिसहरुले के के गरेर आत्महत्या गर्छन भनी छलफल गर्ने ।<br>• शिक्षकले आत्महत्याका प्रकारहरुबारे छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• आत्महत्या गर्नाले घरको र समाजमा पर्ने असरहरुबारे छलफल गर्ने । | • मानिसहरुले के के गरेर आत्महत्या गर्छन ? बताउनुहोस् ।<br>• आत्महत्याका प्रकारहरु के के हुन ? बताउनुहोस् ।<br>• आत्महत्या गर्नाले घरमा र समाजमा कस्तो असर गर्छ ? बताउनुहोस् ।<br>• व्यक्तिगत विमर्शको पहिलो चरणमा के गर्नु पर्छ ?बताउनुहोस् । | |

| त्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • आत्महत्या गर्नाले घरको र समाजमा पर्ने असरहरु जस्तैः सामाजिक र आर्थिक असरबारे छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• मनोसामाजिक विमर्शबारे छलफल गर्ने । | | |
| झ. धर्म परिवर्तन | • धर्म परिवर्तन गर्नु आफ्नो सामाजिक पहिचान गुमाउनु हो भनी बताउन ।<br>• धर्म परिवर्तन गर्नु भनेको आफ्नो धार्मिक संस्कृति, संस्कार, रहनसहन, परम्परा र मूल्य मान्यता गुमाउनु हो भनी बताउन । | • मानिसहरुले आफ्नो धर्म किन परिवर्तन गर्छन् सो सम्बन्धी विवरण ।<br>• धर्म परिवर्तनवाट व्यक्तिगत र सामाजिक नकारात्मक प्रभावहरु । | • मानिसहरुले धर्म परिवर्तन किन गर्छन् भनी विद्यार्थीहरुसँग छलफल गर्ने ।<br>• धर्म परिवर्तनको सामाजिक नाकारात्म प्रभावबारे छलफल गर्ने ।<br>• विद्यार्थीहरुलाई धर्म परिवर्तन गरेको मानिसको जस्तै अभिनय गर्ने ।<br>• समाजले धर्म परिवर्तन गरेको मानिससँग गर्ने गरेको व्यवहारबारे छलफल गर्ने । | • मानिसहरुले धर्म परिवर्तन किन गर्छन् ? बताउनुहोस् ।<br>• धर्म परिवर्तनले सामाजिक नाकारात्म प्रभावबारे बताउनुहोस् ।<br>• धर्म परिवर्तन गरेको मानिसको जस्तै अभिनय गरेर देखाउनुहोस् ।<br>• समाजले धर्म परिवर्तन गरेको मानिससँग गर्ने गरेको व्यवहारबारे बताउनुहोस् । | ४ |
| ञ. हाम्रो चाडपर्व | • स्थानीयधार्मिक चाडपर्वहरूमा गरिने गतिविधिहरुबारे बताउन ।<br>• स्थानीय धार्मिक चाडपर्वहरु मनाउन सहभागिता जनाउन । | • स्थानीय चाडपर्वहरू जस्तैः माघी, अतवारी बर्त, श्रीकृष्ण जन्माष्टमी ब्रत, अनत्ता ब्रत, गौरा, लवाङ्गीपूजा, गुरही, चिरै, भजहर, ओल्के, बिसु आदि ।<br>• स्थानीय धार्मिक चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरुको विवरण जस्तैः थारू जातिको माघी पर्व आदिको सविस्तार विवरण । | • स्थानीयस्तरमा मनाइने धार्मिक चाडपर्वहरुको महत्व र सामाजिक सद्भावबारे छलफल गर्ने ।<br>• स्थानीय चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरुबारे छलफल गर्ने ।<br>• समूहगत रुपमा कुनै चाडपर्व मनाउँदाको बखतको अभिनय गर्न लगाउने । | • स्थानीय चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरु मध्ये कुनै ६ वटा गतिविधिको नाम बताउनुहोस् ।<br>• स्थानीय थारू जातिहरुको माघी पर्वको महत्व के हो ? बताउनुहोस् ।<br>• जातजातिहरुको तीज, गौरा जस्ता पर्वहरुको विशेषता के के हुन् ? बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
| --- | --- | --- | --- | --- | --- |
| ट. सांस्कृतिक सम्पदा | • धार्मिक सम्पदाहरुको संरक्षण गर्नु पर्छ भनी सचेतना जगाउन ।<br>• स्थानीय समाजको धार्मिक सम्पदाहरुमा रहेको आस्था बताउन । | • स्थानीय सांस्कृतिक सम्पदाहरु जस्तैः गाउँबस्तीको साझा देवस्थान (मड्वा) र विभिन्न मन्दिरहरु, चर्च, गुम्बा आदि ।<br>• धर्मिक सम्पदाहरुको विशेषता सम्बन्धी विवरण जस्तैः पिरवा सिमसार क्षेत्रको धार्मिक विवरणात्मक महत्व, बर्दगोरिया धाम क्षेत्रको धार्मिक र पौराणिक महत्व आदि ।<br>• बर्दगोरिया धाम क्षेत्रको पिरुवा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन सम्बन्धी विवरण ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने सचेतना सम्बन्धी विवरण । | • बर्दगोरिया धाम क्षेत्रको ऐतिहासिक र धार्मिक तथा पिरवा सिमसार क्षेत्रको धार्मिक र पौराणीक महत्वबारे छलफल गर्ने ।<br>• स्थानीय समाजको धार्मिक सम्पदाहरुमा रहेका आस्था र बिश्वासबारे छलफल गर्ने ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्न सचेतना जागृत गर्ने विषयमा छलफल गर्ने ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने तथा सचेतना जागृत गर्न अभिनय गर्न लगाउने । | • बर्दगोरिया धाम क्षेत्रको ऐतिहासिक र धार्मिक तथा पिरवा सिमसार क्षेत्रको धार्मिक तथा पौराणिक महत्व बताउनुहोस् ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्न सचेतना जागृत कसरी गर्न सकिन्छ ? बताउनुहोस् ।<br>• स्थानीय समाजको धार्मिक सम्पदाहरुमा रहेको आस्था र बिश्वासबारे बताउनुहोस्।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने तथा सचेतना जागृत गर्न समूहमा अभिनय गर्नुहोस् । | ४ |
| ठ. हाम्रो इतिहास | • बर्दगोरिया गाउँपालिका बासिन्दाहरुको ऐतिहासिक विवरण बताउन ।<br>• बर्दगोरिया गाउँपालिका गठन हुनु भन्दा पहिले साविक कोटातुल्सीपुर गाविस र दोदोधरा गाविसको अवस्था बताउन ।<br>• राष्ट्रिय राजनीतिक दलहरुको प्रभावबारे बताउन । | • बर्दगोरिया गाउँपालिकाको बासिन्दाहरुको ऐतिहासिक विवरण ।<br>• बर्दगोरिया गाउँपालिका गठन पूर्व रहेको साविक कोटातुलसीपुर र दोदोधरा गाउँ विकास समितिको विवरण ।<br>• राष्ट्रिय राजनीतिक दलहरुको प्रभाव आदि । | • बर्दगोरिया गाउँपालिकाको बासिन्दाहरुबारे छलफल गर्ने ।<br>• विद्यार्थीहरुले पहिचान गर्न नसकेको स्थानीयबासीहरुको बारेमा छलफल गर्ने र शिक्षकले स्पष्ट पार्ने साथै टिपोट पनि गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिका गठन हुनु भन्दा पहिले साविक कोटातुल्सीपुर गाविस र दोदोधरा गाविसबारे जानकारी दिने ।<br>• राष्ट्रिय राजनीतिक दलहरुको प्रभावबारे छलफल गर्ने । | • यस गाउँपालिकाको स्थानीयबासीहरु कुन कुन समुदायका हुन ? बताउनुहोस् ।<br>• साविक कोटातुल्सीपुर गाविस र दोदोधरा गाविसको सीमाना बताउनुहोस् ।<br>• तपाइको गाउँपालिकामा कुन राजनीतिक दलको प्रभाव छ ? बताउनुहोस् । | ४ |
| ड. सामाजिक सङ्घ संस्थाहरू | • महिला समूहको व्यवस्थापन सम्बन्धी गतिविधिबारे बताउन ।<br>• सहकारी संस्थाको व्यवस्थापन सम्बन्धी गतिविधिबारे बताउन । | • गाउँघरमा महिला समूहको व्यवस्थापन सम्बन्धी गतिविधिहरुको विवरण ।<br>• सहकारी संस्थाको व्यवस्थापन सम्बन्धी गतिविधिहरुको विवरण । | • गाउँघरमा महिला समूहको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे विद्यार्थीहरुसँग सोध्ने र विद्यार्थीहरुले नजानेको पक्षहरुलाई शिक्षकले बताइदिने र छलफल गर्ने । | • गाउँघरमा महिला समूहको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे बताउनुहोस् । | ४ |

| | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • स्थानीय गैरसरकारी संस्थाको व्यवस्थापन सम्बन्धी गतिविधिबारे बताउन ।<br>• बलबालिकाहरुको शारीरिक र मानसिक विकासमा आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको योगदानबारे बताउन । | • स्थानीय गैरसरकारी संस्थाहरुको व्यवस्थापन सम्बन्धी गतिविधिहरुको विवरण ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविका, बालविकास अर्थात बालबालिकाहरुको शारीरिक र मानसिक विकासमा योगदानको विवरण । | • सहकारी संस्थाको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे विद्यार्थीहरुसँग सोध्ने र नजानेको गतिविधिबारे शिक्षकले स्पष्ट पार्ने साथै छलफल पनि गर्ने ।<br>• स्थानीय गैरसरकारी संस्थाहरुको व्यवस्थापन सम्बन्धी गतिविधिहरु विद्यार्थीहरुसँग सोध्ने र नजानेको पक्षहरुलाई शिक्षकले स्पष्ट पार्ने तथा छलफल पनि गर्ने ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाको बालविकासमा शारीरिक र मानसिक विकास सम्वन्त्रि योगदानबारे छलफल गर्ने । | • सहकारी संस्थाको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे बताउनुहोस् ।<br>• गैरसरकारी संस्थाहरुको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे बताउनुहोस् ।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाको योगदान बताउनुहोस् । | |
| २. हाम्रो भूगोल र प्राकृतिक सम्पदा | | | | | १२ |
| क. हाम्रो भूगोल | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावट बताउन ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावटको महत्व बताउन । | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावटको विस्तृत विवरण ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावटको भौगोलक महत्वको विस्तृत विवरण । | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावटबारे विद्यार्थीहरुसँग सोध्ने ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावटको थप जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलक वनावटको महत्वबारे विद्यार्थीहरुसँग सोध्ने र थप जानकारी दिने र साथै टिपोट पनि गर्न लगाउने । | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावटबारे बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक महत्व बताउनुहोस् । | ३ |
| ख. हावापनी र मौसम | • आकासको बादल र बग्दै गरेको हावाको बहाव अनुसार मौसमबारे जानकरी राख्न ।<br>• हावापानी र मौसमको प्रकार तथा त्यसको लक्षणहरु बताउन । | • सरकारी निकाय मौसम विभागद्वारा प्रकाशन गरिएको हावापानी र मौसमसँग सम्बन्धित पत्रपत्रिका तथा विद्युतीय सामाजिक सञ्जाल अवलोकन गर्ने विधिहरुको विवरण । | • हावापानी र मौसम सम्बन्धी समाचार प्रकाशन गरिएको स्थानीय र राष्ट्रिय पत्र पत्रीका देखाउदै जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• सामाजिक सञ्जाल अवलोकन गर्ने विधिबारे कम्प्यूटर तथा मोबाइल प्रयोग गरेर हावापानी र मौसमबारे छलफल गर्ने । | • हावापानी र मौसम सम्बन्धी समाचार के बाट जानकारी लिन सकिन्छ ?बताउनुहोस्।<br>• विभिन्न हावापानी र मौसमहरुको लक्षण बताउनुहोस् ।<br>• हावापानी र मौसमले खेतीपाती र मानिसमा पार्ने प्रभावबारे बताउनुहोस् । | ३ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • विभिन्न हावापानी र मौसमको लक्षणहरु र खेतीपातीमा तथा मानिसमा पार्ने प्रभावहरुको विवरण । | • विभिन्न हावापानी र मौसमको लक्षण तथा खेतीपाती र मानिसहरुलाई त्यसले पार्ने प्रभावबारे छलफल गर्ने । | | |
| ग. प्राकृतिक सम्पदा | • बर्दगोरिया गाउँपालिकाको प्राकृतिक सम्पदाहरुको पहिचान गर्न ।<br>• बर्दगोरिया गाउँपालिकाको प्राकृतिक सम्पदाहरुको संरक्षण गर्नमा सहभागिता जनाउन । | • गाउँपालिका भित्र हाल पहिचानमा रहेका प्राकृतिक सम्पदाहरुको विस्तृत विवरण ॥<br>• गाउँपालिका भित्र पहिचानमा रहेका प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने उपायहरुको विवरण । | • प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु र त्यसको फाइदाबारे विद्यार्थीहरुसँग सोध्ने ।<br>• संरक्षणका उपाय र फाइदासम्बन्धी थप जानकारी दिँदै टिपोट गर्न लगाउने ।<br>• प्राकृतिक सम्पदा संरक्षण गर्ने विधि र प्रक्रियाबारे विद्यार्थीहरुसँग सोध्ने ।<br>• संरक्षण सम्बन्धी थप जानकारी दिँदै विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको पहिचान लागि कुन कुन प्राकृतिक सम्पदाहरु छन् भनी छलफल गर्ने । | • प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु के के हुन् ? बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको पहिचान गर्ने कुन कुन प्राकृतिक सम्पदाहरु छन् ? बताउनुहोस् ।<br>• प्राकृतिक सम्पदा संरक्षण गर्न अभिनय गरेर देखाउनुहोस् । | ३ |
| घ.वन वातावरण संरक्षण | • जलाधार क्षेत्रको परिचय, परिभाषा, विशेषता र महत्व बताउन ।<br>• सिमसार क्षेत्रको परिचय, परिभाषा, विशेषता र महत्व बताउन ।<br>• जैविक विविधताको परिचय, परिभाषा, विशेषता र महत्व बताउन । | • वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधतावारे सचित्र जानकारीको विवरण ।<br>• जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताको पहिचान विस्तृत विवरण ।<br>• सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी विस्तृत विवरण । | • वन वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताको चित्र अवलोकन गराउदै संरक्षण सम्बन्धी जानकारी दिने र छलफल गर्ने ।<br>• कस्तो क्षेत्रलाई जलाधार क्षेत्र, सिमसार क्षेत्र भनिन्छ र जैविक विविधताबारे विद्यार्थीहरुसँग सोध्ने ।<br>• सो सम्बन्धी थप जानकारी दिँदै विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने । | • वृक्षारोपण भनेको के हो ? बताउनुहोस् ।<br>• जलाधार क्षेत्र भनेको के हो? बताउनुहोस् ।<br>• सिमसार क्षेत्र भनेको के हो? बताउनुहोस् ।<br>• जैविक विविधता भनेको के हो ? बताउनुहोस् ।<br>• सामुदायिक वन भनेको के हो ? बताउनुहोस् ।<br>• नीजि वन भनेको के हो ? बताउनुहोस् । | ३ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी सामान्य जानकारी राख्दै व्यवस्थापन सम्बन्धी गतिविधि बताउन । | | • सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी सामान्य ऐन कानून र कार्यविधिहरुबारे छलफल गर्ने । | • धार्मिक वन भनेको के हो ? बताउनुहोस् ।<br>• राष्ट्रिय वन भनेको के हो ? बताउनुहोस् ।<br>• सामुदायिक वन व्यवस्थापनबारे बताउनुहोस्। | |
| ३. हाम्रो कला र सङ्गित | | | | | १० |
| क. हाम्रो कला | • स्थानीय कलामा आधारित उत्पादित सामग्रीहरुको व्यवसायीकरणबारे बताउन ।<br>• स्थानीय कलाका सामग्रीहरुको राष्ट्रमा र अन्तराष्ट्रिय स्तरमा त्यसको उपयोगर महत्व बताउन ।<br>• स्थानीय कलाहरुको प्रदर्शन गर्ने । | • स्थानीय कलामा आधारित घरायसी साम्रगीहरु जस्तैः हलो, जुवा, किलवाही, हेंगा/पटेला, सरावन, कोल्हु, जाँतो, सुप्पा ( नाङ्लो), डेला, छिट्वा, ढकिया, नुईया, पन्छोप्ना, भौका/भौकी, डेलवा, डिलिया, सेउखा, हेल्का, सेउखा, गड्ली, टापी, जाल, महाजाल, बल्छी, मचान (अटुवा) खैलर, टिक्ठी, मचिया, खटोली, छतरी, पिस्तुर, स्थानीय बाँसवाट वनोको पंखा, बिंरा, फुन्नहा सिरहत्ता र डोको आदि ।<br>• कलामा आधारित स्थानीय नाचहरु र ती नाचहरुमा प्रयोग गरिने सामग्रीहरुको प्रगोगको विवरण । | • विद्यार्थीहरुले चिनेको र जानेको कलाका सामग्रीहरुको नाम सहित त्यसको प्रयोगबारे छलफल गर्ने ।<br>• स्थानीय कला विज्ञद्वारा स्थानीय कलामा आधारित उत्पादित सामग्रीहरुको व्यवसायीकरणबारे छलफल गर्ने ।<br>• स्थानीय कलाका सामग्रीहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा त्यसको महत्वबारे छलफल गर्ने ।<br>• कलामा आधारित स्थानीय नाचहरुमा प्रयोग गरिने सामग्रीहरुबारे छलफल गर्ने । | • कलामा आधारित सामग्रीहरुको स्थानीय नाम बताउनुहोस् ।<br>• स्थानीय कलामा आधारित उत्पादित सामग्रीहरुको व्यवसायीकरण गर्ने भनेको के हो ?बताउनुहोस् ।<br>• बाँसको पङ्खा बनाउनुहोस् ।<br>• स्थानीय नाचहरुमा प्रयोग गरिने सामग्रीहरुको नाम बताउनुहोस् । | ५ |
| ख. हाम्रो गीत सङ्गीत | • स्थानीय पौराणिक गीति काव्यहरुले धार्मिक तथा सांस्कृतिक महत्वबारे बताउन ।<br>• स्थानीय बाजाहरु सामान्य रुपमा गीतसँग तालमा ताल मिलाएर बजाउन सक्ने । | • स्थानीय बाजाहरु जस्तैः मादल, डफ, मञ्जिरा, झ्याल कस्तार, बाँसुरी, ढोल, दमहा, ढोलक, टिम्की, तबला र सारङ्गी आदि ।<br>• स्थानीय गीतहरु जस्तैः डफको गीत, पहपट् गीत, सजना, माँगर, मैना, गैया बेह्रना गीत, कृष्ण जन्माष्टमी गीत, स-साना नानीहरुलाई फुल्याउने गीत ( जस्तैः जोनु मामा.......), दिन नचवा गीत, अधरतिया गीत, भिन्सहरीया गीत, कठ्घोडी गीत, | • विद्यार्थीहरुलाई मादल बजाएर सुनाउने ।<br>• बाँसुरी बजाएर सुनाउने ।<br>• वाद्यवादकद्वारा मादल बजाउन सिकाउन लगाउने ।<br>• बाँसुरी बजाउन सिकाउने ।<br>• स्थानीय सुहाउदो गीतको रचना गर्न लगाउने ।<br>• सामूहिक रुपमा गीत गाउन सिकाउने । | • ढोल बजाएर देखाउनुहोस् ।<br>• तबला, मादल बजाएर देखाउनुहोस् ।<br>• हार्मोनियम बाजा बजाएर देखाउनुहोस् ।<br>• ढोलक बजाएर देखाउनुहोस् ।<br>• बाँसुरी बजाएर देखाउनुहोस् ।<br>• तपाईले रचना गरेको गीत सुनाउनुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | रामभुमर गीत, सुमरौती गीत, भजन किर्तन (आध्यात्मिक गीत), आरती गीत, लोक दोहोरी, लोक गीत र तीजको गीत आदि ।<br>• हार्मोनियम, मादल, बाँसुरी र ढोलक बजाउने तरिका वा विधिको विवरण जस्तैः सा रे ग म प ध नि सा आदि । | • पालैपालो गरि विद्यार्थीहरु आफुले जानेको गीत गाउन र नाच्न लगाउने ।<br>• स्थानीय नाचहरुको श्रव्य-दृश्य वृत्तचित्रहरु प्रदर्शन गरि पृष्ठपोषण दिने ।<br>• हार्मोनियम र ढोलक बजाउन अभ्यास गर्न लगाउने । | • समूहमा गीत गाउँदै पालैपालो गर्दै नाचेर देखाउनुहोस् । | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | | | | | १० |
| क. स्थानीय जडिबुटी | • स्थानीय जडिबुटीहरुको सूची तयार गरी उक्त जडिवुटी चिन्न र प्रयोगबारे बताउन ।<br>• विद्यार्थीहरुले आफूले जानेको स्थानीय जडिवुटीको प्रयोग गरी सहयोग गर्न । | • विद्यार्थीहरुको आफ्नो घर वरपर पाइने जडिबुटीका नामहरु जस्तैः तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदि ।<br>• स्थानीय जडिवुटीहरु जस्तैः तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुण आदिको विवरण ।<br>• स्थानीय जडिवुटीहरुको प्रयोग विधिहरु जस्तैः कुन जडिवुटी कुनबेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको विवरण ।<br>• कुन बिमारीमा कुन जडिवुटीको प्रयोग प्रगोग गरिन्छ, त्यसको विवरण । | • स्थानीय जडिवुटीहरु जस्तैः तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुणको बारे छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय वैद्यद्वारा कुन जडिवुटी कुनबेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको प्रयोग विधि बताउने र टिपोट गर्न लगाउने । | • निमको पात खायो भने कस्तो लाग्छ ?<br>• कुन बिमारीमा कुन जडिबुटी प्रयोग गरिन्छ ?<br>• अरु मानिसहरुलाई सहयोग गर्न कुन कुराले प्रभाव पार्छ ? | ५ |
| ख. स्वास्थ्य उपचार | • स्वास्थ्य उपचारको महत्व बताउन ।<br>• स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन ।<br>• घरपरिवारका सदस्यहरु एवं साथीहरुलाई उपचारको बारेमा बताउन । | • घरको सदस्य बिरामी भएमा घर परिवारले उपचार गराउने ठाउँ जस्तैः स्थानीय मेडिकल, स्वास्थ्य चौकी, झारफुक, गुरुवा तथा वैद्य आदि ।<br>• कुनै पनि रोग लाग्नु भन्दा पहिले रोकथामको महत्व आदि ।<br>• संक्रमिक रोगहरु जस्तैः रुघाखोकी, टाउको दुख्ने ज्वरो | • स्थानीय उपचारको महत्वबारे छलफल गरि बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय स्वास्थ्य कार्यकर्ताद्वारा रुघाखोकी, टाउको दुख्ने ज्वरो आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरुको बारेमा छलफल गरि जानकारी दिने र टिपोट गर्न लगाउने । | • तपाईलाई कुन ठाउँमा उपचार गराउन मन पर्छ ?<br>• प्राथमिक उपचारहरुमध्ये कुने एकको बारेमा भन्नुहोस् ।<br>• कुन अवस्थामा छरछिमेकका मानिसहरुलाई सहयोगको आवश्यकता पर्छ ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • विद्यार्थीहरुले आफ्नो घरपरिवारका मानिस वा छरछिमेकका मानिसहरु बिरामी परेको बेलामा स्वास्थ्य चौकीमा लगेर सहयोग गर्न ।<br>• व्यायाम र विभिन्न योगहरुको योगाभ्यास गर्न । | आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरु ।<br>• स्वास्थ्य उपचारको सन्दर्भमा सामान्य प्राथमिक उपचार विधि ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारका मानिस वा छरछिमेकका मानिसहरु बिमारी परेको बेला स्वास्थ्य चौकीमा लगेर सहयोग गरिरहेको विवरण ।<br>• मुख्य आसनहरु र मुख्य प्राणायामहरु जस्तैः भस्त्रिका, प्राणायाम, कपालभाती प्राणायाम, बाह्य प्राणायाम, उज्जायी प्राणायाम, अनुलोम-विलोम प्राणायाम, भ्रामरी प्राणायाम, उद्गिथ प्राणायाम, र प्रणव प्राणायामको विस्तृत विवरण । | • प्राथमिक उपचारको लागि स्थानीय स्वास्थ्य चौकी नै सबै भन्दा उत्तम ठाउँ हो भनी पृष्ठपोषण दिने ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारका मानिस वा छरछिमेकका मानिसहरु बिमारी भएको बेला स्वास्थ्य चौकीमा लगेर सहयोग गर्ने विषयमाथी छलफल गर्ने ।<br>• मुख्य आसनहरु र मुख्य प्राणायामहरु जस्तैः भस्त्रिका, प्राणायाम, कपालभाती प्राणायाम, बाह्य प्राणायाम, उज्जायी प्राणायाम, अनुलोम-विलोम प्राणायाम, भ्रामरी प्राणायाम, उद्गिथ प्राणायाम, र प्रणव प्राणायामबारे छलफल गर्ने र कुनै योगको अभ्यास गराउने । | • रुघाखोकी लाग्यो भने तपाई के गर्नुहुन्छ ?<br>• कुनै योगासनको अभ्यास गरेर देखाउनुहोस् । | |
| ५. स्थानीय खेलहरु | | | | | ६ |
| क. स्थानीय खेलहरु | • स्थानीय खेलहरु खेल्ने सामान्य विधि तथा नियम बताउन ।<br>• स्थानीय खेलहरुको महत्व बताउन ।<br>• स्थानीय खेलहरुको अभ्यासले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुबारे खेल्न र बताउन । | • स्थानीय खेलहरु जस्तैः लुकामारी, आसपास, रुमालचोर, घरकुटी, चुंगी गट्टा, कोइली दिदी, गोली, टिपु, लोचिक दण्डा, छुर, कौरी नुकावर, भलिवल, फुटवल, घरबसावर आदि खेलहरु ।<br>• स्थानीय एकल तथा सामूहिक खेलहरुको विधि र नियमहरु ।<br>• स्थानीय खेलहरुको अभ्यासले विद्यार्थीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खेलिने खेलहरुमा भाग लिन क्षमतावान वनाउने अभ्यास । | • शिक्षकले नमुना देखाई साधारण खेलहरु नियम अनुसार खेल्न लगाउने ।<br>• युवा क्लव वा खेलकुद क्लव गठन गर्ने प्रक्रियाबारे छलफल गर्ने ।<br>• स्थानीय स्तरमा आयोजना गरिने खेलकुदमा भाग लिन प्रक्रियाबारे छलफल गर्ने ।<br>• नियमानुसार स्थानीय खेलहरु खेलाएर अभ्यस्त गर्ने । | • कुनै एउटा स्थानीय खेलको नियम भन्नुहोस् ।<br>• फुटबल खेलमा कति जना खेलाडीहरु चाहिन्छन् ?<br>• राष्ट्रिय तथा अन्तराष्टिय् स्तरमा खेलिने खेलहरुको नाम भन्नुहोस् । | ६ |
| ६. पेशा व्यवसाय र आर्थिक क्रियाकलाप | | | | | २० |
| क. स्थानीय पेसा व्यवसाय | • स्थानीय पेसा व्यवसायको आर्थिक महत्व बताउन । | • घर परिवार तथा छरछिमेकका सदस्यहरुले दैनिक रुपमा गर्ने काम जस्तै :- खेतवारीको काम, सिलाइ बुनाइ, कुखुरापालन, पसल | • कुन पेसा व्यवसायले आर्थिक उन्नति गराउछ भनी छलफल गर्ने । | • स्थानीय पेसा व्यवसायको कुनै एक विशेषता र एक महत्व भन्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • स्थानीय पेसाव्यवसाय सामाजिक र आर्थिक महत्व बताउन ।<br>• स्थानीय पेसा व्यवसायको विशेषता र महत्व बताउन ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउन । | व्यवसाय, डोकोडालो र ढकिया बुन्ने, कपाल काट्ने, कटौटी काट्ने, फुन्ना बनाउने, पढ्ने पढाउने, चारपाइ वनाउने, नौकरी, फर्निचर वनाउने, मजदुरी गर्ने र वैदेशिक रोजगार गर्ने आदि ।<br>• पेसागत व्यवसायको आर्थिक महत्व जस्तै: घरपरिवारलाई खान लगाउन पुग्ने र धन सम्पतिमा वृद्धि हुने आदि ।<br>• स्थानीय पेसा व्यवसायको विशेषता र महत्वहरु ।<br>• स्थानीय पेसा व्यवसायहरुको विवरण ।<br>• घर परिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउने गतिविधि । | • स्थानीय पेसा व्यवसायको विशेषता र महत्वबारे छलफल गर्ने ।<br>• घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउने गतिविधिवारे छलफल गर्ने । | • चित्र अवलोकन गरेर काम वा व्यवसायको नाम लेख्नुहोस् ।<br>• तपाईले आफ्नो घर परिवारको सदस्यहरुलाई पेसागत व्यवसाय सञ्चालन गर्न कसरी सहयोग गर्न सक्नुहुन्छ ? | |
| ख. स्थानीय आय आर्जन र क्रियापलाप | • आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।<br>• स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि बताउन ।<br>• स्थानीय आयआर्जनको क्रियाकलापहरुको विशेषता र फाइदा बताउन ।<br>• विद्यार्थीहरुले आफ्नो घर परिवारको सदस्यहरुलाई आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न सल्लाह दिन र उक्त क्रियाकलापहरु कार्यान्वयन गर्न सहयोग गर्न । | • घर परिवार, छरछिमेक तथा साथीका परिवारको सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यवसाय जस्तै: बेमौसमी तरकारी खेती गर्ने र बजारमा बिक्री गर्ने, झोला वनाउने, खाट वनाएर बेच्ने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाइ बुनाइ,डकर्मी र सिकर्मी आदि ।<br>• आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरु जस्तै: घरपरिवारको मानिसले आफूले जानेको क्रियाकलाप र स्रोत साधनको उपलब्धता सम्बन्धी विवरण ।<br>• आयआर्जनका क्रियाकलापहरुको विवरण । | • आयआर्जनका लागि कुन क्रियाकलापहरुले कस्तो आर्थिक फाइदा दिन्छ भनी छलफल गर्ने ।<br>• आयआर्जनका क्रियाकलापहरुको विशेषता र महत्वबारे छलफल गर्ने ।<br>• आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन पक्षबारे सामूहिक छलफल गर्ने ।<br>• स्थानीय स्तरमा सुहाउदो आयआर्जनका क्रियाकलापहरु कार्यान्वयन गरिने सन्दर्भमा सहयोगका गतिविधिहरुवारे छलफल गर्ने । | • आयआर्जनका क्रियाकलापहरुको कुनै एक विशेषता र महत्व भन्नुहोस् ।<br>• तपाईले आफ्नो घरपरिवारका सदस्यहरुलाई आयआर्जनका कुन क्रियाकलापहरु सञ्चालन गर्न सल्लाह दिनुहुन्छ ?<br>• आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन भन्नाले के बुझिन्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • विद्यार्थीहरु आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन गर्न सक्षम । | • आयआर्जनका क्रियाकलापहरुको विशेषता र महत्वहरुको विवरण ।<br>• स्थानीय स्तरमा सुहाउदो आयआर्जनका क्रियाकलापहरु कार्यान्वयन गरिने सन्दर्भमा सहयोगका गतिविधिहरुको विवरण ।<br>• आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन सम्बन्धी विवरण । | | | |
| ग. स्थानीय बजार | • स्थानीय वजारको महत्व बताउन ।<br>• स्थानीय बजारको विशेषता बताउन ।<br>• स्थानीय वजारले मानिसमा पार्ने सकारात्मक प्रभाव बताउन ।<br>• विद्यार्थीहरुले स्थानीय वजारवारे जानकारी राख्न र त्यहाँ भएको घटनावारे आदान प्रदान गर्न ।<br>• विद्यार्थीहरु स्थानीय वजार व्यवस्थापन पक्षमा सहभागिता जनाउन । | • स्थानीय बजार जस्तै: बौनिया बजार, मुडा वजार, पृथ्वीपुर वजार, कोइली भुरुवा वजार र सिमरी वजारको अवस्थिति आदि।<br>• स्थानीय बजारको महत्व जस्तै: चाहिएको बेलामा खरिद बिक्री गर्न सकिने, आफुलाई चाहिएको बस्तु किन्न सकिने र समय भित्रै औजारहरुको मर्मत सम्भार गर्न गराउन सकिने आदि ।<br>• स्थानीय बजारहरुको विस्तृत विवरण ।<br>• स्थानीय बजारले समाजमा पार्ने प्रभावहरु ।<br>• स्थानीय बजारहरुमा घटेको विस्तृत विवरण ।<br>• स्थानीय वजारको व्यवस्थापन पक्षमा सहभागिता । | • स्थानीय वजारको महत्वबारे छलफल गरि बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय बजारहरुको विशेषताबारे छलफल गर्ने ।<br>• स्थानीय बजारले समाजमा पार्ने प्रभावहरुबारे छलफल गर्ने ।<br>• स्थानीय बजारहरुमा घटेको घटना सम्बन्धी छलफल गर्ने ।<br>• स्थानीय बजारको व्यवस्थापन पक्षमा सहभागिताबारे सामूहिक रुपमा छलफल गर्ने ।<br>• स्थानीय बजार व्यवस्थापन पक्षमा सहभागिता जनाउन विद्यार्थीहरुको घर वा नजिकैको गाउँ वा वजारमा रहेको हाटबजार तथा बजार अवलोकन गराउने र टिपोट गर्न लगाउने । | • तपाईको घरका तथा छरछिमेकका मानिसले वजारवाट के के सामग्री खरिद गर्नुहुन्छ?<br>• तपाईको र तपाईको साथीको घरका मानिसले बजारमा के-के बेच्नुहुन्छ?<br>• हाटबजारमा के पाइन्छ ?<br>• स्थानीय बजारको विशेषता भन्नुहोस् ।<br>• स्थानीय बजारले समाजमा पार्ने प्रभावहरुबारे बताउनुहोस् ।<br>• तपाईको गाउँघर नजिकको बजारमा भएको कुनै एउटा घटनावारे भन्नुहोस् ।<br>• स्थानीय बजारको व्यवस्थापन पक्षमा सहभागिताबारे भन्नुहोस् । | ४ |
| घ. पेसागत ज्ञान र सीप | • आफ्नो घरपरिवारको पेसागत सीप र ज्ञानको महत्व बताउन ।<br>• पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक महत्व बताउन । | • पेसागत ज्ञान र सीप जस्तै: ढकिया नुईया बुन्न, पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई, भैसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदि । | • पेसागत पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई, भैंसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदि के कसरी उत्पादन गरिन्छ भनी छलफल गर्ने र टिपोट गर्न लगाउने । | • पेसागत ज्ञान र सीपको महत्व र विशेषताबारे बताउनुहोस् ।<br>• तत्परता भनेको के हो ?<br>• स्थानीय पेसागत ज्ञान र सीपलाई कसरी जगेना गर्न सकिन्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • पेसागत ज्ञान र सीपको विशेषता बताउन ।<br>• विद्यार्थीहरुले पेसागत ज्ञान र सीप सम्बन्धी आफ्नो क्षमता अभिवृद्धि गर्न तत्पराता देखाउन ।<br>• विद्यार्थीहरु स्थानीय पेसागत ज्ञान र सीप जगेर्ना गर्न सक्षम । | • खेतबारीमा लगाइएको बालीनाली तथा फसल राम्रो उब्जाउ गर्न जस्तै: पानी हाल्ने, मल हाल्ने, फसलमा रोग तथा किरा लागेमा औषधी छर्ने आदी ।<br>• पालिएको गाई, भैंसी, भेंडा, बाख्रा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा समयमै औषधीको प्रयोग ।<br>• घरपरिवारको र छरछिमेकीको पेसागत ज्ञान र सीप भएमा त्यसको महत्व जस्तै: आफ्नो सामान बिग्रियो भने मर्मत सम्भार गर्न गराउन सजिलो, कम खर्चिलो, स्थानीय स्रोत साधनको प्रयोग, खेतबारीमा कुनबेलामा मल हाल्ने, औषधी हाल्ने आदि ।<br>• स्थानीय पेसागत ज्ञान र सीप कसरी सिक्नु पर्छ, त्यसको विवरण ।<br>• पेसागत ज्ञान र सीपको विशेषताहरुको विवरण ।<br>• पेसागत ज्ञान र सीपसम्बन्धी आफ्नो क्षमता अभिवृद्धि गर्न तत्परता देखाउने विवरण ।<br>• स्थानीय पेसागत ज्ञान र सीप जर्गेना गर्न सकिने विषयहरुको विवरण । | • खेतीवारीमा लगाइएको बालीनाली तथा फसल राम्रो उब्जाउ गर्न कुन ज्ञान र सीपको आवश्यक पर्छ भनी पृष्ठपोषण दिने र टिपोट गर्न लगाउने ।<br>• पेसागत सीप र ज्ञानको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय पेसागत ज्ञान र सीप सिक्ने विधिबारे छलफल गर्ने ।<br>• पालिएको गाई, भैंसी, भेंडा, बाख्रा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा के के गर्नु पर्छ भनी टिपोट गर्न लगाउने ।<br>• पेसागत ज्ञान र सीपको विशेषताबारे छलफल गर्ने ।<br>• पेसागत ज्ञान र सीप सम्बन्धी आफ्नो क्षमता अभिवृद्धि गर्न तत्परता देखाउने विषयबारे छलफल गर्ने ।<br>• स्थानीय पेसागत ज्ञान र सीप जर्गेनासम्बन्धी विषयहरुमा समूहगत रुपमा छलफल गर्ने । | | |
| ङ. उद्योग | • स्थानीय उद्योगको महत्व बताउन ।<br>• स्थानीय उद्योगको फाइदा र बेफाइदा बताउन ।<br>• स्थानीय उद्योगहरुको विशेषता बताउन । | • विद्यालय, बर्दगोरिया गाउँपालिकामा रहेका साना तथा ठूला उद्योग जस्तै दुधडेरी, पाउरोटी उद्योग, ईँटा उद्योग र कसर उद्योग, दाल चामल उद्योग आदि । | • स्थानीय उद्योगहरुको महत्व छलफल गरि बताउने र टिपोट गर्न लगाउने ।<br>• नजिकै रहेको उद्योगहरुको अवलोकन भ्रमण गराउने र अवलोकन गरिएको वस्तुहरुको नाम टिपोट गर्न लगाउने । | • तपाईको घरका र साथीको घरको मानिसहरुले के उद्योग चलाउछन् ?<br>• तपाईको गाउँघरमा के के उद्योगहरुछन् ?<br>• तपाईको गाउँमा रहेको उद्योगले के उत्पादन गर्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • विद्यार्थीहरुले आफ्नो धाममा रहेका उद्योगहरुको गतिविधिहरुवारे जानकारी राखी छरछिमेक र समाजका मानिसहरुसंग आदान प्रदान गर्न । | • स्थानीय स्तरमा रहेको उद्योगहरुको महत्व जस्तै: रोजगारी पाउने, आयआर्जनको स्रोतमा बृद्धि हुने र स्थानीय उद्योगवाट उत्पादित बस्तु सहुलियत दरभाउमा उपलब्ध हुने आदि ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र वेफाइदाहरु ।<br>• स्थानीय उद्योगहरुको विशेषताहरुको विवरण ।<br>• उद्योगहरुको गतिविधिहरुवारे जानकारी राखी छरछिमेक र समाजका मानिसहरुसँग आदान प्रदान गर्ने घटनाहरु । | • स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र वेफाइदाबारे छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय उद्योगहरुको विशेषताबारे छलफल गर्ने ।<br>• उद्योगहरुको गतिविधिहरुवारे जानकारी राखी छरछिमेक र समाजका मानिसहरुसँग आदान प्रदान गर्ने विषयमा छलफल गर्ने । | • स्थानीय उद्योगहरुको फाइदा र वेफाइदा भन्नुहोस् ।<br>• तपाईको गाउँघर नजिकमा रहेको उद्योगमा भएको कुनै एक वटा घटना बताउनुहोस् । | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय पर्यटन | | | | | ५ |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको संरक्षण र सम्वर्द्धन गर्न सहभागिता जनाउन ।<br>• स्थानीय धार्मिक पर्यटन स्थलहरुको धार्मिक कथाहरु बताउन र विश्वास तथा आस्थाबारे जनचेतना जगाउन ।<br>• बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलहरुको धार्मिक कथाहरु र किंवदन्तिहरु बताउन र त्यसको धार्मिक महत्व एवं आस्था र विश्वास बारे जनचेतना जागृत गर्न ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको वर्तमान अवस्थाको बारेमा बताउन ।<br>• पर्यटकीय स्थलको भौगोलिक क्षेत्रको पहिचान र क्षेत्रफल बताउन ।<br>• स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क सङ्कलन गर्न र प्रतिवेदन तयार पार्न ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिका बताउन । | • बर्दगोरिया गाउँपालिकाभित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तैः बर्दगोरिया मन्दिर, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनीया धाम), ठाकुरद्वारा नहर, झर्झरिया बाँध र उताह ताल आदि ।<br>• घोडाघोडी ताल तथा मन्दिर, कर्णाली नदी तथा पुल, आमपानीको झरना र चिडिया ताल आदि । | • स्थानीय पर्यटकीय स्थलको पहिचान गर्न गराउन पोष्टर प्रदर्शन गर्ने ।<br>• स्थानीय तह र छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको पहिचान गराई दिने ।<br>• यिनीहरुको बारेमा विद्यार्थीलाई जानकारी भए नभएको छलफल गर्ने र उक्त पर्यटकीय स्थलहरुको नाम टिपोट गर्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको महत्वका बारेमा सूची वनाई प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलको सूची तयार पारी महत्व बताउन र लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीको भूमिकाको सूची वनाउन लगाउने र प्रश्नोत्तर गर्ने छलफल गर्ने ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको वर्तमान अवस्थाको बारेमा प्रश्नोत्तर गर्दै छलफल गर्ने ।<br>• पर्यटकीय स्थलको भौगोलिक क्षेत्रको पहिचान गराउँदै उक्त स्थलको क्षेत्रफल तथा सीमाना बताउने ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण गर्न लगाउने ।<br>• स्थानीय तहमा पर्यटनमा आधारित सञ्चालित कलकारखाना र उद्योगको अवलोकन गराउने । | • स्थानीय तह (बर्दगोरिया गा.पा.) भित्रका कुनै २ वटा पर्यटकीय स्थलको नाम भन्नुहोस् ।<br>• पोष्टर अवलोकन गरेर पर्यटकीय स्थलहरुको नाम भन्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको कुनै २ वटा महत्व भन्नुहोस्।<br>• बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलको कुनै ४ वटा फाइदा भन्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीका कुनै ५ वटा भूमिका भन्नुहोस् ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको वर्तमान अवस्थाको बारेमा बताउनुहोस् ।<br>• पर्यटकीय स्थलको भौगोलिक दिशा र क्षेत्रफल बताउनुहोस् ।<br>• विद्यार्थीले अवलोकन गरेको कुनै एउटा पर्यटकीय स्थलको प्रतिवेदन तयार पार्नुहोस् ।<br>• स्थानीय तहमा अवलोकन गरेको कुनै एउटा उद्योगको बारेमा प्रतिवेदन तयार पार्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरी तथ्याङ्क संकलन गरी प्रतिवेदन तयार पार्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउन । | | • स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क संकलन गर्न लगाउने र प्रतिवेदन तयार पार्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिकाबारेमा प्रश्नोत्तर गर्ने, छलफल गर्ने, सूची वनाउन लगाउने ।<br>• पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउने र लेख्न लगाउने । | • स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिकाबारे बताउनुहोस् ।<br>• पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउनुहोस् । | |
| ८. विपद् व्यवस्थापन | | | | ५ | |
| ८. विपद् व्यवस्थापन | • प्राकृतिक तथा मानव निर्मित विपद् सम्बन्धी उत्पन्न हुन सक्ने विपद्हरु बताउन ।<br>• प्राकृतिक तथा मानव निर्मित विपद्हरुको सूची तयार पार्न ।<br>• विपद्हरुबाट बच्ने वैकल्पिक उपायहरु बताउन ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न र विपद्बाट बच्ने उपाय बताउन ।<br>• विपद् पूर्व तयारी गर्न नसक्दा हुने क्षतिको बारेमा बताउन ।<br>• विपद् व्यवस्थापनमा सम्बन्धित सरोकारवाला तथा स्थानीय सरकारको भूमिका बताउन । | • प्राकृतिक तथा मानव निर्मित विपद्हरु जस्तै: बाढी, पहिरो, भु-क्षय, आग लागी, भु-कम्प, चट्याङ, असिना, सडक दुर्घटना, सरुवा रोगको महामारी (कोभिड - १९), जंगली जिवजन्तुको आक्रमण, सर्पको टोकाई विद्युतीय करेन्ट लाग्ने आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रश्नोत्तर गर्ने ।<br>• पोष्टरमा भएका चित्रहरुको पहिचान गर्न लगाउने ।<br>• विभिन्न विपद्हरुका बारेमा थप जानकारी गराउने र बच्ने उपायको सूची तयार पारी प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• विभिन्न विपद्हरुको नाम लेख्न लगाउने ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न लगाइ विपद्बाट बच्ने उपाय सम्वनधमा छलफल गर्ने ।<br>• विपद्को पूर्व व्यवस्थापन गर्न नसक्दा हुने क्षतिको सूची बनाउन लगाइ छलफल गर्ने ।<br>• विपद् व्यवस्थापनमा सम्बन्धित सरोकारवाला तथा स्थानीय सरकारको भूमिका बताउने र सो सम्बन्धमा छलफल गर्ने । | • कुनै ४ वटा विपद्का नामहरु भन्नुहोस् ।<br>• विपद् उल्लेख भएका पोष्टरलाई पहिचान गर्नुहोस् ।<br>• विपद्बाट बच्ने कुनै ४ वटा उपायहरु भन्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार गर्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्बाट बच्ने कुनै ५ वटा उपाय भन्नुहोस् ।<br>• विपद्को पूर्व व्यवस्थापन गर्न नसक्दा हुने कुनै ५ वटा क्षतिको सूची तयार गर्नुहोस् ।<br>• विपद् व्यवस्थापनमा सम्बन्धित सरोकारवालाको भूमिका भन्नुहोस् ।<br>• विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका भन्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ९. स्थानीय प्रविधि र ऊर्जा | | | | ८ | |
| क. स्थानीय प्रविधि | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरु कुन कुन सामग्रीहरुद्वारागरिन्छ र तयार गर्ने विधि र प्रक्रिया बताउन ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको विधिवत प्रयोग गर्न र बताउन ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधि र ऊर्जाको प्रयोग क्षेत्र पहिचान गर्न । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तै: ढिकी, जाँतो, मिल (कुट्ने, पिस्ने र पेल्ने), चर्खा,कोलु, र कागती पेल्ने कोल्हु आदि ।<br>• ऋाधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तै: मिक्सचर(मसला पिस्ने, मास पिस्ने र जुस वनाउने), कागती पेल्ने मेसिन, ऊखु पेल्ने हाते मेसिन, कपास फिट्ने मेसिन, कम्प्युटर, मोबाइल, ल्यापटप र क्याल्कुलेटर आदि । | • स्थानीय प्रविधिद्वारा सामग्रीहरु निर्माण गरिने विधि र प्रक्रियाबारे छलफल गर्ने ।<br>• आधुनिक प्रविधिद्वारा उत्पादन गरिने र स्थानीय स्तरमा नै प्रयोग गरिने सामग्रीहरुबारे छलफल गर्ने ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधिको फाइदाको सूची प्रदर्शन गरि छलफल गर्ने ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधिद्वारा निर्मित सामग्री तथा साधनहरुको बिच छुट्याइ महत्व र विशेषताबारे छलफल गर्ने । | • स्थानीय प्रविधिद्वारा सामग्रीहरु निर्माण गरिने विधि र प्रक्रियाबारे बताउनुहोस् ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधिको कुनै १० वटा फाइदा बताउनुहोस् ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधिको छुट्टाछुट्टै सूची तयार पार्नुहोस् । | ४ |
| ख. स्थानीय ऊर्जा | • ऊर्जाको स्रोतहरु पहिचान गर्न ।<br>• वैकल्पिक ऊर्जाको महत्व बताउन । | • स्थानीय उर्जाको स्रोत र सामग्रीहरु जस्तै: भुसी चूलो, सुधारिएको चूलो, सौर्य ऊर्जा, गोबर गुँइठा, गोबर ग्याँस, दाउरा, मट्टी तेल र विजुली आदि । | • ऊर्जाको स्रोतहरुको सूची वनाउन लगाउने, प्रश्नोत्तर गर्ने र छलफल गर्ने ।<br>• वैकल्पिक ऊर्जाको स्रोतबारे छलफल गर्ने ।<br>• वैकल्पिक ऊर्जाको महत्व र फाइदाबारे छलफल गर्ने । | • स्थानीय स्तरमा प्रयोग हुने विभिन्न ऊर्जाको प्रयोग क्षेत्र पहिचान गरि महत्व बताउनुहोस् ।<br>• ऊर्जाको स्रोतहरुको सूची बनाउनुहोस् ।<br>• वैकल्पिक ऊर्जाको महत्व बताउनुहोस् । | ४ |

## ७.८ कक्षा ८: विषयवस्तुको विस्तृतीकरण

वार्षिक कार्यघण्टा १२८

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, इतिहास, संस्कृति र साँस्कृतिक सम्पदा | | | | | ५२ |
| क. हाम्रो भाषा | • स्थानीय भाषाहरुको विश्लेषण गर्न<br>• स्थानीय भाषाको शब्दहरुलाई सुधार गर्न योजना तर्जुमा गर्न ।<br>• स्थानीय भाषाको शब्दहरुलाई सुधार गर्न योजनालाई कार्यान्वयन गर्न । | • मातृभाषाहरु जस्तै: थारू (राना, कठरिया, पूर्विया), अछामी, खस, मैथली, मगर खाम भाषा र नेपाली, डोटेली आदि ।<br>• स्थानीय भाषाका शब्दहरु शुद्ध उच्चारण गर्ने व्याकरण सम्बन्धी विवरण ।<br>• प्रचलित स्थानीय गाउँखाने कथाहरु (खिस्सा) आदि । | • विद्यार्थीहरुलाई मातृभाषा वा स्थानीय भाषाका शब्दहरुलाई उच्चारण गर्न लगाउने ।<br>• मातृभाषाको शब्द सुधारका कार्यक्रम र योजना गतिविधिको कार्यान्वयनका विधि र प्रक्रियाबारे छलफल गर्ने ।<br>• स्थानीय भाषाविज्ञद्वारा कक्षामा छलफल गर्न लगाउने ।<br>• तल दिएका शब्दहरुलाई उच्चारण गर्न लगाउने ।<br>उदाहरुण<br>क. नुइया, गुड्री, गुडरो, डसिना, मट्टो, सुकहुन, लोहखरिया ( खरथोर राख्ने भाँडो), बौनियाँ र दुघरा आदि ।<br>• विद्यार्थीहरुले शुद्ध उच्चारण गर्न नसकेको शब्दहरुलाई शिक्षकले उच्चारण गरी सिकाउने वा अभ्यास गराउने ।<br>• सामान्य व्याकरणसम्बन्धी छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• तद्भव र आगन्तुक शब्दहरुबारे छलफल गर्ने ।<br>• भाषा साहित्यको खोज अनुसन्धान गर्न गृहकार्य दिने र निश्चित समयमा प्रस्तुत गर्न लगाउने ।<br>• विद्यार्थीहरुले जानेको स्थानीय गाउँखाने कथा (खिस्सा) लेख्न लगाउने । | • आफ्नो मातृभाषाको बिश्लेषण गरी प्रस्तुत गर्नुहोस् ।<br>• आफ्नो मातृभाषाको सुधारका कार्यक्रम र योजना गतिविधहरुको कार्यान्वयन प्रक्रिया बताउनुहोस्, ।<br>• तद्भव र आगन्तुक शब्द छुट्याउनुहोस् ।<br>क. कहावट<br>ख. मझ्यारी<br>ग. खोंढवा<br>घ. लैलहा<br>ङ. लेलहरा<br>• एउटा गाउँखाने कथा (खिस्सा) भन्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ख. हाम्रो संस्कृति | • स्थानीय धार्मिक संस्कृतिको विश्लेषण गर्न ।<br>• स्थानीय धार्मिक संस्कृति संरक्षण गर्न योजना तर्जुमा गर्न ।<br>• स्थानीय धर्म तथा संस्कृति जर्गेना गर्ने योजनालाई कार्यान्वयन गर्न । | • स्थानीय धार्मिक संस्कृतिहरु जस्तै: थारूजातिहरुको संस्कृतिमा उदाहरणको लागि धान रोपाई गरिसकेपछि भदौ महिनाभरि स्थानीय नाचगान गर्ने, थारू पोष्ता आदि र डोटेलीहरुको संस्कृतिमा वंशज पत्र, जन्म कुण्डली आदि, अछामीहरुको संस्कृतिमा विशेष धार्मिक मेलाहरु, दैलेखीहरुको संस्कृतिमा धार्मिक विशेष मेलाहरु आदिको बिश्लेषणात्मक विवरण ।<br>• स्थानीय संस्कृतिको विशेषताहरुको विवरण ।<br>• स्थानीय संस्कृति बचाऊ सचेतना कार्यक्रमहरु र योजना गतिविधिहरु एवं कार्यान्वयनका प्रक्रियाहरुको विवरण । | • विद्यार्थीहरुसँग सामूहिक रुपमा उनीहरुको संस्कृतिको सामाजिक महत्वबारे छलफल गर्ने ।<br>• विद्यार्थीहरुसँग आ-आफ्नो संस्कृतिको विश्लेषण गर्ने तरिकाबारे छलफल गर्ने ।<br>• स्थानीय संस्कृतिको विशेषताहरुबारे छलफल गर्ने ।<br>• संस्कृति संरक्षणका कार्यक्रम र योजना गतिविधिहरु एवं कार्यान्वयन विधि प्रक्रियाबारे छलफल गर्ने ।<br>• समूह विभाजन गरि कुने सांस्कृतिक कार्यक्रमको अभिनय गर्न लगाउने ।<br>• संस्कृति बचाऊ अभियानको अभिनय गर्न लगाउने । | • आफ्नो संस्कृतिको विश्लेषण गर्नुहोस् ।<br>• के के गतिविधिहरु सञ्चालन गर्दा स्थानीय संस्कृतिको संरक्षण गर्न सकिन्छ ?<br>• सांस्कृतिक र धार्मिक पक्षहरु के के हुन् ? बताउनुहोस् ।<br>• संस्कृतिको मुख्य विशेषताहरुले के देखाउँछ ? बताउनुहोस् ।<br>• संस्कृति बचाऊ अभियान बारे अभिनय गरेर देखाउनुहोस् । | ४ |
| ग. हाम्रो सस्कार र रहनसहन | • स्थानीय धार्मिक संस्कारहरुको विश्लेषण गर्न ।<br>• स्थानीय धार्मिक संस्कारहरुलाई सुधार गर्न योजना तर्जुमा गर्न ।<br>• स्थानीय जातजातिहरुको संस्कारसम्बन्धी गतिविधिहरु सम्पन्न गर्न नेतृत्व गर्न । | • घरपरिवार छरछिमेकमा गरिने संस्कारहरु जस्तै: गर्भाधान संस्कार, पुंसवन संस्कार (६ महिना), सीमन्तोनयन संस्कार (८ महिना), सोस्यन्ती कर्म संस्कार (भ्रुण हत्या नहोस्), जातकर्म संस्कार, षष्ठी पुजन संस्कार, नामाकरण संस्कार, निष्क्रमण संस्कार, कर्णवेघ संस्कार, अन्नप्रासन्न संस्कार, चुडाकरण संस्कार (मुण्डन संस्कार), विद्यारम्भ संस्कार, ब्रतबन्ध संस्कार, विवाह संस्कार, अन्त्यष्टी संस्कार आदिको विश्लेषणात्मक विवरण ।<br>• संस्कृति संरक्षणका कार्यक्रम र योजना गतिविधिहरु कार्यान्वयन गर्ने विधि प्रक्रियाहरुको विवरण । | • संस्कारहरुको वारेमा सामुहिक छलफल गर्ने ।<br>• वेदपाठ गर्ने व्राम्हणद्वारा ब्राम्हण संस्कारबारे छुट्टै कक्षा लिन लगाउने ।<br>• थारु संस्कारबारे थारू संस्कार विशेषज्ञद्वारा छुट्टै कक्षा सञ्चालन गर्ने गराउने ।<br>• संस्कृतिको विश्लेषणात्मक विवेचना सम्बन्धी छलफल गर्ने ।<br>• संस्कृति संरक्षणका कार्यक्रम र योजना गतिविधिहरुको कार्यान्वयन गर्ने प्रक्रियाबारे छलफल गर्ने ।<br>• असल मानिसको स्वभाव तथा गुणबारे छलफल गर्ने । | • तपाईको घरमा गरिने संस्कारको परिचय दिनुहोस् ।<br>• आ-आफ्नो संस्कृतिको विश्लेषणात्मक विवेचना तयार गर्नुहोस् ।<br>• संस्कृति संरक्षणका कार्यक्रम र योजना गतिविधिहरु कार्यान्वयन गर्ने विधि प्रक्रियाबारे बताउनुहोस् ।<br>• असल मानिसको स्वभाव र गुणहरु बताउनुहोस् ।<br>• देवीदेवताहरुसँग सम्बन्धित गाइने गीत गाउनुहोस् ।<br>• जन्म संस्कारमा के गर्नु पर्छ ? बताउनुहोस् ।<br>• मलामीले निभाउने भूमिकाबारे बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • बालविवाह विरुद्धको सामाजिक कार्यक्रम र योजना गतिविधिहरु कार्यान्वयन गर्ने विधि र प्रक्रिया बारे छलफल गर्ने ।<br>• बालविवाहसम्बन्धी अभिनय गर्न लगाउने । | • बालविवाह विरुद्धको कार्यक्रम र योजना गतिविधिहरु कार्यान्वयन गर्ने विधि र प्रक्रियाबारे बताउनुहोस् । | |
| छ. लागुऔषध र मादक पदार्थ | • लागुऔषध र मादक पदार्थको प्रयोगले सामाजिक एवं व्यक्तिगत रुपमा पार्ने नकारात्मक तत्वहरुको विश्लेषण गरि प्रस्तुत गर्न ।<br>• लागुऔषध र मादक पदार्थ सेवन गर्ने आदतलाई समाजवाट हटाउन योजना वनाउन ।<br>• लागुऔषध र मादक पदार्थ सेवन गर्ने विरुद्ध तयार गरिएको योजनालाई कार्यान्वयन गर्न । | • मादक पदार्थहरु जस्तै: जाँडदारु, चुरोट, खैनी, कमलापसन्द, पुकार र लागुऔषध आदिको विश्लेषणात्मक विवरण ।<br>• मादक पदार्थ र लागुऔषध प्रयोगकर्ताको सामाजिक तथा आर्थिक अवस्थाको विवरण जस्तै: दुर्व्यसन भनेको के हो र दुर्व्यसनी को हुन सचित्र विवरण ।<br>• मादक पदार्थ, लागुऔषध ( दुर्व्यसन) र दुर्व्यसनीले गर्दा घर र समाजमा त्यसको असर सम्वन्धी विवरण ।<br>• समाजवाट लागुऔषध र मादक पदार्थ सेवन विरुद्धको सामाजिक अभियान कार्यक्रम र योजना गतिविधिहरु कार्यान्वयन गर्ने विधि र प्रक्रियाको विस्तृत विवरण । | • मादक पदार्थ भनेको के हो भनी सोध्ने ।<br>• मादक पदार्थ र लागुऔषध फरक छुट्याइ स्पष्ट पार्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• लागु औषध र मादक पदार्थ सेवन विरुद्ध अभियानका कार्यक्रम र योजना गतिविधि कार्यान्वयन गर्ने विधि प्रक्रियाबारे छलफल गर्ने ।<br>• दुर्व्यसनीको अवस्थाबारे छलफल गर्ने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• गाउँघरमा मादक पदार्थ उत्पादन विरुद्धको अभियानको गतिविधिबारे छलफल गर्ने । | • मादक पदार्थ भनेको के हो ?<br>• जड्याहा मानिसको अवस्थाबारे बताउनुहोस् ।<br>• लागुऔषध प्रयोग गर्ने मानिसको अवस्थाबारे बताउनुहोस् ।<br>• गाउँघरमा मादक पदार्थ उत्पादन विरुद्धको अभियानको गतिविधि सम्बन्धी कुनै एउटा अभिनय गरेर देखाउनुहोस् । | ४ |
| ज. आत्महत्या | • आत्महत्याको सामाजिक र व्यक्तिगत रुपमा पार्ने प्रभावहरुको विश्लेषण गरि प्रस्तुत गर्न ।<br>• आत्महत्या गर्ने प्रवृतिलाई निरुत्साहित तुल्याउने योजना वनाउन ।<br>• आत्महत्या बिरुद्ध अभियानहरु सञ्चालन गर्न । | • आत्महत्या गर्नु जस्तै: पासो लगाउनु, विष सेवन गर्नु, गहिरो नदी वा तलाउमा हाम फाल्नु आदिको विश्लेषणात्मक विवरण ।<br>• आत्महत्या गर्नाले घरमा र समाजमा पर्ने असरहरुको विवरण ।<br>• आत्महत्या विरुद्ध सामाजिक अभियानका कार्यक्रमहरु र योजना गतिविधि कार्यान्यिन गर्ने विधि र प्रक्रियाको विस्तृत विवरण । | • मानिसहरुले के के गरेर आत्महत्या गर्छन् भनी छलफल गर्ने ।<br>• आत्महत्याका प्रकारहरुबारे बताउने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• आत्महत्या गर्नाले घरमा र समाजमा पर्ने असरहरुबारे छलफल गर्ने । | • मानिसहरुले के के गरेर आत्महत्या गर्छन ? बताउनुहोस् ।<br>• आत्महत्याका प्रकारहरु के के हुन ? बताउनुहोस् ।<br>• आत्महत्या गर्नाले घरमा र समाजमा कस्तो असर पर्छ ? बताउनुहोस् ।<br>• व्यक्तिगत परामर्शको पहिलो र दोस्रो चरणमा के गर्नु पर्छ ? बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • मनोसामाजिक परामर्श प्रविधिको विवरण । | • आत्महत्या गर्नाले घरको र समाजमा पर्ने असरहरु जस्तै: सामाजिक र आर्थिक असरबारे बताउने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• मनोसामाजिक परामर्शबारे छलफल गर्ने । | | |
| झ. धर्म परिवर्तन | • धर्म परिवर्तनका पक्षहरुको विश्लेषण गरि प्रस्तुत गर्न ।<br>• धर्म परिवर्तन गर्ने प्रवृतिमा रोक लगाउन सामाजिक अभियानहरुको योजना बताउन ।<br>• धर्म परिवर्तनका प्रवृत्तिमा रोक लगाउन सामाजिक अभियानहरु सञ्चालन गर्न । | • मानिसहरुले आफ्नो धर्म किन परिवर्तन गर्छन् सोसम्बन्धी विश्लेषणात्मक विवरण ।<br>• धर्म परिवर्तनाट व्यक्तिगत र सामाजिक नकारात्मक प्रभावहरुको विवरण ।<br>• स्वधर्म पालना गर्न गराउने कार्यक्रम र योजना गतिविधि कार्यान्वयन गर्ने विधि प्रक्रिया आदिको विस्तृत विवरण । | • मानिसहरुले धर्म परिवर्तन किन गर्छन् भनी विद्यार्थीहरुसँग छलफल गर्ने ।<br>• धर्म परिवर्तनको सामाजिक नकारात्मक प्रभावबारे छलफल गर्ने ।<br>• विद्यार्थीहरुलाई धर्म परिवर्तन गरेको मानिसको जस्तै अभिनय गर्ने ।<br>• समाजले धर्म परिवर्तन गरेको मानिससँग गर्ने गरेको व्यवहारबारे छलफल गर्ने । | • मानिसहरुले धर्म परिवर्तन किन गर्छन्? बताउनुहोस्।<br>• धर्म परिवर्तनको सामाजिक नाकारात्मक प्रभावबारे बताउनुहोस् ।<br>• धर्म परिवर्तन गरेको मानिसको जस्तै अभिनय गरेर देखाउनुहोस् ।<br>• समाजले धर्म परिवर्तन गरेको मानिससँग गर्ने गरेको व्यवहारबारे बताउनुहोस् । | ४ |
| ञ. हाम्रो चाडपर्व | • स्थानीय धार्मिक चाडपर्वहरूको विश्लेषणात्मक रुपले प्रस्तुत गर्न ।<br>• स्थानीय धार्मिक चाडपर्वहरु संरक्षण गर्न योजना बताउन ।<br>• स्थानीय धार्मिक र परम्परागत चाडपर्वहरुको गतिविधिहरु सञ्चालन गर्न । | • स्थानीय चाडपर्वहरू जस्तै: माघी, अट्वारी ब्रत, श्रीकृष्ण जन्माष्टमी ब्रत, अनत्ता ब्रत, गौरा, लवाङ्गीपूजा, गुरही, चिरै, भजहर, ओल्के, विसु आदिको विश्लेषणात्मक विवरण ।<br>• स्थानीय धार्मिक चाडपर्वहरु सम्बन्धी कार्यक्रम र योजना गतिविधिहरु कार्यान्वयन गर्ने विधि प्रक्रियाको सविस्तार विवरण । | • स्थानीयस्तरमा मनाइने धार्मिक चाडपर्वहरुको महत्व र सामाजिक सद्भावबारे छलफल गर्ने ।<br>• स्थानीय चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरुबारे छलफल गर्ने ।<br>• समूहगत रुपमा कुनै चाडपर्व मनाउने बेलाको अभिनय गर्न लगाउने । | • स्थानीय चाडपर्वहरुको दिनमा गरिने गतिविधिहरु मध्ये कुनै ६गतिविधिको नाम बताउनुहोस् ।<br>• स्थानीय थारू जातिहरुको माघी पर्वको महत्व के हो ? बताउनुहोस् ।<br>• जातजातिहरुले तीज, गौरा जस्ताहरुको विशेषताहरु के के हुन् ? बताउनुहोस् । | ४ |
| ट. सांस्कृतिक सम्पदा | • धार्मिक सम्पदाहरुको विश्लेषण गरी प्रस्तुत गर्न । | • स्थानीय सांस्कृतिक सम्पदाहरु जस्तै: गाउँबस्तीको साझा देवस्थान (मड्वा) र विभिन्न मन्दिरहरु, चर्च, गुम्बा आदिको विश्लेषणात्मक विवरण । | • बर्दगोरिया धाम क्षेत्रको ऐतिहासिक र धार्मिक तथा पिरवा सिमसार क्षेत्रको धार्मिक र पौराणिक महत्वबारे छलफल गर्ने । | • बर्दगोरिया धाम क्षेत्रको ऐतिहासिक र धार्मिक तथा पिरवा सिमसार क्षेत्रको धार्मिक तथा पौराणिक महत्व बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • धार्मिक सम्पदाहरु किन संरक्षण गर्नु पर्छ भनी संरक्षणका योजनाहरु बनाउन ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण सम्बन्धी गतिविधिहरु कार्यान्वयन गर्न । | • धार्मिक सम्पदाहरुको विशेषता सम्बन्धी विवरण जस्तै: पिरवा सिमसार क्षेत्रको धार्मिक विवरण महत्व, बर्दगोरिया धाम क्षेत्रको धार्मिक र पौराणिक महत्व आदि ।<br>• बर्दगोरिया धाम क्षेत्रको पिरुवा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनसम्बन्धी विवरण ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गने सचेतनासम्बन्धी कार्यक्रम र योजना गतिविधी कार्यान्वयन गर्ने विधि प्रक्रियाहरुको विवरण । | • स्थानीय समाजको धार्मिक सम्पदाहरुमा रहेका आस्था र विश्वासबारे छलफल गर्ने ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्न सचेतना जागृत गर्ने विषयमा छलफल गर्ने ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने तथा सचेतना जागृत गर्न अभिनय गर्न लगाउने । | • धार्मिक सम्पदाहरुको संरक्षण गर्ने सचेतना जागृत कसरी गर्न सकिन्छ ? बताउनुहोस् ।<br>• स्थानीय समाजको धार्मिक सम्पदाहरुमा रहेको आस्था र बिश्वासबारे बताउनुहोस् ।<br>• धार्मिक सम्पदाहरुको संरक्षण गर्ने तथा सचेतना जागृत गर्न समूहमा अभिनय गर्नुहोस् । | |
| ठ. हाम्रो इतिहास | • स्थानीय इतिहासलाई विश्लेषण गरि प्रस्तुत गर्न ।<br>• स्थानीय ऐतिहासिक घटनाक्रम र इतिहासको लिपिवद्ध लेखहरु तयार गर्न ।<br>• स्थानीय ऐतिहासिक घटना र खोज अनुसन्धान गरि प्रकाशन गर्न । | • बर्दगोरिया गाउँपालिकाको बासिन्दाहरुको ऐतिहासिक विवरण ।<br>• बर्दगोरिया गाउँपालिका गठन पूर्व रहेको साविक कोटातुलसीपुर र दोदोधरा गाउँ विकास समितिको ऐतिहासिक विवरण ।<br>• बर्दगोरिया गाउँपालिका लगायत यहाँका गाउँबस्तीहरु र सामाजिक अगुवाहरुको देन सम्बन्धी इतिहास खोज अनुसन्धान गर्ने विधि र प्रक्रिया आदिको विवरण । | • बर्दगोरिया गाउँपालिकाको बासिन्दाहरुबारे छलफल गर्ने ।<br>• विद्यार्थीहरुले पहिचान गर्न नसकेको स्थानीयबासीहरुको बारेमा शिक्षकले स्पष्ट पार्ने र टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिका गठन हुनु भन्दा पहिले साविक कोटातुलसीपुर गाविस र दोदोधरा गाविसबारे जानकारी दिने ।<br>• ऐतिहासिक सामाजिक व्यक्तित्वहरुको प्रेरणादायी देनबारे छलफल गर्ने । | • यस गाउँपालिकाका स्थानीयबासीहरु कुन कुन समुदायका हुन् ? बताउनुहोस् ।<br>• साविकका कोटातुल्सीपुर गाविस र दोदोधरा गाविसको सीमाना बताउनुहोस् ।<br>• ऐतिहासिक व्यक्तित्वहरुको नाम र उनीहरुद्वारा स्थापना गरिएका महत्वपूर्ण कार्यहरुबारे बताउनुहोस् । | ४ |
| ड. सामाजिक सङ्घ संस्थाहरू | • स्थानीय सङ्घसंस्थाहरुको विश्लेषण गरि प्रस्तुत गर्न ।<br>• स्थानीय सङ्घसंस्थाहरु स्थापना गर्न विभिन्न आवश्यक कागजातहरु तयार गर्न ।<br>• स्थापित स्थानीय सङ्घसंस्थाहरुलाई सञ्चालन गर्न । | • गाउँघरमा महिला समूहको व्यवस्थापन सम्बन्धी गतिविधिहरुको विश्लेषणात्मक विवरण ।<br>• स्थानीय सङ्घसंस्थाहरु स्थापना गर्न विभिन्न आवश्यक कागजातहरु तयार गर्न विधि र प्रक्रियाको विवरण ।<br>• स्थापित स्थानीय सङ्घसंस्थाहरुलाई सञ्चालन गर्ने विधि र प्रक्रियाहरुको विवरण । | • गाउँघरमा महिला समूहको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे विद्यार्थीहरुसँग सोध्ने र विद्यार्थीहरुले नजानेको पक्षहरुलाई शिक्षकले बताइदिने र छलफल गर्ने ।<br>• सहकारी संस्थाको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे विद्यार्थीहरुसँग सोध्ने र नजानेको गतिविधिबारे शिक्षकले स्पष्ट पार्ने साथै छलफल पनि गर्ने । | • गाउँघरमा महिला समूहको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे बताउनुहोस् ।<br>• सहकारी संस्थाको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • स्थानीय गैरसरकारी संस्थाहरुको व्यवस्थापनसम्बन्धी गतिविधिहरु विद्यार्थीहरुसंग सोध्ने र नजानेको पक्षहरुलाई शिक्षकले स्पष्ट पार्ने तथा छलफल पनि गर्ने । | • गैरसरकारी संस्थाहरुको व्यवस्थापन सम्बन्धी गतिविधिहरुबारे बताउनुहोस् । | |
| २. हाम्रो भूगोल र प्राकृतिक सम्पदा | | | | | १२ |
| क. हाम्रो भूगोल | • बर्दगोरिया गाउँपालिकाको भूगोलको विश्लेष्णत्म लेखहरु तयार गरि प्रस्तुत गर्न ।<br>• हाम्रो भूगोललाई संरक्षण गर्ने विभिन्न गतिविधिहरुको पहिचान गरि योजना बनाउन ।<br>• हाम्रो भूगोल संरक्षण गर्ने गतिविधिहरुको योजना कार्यान्वयन गर्न । | • बर्दगोरिया गाउँपालिकाको भूगोलको विश्लेष्णत्म लेखहरुको विवरण ।<br>• हाम्रो भूगोललाई संरक्षण गर्ने विभिन्न गतिविधिहरुको पहिचान गरि योजना गतिविधि कार्यान्वयन गर्ने विधि प्रक्रियाहरुको विवरण । | • बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावट सम्बन्धी विश्लेषण विधि र प्रक्रियाबारे छलफल गर्ने ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलिक वनावटको थप जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको भौगोलक वनावटको खोज अनुसन्धान गर्ने र प्रतिवेदन तयार गर्ने विधि र प्रक्रियाबारे छलफल गर्ने । | • बर्दगोरिया गाउँपालिकाको भूगोलको विश्लेषणात्मक लेखहरु लेख्नुहोस् ।<br>• हाम्रो भूगोललाई संरक्षण गर्ने विभिन्न गतिविधिहरुको पहिचान गरि योजनाका कुनै महत्वपूर्ण गतिविधिहरु बताउनुहोस् ।<br>• हाम्रो भूगोल संरक्षण गर्ने गतिविधिहरुको योजना कार्यान्वयन गर्ने विधि र प्रक्रियाबारे बताउनुहोस् । | ३ |
| ख. हावापनी र मौसम | • स्थानीय हावापनी र मौसमको निमित अवस्था र त्यसले पारेको प्रभावबारे विश्लेषणात्मक रुपमा आलेख तयार गरि प्रस्तुत गर्न ।<br>• स्थानीय हावापानी र मौसमको प्रभाववाट बच्ने उपायहरु बताउन ।<br>• स्थानीय हावापानी र मौसमवाट बच्ने उपायहरुको प्रचारप्रसार गर्न । | • स्थानीय हावापनी र मौसमको निमित अवस्था र त्यसले पारेको प्रभावबारे विश्लेषणात्मक आलेखहरु ।<br>• स्थानीय हावापानी र मौसमको प्रभाववाट बच्न उपायहरुको विस्तृत विवरण ।<br>• स्थानीय हावापानी र मौसमवाट बच्न उपायहरुको प्रचारप्रसार गर्ने विधि प्रक्रियाहरुको विवरण । | • हावापानी र मौसम सम्बन्धी समाचार प्रकाशन गरेको स्थानीय र राष्ट्रिय पत्र पत्रिका देखाउदै जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• सामाजिक सञ्जाल अवलोकन गर्ने विधिबारे कम्प्यूटर तथा मोबाइल सञ्चालन गरेर हावापानी र मौसमबारे छलफल गर्ने ।<br>• स्थानीय हावापानी र मौसमको निमित अवस्था र त्यसले पारेको प्रभावबारे विश्लेषणात्मक रुपमा आलेखहरुबारे छलफल गर्ने । | • हावापानी र मौसमसम्बन्धी समाचार के बाट जानकारी लिन सकिन्छ ? बताउनुहोस् ।<br>• विभिन्न हावापानी र मौसमहरुको लक्षण बताउनुहोस् ।<br>• हावापानी र मौसमले खेतीपाती तथा मानिसमा पार्ने प्रभावबारे बताउनुहोस् ।<br>• स्थानीय हावापानी र मौसमको प्रभाववाट बच्ने उपायहरु बताउनुहोस् । | ३ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | • स्थानीय हावापानी र मौसमको प्रभाववाट बच्ने उपायहरुबारे छलफल गर्ने ।<br>• स्थानीय हावापानी र मौसमवाट बच्ने उपायहरुको प्रचारप्रसार गर्ने विधि र प्रक्रियाबारे छलफल गर्ने । | • स्थानीय हावापानी र मौसमबाट बच्ने उपायहरु क्सरी प्रचारप्रसार गर्न सकिन्छ ? बताउनुहोस् । | |
| ग. प्राकृतिक सम्पदा | • बर्दगोरिया गाउँपालिकाको प्राकृतिक सम्पदाहरुको पहिचान गरि विश्लेषणात्मक रुपमा प्रस्तुत गर्न ।<br>• बर्दगोरिया गाउँपालिकाको प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने योजनावद्ध गतिविधिहरुको पहिचान गर्न ।<br>• बर्दगोरिया गाउँपालिकाको प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने गतिविधिहरुलाई कार्यान्वयन गर्न । | • बर्दगोरिया गाउँपालिकाको प्राकृतिक सम्पदाहरुको पहिचान गरि विश्लेषणात्मक विवरण ।<br>• बर्दगोरिया गाउँपालिकाको प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने योजनावद्ध गतिविधिहरुको योजना तर्जुमा र कार्यान्वयन गर्ने विधि प्रक्रियाहरुको विवरण । | • प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु र त्यसको फाइदाबारे विद्यार्थीहरुसँग सोध्ने र छलफल गर्ने ।<br>• फाइदासम्बन्धी थप जानकारी दिँदै टिपोट गर्न लगाउने ।<br>• प्राकृतिक सम्पदा संरक्षण गर्ने विधि र प्रक्रियावारे विद्यार्थीहरुसँग सोध्नेर छलफल गर्ने ।<br>• संरक्षण सम्बन्धी थप जानकारी दिँदै विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• बर्दगोरिया गाउँपालिकाको पहिचान लागि कुन कुन प्राकृतिक सम्पदाहरु छन् त्यसबारे छलफल गर्ने । | • प्राकृतिक सम्पदाहरु संरक्षणका उपायहरु के के हुन् ? बताउनुहोस् ।<br>• बर्दगोरिया गाउँपालिकाको पहिचान गर्ने कुन कुन प्राकृतिक सम्पदाहरु छन् ? बताउनुहोस् ।<br>• प्राकृतिक सम्पदा संरक्षण गर्न अभिनय गरेर देखाउनुहोस् । | ३ |
| घ. वन वातावरण संरक्षण | • जलाधार, सिमसार र जैविकविविधता एवं सामुदायिक वनसँग सम्बन्धित तत्थ्यहरुको विश्लेषण गरि प्रस्तुत गर्न ।<br>• जलाधार, सिमसार र जैविकविविधता एवं सामुदायिक वनहरु संरक्षण गर्ने योजना तयार गर्न । | • वातावरण संरक्षण जस्तैः वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधतावारे सचित्र जानकारीको विवरण ।<br>• जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताको पहिचान विस्तृत विवरण ।<br>• सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी विस्तृत विवरण । | • वातावरण संरक्षण जस्तैः वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधतावारे सचित्र जानकारी दिने ।<br>• जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधताको पहिचान गर्ने विधि प्रक्रियाहरुबारे छलफल गर्ने । | • वृक्षारोपण भनेको के हो ? बताउनुहोस् ।<br>• जलाधार क्षेत्र भनेको के हो ? बताउनुहोस् ।<br>• सिमसार क्षेत्र भनेको के हो ? बताउनुहोस् ।<br>• जैविक विविधता भनेको के हो ? बताउनुहोस् ।<br>• सामुदायिक वनभनेको के हो ? बताउनुहोस् । | ३ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • जलाधार, सिमसार र जैविक विविधता एवं सामुदायिक वन संरक्षण गर्ने गतिविधिहरु कार्यान्वयन गर्न । | • वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधता संरक्षणका कार्यक्रम र योजना गतिविधि एवं कार्यान्वयन गर्ने विधि र प्रक्रियाहरु को विस्तृत विवरण ।<br>• सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी संरक्षण र उपयोगका कार्यक्रमहरु र योजना गतिविधिहरु एवं कार्यान्वयन गर्ने विधि र प्रक्रियाहरुको विस्तृत विवरण । | • सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनबारे विस्तृत जानकारी दिने र संरक्षण विधि प्रक्रियाहरुबारे छलफल गर्ने ।<br>• वातावरण संरक्षण जस्तै: वृक्षारोपण, जलाधार क्षेत्र, सिमसार क्षेत्र र जैविक विविधता संरक्षणका कार्यक्रम र योजना गतिविधि एवं कार्यान्वयन गर्ने विधि र प्रक्रियाहरुबारे छलफल गर्ने ।<br>• सामुदायिक वन, नीजि वन, धार्मिक वन, राष्ट्रिय वनसम्बन्धी संरक्षण र उपयोगका कार्यक्रमहरु र योजना गतिविधिहरु एवं कार्यान्वयन गर्ने विधि र प्रक्रियाहरुबारे छलफल गर्ने । | • नीजि वन भनेको के हो ? बताउनुहोस् ।<br>• धार्मिक वन भनेको के हो ? बताउनुहोस् ।<br>• राष्ट्रिय वन भनेको के हो ? बताउनुहोस् ।<br>• सामुदायिक वन व्यवस्थापनबारे बताउनुहोस् । | |
| ३. हाम्रो कला र सङ्गीत | | | | | १० |
| क. हाम्रो कला | • स्थानीय कलामा आधारित सामग्रीहरुको महत्वबारे विश्लेषण गरि प्रस्तुत गर्ने ।<br>• स्थानीय कलाहरु संरक्षण र प्रवर्द्धन गर्ने योजनावद्ध गतिविधिहरु पहिचान गर्न ।<br>• स्थानीय कलाहरुलाई संरक्षण गर्ने गतिविधिहरु कार्यान्वयन गर्न । | • स्थानीय कलामा आधारित घरायसी साम्रगीहरु जस्तै: हलो, जुवा, किलवाही, हेंगा/पटेला, सरावन, कोल्हु, जाँतो, सुप्पा ( नाम्लो), डेला, छिट्वा, ढकिया, नुईया, पन्छोप्ना, भौका/भौकी, डेलवा, डिलिया, सेउखा, हेल्का, सेउखा, गड्ली, टापी, जाल, महाजाल, बल्छी, मचान (अट्वा) खैलर, टिक्ठी, मचिया, खटोली, छतरी, पिस्तुर, स्थानीय बाँसवाट वनेको पंखा, बिंरा, फुन्नहा सिरहत्ता र डोको आदि ।<br>• कलामा आधारित स्थानीय नाचहरु र ती नाचहरुमा प्रयोग गरिने सामग्रीहरुको प्रयोगको विवरण । | • विद्यार्थीहरुले चिनेको र जानेको कलाका सामग्रीहरुको नाम सहित त्यसको प्रयोगबारे बताउन लगाउने र छलफल गर्ने ।<br>• स्थानीय कलामा आधारित सामग्रीहरु उत्पादन गर्न व्यवसायीकरणबारे छलफल गर्ने ।<br>• स्थानीय कलाका सामग्रीहरुको राष्ट्रमा र अन्तर्राष्ट्रिय स्तरमा त्यसको महत्वबारे छलफल गर्ने ।<br>• कलामा आधारित स्थानीय नाचहरुमा प्रयोग गरिने सामग्रीहरुबारे छलफल गर्ने । | • कलामा आधारित सामग्रीहरुको स्थानीय नाम बताउनुहोस् ।<br>• स्थानीय कलामा आधारित उत्पादन गरिएका सामग्रीहरुको व्यवसायीकरण भनेको के हो ?बताउनुहोस् ।<br>• बाँसको पंखा वनाउन गृहकार्य दिने ।<br>• स्थानीय नाचहरुमा प्रयोग गरिने सामग्रीहरुको नाम बताउनुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • स्थानीय कलाका सामग्रीहरुको संरक्षण सम्बन्धी कार्यक्रमहरु र योजना गतिविधि एवं कार्यान्वयन गर्ने विधि र प्रक्रियाहरु । | | | |
| ख. हाम्रो गीत सङ्गीत | • स्थानीय पौराणिक गीति काव्य तथा संङ्गीत लगायत बाजाहरुको धार्मिक र परम्परागत महत्वहरुको विश्लेषण गरि प्रस्तुत गर्न ।<br>• स्थानीय पौराणिक गीती काव्य, संङ्गीत र बाजाहरुको खेज अनुसन्धान गर्ने योजना बनाउन ।<br>• लोप हुन गइरहेको स्थानीय गीत तथा संङ्गीत एवं बाजाहरुको खोज अनुसन्धान गरि प्रकाशन गर्न । | • स्थानीय बाजाहरु जस्तैः मादल, डफ, मन्जिरा, झाल कस्तार, बाँसुरी, ढोल, ढोलक, टिम्की, तबला र सारङ्गी आदि ।<br>• स्थानीय गीतहरु जस्तैः डफको गीत, पहपट गीत, सजना, माँगर, मैना, गैया बेह्रना गीत, कृष्ण जन्माष्टमी गीत, स-साना नानीहरुलाई फुल्याउने गीत ( जस्तैः जोनु मामा.......), दिन नचवा गीत, अधरतिया गीत, भिन्सहरीया गीत, कठ्घोडी गीत, रामझुमर गीत, सुमराती गीत, भजन किर्तन आध्यात्मिक गीत, आरती गीत, दोहोरी लोक गीत र तीजको गीत आदि ।<br>• हार्मोनियम, मादल, बाँसुरी र ढोलक बजाउने तरिका वा विधिको विवरण जस्तैः सा रे ग म प ध नि सा आदि ।<br>• स्थानीय पौराणिक गीति काव्य, संङ्गीत र बाजाहरुको खोज अनुसन्धान गर्ने योजना बनाउन विधि र प्रक्रियाहरु ।<br>• लोप हुन गइरहेको स्थानीय गीत तथा संङ्गीत एवं बाजाहरुको खोज अनुसन्धान गरि प्रकाशन गर्न विधि र प्रक्रियाहरु । | • विद्यार्थीहरुलाई मादल बजाएर सुनाउने ।<br>• बाँसुरी बजाएर सुनाउने ।<br>• मादल बजाउन सिकाउने ।<br>• बाँसुरी बजाउन सिकाउने ।<br>• स्थानीय संङ्गीतकारद्वारा स्थानीय सुहाउँदो गीतको रचना गर्न लगाउने ।<br>• सामूहिक रुपमा गीत गाउन सिकाउने ।<br>• पालैपालो गरि विद्यार्थीहरु आफुले जानेको गीत गाउन र नाच्न लगाउने ।<br>• स्थानीय नाचहरुको श्रव्य-दृश्य चित्रहरु प्रदर्शन गरि पृष्ठपोषण दिने ।<br>• हार्मोनियम र ढोलक बजाउन अभ्यास गर्न लगाउने ।<br>• स्थानीय पौराणिक गीति काव्य, संङ्गीत र बाजाहरुको खोज अनुसन्धान गर्ने योजना बनाउन विधि र प्रक्रियाबारे छलफल गर्ने ।<br>• लोप हुन गइरहेको स्थानीय गीत तथा संङ्गीत एवं बाजाहरुको खोज अनुसन्धान गरि प्रकाशन गर्न विधि र प्रक्रियाहरु बारे छलफल गर्ने | • ढोल बजाएर सुनाउहोस् ।<br>• तबला बजाएर सुनाउनुहोस् ।<br>• हार्मोनियम बाजा बजाएर सुनाउनुहोस् ।<br>• ढोलक बजाएर सुनाउनुहोस्,।<br>• बाँसुरी बजाएर सुनाउनुहोस् ।<br>• तपाइले रचना गरेको गीत सुनाउनुहोस् ।<br>• समुहमा गीत गाउँदै पालैपालो गर्दै नाचेर देखाउनुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ४. स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | | | | | १० |
| क. स्थानीय जडिबुटी | • स्थानीय जडिवुटीको महत्व एवं गुण बताउन ।<br>• स्थानीय जडीवुटीको सामान्य प्रयोग विधि बताउन ।<br>• स्थानीय जडिवुटीहरुको सूची तयार गरि उक्त जडिवुटी चिन्न र प्रयोगबारे बताउन ।<br>• विद्यार्थीहरुले आफुले जानेको स्थानीय जडिबुटीको प्रयोग गरि सहयोग गर्न ।<br>• विद्यार्थीहरु आफ्नो र साथीको घरमा स्थानीय जडिबुटीहरुको संरक्षण एवं प्रवर्द्धन गर्न ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवार तथा छरछिमेका मानिसहरुको लागी जडिवुटी उत्पादन तथा बिक्री वितरण गर्न योजना वनाउन । | • आफ्नो घरवरपर पाईने जडिबुटीका नामहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदि ।<br>• स्थानीय जडीवुटीहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदि ।<br>• स्थानीय जडिबुटीहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुण आदि ।<br>• स्थानीय जडिबुटीहरुको प्रयोग विधिहरु जस्तै: कुन जडिवुटी कुन बेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको विवरण ।<br>• कुन बिमारीमा कुन जडिबुटीको प्रयोग प्रगोग गरिन्छ, त्यसको विवरण ।<br>• स्थानीय जडिबुटीको प्रयोग गरि सहयोग गर्न तत्पर हुने उत्प्रेरणात्मक विवरण ।<br>• स्थानीय जडिबुटीहरुको संरक्षण एवं प्रवर्द्धन र जर्गेना गर्ने विवरण ।<br>• जडिवुटी उत्पादन तथा बिक्री वितरण गर्न योजना बनाउन विधिहरुको विवरण । | • स्थानीय जडीवुटीहरु जस्तै: तुलसी, बोजो, मेहदीं, पुदिना, निम र घिउकुमारी आदिको महत्व र गुणको बारेमा बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय वैद्यद्वारा कुन जडिवुटी कुनबेला कुन रोग विशेषमा काम लाग्छ र कसरी प्रयोग गर्ने सोको विवरण बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीयजडिवुटीको प्रयोग गरि सहयोग गर्न तत्पर हुने उत्प्रेरणात्मक विषयहरुमाथि छलफल गर्ने ।<br>• स्थानीय जडिवुटीहरुको संरक्षण एवं प्रवर्द्धनबारे सामूहिक छलफल गर्ने ।<br>• जडिवुटी उत्पादन तथा बिक्री वितरण गर्न योजना वनाउनबारे सामूहिक रुपमा छलफल गर्ने । | • कुन बिमारीमा कुन जडिवुटी प्रयोग गरिन्छ ?<br>• कुनै १ वा २ वटा जडिवुटीको प्रयोगबारे बताउनुहोस् ।<br>• अरु मानिसहरुलाई सहयोग गर्न कुन कुराले प्रभाव पार्छ ?<br>• स्थानीय जडिवुटीहरुको संरक्षण एवं प्रवर्द्धन कसरी गर्न सकिन्छ ?<br>• जडिवुटी उत्पादन तथा बिक्री वितरण गर्न योजना वनाएर प्रस्तुत गर्नुहोस् । | ५ |
| ख. स्वास्थ्य उपचार | • स्वास्थ्य उपचारको महत्व बताउन ।<br>• स्वास्थ्य उपचारको लागि ध्यान दिनु पर्ने कुराहरु बताउन । | • बिरामी भए घर परिवारले उपचार गर्ने ठाउँ जस्तै: स्थानीय मेडिकल, स्वास्थ्य चौकी, झारफुक, गुरुवा तथा वैद्य आदि । | • स्थानीय उपचारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने । | • प्राथमिक उपचारहरु मध्य कुनै एकको बारेमा भन्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • घरपरिवारका सदस्यहरु एवं साथीहरुलाई उपचारको बारेमा बताउन ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारका मानिस वा छरछिमेकका मानिसहरु बिमारी भएको बेला स्वास्थ्य चौकीमा लगेर सहयोग गर्न ।<br>• स्थानीय उपचारका लागि सरकारी स्वास्थ्य केन्द्रहरुको व्यवस्थापन पक्षमा सहभागिता जनाउन ।<br>• विद्यार्थीहरु स्थानीय उपचारको सूची तयार गरि जनचेतना जगाउन ।<br>• व्यायाम र योगको शारीरिक महत्व बताउन र घरपरिवारका सदस्यहरुलाई योगाभ्यास गर्न उत्प्रेणा जगाउन । | • कुनै पनि रोग लाग्नु भन्दा पहिले रोकथाम र महत्व आदि ।<br>• प्रचलित रोगहरु वा बिमारी जस्तैः रुघाखोकी, टाउको दुख्ने ज्वरो आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरुको विवरण आदि ।<br>• स्वास्थ्य उपचारको सन्दर्भमा सामान्य प्राथमिक उपचार विधिहरु ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारका मानिस वा छरछिमेकका मानिसहरु बिमारी भएको बेला स्वास्थ्य चौकीमा लगेर सहयोग गरिरहेको विवरण ।<br>• स्थानीय उपचारका लागि सरकारी स्वास्थ्य केन्द्रहरुको व्यवस्थापन पक्षमा सहभागिता सम्वन्धी विवरण ।<br>• स्थानीय उपचारको सूची तयार गरि जनचेतना सम्वन्धी विवरण ।<br>• मुख्य आसनहरु र मुख्य प्राणायामहरु जस्तैः भस्त्रिका, प्राणायाम, कपालभाती प्राणायाम, बाह्य प्राणायाम, उज्जायी प्राणायाम, अनुलोम-विलोम प्राणायाम, भ्रामरी प्राणायाम, उद्गिथ प्राणायाम, र प्रणव प्राणायामहरु मध्ये कुन प्राणायामले कुन रोग निवारण गर्छ सोको विवरण । | • स्थानीय स्वास्थ्य कार्यकर्ताद्वारा रुघाखोकी, टाउको दुख्ने ज्वरो आउने जस्ता लक्षण देखापरेमा ध्यान दिनुपर्ने कुराहरुको बारेमा जानकारी दिने र टिपोट गर्न लगाउने ।<br>• प्राथमिक उपचारको लागि स्थानीय स्वास्थ्य चौकी नै सबै भन्दा उत्तम ठाउँ हो भनी पृष्ठपोषण दिने ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारका मानिस वा छरछिमेकका मानिसहरु बिरामी भएको बेला स्वास्थ्य चौकीमा लगेर सहयोग गर्ने विषय माथि छलफल गर्ने ।<br>• स्थानीय उपचारका लागि सरकारी स्वास्थ्य केन्द्रहरुको व्यवस्थापन पक्षमा सहभागिताबारे छलफल गर्ने ।<br>• स्थानीय उपचारको सूची तयार गरि जनचेतना सम्बन्धी सामूहिक रुपमा छलफल गर्ने ।<br>• मुख्य आसनहरु र मुख्य प्राणायामहरु जस्तैः भस्त्रिका, प्राणायाम, कपालभाती प्राणायाम, बाह्य प्राणायाम, उज्जायी प्राणायाम, अनुलोम-विलोम प्राणायाम, भ्रामरी प्राणायाम, उद्गीथ प्राणायाम, र प्रणव प्राणायामसम्बन्धी विस्तृत रुपमा जानकारी दिने र दैनिक रुपमा गर्नैपर्ने प्राणायामको अभ्यास गराउने । | • कुन अवस्थामा छरछिमेकका मानिसहरुलाई सहयोगको आवश्यकता पर्छ ?<br>• रुघाखोकी लाग्यो भने तपाई के गर्नुहुन्छ ?<br>• तपाई स्थानीय उपचारका लागि सरकारी स्वास्थ्य केन्द्रहरुको व्यवस्थापन पक्षमा सहभागिता कसरी जनाउन सक्नुहुन्छ ?<br>• स्थानीय उपचारको सूची तयार गरि जनचेतना सम्वन्धी कुनै एक शैक्षिक जानकारी बताउनुहोस् ।<br>• योगले के के गर्छ ?<br>• तपाईलाई मन पर्ने र गर्न सकिने कुनै प्राणायाम गरेर देखाउनुहोस् । | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ५. स्थानीय खेलहरु | | | | | ६ |
| क. स्थानीय खेलहरु | • स्थानीय खेलहरुको सामान्य विधि तथा नियम बताउन ।<br>• स्थानीय खेलहरुको महत्व बताउन ।<br>• स्थानीय खेलहरुको अभ्यासले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुबारे बताउन ।<br>• विद्यार्थीहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरु खेल्न युवा क्लव गठन गर्न र नियमित रुपमा अभ्यास गर्न ।<br>• विद्यार्थीहरुलाई स्थानीय खेलको व्यवस्थापन सवल वनाउन सक्षम तुल्याउन ।<br>• स्थानीय खेलहरुको सूची तयार गरि विधिवत खेल खेल्न सक्ने क्षमतावान जनशक्ति तयार गर्ने । | • स्थानीय खेलहरु जस्तै: लुकामारी, आसपास, रुमालचोर, घरकुटी, चुंगी गट्टा, कोइली दिदी, गोली, टिपु, लोचिक दण्डा, छुर, कौरी नुकावर, घरबसावर, भलिवल र फुटवल खेल आदि ।<br>• स्थानीय एकल तथा सामूहिक खेलहरुको विधि र नियमहरुको विवरण ।<br>• स्थानीय खेलहरुको अभ्यासले बालबालिकाहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रि स्तरमा खेलिने खेलहरुमा भाग लिन क्षमतावान वनाउने विवरण ।<br>• युवा क्लव वा खेलकुद क्लव गठन गर्ने प्रक्रिया र स्थानीय स्तरमा आयोजना गरिएको खेलकुदमा भाग लिएको विवरण ।<br>• स्थानीय खेलको व्यवस्थापन सवल वनाउन क्षमता विकास गर्ने विवरण ।<br>• स्थानीय खेलहरुको सूची तयार गरि विधिवत खेल खेल्न सक्ने क्षमतावान जनशक्तिको विवरण । | • शिक्षकले नमुना देखाई साधारण खेलहरु नियम अनुसार खेल्न लगाउने ।<br>• युवा क्लव वा खेलकुद क्लव गठन गर्ने प्रक्रियावारे छलफल गर्ने ।<br>• स्थानीय स्तरमा आयोजना गरिने खेलकुदमा भाग लिन प्रक्रियावोर छलफल गर्ने ।<br>• नियमानुसार स्थानीय खेलहरु खेलाएर अभ्यस्त गर्ने ।<br>• स्थानीय खेलको व्यवस्थापन पक्षबारे सामूहिक छलफल गर्ने ।<br>• स्थानीय खेलहरुको सूची तयार गरि विधिवत खेल खेल्न सक्ने क्षमतावान जनशक्तिबारे समुहगत रुपमा छलफल गर्ने । | • कुनै एउटा स्थानीय खेलको नियम भन्नुहोस् ।<br>• भलिवल खेलमा कति जना खेलाडीहरु चाहिन्छन् ?<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलिने खेलहरुको नाम भन्नुहोस् ।<br>• स्थानीय खेलको व्यवस्थापनका सवल पक्षहरु के के हुन सक्छन् ?<br>• स्थानीय खेलहरुको सूची तयार गरि विधिवत खेल खेल्न सक्ने क्षमतावान जनशक्तिको लक्षणहरु बताउनुहोस् । | ६ |
| ६. पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | | | | | २० |
| क. स्थानीय पेसाव्यवसाय | • विद्यार्थीहरु स्थानीय पेसाव्यवसाय सामाजिक र आर्थिक महत्व बताउन ।<br>• विद्यार्थीहरु स्थानीय पेसा व्यवसाय विशेषता बताउन ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउन । | • घर परिवार तथा छरछिमेकका सदस्यहरुले दैनिक रुपमा गर्ने काम जस्तै :- खेतवारीको काम, सिलाई बुनाई, कुखुरापालन, पसल व्यवसाय, डोकाडाला र ढकिया बुन्ने, कपाल काट्ने, पढ्ने पढाउने, चारपाइ वनाउने, नौकरी, फर्निचर वनाउने, मजदुरी गर्ने र वैदेशिक रोजगार गर्ने आदि । | • विद्यालय नजिकमा रहेका कुनै एक दुई घरमा अवलोकन गराइ त्यहाँका मानिसले गर्ने पेशागत कामबारे टिपोट गर्न लगाउने ।<br>• पेसागत व्यवसायवाट सम्पतिको वृद्धि हुन्छ भनी पृष्ठपोषण दिने । | • स्थानीय पेसा व्यवसायको कुनै एक वटा विशेषता र एक वटा महत्व भन्नुहोस् ।<br>• तपाईले आफ्नो घरपरिवारको सदस्यहरुलाई पेसागत व्यवसाय सञ्चालन गर्न कसरी सहयोग गर्न सक्नुहुन्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • विद्यार्थीहरु आफ्नो घरपरिवारले छरछिमेका वा साथीको परिवारका सदस्यहरुले सञ्चालन गरिरहेको पेसा व्यवसायवाट उत्पादित बस्तुको हिफाजत र बिक्रीवितरणका लागि बजारको खोजी गर्न ।<br>• विद्यार्थीहरु आफ्नो घरपरिवारका र छरछिमेकका सदस्यहरुले सञ्चालन गरेको पेसाव्यवसायको विस्तृत विवरण सहित हिसाब किताव राख्न सक्ने र उक्त पेसा व्यवसायलाई विस्तार गर्न सक्षम बनाउन । | • पेसागत व्यवसायको आर्थिक महत्व जस्तैः घरपरिवारलाई खानलगाउन पुग्ने र धन सम्पति बढ्ने ।<br>• स्थानीय पेसा व्यवसायको विशेषता र महत्वको विवरण ।<br>• घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउने गतिविधिको विवरण ।<br>• पेसा व्यवसायको बजारिकरण सम्बन्धीविवरण ।<br>• पेसा व्यवसायको विस्तृत विवरण सहित हिसाव किताव राख्न सक्ने र उक्त पेसा व्यवसायलाई विस्तार गर्न योजना बनाउने विधिहरु । | • कुन पेसा व्यवसायले आर्थिक उन्नती गराउछ भनी छलफल गर्ने ।<br>• स्थानीय पेसा व्यवसायको विशेषता र महत्वबारे छलफल गर्ने ।<br>• घरपरिवारका सदस्यहरुलाई पेसा व्यवसाय गर्न सघाउ पुऱ्याउने गतिविधिबारे छलफल गर्ने ।<br>• पेसा व्यवसायको बजारीकरणबारे सामूहिक रुपमा छलफल गर्ने ।<br>• पेसा व्यवसायको विस्तृत विवरण सहित हिसावकिताव राख्न सक्ने र उक्त पेसा व्यवसायलाई विस्तार गर्ने योजनाबारे समुहगत रुपमा छलफल गर्ने । | • पेसा व्यवसायको बजारीकरण भन्नाले के बुझिन्छ ?<br>• आफ्नो घरपरिवारले सञ्चालन गरिरहेको पेसा व्यवसाय बिस्तार गर्न योजना बनाएर प्रस्तुत गर्नुहोस् । | |
| ख. स्थानीय आय आर्जन र क्रियापलाप | • आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरुको महत्व बताउन ।<br>• स्थानीय आयआर्जनको क्रियाकलापहरु कार्यान्वयन गर्ने विधि बताउन ।<br>• स्थानीय आयआर्जनको क्रियाकलापहरुको विशेषता र फाइदा बताउन ।<br>• विद्यार्थीहरुले आफ्नो घरपरिवारको सदस्यहरुलाई आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न सल्लाह दिन र उक्त क्रियाकलापहरु कार्यान्वयन गर्न सहयोग गर्न । | • घरपरिवार, छरछिमेक तथा साथीका परिवारको सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यवसाय जस्तैः खाट वनाएर बेँच्ने, झ्याल ढोका वनाउने, बेतबाँसको सामान वनाउने, सिलाई बुनाई, घर वनाउने डकर्मीको काम गर्ने र सिकर्मी आदि ।<br>• आयआर्जनको लागि महत्वपूर्ण क्रियाकलापहरु जस्तैः घरपरिवारको मानिसले आफुले जानेको क्रियाकलाप र स्रोत साधनको उपलब्धताको विवरण।<br>• आयआर्जनका क्रियाकलापहरुको विवरण । | • कुन आर्थिक क्रियाकलापले आर्थिक फाइदा हुन्छ भनी छलफल गर्ने ।<br>• आफ्नो विद्यालय नजिकमा सञ्चालनमा रहेका सामान्य पेसा व्यवसाय जस्तैः सिलाई बुनाई र तरकारीखेती जस्ता क्रियाकलापहरुको अवलोकन गराउने र अवलोकन गरिएको क्रियाकलापको नाम टिपोट गर्न लगाउने ।<br>• बालबालिकाहरुलाई आफुसँग भएको स्रोत साधनहरुबाट आय आर्जन क्रियाकलापको कसरी थालनी गर्नुपर्छ भनी पृष्ठपोषण दिने । | • तपाईलाई मन पर्ने आय आर्जन क्रियाकलाप के हुन् ?<br>• आयआर्जनका क्रियाकलापहरुको कुनै एक विशेषता र एक महत्व भन्नुहोस् ।<br>• तपाईले आफ्नो घरपरिवारका सदस्यहरुलाई आयआर्जनका कुन क्रियाकलापहरु सञ्चालन गर्न सल्लाह दिनुहुन्छ ?<br>• आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन भन्नाले के बुझिन्छ ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | • विद्यार्थीहरुले आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन गर्न सक्षम ।<br>• विद्यार्थीहरुले आयआर्जनको क्रियाकलापहरुको विस्तारित योजना वनाउन र कार्यान्वयन गर्न सक्षम तुल्याउन। | • आयआर्जनका क्रियाकलापहरुको विशेषता र महत्व ।<br>• स्थानीय स्तरमा सुहाउदो आयआर्जनका क्रियाकलापहरु कार्यान्वयन गरिने सन्दर्भमा सहयोगका गतिविधिहरु ।<br>• आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन सम्बन्धी विवरण ।<br>• आयआर्जनको क्रियाकलापहरुको विस्तारित योजना वनाउन र कार्यान्वयन गर्ने विवरण । | • आयआर्जनका क्रियाकलापहरुको विशेषता र महत्वबारे छलफल गर्ने ।<br>• आयआर्जनका क्रियाकलापहरुको व्यवस्थापन पक्षबारे सामूहिक रुपमा छलफल गर्ने ।<br>• स्थानीय स्तरमा सुहाउदो आयआर्जनका क्रियाकलापहरु कार्यान्वयन गरिने सन्दर्भमा सहयोगका गतिविधिहरुवारे छलफल गर्ने ।<br>• आयआर्जनको क्रियाकलापहरुको विस्तारित योजना वनाउन र कार्यान्वयन गर्न पक्षवारे समुहगत रुपमा छलफल गर्ने । | • आयआर्जनको क्रियाकलापहरुको विस्तारित योजना वनाई प्रस्तुत गर्नुहोस् । | |
| ग. स्थानीय बजार | • स्थानीय वजारको महत्वबारे बताउन ।<br>• स्थानीय बजारको विशेषता बताउन ।<br>• स्थानीय वजारले मानिसमा पार्ने सकारात्मक प्रभाव बताउन ।<br>• विद्यार्थीहरुले स्थानीय बजारबारे जानकारी राख्न र त्यहाँ भएको घटनाबारे आदान प्रदान गर्न ।<br>• विद्यार्थीहरुले स्थानीय वजार व्यवस्थापन पक्षमा सहभागिता जनाउन ।<br>• विद्यार्थीहरुले स्थानीय वजारलाई व्यवस्थित बनाउन योजना वनाउन । | • आफ्नो तथा साथीको घरमा उत्पादन हुने र बजारबाट पाईने वस्तुहरुको खरिद विक्रीको विवरण ।<br>• स्थानीय बजार जस्तै: बौनिया वजार, मुडा वजार, पृथ्वीपुर वजार, कोइली भुरुवा वजार र सिमरी बजारको अवस्थिति ।<br>• स्थानीय बजारको महत्व जस्तै: चाहिएको बेलामा खरिदबिक्री गर्न सकिने, आफुलाई चाहिएको वस्तु किन्न सकिने र समय भित्रै औजारहरुको मर्मत सम्भार गर्न गराउन सकिने आदि ।<br>• स्थानीय बजारहरुको विस्तृत विवरण । | • स्थानीय वजारको महत्वबारे बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय बजारहरुको विशेषताबारे छलफल गर्ने ।<br>• स्थानीय बजारले समाजमा पार्ने प्रभावहरुबारे छलफल गर्ने ।<br>• स्थानीय बजारहरुमा घटेको विस्तृत विवरणबारे छलफल गर्ने ।<br>• स्थानीय वजारको व्यवस्थापन पक्षमा सहभागिताबारे सामूहिक रुपमा छलफल गर्ने ।<br>• स्थानीय वजारलाई व्यवस्थित बनाउन योजना बनाउनेबारे समुगत रुपमा छलफल गर्ने । | • तपाईको घरका तथा छरछिमेकका मानिसले वजारबाट के के सामग्री खरिद गर्नुहुन्छ? भन्नुहोस् ।<br>• तपाईको र तपाईको साथीको घरका मानिसले बजारमा के-के बेच्नुहुन्छ?<br>• हाटबजारमा के पाइन्छ ? लेख्नुहोस्<br>• स्थानीय बजारका बिशेषता भन्नुहोस् ।<br>• स्थानीय बजारले समाजमा पार्ने प्रभावहरुबारे बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • स्थानीय बजारले समाजमा पार्ने प्रभावहरुको विवरण ।<br>• स्थानीय बजारहरुमा घटेको विस्तृत विवरण ।<br>• स्थानीय बजारको व्यवस्थापन पक्षमा सहभागिताको विवरण ।<br>• स्थानीय बजारलाई व्यवस्थित बनाउन योजना बनाउने । | • स्थानीय बजार व्यवस्थापन पक्षमा सहभागिता जनाउन बालबालिकाहरुको घर वा नजिकैको गाउँ वा बजारमा रहेको हाटबजार तथा बजार अवलोकन गराउने र टिपोट गर्न लगाउने । | • तपाईंको गाउँघर नजिकको बजारमा भएको कुनै एउटा घटनाबारे भन्नुहोस् ।<br>• स्थानीय बजारको व्यवस्थापन पक्षमा सहभागिताबारे भन्नुहोस् ।<br>• स्थानीय बजारलाई व्यवस्थित बनाउन योजना बनाएर प्रस्तुत गर्नुहोस् । | |
| घ. पेसागत ज्ञान र सीप | • विद्यार्गीहरु पेसागत ज्ञान र सीपको सामाजिक तथा आर्थिक महत्व बताउन ।<br>• विद्यार्थीहरु पेसागत ज्ञान र सीपको विशेषता बताउन ।<br>• विद्यार्थीहरुले पेसागत ज्ञान र सीपसम्बन्धी आफ्नो क्षमता अभिवृद्धि गर्न तत्परता देखाउन ।<br>• विद्यार्थीहरुलाई स्थानीय पेसागत ज्ञान र सीप जर्गेना गर्न सक्षम तुल्याउन ।<br>• विद्यार्थीहरु स्थानीय पेसागत ज्ञान र सीपलाई परिमार्जन गर्ने योजना बनाउन सक्षम तुल्याउन । | • पेसागत ज्ञान र सीप जस्तै: ढकिया नुइया बुन्न, पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई, भैसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदिको विवरण ।<br>• खेतवारीमा लगाइएको बालिनाली तथा फसल राम्रो उब्जाउ गर्न जस्तै: पानी हाल्ने, मल हाल्ने, फसलमा रोग तथा कीरा लागेमा औषधी छर्ने आदी ।<br>• पालिएको गाई, भैंसी, भेंडा, बाखा, हाँस, कुखुरा र माछा आदिमा रोग लागेमा समयमैं औषधीको प्रयोगको विवरण ।<br>• घरपरिवारको र छरछिमेकीको पेसागत ज्ञान र सीप भएमा त्यसको महत्व जस्तै: आफ्नो सामान बिग्रियो भने मर्मत सम्भार गर्न गराउन सजिलो, कम खर्चिलो, स्थानीय स्रोत साधनको प्रयोग, खेतवारीमा कुनबेलामा मल हाल्ने, औषधी हाल्ने आदि । | • पेसागत पशुपालन, खेतीपाती, च्याउ उत्पादन, तरकारीखेती, गाई, भैसीपालन, बाखापालन, कुखुरापालन र माछापालन आदि के कसरी गरिन्छ भनी छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• खेतवारीमा लगाइएको बालीनाली तथा फसल राम्रो उब्जाउ गर्न कुन ज्ञान र सीपको आवश्यक पर्छ भनी पृष्ठपोषण दिने र टिपोट गर्न लगाउने ।<br>• पेसागत सीप र ज्ञानको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय पेसागत ज्ञान र सीप सिक्ने विधिबारे छलफल गर्ने ।<br>• पालिएको गाईभैंसी, भेंडाबाखा, हाँसकुखुरा र माछा आदिमा रोग लागेमा के के गर्नु पर्छ भनी टिपोट गर्न लगाउने । | • पेसागत ज्ञान र सीपको विशेषताबारे बताउनुहोस् ।<br>• तत्परता भनेको के हो ?<br>• स्थानीय पेसागत ज्ञान र सीपलाई कसरी जर्गेना गर्न सकिन्छ ?<br>• स्थानीय पेसागत ज्ञान र सीपलाई परिमार्जन गर्ने योजना बनाएर प्रस्तुत गर्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | • स्थानीय पेसागत ज्ञान र सीप कसरी सिक्नु पर्छ, त्यसको विवरण प्रस्तुत गर्न ।<br>• पेसागत ज्ञान र सीपको विशेषताहरुको विवरण प्रस्तुत गर्न ।<br>• पेसागत ज्ञान र सीप सम्बन्धी आफ्ने क्षमता अभिवृद्धि गर्न तत्परता देखाउन ।<br>• स्थानीय पेसागत ज्ञान र सीप जर्गेना गर्न सकिने विषयहरु उल्लेख गर्न ।<br>• स्थानीय पेसागत ज्ञान र सीपलाई परिमार्जन गर्ने योजना वनाउने । | • पेसागत ज्ञान र सीपको विशेषताबारे छलफल गर्ने ।<br>• पेसागत ज्ञान र सीप सम्बन्धी आफ्ने क्षमता अभिवृद्धि गर्न तत्पराता देखाउने विषयवारे छलफल गर्ने ।<br>• स्थानीय पेसागत ज्ञान र सीप जर्गेना सम्बन्धी विषहरुमा समूगत रुपमा छलफल गर्ने ।<br>• स्थानीय पेसागत ज्ञान र सीपलाई परिमार्जन गर्ने योजना वनाउनेबारे समूहगत रुपमा छलफल गर्ने । | | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ङ. उद्योग | • विद्यार्थीहरुले स्थानीय उद्योगको महत्व बताउन ।<br>• विद्यार्थीहरुले स्थानीय उद्योगको फाइदा र बेफाइदा बताउन ।<br>• विद्यार्थीहरु स्थानीय उद्योगहरुको विशेषता बताउन ।<br>• विद्यार्थीहरुले आफ्नो धाममा रहेका उद्योगहरुको गतिविधिहरुवारे जानकारी राखी छरछिमेक र समाजका मानिसहरुसंग विचार आदान प्रदान गर्न ।<br>• स्थानीय उद्यागले गाउँघर र समाजलाई कसरी विकास गर्न सक्छ भनी बताउन ।<br>• विद्यार्थीहरुले स्थानीय उद्योगबारे परिभाषा दिन र विस्तारित विवरण खुलाउन । | • विद्यालय, बर्दगोरिया गाउँपालिकामा रहेका साना तथा ठूला उद्योग जस्तै दुधडेरी उद्योग, पाउरोटी उद्योग, ईंटा उद्योग र क्रसर उद्योग दाल चामल उद्योग आदि ।<br>• स्थानीय स्तरमा रहेको उद्योगहरुको महत्व जस्तै: रोजगारी पाउने, आयआर्जनको स्रोतमा बृद्धि हुने र स्थानीय उद्योगबाट उत्पादित बस्तु सहुलियत दरभाउमा उपलब्ध हुने आदि ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र वेफाइदाहरु ।<br>• स्थानीय उद्योगहरुको विशेषताहरुको विवरण ।<br>• उद्योगहरुको गतिपिधिहरुवारे जानकारी राखी छरछिमेक र समाजका मानिसहरुसंग विचार आदान प्रदान गर्ने घटनाहरु ।<br>• स्थानीय उद्यागले स्थानीय गाउँघर र समाजलाई कसरी विकास गर्न सक्छ त्यसको विवरण ।<br>• स्थानीय उद्योगबारे परिभाषित गर्न र विस्तारित विवरण । | • स्थानीय उद्योगहरुको महत्व बताउने र टिपोट गर्न लगाउने ।<br>• नजिकै रहेका उद्योगहरुको अवलोकन भ्रमण गराउने र अवलोकन गरिएको बस्तुहरुको नाम टिपोट गर्न लगाउने ।<br>• स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको फाइदा र वेफाइदाबारे छलफल गर्ने र टिपोट गर्न लगाउने ।<br>• स्थानीय उद्योगहरुको विशेषताबारे छलफल गर्ने ।<br>• उद्योगहरुको गतिबिधिहरुवारे जानकारी राखी छरछिमेक र समाजका मानिसहरुसंग आदान प्रदान गर्ने विषयमा छलफल गर्ने ।<br>• स्थानीय उद्यागले स्थानीय गाउँघर र समाजलाई कसरी विकासबारे सामूहिक रुपमा छलफल गर्ने ।<br>• स्थानीय उद्योगबारे परिभाषित गर्न र विस्तारित विवरणबारे समूहगत रुपमा छलफल गर्ने । | • तपाईको गाउँघरमा के के उद्योगहरु छन् ?<br>• तपाईको गाउँमा रहेको उद्योगले के उत्पादन गर्छ ?<br>• स्थानीय उद्योगहरुको फाइदा र वेफाइदा भन ।<br>• तपाईको गाउँघर नजिकमा रहेका उद्योगमा घटेको कुनै एउटा घटना बताउनुहोस् ।<br>• स्थानीय उद्यागले स्थानीय गाउँघर र समाजलाई कसरी विकास गर्न सक्छ ?<br>• स्थानीय उद्योगको परिभाषा बताउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय पर्यटन | | | | ५ | |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको विश्लेषणात्मक विवरण तयार गरि प्रस्तुत गर्न ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको संरक्षण र सुधार सम्बन्धी योजना बनाउन र कार्यान्वयन गर्न ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको विश्लेषणात्मक विवरण तयार गरि प्रस्तुत गर्न ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीको भूमिका बताउन ।<br>• पर्यटकीय स्थलको भौगोलिक क्षेत्रको पहिचान र क्षेत्रफल बताउन ।<br>• स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क संकलन गर्न र प्रतिवेदन तयार पार्न ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिका बताउन ।<br>• पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउन । | • बर्दगोरिया गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तै: बर्दगोरिया मन्दिर, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनीया धाम), ठाकुरद्वारा नहर, झरझरिया बाँध र उताह तालहरु आदि ।<br>• घोडाघोडी ताल तथा मन्दिर, कर्णाली नदी तथा पुल, आमपानीको झरना र चिडिया तालहरु आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रमुख पर्यटकीय स्थलहरुको गराई दिने ।<br>• स्थानीय तह र छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको महत्व उल्लेखगर्ने ।<br>• यिनीहरुको बारेमा विद्यार्थीलाई जानकारी भए नभएको छलफल गर्ने र पर्यटकीय स्थलहरुको नाम लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको महत्वका बारेमा सूची वनाई प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलको सूची तयार पारी महत्व बताउन र लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीको भूमिकाको सूची वनाउन लगाउने र प्रश्नोत्तर गर्ने छलफल गर्ने ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको वर्तमान अवस्थाको बारेमा प्रश्नोत्तर गर्दै छलफल गर्ने ।<br>• पर्यटकीय स्थलको भौगोलिक क्षेत्रको पहिचान गराउँदै उक्त स्थलको क्षेत्रफल बताउने ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण गर्न लगाउने ।<br>• स्थानीय तहमा पर्यटनमा आधारित सञ्चालनमा रहेका | • स्थानीय तह -बर्दगोरिया गा.पा.) भित्रका कुनै २ पर्यटकीय स्थलको नाम भन्नुहोस् ।<br>• पोष्टर अवलोकन गरी नाम भन्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको कुनै २ महत्व भन्नुहोस् ।<br>• बर्दगोरिया गा.पा.सँगै जोडिएका अन्य पर्यटकीय स्थलको कुनै ४ फाइदा भन्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीका कुनै ५ वटा भूमिका लेख्नुहोस् ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको वर्तमान अवस्थाको बारेमा बताउनुहोस् ।<br>• पर्यटकीय स्थलको भौगोलिक दिशा र क्षेत्रफल बताउनुहोस् ।<br>• विद्यार्थीले अवलोकन गरेको कुनै एउटा पर्यटकीय स्थलको प्रतिवेदन तयार पार्नुहोस् ।<br>• स्थानीय तहमा अवलोकन गरेको कुनै एउटा उद्योगको बारेमा प्रतिवेदन तयार पार्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क संकलन गरि | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय पर्यटन | | | | ५ | |
| क. स्थानीय पर्यटन | • स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको विश्लेषणात्मक विवरण तयार गरि प्रस्तुत गर्न ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) भित्रका पर्यटकीय स्थलको संरक्षण र सुधार सम्बन्धी योजना बनाउन र कार्यान्वयन गर्न ।<br>• स्थानीय क्षेत्र (बर्दगोरिया गा.पा.) सँगै जोडिएका अन्य स्थानीय क्षेत्र भित्रका पर्यटकीय स्थलको विश्लेषणात्मक विवरण तयार गरि प्रस्तुत गर्न ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीको भूमिका बताउन ।<br>• पर्यटकीय स्थलको भौगोलिक क्षेत्रको पहिचान र क्षेत्रफल बताउन ।<br>• स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क संकलन गर्न र प्रतिवेदन तयार पार्न ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिका बताउन ।<br>• पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउन । | • बर्दगोरिया गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरु जस्तै: बर्दगोरिया मन्दिर, पुरैना ताल, पिरुवा सिमसार क्षेत्र, रामजानकी मन्दिर (भक्तिनीया धाम), ठाकुरद्वारा नहर, झरझरिया बाँध र उताह तालहरु आदि ।<br>• घोडाघोडी ताल तथा मन्दिर, कर्णाली नदी तथा पुल, आमपानीको झरना र चिडिया तालहरु आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रमुख पर्यटकीय स्थलहरुको गराई दिने ।<br>• स्थानीय तह र छिमेकी स्थानीय तहमा पर्ने पर्यटकीय स्थलको महत्व उल्लेखगर्ने ।<br>• यिनीहरुको बारेमा विद्यार्थीलाई जानकारी भए नभएको छलफल गर्ने र पर्यटकीय स्थलहरुको नाम लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको महत्वका बारेमा सूची वनाई प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• बर्दगोरिया गा.पा. सँगै जोडिएका अन्य पर्यटकीय स्थलको सूची तयार पारी महत्व बताउन र लेख्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीको भूमिकाको सूची वनाउन लगाउने र प्रश्नोत्तर गर्ने छलफल गर्ने ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको वर्तमान अवस्थाको बारेमा प्रश्नोत्तर गर्दै छलफल गर्ने ।<br>• पर्यटकीय स्थलको भौगोलिक क्षेत्रको पहिचान गराउँदै उक्त स्थलको क्षेत्रफल बताउने ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण गर्न लगाउने ।<br>• स्थानीय तहमा पर्यटनमा आधारित सञ्चालनमा रहेका | • स्थानीय तह -बर्दगोरिया गा.पा.) भित्रका कुनै २ पर्यटकीय स्थलको नाम भन्नुहोस् ।<br>• पोष्टर अवलोकन गरी नाम भन्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको कुनै २ महत्व भन्नुहोस् ।<br>• बर्दगोरिया गा.पा.सँगै जोडिएका अन्य पर्यटकीय स्थलको कुनै ४ फाइदा भन्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धनमा विद्यार्थीका कुनै ५ वटा भूमिका लेख्नुहोस् ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको वर्तमान अवस्थाको बारेमा बताउनुहोस् ।<br>• पर्यटकीय स्थलको भौगोलिक दिशा र क्षेत्रफल बताउनुहोस् ।<br>• विद्यार्थीले अवलोकन गरेको कुनै एउटा पर्यटकीय स्थलको प्रतिवेदन तयार पार्नुहोस् ।<br>• स्थानीय तहमा अवलोकन गरेको कुनै एउटा उद्योगको बारेमा प्रतिवेदन तयार पार्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क संकलन गरि | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | कलकारखाना र उद्योगको अवलोकन गराउने ।<br>• स्थानीय पर्यटकीय स्थलको स्थलगत अवलोकन गरि तथ्याङ्क संकलन गर्न लगाउने र प्रतिवेदन तयार पार्न लगाउने ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिका बारेमा प्रश्नोत्तर गर्ने, छलफल गर्ने र सूची वनाउन लगाउने ।<br>• पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउन र लेख्न लगाउने । | प्रतिवेदन तयार गरेर प्रस्तुत गर्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिका बारेमा बताउनुहोस् ।<br>• पर्यटकीय क्षेत्रको विकासले स्थानीय समुदायलाई हुने फाइदा बताउनुहोस् । | |
| ८. विपद् व्यवस्थापन | | | | | ५ |
| क. विपद् व्यवस्थापन | • प्राकृतिक तथा मानव निर्मित विपद्हरुको विश्लेषणात्मक विवरण तयार गरि प्रस्तुत गर्न ।<br>• विपद् पूर्व तयारी तथा व्यवस्थापनको योजना वनाउने र कार्यान्वयन गर्न ।<br>• विपद् व्यवस्थापनमा सम्बन्धित सरोकारवाला तथा स्थानीय सरकारको भूमिका बताउन । | • प्राकृतिक तथा मानव निर्मित विपद्हरु जस्तैः बाढी, पहिरो, भु-क्षय, आग लागी, भु-कम्प, चट्याङ, ज्वालामुखी, असिना, सडक दुर्घटना, सरुवा रोगको महामारी (कोभिड-१९), जङ्गली जिवजन्तुको आक्रमण, सर्पको टोकाई, विद्युतीय करेन्ट लाग्ने आदि । | • शिक्षकले पोष्टर प्रदर्शन गरि प्रश्नोत्तर गर्ने ।<br>• पोष्टरमा भएका चित्रहरुको पहिचान गर्न लगाउने ।<br>• विभिन्न विपद्हरुका बारेमा थप जानकारी गराउने र बच्ने उपायको सूची तयार पारी प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• विभिन्न विपद्हरुको नाम लेख्न लगाउने ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार पार्न लगाइ विपद्बाट बच्ने उपाय सम्बन्धमा छलफल गर्ने ।<br>• विपद्को पूर्व व्यवस्थापन गर्न नसक्दा हुने क्षतिको सूची वनाउन लगाई छलफल गर्ने ।<br>• विपद् व्यवस्थापनमा सम्बन्धित सरोकारवाला तथा स्थानीय सरकारको भूमिका बताउने र सो सम्बनधमा छलफल गर्ने । | • विपद्वाट बच्ने कुनै ४ उपायहरु भन्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्को सूची तयार गर्नुहोस् ।<br>• विद्यालय क्षेत्रभित्र हुन सक्ने विपद्वाट बच्ने कुनै ५ उपाय लेख्नुहोस्।<br>• विपद्को पूर्व व्यवस्थापन गर्न नसक्दा हुने कुनै ५ वटा क्षतिको सूची वनाउनुहोस् ।<br>• विपद् व्यवस्थापनमा सम्बन्धित सरोकारवालाको भूमिका भन्नुहोस् ।<br>• विपद् व्यवस्थापनमा सम्बन्धित विद्यार्थीको भूमिका भन्नुहोस् । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ९. स्थानीय प्रविधि र ऊर्जा | | | | | ८ |
| क. स्थानीय प्रविधि | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरुको महत्वको विश्लेषणात्मक विवरण तयार गरी प्रस्तुत गर्न ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु मर्मत सम्भार गर्न । | • स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तै: ढिकी, जाँतो, मिल (कुट्ने, पिस्ने र पेल्ने), चर्खा, कोलु र कागती पेल्ने कोल्हु आदि ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरु जस्तै: मिक्सचर (मसला पिस्ने, मास पिस्ने र जुस बनाउने), कागती पेल्ने मेसिन, ऊखु पेल्ने हाते मेसिन, कपास फिट्ने मेसिन,कम्प्युटर, मोबाइल, ल्यापटप र क्याल्कुलेटर आदि । | • स्थानीय प्रविधि र आधुनिक प्रविधिद्वारा निर्मित सामग्रीहरुको तुलनात्मक विश्लेषण गरि प्रस्तुत गर्न लगाउने र पृष्ठपोषण गर्ने ।<br>• स्थानीय प्रविधिद्वारा निर्माण गरिने कुनै सामग्री निर्माण गर्न लगाउन ।<br>• स्थानीय प्रविधिद्वारा दाँती (करेसावारीमा घाँसपात निकाल्ने औजार) वनाउन अभ्यास गर्न लगाउने ।<br>• स्थानीय प्रविधिद्वारा निर्माण गरिएको हाते पङ्खा बुन्न अभ्यास गर्न लगाउने ।<br>• आधुनिक प्रविधिद्वारा निर्मित औजार तथा सामग्रीहरुको मर्मत सम्भार गर्न अभ्यास गर्न लगाउने ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधिको फाइदाको सूची बनाई छलफल गर्ने । | • स्थानीय प्रविधि र आधुनिक प्रविधि बीच फरक छुट्याउनुहोस् ।<br>• स्थानीय प्रविधिको प्रयोग गरि काठको स्केल बनाउन गृहकार्य दिने ।<br>• स्थानीय प्रविधिको महत्व र विशेषता बताउनुहोस् ।<br>• स्थानीय प्रविधिको प्रयोग गरि हाते पङ्खा बनाउन गृहकार्य दिने । | ४ |
| ख. स्थानीय ऊर्जा | • स्थानीय ऊर्जाको स्रोतहरुको पहिचान गरि सोसम्बन्धी सामग्रीहरु निर्माण गरि प्रयोगमा ल्याउन ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक प्रविधि र ऊर्जाको प्रयोग क्षेत्र पहिचान गर्न ।<br>• स्थानीय स्तरमा प्रयोग हुने विभिन्न परम्परागत र आधुनिक ऊर्जाको प्रयोग क्षेत्र पहिचान गरि महत्व बताउन ।<br>• वैकल्पिक ऊर्जाको स्रोतबारे बताउन । | • स्थानीय उर्जाको स्रोत र सामग्रीहरु जस्तै: भूसी चूलो, सुधारिएको चूलो, सौर्य ऊर्जा, गोबर गुँइठा, गोबर ग्याँस, दाउरा, मट्टी तेल र विजुली आदि । | • स्थानीय ऊर्जा र ऊर्जा स्रोतको स्थानीय महत्वबारे छलफल गर्ने ।<br>• स्थानीय ऊर्जा र आधुनिक ऊर्जाको भिन्नताबारे छलफल गर्ने ।<br>• स्थानीय ऊर्जाको स्रोतको पहिचान गरि ऊर्जा निकाल्न अभ्यास गर्न लगाउने ।<br>• स्थानीय ऊर्जा निकाल्दा ध्यान दिनु पर्ने कुराहरुबारे छलफल गर्ने ।<br>• विद्यालयमा भूसीचूलो निर्माण गरि आत्मनिर्भर हुन प्रेरित गर्ने | • स्थानीय ऊर्जा र ऊर्जाको महत्व र विशेषता लेख्नुहोस् ।<br>• मानवीय जीवनमा स्थानीय ऊर्जा र ऊर्जाको स्रोतको अपरिहार्यतालाई पुष्टि गर्नुहोस् ।<br>• स्थानीय ऊर्जा र आधुनिक ऊर्जाको स्रोत विच भिन्नता छुट्याऊ ।<br>• वैकल्पिक ऊर्जा संरक्षण र प्रवर्द्धन गर्न के गर्नु पर्ला ? | ४ |

## ८. स्थानीय पाठ्यक्रमको पाठ्य घण्टी र अङ्क विभाजन तालिका

### कक्षा १ देखि कक्षा ३ सम्मको स्थानीय पाठ्यक्रमको घण्टी र अङ्क विभाजन तालिका

| क्र.स. | क्षेत्र | कक्षा १ देखि ३ | |
|---|---|---|---|
| | | पाठ्य घण्टी | अङ्कभार |
| १ | हाम्रो भाषा, इतिहास, संस्कृति र सांस्कृतिक सम्पदा | ३५ | २२ |
| २ | हाम्रो भूगोल र प्राकृतिक सम्पदा । | २५ | १६ |
| ३ | हाम्रो सीप तथा कला | १५ | ९ |
| ४ | स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | २० | १३ |
| ५ | स्थानीय खेल | १० | ६ |
| ६ | पेसा, व्यवसाय, र आर्थिक क्रियाकलाप | २५ | १६ |
| ७ | स्थानीय पर्यटन | १० | ६ |
| ८ | विपद् व्यवस्थापन | १० | ६ |
| ९ | स्थानीय प्रविधि र ऊर्जा | १० | ६ |
| | जम्मा | १६० | १०० |

### कक्षा ४ को स्थानीय पाठ्यक्रमको घण्टी र अङ्क विभाजन तालिका

| क्र.स. | क्षेत्र | कक्षा ४ | |
|---|---|---|---|
| | | पाठ्य घण्टी | अङ्कभार |
| १ | हाम्रो भाषा, इतिहास, संस्कृति र सांस्कृतिक सम्पदा | ३२ | २५ |
| २ | हाम्रो भूगोल र प्राकृतिक सम्पदा । | २० | १६ |
| ३ | हाम्रो सीप तथा कला | १५ | १२ |
| ४ | स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | १५ | १२ |
| ५ | स्थानीय खेल | ८ | ६ |
| ६ | पेसा, व्यवसाय, र आर्थिक क्रियाकलाप | २० | १६ |
| ७ | स्थानीय पर्यटन | ५ | ४ |
| ८ | विपद् व्यवस्थापन | ५ | ३ |
| ९ | स्थानीय प्रविधि र ऊर्जा | ८ | ६ |
| | जम्मा | १२८ | १०० |

### कक्षा ५ को स्थानीय पाठ्यक्रमको घण्टी र अङ्क विभाजन तालिका

| क्र.स. | क्षेत्र | कक्षा ५ | |
|---|---|---|---|
| | | पाठ्य घण्टी | अङ्कभार |
| १ | हाम्रो भाषा, इतिहास, संस्कृति र सांस्कृतिक सम्पदा | ३६ | २८ |
| २ | हाम्रो भूगोल र प्राकृतिक सम्पदा । | २० | १६ |
| ३ | हाम्रो सीप तथा कला | ११ | ९ |
| ४ | स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार | १५ | १२ |
| ५ | स्थानीय खेल | ८ | ६ |
| ६ | पेसा, व्यवसाय, र आर्थिक क्रियाकलाप | २० | १६ |
| ७ | स्थानीय पर्यटन | ५ | ४ |
| ८ | विपद् व्यवस्थापन | ५ | ३ |
| ९ | स्थानीय प्रविधि र ऊर्जा | ८ | ६ |
| | जम्मा | १२८ | १०० |

स्थानीय पाठ्यक्रम सिकाइ सहजीकरण प्रक्रिया देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछ :

क. सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्नेछ ।

ख. विद्यार्थीको सिकाइलाई केन्द्रविन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य,क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, परिवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

ग. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्नेछ ।

घ. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्नेछ ।

ङ. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्नेछ ।

च. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, असक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरि कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनु पर्नेछ ।

छ. भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरि सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्नेछ ।

ज. सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु - सिकारु बीचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक- शिक्षक सहकार्य,शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्नेछ।

झ. सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास, व्यवहारकुशल सीप र सिकाइबीचको सहसम्बन्ध हुने गरिजीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्नेछ ।

ञ. बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग गर्नुपर्नेछ ।

ट. सिकारुको रुचि र सिकाइको गति एवं सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

ठ. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धिहरु: विषयवस्तुको स्वरूप, बालमनोविज्ञान, स्रोत साधनहरूको उपलब्धता, विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति, समय र विद्यार्थी सङ्ख्या र शिक्षकको योग्यता, क्षमता आदि कुराहरुलाई पनि ध्यान दिनुपर्छ ।

## ९.१ सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-८ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनौट गरि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१. कथाकथन एवं गीत
२. आगमन विधि
३. भूमिका निर्वाह
४. निर्माणात्मक कक्षा
५. सहयोगात्मक कक्षा
६. परियोजना कार्य
७. छलफल र प्रश्नोत्तर
८. अन्वेषण, अनुसन्धान तथा खोज
९. प्रविधियुक्त कक्षा
१०. सिर्जनात्मक कार्य
११. समस्या समाधान
१२. खेल विधि
१३. प्रयोगात्मक विधि
१४. भ्रमण विधि
१५. प्रदर्शन
१६. स्वाध्ययन तथा छलफल
१७. अन्तरक्रिया
१८. उदाहरण र प्रयोग

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

आधारभूत तहको कक्षा १–८ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरि विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनकोपरम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्तगर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामाआधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरि शिक्षण सिकाइ प्रक्रियाको अभिन्नअङ्गका रूपमा अभ्यास गरि सिकाइ सुधारमा उपयोग गरिन्छ ।

## १०.१. मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-८ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोगगर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्नसकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरि विद्यार्थीकोसिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-८ का प्रत्येक विद्यार्थीको कार्यसञ्चायिका (Portfolio) व्यवस्थित गरि राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारीपठाउने व्यवस्था गरि कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्नेछ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरि कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task)समावेश गर्नु उपयुक्त हुनेछ ।

**विद्यार्थी मूल्याङ्कनका लागि निम्न प्रक्रिया अवलम्बन गर्नुपर्नेछ :**

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरि सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरि सोही अनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरि सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरि सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलत: विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सीप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरि आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रिया अनुरुप विद्यार्थीको सिकाइ सुधार गरिअपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटक-पटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका निम्ति उपचारात्मक शिक्षणको प्रवन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धि अनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरि मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्वन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

## १०.४.१ विशिष्टीकरण तालिका

कक्षा: १ देखि ३ सम्म

विषय : हाम्रो बर्दगोरिया पूर्णाङ्क : १०० समय : ३ घण्टा

प्रश्न योजना तथा अङ्कभार वितरण

| एकाइ | क्षेत्र /एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो भाषा, संस्कृति, इतिहास र सांस्कृतिक एवं पुरातात्विक सम्पदा । | ३५ | २० | | | | | | | | | | | | | | | | | | | २० |
| २ | हाम्रो भूगोल र प्राकृतिक सम्पदा। | २५ | १६ | | | | | | | | | | | | | | | | | | | १६ |
| ३ | हाम्रो सीप तथा कला । | १५ | १० | | | | | | | | | | | | | | | | | | | १० |
| ४ | स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार । | २० | १५ | | | | | | | | | | | | | | | | | | | १५ |
| ५ | स्थानीय खेल । | १० | ६ | | | | | | | | | | | | | | | | | | | ६ |
| ६ | पेसा, व्यवसाय, र आर्थिक क्रियाकलाप । | २५ | १५ | | | | | | | | | | | | | | | | | | | १५ |
| ७ | स्थानीय पर्यटन । | १० | ६ | | | | | | | | | | | | | | | | | | | ६ |
| ८ | विपद् व्यवस्थापन । | १० | ६ | | | | | | | | | | | | | | | | | | | ६ |
| ९ | स्थानीय प्रविधि र ऊर्जा । | १० | ६ | | | | | | | | | | | | | | | | | | | ६ |
| जम्मा | | १६० | १०० | | | | | | | | | | | | | | | | | | | १०० |

कक्षा: ४
विषय : हाम्रो बर्दगोरिया | पूर्णाङ्क : १०० | समय : १ घण्टा ३० मिनेट

प्रश्न योजना तथा अङ्कभार वितरण

| एकाइ | क्षेत्र /एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो भाषा, संस्कृति, इतिहास र सांस्कृतिक एवं पुरातात्विक सम्पदा । | ३२ | १२ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ४ | ४ | ४ | २ | ४ | ६ | १२ |
| २ | हाम्रो भूगोल र प्राकृतिक सम्पदा । | २० | ८ | १ | | १ | | १ | १ | | | १ | १ | १ | १ | २ | २ | ४ | १ | ३ | ४ | ८ |
| ३ | हाम्रो सीप तथा कला । | १५ | ६ | १ | | १ | | १ | | १ | | | | १ | १ | २ | २ | २ | १ | २ | ३ | ६ |
| ४ | स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार । | १५ | ६ | १ | | १ | | १ | | १ | | | | १ | १ | २ | २ | २ | १ | २ | ३ | ६ |
| ५ | स्थानीय खेल । | ८ | ३ | १ | | | | | | | | | १ | १ | | २ | १ | | १ | २ | | ३ |
| ६ | पेसा, व्यवसाय, र आर्थिक क्रियाकलाप। | २० | ८ | | १ | | १ | | | १ | १ | १ | १ | १ | १ | ३ | ३ | २ | १ | ३ | ४ | ८ |
| ७ | स्थानीय पर्यटन । | ५ | २ | | | | | | | १ | १ | | | | | १ | १ | | १ | १ | | २ |
| ८ | विपद् व्यवस्थापन । | ५ | २ | १ | | | | | | | १ | | | | | १ | १ | | १ | १ | | २ |
| ९ | स्थानीय प्रविधि र ऊर्जा । | ८ | ३ | १ | | | १ | | | | | | १ | | | २ | १ | | १ | १ | १ | ३ |
| | जम्मा | १२८ | ५० | ७ | २ | ४ | ३ | ४ | २ | ५ | ४ | ३ | ५ | ६ | ५ | १९ | १७ | १४ | १० | १९ | २१ | ५० |

कक्षा:५

विषय : हाम्रो बर्दगोरिया | पूर्णाङ्क : १०० | समय : १ घण्टा ३० मिनेट

प्रश्न योजना तथा अङ्कभार वितरण

| एकाइ | क्षेत्र /एकाइ | पाठ्यघण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो भाषा, संस्कृति, इतिहास र सौँस्कृतिक एवं पुरातात्विक सम्पदा । | ३६ | १४ | १ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | ४ | ५ | ५ | २ | ५ | ७ | १४ |
| २ | हाम्रो भूगोल र प्राकृतिक सम्पदा । | २० | ८ | १ | | १ | १ | १ | | | १ | १ | | १ | १ | २ | ३ | ३ | १ | ३ | ४ | ८ |
| ३ | हाम्रो सीप तथा कला । | ११ | ४ | १ | | | १ | | | | | १ | | | १ | २ | | २ | १ | १ | २ | ४ |
| ४ | स्थानीय जडिबुटी तथा स्वास्थ्य उपचार । | १५ | ६ | १ | १ | | | | १ | १ | | १ | १ | | | ३ | १ | २ | १ | २ | ३ | ६ |
| ५ | स्थानीय खेल । | ८ | ३ | | | | | | | | १ | १ | | | १ | | १ | २ | १ | १ | १ | ३ |
| ६ | पेसा, व्यवसाय, र आर्थिक क्रियाकलाप । | २० | ८ | १ | १ | | | १ | | १ | | १ | १ | १ | १ | ३ | ३ | २ | १ | ३ | ४ | ८ |
| ७ | स्थानीय पर्यटन । | ५ | २ | | | | | १ | | | | | | | १ | १ | | १ | | १ | १ | २ |
| ८ | विपद् व्यवस्थापन । | ५ | २ | १ | | | | | | | | | | | १ | १ | | १ | | १ | १ | २ |
| ९ | स्थानीय प्रविधि र ऊर्जा । | ८ | ३ | १ | | | | | | | १ | | | | १ | १ | १ | १ | १ | १ | १ | ३ |
| | जम्मा | १२८ | ५० | ७ | ४ | २ | ३ | ४ | २ | ३ | ४ | ६ | ३ | ३ | ९ | १७ | १४ | १९ | ८ | १८ | २४ | ५० |

कक्षा:६

विषय : हाम्रो बर्दगोरिया  पूर्णाङ्क : १००  समय : १ घण्टा ३० मिनेट

टप्रश्न योजना तथा अङ्कभार वितरण

| एकाइ | क्षेत्र /एकाइ | पाठ्यघण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो भाषा, सांस्कृतिक, इतिहास र सांस्कृतिक एवम् पुरातात्विक सम्पदा । | ४८ | १९ | १ | २ | २ | १ | २ | २ | १ | २ | २ | १ | १ | २ | ४ | ७ | ८ | ४ | ५ | १० | १९ |
| २ | हाम्रो भुगोल र प्राकृतिक सम्पदा । | १६ | ६ | | १ | १ | | १ | | | | १ | १ | | १ | १ | २ | ३ | १ | १ | ४ | ६ |
| ३ | हाम्रो सिप तथा कला । | १० | ४ | | १ | | १ | | | | | १ | | | १ | १ | १ | २ | १ | १ | २ | ४ |
| ४ | स्थानिय जडिबुटी तथा स्वास्थ्य उपचार । | १० | ४ | | १ | | १ | | | | | १ | | | १ | १ | १ | २ | १ | १ | २ | ४ |
| ५ | स्थानिय खेल । | ६ | २ | १ | | | | | | | | | | | १ | १ | | १ | | १ | १ | २ |
| ६ | पेसा, व्यवसाय, र आर्थिक क्रियाकलाप । | २० | ८ | | १ | १ | | १ | १ | | १ | | १ | १ | १ | १ | ४ | ३ | १ | २ | ५ | ८ |
| ७ | स्थानिय पर्यटन । | ५ | २ | १ | | | | | | | | | | | १ | १ | | १ | | १ | १ | २ |
| ८ | विपद् व्यवस्थापन । | ५ | २ | १ | | | | | | | | | | | १ | १ | | १ | | १ | १ | २ |
| ९ | स्थानिय प्रविधि र ऊर्जा । | ८ | ३ | १ | | | | | | | १ | | | | १ | १ | १ | १ | | १ | २ | ३ |
| जम्मा | | १२८ | ५० | ५ | ६ | ४ | ३ | ४ | ३ | १ | ४ | ५ | ३ | २ | १० | १२ | १६ | २२ | ८ | १४ | २८ | ५० |

कक्षा:७ र ८

विषय : हाम्रो बर्दगोरिया | पूर्णाङ्क : १०० | समय : १ घण्टा ३० मिनेट

टप्रश्न योजना तथा अङ्कभार वितरण

| एकाइ | क्षेत्र /एकाइ | पाठ्यघण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो भाषा, सांस्कृतिक, इतिहास र सांस्कृतिक एवम् पुरातात्विक सम्पदा । | ५२ | २० | १ | २ | २ | १ | २ | २ | १ | २ | २ | १ | २ | २ | ४ | ८ | ८ | ३ | ४ | १३ | २० |
| २ | हाम्रो भुगोल र प्राकृतिक सम्पदा । | १२ | ५ | १ | | १ | | १ | | | १ | | | | १ | १ | २ | २ | १ | १ | ३ | ५ |
| ३ | हाम्रो सिप तथा कला । | १० | ४ | १ | | | | | १ | | | १ | | १ | | १ | १ | २ | १ | १ | २ | ४ |
| ४ | स्थानिय जडिबुटी तथा स्वास्थ्य उपचार । | १० | ४ | १ | | | | | १ | | | १ | | १ | | १ | १ | २ | १ | १ | २ | ४ |
| ५ | स्थानिय खेल । | ६ | २ | | | | | | | | १ | | | | १ | | १ | १ | | १ | १ | २ |
| ६ | पेसा, व्यवसाय, र आर्थिक क्रियाकलाप । | २० | ८ | १ | १ | | | १ | १ | | १ | १ | | १ | १ | १ | ४ | ३ | १ | २ | ५ | ८ |
| ७ | स्थानिय पर्यटन । | ५ | २ | | | | | १ | | | | | | | १ | | १ | १ | | १ | १ | २ |
| ८ | विपद् व्यवस्थापन । | ५ | २ | | | | | १ | | | | | | | १ | | १ | १ | | १ | १ | २ |
| ९ | स्थानिय प्रविधि र ऊर्जा । | ८ | ३ | १ | | | | | | | १ | | | १ | | १ | २ | | | १ | २ | ३ |
| | जम्मा | १२८ | ५० | ६ | ३ | ३ | १ | ६ | ५ | १ | ६ | ५ | १ | ६ | ७ | ९ | २१ | २० | ७ | १३ | ३० | ५० |

अनुसूची (१)

## आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोग सम्बन्धी मार्गदर्शन

**मूल्याङ्कन गर्ने तरिका**

१. प्रत्येक विद्यार्थीले प्रत्येक विषय क्षेत्रका सिकाई उपलब्धिमा केकति उपलब्धि हासिल गरे भनी मूल्याङ्कनका साधन प्रयोग गरि परीक्षण गरेर यकिन गर्नुपर्छ ।

२. विद्यार्थीको उपलब्धिस्तरलाई तलको तालिकाअनुसार १ देखि ४ स्तरमा रेटिङ्ग गरि विषयक्षेत्र अनुसारको सिकाइ उपलब्धिमा अभिलेखीकरण गर्नुपर्छ ।

**विद्यार्थीको उपलब्धि र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको । |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । |

उल्लिखित मापदण्ड विद्यार्थीको स्तर पहिचान गर्ने सामान्य आधार मात्र भएकाले विषय क्षेत्रगत रुपमा अल्लिखित आधार र व्याख्या थप विशिष्ट स्वरुपको हुनेभएकोले विद्यार्थी मूल्याङ्कन गर्दा त्यसैलाई प्रयोग गर्नुपर्छ ।

३. सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने,विद्यार्थी स्वप्रत्यावर्तनको अवसर दिने सुधारको उपाय तय गर्नुपर्छ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात प्रत्येक सिकाइ उपलब्धि र औषत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरि सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावकसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरि आवश्यकताअनुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।

४. नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सवल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

**विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

**१. विषयक्षेत्रगत रुपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नानुसार व्यवस्थित गरि राख्नुपर्छ :**

- विषयक्षेत्रगत रुपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलावद्ध गरि राख्नुपर्छ ।
- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरु समयवद्धरुपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरि उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरुमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमवाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रुपमा गरिने पाँचओटा सम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरुको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फाइल हस्तान्तरण गर्नुपर्छ ।

**२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छ :**

- शिक्षकले विद्यार्थीको सकिइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना वनाउन,
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीका जानकारी प्राप्त गरि सिकाइ सुधारमा लाग्न र अफ्नो कार्य र उपलब्धिवारे आत्मविश्वास पैदागर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन,
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरि सिकाइ सुधारमा सहयोग गर्न,
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रुपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेही व्यक्त गर्न र

➤ विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरि सिकाइ वातावरण सुधार गर्ने ।

विषयक्षेत्रगत रुपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरु

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देख ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाई स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदखाहरण यहाँ दिइएकोछ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिन्ह लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्ने ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परिक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय सअवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सकिाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्छ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरि माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएकाने मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरि उपलब्धि वृद्धि सुनिश्चित गर्नुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात विद्यार्थीको पुनः मूल्याङ्कन गरि फाराममा उल्लेखभएअनुसार अभिलेख गर्नुपर्छ ।

४. सामान्यतया सबै प्रत्येक विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुऱ्याउने गरि सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरि सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारारत्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाइ पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउन अपेक्षित छ।

५. विपयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अड्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ ।

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अंङ्को जोड}}{\text{४ xमूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको संख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरि निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ ।

| उपलब्धि | अक्षरमा उपलब्धि | उपलब्धिस्रको व्याख्या |
|---|---|---|
| ० – २० | E | ज्यादै कमजोर |
| २० – ४० | D | कमजोर |
| ४० – ६० | C | सामान्य |
| ६० – ७५ | B | राम्रो |
| ७५ – ९० | A | उच्च |
| ९० – १०० | A* | उत्कृष्ट |

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्का आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ ।

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अंङ्को जोड}}{\text{४ xमूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको संख्या}} \times १००$$

यो उपलब्धि प्रतिशतको व्याख्या माथिको बुँदा ५ मा अनुसार गर्नुपर्छ ।

Bardagoriya Rural Municipality | 77.1 Sqkm (Total Area) | 30.4 Sqkm (Forest Area) | 39% Forest | Province-7




NEPAL




KAILALI




**Legend**
- Stream/River
- Local Level
- Watershed
- Forest
- Non Forest

0 2.25 4.5Km

Data:
Local level Admin boundary:- Department of Survey,
Ministry of Federal Affair and Local Development
Forest Cover:- Department of Forest Research and Survey
Protected Area:- Department of National Parks and Wildlife Conservation

Ministry of Forests and Soil Conservation
**Department of Forest Research and Survey**

**Legend**
- Stream/River
- Local Level
- District

CRS: GCS WGS 1984

0 10 20 Km

www.dfrs.gov.np

आज मिति २०७९ साल आषाढ ८ गते बिहान ११ बजे यस बर्दगोरिया गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर कुंवर ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका को चौथो बैठक निम्न सदस्यहरुको सउपस्थितिमा बसी निम्न प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १) श्री कर्ण बहादुर कुंवर | अध्यक्ष | अध्यक्ष | |
| २) ॥ गणेश राज गिरी | उपाध्यक्ष | सदस्य | |
| ३) ॥ मिथुन गौतम | वडाध्यक्ष | सदस्य | |
| ४) ॥ गोविन्द वि.क. | ॥ | ॥ | |
| ५) ॥ मनऋषि आचार्य | ॥ | ॥ | |
| ६) ॥ जगत बहादुर शाही | ॥ | ॥ | |
| ७) ॥ भोलेराम चौधरी | ॥ | ॥ | |
| ८) ॥ रामहवन डंगौरा थारु | ॥ | ॥ | |
| ९) ॥ कलावती कुमारी रेग्मी | महिला सदस्य | ॥ | |
| १०) ॥ मायादेवी चौधरी | ॥ | ॥ | |
| ११) ॥ मिरादेवी आलेमगर | ॥ | ॥ | |
| १२) ॥ सरस्वती कामी | ॥ | ॥ | |
| १३) ॥ पुष्कर विश्वकर्मा | दलित/अल्पसंख्यक सदस्य | ॥ | |
| १४) ॥ भीम बहादुर विश्वकर्मा | ॥ | ॥ | |
| १५) ॥ अर्जुन सिंह कार्की | प्र.प्र.अ. | सचिव | १११५ |

अन्य उपस्थिति

१६) अधिकृत श्री गोविन्द राज रेग्मी

१७) ईन्जिनियर ॥ नविन कुमार सिंह

१८) लेखा अधिकृत ॥ धर्मराज उपाध्याय

१९) का.स. ॥ उर्मिला रेग्मी

प्रस्ताव नं.१ स्थानीय पाठ्यक्रम (कक्षा १ देखी ८) स्वीकृत सम्बन्धमा ।

निर्णय नं.१

प्रस्ताव नं.१ माथी छलफल गर्दा स्थानीय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय पाठ्यक्रम विकास समिति तथा कार्यदल द्वारा बर्दगोरिया गाउँपालिकाको लागि तयार गरिएको 'हाम्रो बर्दगोरिया' नामक स्थानीय पाठ्यक्रम (कक्षा १–८) लाई स्वीकृत गर्ने निर्णय गरियो ।